बज्जिका भाषाको इतिहास



भाषा आयोग

शङ्खमूल, काठमाडौं

आषाढ २०७७

बज्जिका भाषाको इतिहास

भाषा आयोगबाट रामनगर गाउँपालिका
सर्लाहीसँगकोको सहकार्यमा तयार पारिएको

अध्ययन समिति

डा. डिल्लीराम रिमाल, भाषाशास्त्री
श्री सञ्जय मित्र, अनुसन्धानविद्
डा. कमलेश्वरकुमार सिन्हा, संयोजक

भाषा आयोग

शङ्खमूल, काठमाडौं
आषाढ २०७७

बज्जिका भाषाको इतिहास

प्रकाशक
भाषा आयोग
शङ्खमूल, काठमाडौँ

© भाषा आयोग
शङ्खमूल, काठमाडौँ

संस्करण:
प्रकाशन वर्ष: वि.सं. २०७८ / सन् २०२१
भाषा सम्पादक : अम्विकाप्रसाद रेग्मी
मुद्रक : चित्रण एड मिडिया प्रा लि, ९८४९६५१२४०, rawal144mr@gmail.com

यस सामग्रीमा समावेश भएका विचार लेखक वा प्रस्तोताका हुन्, यिनले आयोगको प्रतिनिधित्व गर्दैनन्। यस अध्ययन सामग्रीका सम्बन्धमा कुनै सुझाव भएमा भाषा आयोगको इमेल ठेगाना language.commission2016@gmail.com मा पठाउनु हुन वा आयोगमा उपलब्ध गराई सहयोग गर्नुहुन अनुरोध छ।

प्राक्कथन

भाषा मानव सञ्चारको सार्वभौम साधन एवम् प्रकृतिले मानव मात्रलाई प्रदान गरेको एक अनुपम उपहार हो। भाषाले व्यक्तिका भावना, विचार र प्रतिभाको प्रस्फुटनसँगै पुर्खाका विरासतलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न समेत सहयोग पुऱ्याउँछ। नेपालको संविधानको धारा २८७ बमोजिम नेपाल सरकारबाट २०७३ भदौ २३ गते स्थापना भएको भाषा आयोगले संवैधानिक दायित्व तथा भाषा आयोग ऐन,२०७४ अनुसार भाषाको संरक्षण, संवर्धन र विकासका कार्यहरू सम्पादन गर्दै आएको छ। नेपालका सङ्कटापन्न र लोपोन्मुख अवस्थामा रहेका राष्ट्र भाषाहरूको वर्ण निर्धारण, शब्द सङ्कलन, शब्दकोश निर्माण, उच्चारण विधि अभिलेखन, पाठसङ्कलन, लोकवार्ता सामग्री सङ्कलन, व्याकरण निर्माण, भाषिक इतिहास लेखन, भाषाको यान्त्रीकरण सम्बन्धी कार्य, भाषा र लिपिको अध्ययन-अनुसन्धान, भाषा वृत्ति तथा अनुसन्धान वृत्ति, भाषा कक्षा सञ्चालन एवम् सामग्री विकास तथा प्रकाशन लगायतका भाषाहरूको संरक्षण, सम्बर्धन र विकासका कार्यहरू हुँदै आएका छन्। यो बज्जिका भाषाको भाषिक इतिहास यिनै कार्यहरू मध्येको एक उपलब्धि हो।

यो सामग्री भाषा आयोगबाट सम्बन्धित विषयका विज्ञ, अनुसन्धानकर्ता र भाषाका स्थानीय वक्ताहरूको प्रत्यक्ष सहभागितामा तयार गरी पुन: विज्ञहरूबाट समीक्षा र सुझाव समेत लिई यस रूपमा प्रकाशन गरिएको छ। यस सामग्रीमा बज्जिका भाषाको भाषिक इतिहासका विविध पक्षहरूको पहिचान गरिएको छ। आ.व.२०७६।०७७ मा सम्पन्न गरिएको यस अध्ययन कार्यका लागि प्रदेश दुईको सर्लाही जिल्लाअन्तर्गत रामनगर गाउँपालिका तथा सर्लाही बारा र रौतहट जिल्लाका स्थानीय समुदायबाट प्राप्त विवरण तथा सान्दर्भिक पूर्वसाहित्यलाई मूल आधार बनाइएको छ। आफ्नो भाषा तथा लिपिको उचित संरक्षण र संवर्धनका लागि संघ, प्रदेश र

स्थानीय तहका साथै भाषाविद, भाषिक अभियन्तासँगै भाषिक समुदाय बिचको साझा प्रयत्न आवश्यक छ। तसर्थ यो सामग्री नेपाल उत्पत्तिका अन्य भाषा झैं यस भाषाको अध्ययन, अनुसन्धान, विकास र प्रयोग विस्तारका दिशामा भरपर्दो आधार बन्न सक्ने विश्वास लिइएको छ।

यस कार्यमा आयोगका सदस्य मा. उषा हमाल र का.मु. सचिव श्री लक्ष्मीप्रसाद भट्टराईको नेतृत्वदायी भूमिका रहेको छ। साथै भाषा संरक्षण तथा संवर्धन शाखाका तत्कालीन उपसचिव श्री भरतराज त्रिपाठी, उपसचिव श्री गेहनाथ गौतम र शाखा अधिकृत श्री रमेशकुमार भट्टराईको संयोजन रहेको छ। यस अध्ययन कार्यमा संलग्न भाषाशास्त्री डा. डिल्लीराम रिमाल, अनुसन्धानकर्ता श्री. सञ्जय मिश्र, वक्ता संयोजक डा.कमलेशकुमार सिन्हा र रामनगर गाउँपालिकाका अध्यक्ष श्री कृष्णप्रसाद वर्मा, बज्जिका भाषाका स्थानीय स्रोतव्यक्तिहरूलगायत महत्वपूर्ण विज्ञ सेवा दिइ सहयोग गर्नु हुने महानुभावहरू तथा भाषा सम्पादन गर्नुहुने पूर्व सहसचिव श्री अम्बिकाप्रसाद रेग्मीसहित सबैप्रति आयोग धन्यवाद व्यक्त गर्दछ। सीमित स्रोतसाधन र समय उपयोग गरी तयार गरिएको यो सामग्री आफैंमा पूर्ण होइन। तसर्थ यस अध्ययन कार्यमा छुटेका तथा भविश्यमा पहिचान हुने थप तथ्य तथा विषयवस्तुहरूलाई आगामी दिनमा समेट्दै लगिने छ। अन्तमा यस सामग्रीलाई अझै परिष्कृत गर्न रचनात्मक सुझावका लागि विज्ञ पाठकसमक्ष हार्दिक अनुरोध गर्दछु।

डा. लवदेव अवस्थी
अध्यक्ष, भाषा आयोग

शुभकामना

भाषा आयोग र रामनगर गाउँपालिकाको संयुक्त पहलमा बज्जिका भाषाको इतिहासबारे एउटा ऐतिहासिक काम सम्पन्न भएको छ। सर्लाही जिल्ला लगायत छिमेकी जिल्लाहरू बज्जिका भाषा बोलिने भएकाले यस क्षेत्रलाई बज्जिका मातृभाषी क्षेत्र मानिन्छ। बज्जिका भाषाभाषी क्षेत्र विशाल रहेको छ। स्थानीय समुदायमा मातृभाषाप्रतिको चेतना वृद्धि हुँदै जाँदा आज भोलि बज्जिका मातृभाषी क्षेत्रलाई बज्जिकाञ्चल पनि भनिन थालिएको छ। सम्पूर्ण बज्जिकाञ्चलको एउटा सानो भौगोलिक खण्ड नेपालमा पर्दछ। भौगोलिक दृष्टिकोणले नेपालीय बज्जिकाको केन्द्रमा सर्लाही जिल्ला पर्दछ। यस अर्थमा सर्लाहीको एउटा स्थानीय तह रामनगर गाउँपालिकाले बज्जिका भाषाको इतिहास लेखन जस्तो ऐतिहासिक कार्यको लागि सहकार्य र नेतृत्व गर्न पाउनु आफैंमा गौरवमय कार्य हो भन्ने मलाई लागेको छ।

रामनगर गाउँपालिकाको पहल तथा समन्वयमा बज्जिका भाषा र बज्जिका साहित्यको विकासका लागि गोष्ठीहरूको आयोजना गर्दै आएको छ। विद्यालयहरूमा बाल बालिकाको सिकाइमा सहज वातावरण निर्माण गर्न विभिन्न प्रयत्नहरू भएका छन्। बज्जिका भाषाको विकासका लागि कक्षा १ को पाठ्यपुस्तक लेखनको क्षेत्रमा सहृदयतापूर्वक सकारात्मक सहयोग गरेको छ। भाषा सेवीहरूलाई आफ्नो आँगनमा स्वागत गरेको छ। यसै क्रममा भाषा आयोग र रामनगर गाउँपालिका बीच मिति २०७६।०९।२२ का दिन प्रदेश १ को राजधानी विराटनगरमा भएको सम्झौताको फलस्वरूप बज्जिका भाषाको इतिहास लेखनले मूर्तरूप लिन पाएको हो। यस कार्यको लागि काका सामुदायिक सिकाइ केन्द्र बलरा, सर्लाहीका अध्यक्ष डा. कमलेश्वरकुमार सिन्हाको नेतृत्वले यस कार्यमा विशेष योगदान भएको छ।

भाषा आयोग र रामनगर गाउँपालिकाका बीच बज्जिका भाषाको इतिहास लेखनको लागि भएको सम्झौतालाई मूर्तरूप दिने डा. कमलेश्वरकुमार सिन्हाको अगुवाइमा, अनुसन्धानविद् डा. डिल्लीराम रिमालको सहयोगमा बज्जिका भाषा र साहित्यका विशिष्ट साधक तथा साहित्यकार सञ्जय मित्रले मूल रूपमा यस कृतिको लेखन गरेका हुन्। बज्जिका भाषाको इतिहास लेखन कार्यको अनुसन्धान टोलीका संयोजक श्री सञ्जय सुदामा, सदस्य श्री किशुनदयाल यादव, सदस्य सचिव श्री रजनीशकुमार पाण्डेयको भूमिका सराहनीय रहेको छ। यी सबैका साथै बज्जिका भाषामा अतुलनीय योगदान दिएका साहित्यकार मित्रलाई पनि हार्दिक धन्यवाद दिन्छु। साथै यस कार्यमा प्रत्यक्ष र परोक्षरूपमा जुट्ने सबै जनाको परिश्रमलाई उच्च कदर गर्दै प्रशंसा गर्दछु। भाषा आयोगबाट बज्जिका भाषाको इतिहास लेखनसम्बन्धी सम्पूर्ण कार्य पूरा भएपछि सकेसम्म छिटो यस कृतिलाई रामनगर गाउँपालिकाले प्रकाशन गरी सबैको माझ सार्वजनिक गर्ने छ भन्ने प्रतिबद्धता पनि व्यक्त गर्दछु। मातृभाषा बज्जिकाको इतिहासमा योगदान दिने सबैप्रति सम्मान व्यक्त गर्दछु। बज्जिका भाषाको इतिहास एउटा जीवित दस्तावेजको रूपमा रही अमर कृति बन्ने निश्चित छ। पुनः एकपटक यस सुकार्यको लागि भाषा आयोगलाई धन्यवाद दिँदै यस शुभ कार्यले सफलता पाउने शुभकामना व्यक्त गर्दछु।

मिति: २०७७।०२।०५

.....

कृष्णप्रसाद वर्मा

प्रमुख

रामनगर गाउँपालिका, सर्लाही

कृतज्ञता ज्ञापन

बज्जिका भाषा नेपाल र भारतको केही जिल्लामा मुख्य भाषाको रूपमा बोलिन्छ। तथापि पर्याप्त चर्चा पाउँन नसकेको अवस्थामा यस भाषाको इतिहास लेखनको कार्य सम्पन्न भएको छ। सम्वन्धित समुदायका वक्ताहरू, भाषा आयोग र रामनगर गाउँपालिकाको सहकार्यमा इतिहास लेखन कार्य हुनु आफैमा विशिष्ट महत्व र ऐतिहासिक प्रयास मान्न सकिन्छ। यस कार्यले सम्पूर्ण बज्जिका भाषी र समुदायमा गर्वको अनुभूति हुनेमा शंका छैन। बज्जिका भाषाको इतिहास लेखन कार्यमा सर्लाही, रौतहट र बाराका सयौँ व्यक्तिहरूले प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गरेका छन्। अनुसन्धान टोलीले सर्लाहीको मलङवा, बलरा तथा रामनगरमा विभिन्न समयमा गोष्ठी सम्पन्न गर्यो। यसै गरी रौतहटको गरुडा र गौर तथा बाराको सिमरौनगढमा पनि अनुसन्धान टोलीले गोष्ठी सम्पन्न गर्यो। गोष्ठीमा सहभागीहरू तथा स्थान उपलब्ध गराइदिने र व्यवस्थापनमा सहयोग गरिदिने सबैप्रति कृतज्ञता प्रकट गर्दछौँ । सहभागीहरूको राय–सुझाव, परामर्श तथा उपलब्ध भएका लेख्य–कथ्य प्रमाणहरू अनि मार्गदर्शनले बज्जिका भाषाको इतिहास लेखन कार्यले धेरैको सहृदयता प्राप्त गरेको तथ्य प्रमाणित हुन पुगेको छ।

बज्जिका भाषाको इतिहास लेखन कार्यलाई कार्यान्वयन गर्ने समितिका संयोजक डा. कमलेश्वरकुमार सिन्हाको नेतृत्व र अनुसन्धानविद् डा.डिल्लीराम रिमालको निर्देशनमा भाषाशास्त्री एवम् बज्जिका भाषाका अभियन्ता सञ्जय मित्रले लेखन गरेका हुन्। बज्जिका भाषाका अग्रज साहित्यकार मित्रको अथक परिश्रमले नै यो कार्य समयमा सम्पन्न हुन सकेको हो। अनुसन्धान टोलीले बज्जिका भाषाको इतिहास लेखक सञ्जय

मित्र, संयोजक डा. कमलेश्वरकुमार सिन्हा र अनुसन्धानविद् डा.डिल्लीराम रिमालप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

बज्जिका भाषाको इतिहास लेखन जस्तो ऐतिहासिक कार्यको नेतृत्व लिने रामनगर गाउँपालिका र पालिकाका अध्यक्ष कृष्णप्रसाद वर्माप्रति विशेष कृतज्ञता अर्पण गर्दछौं। यसै गरी भाषा आयोगका अध्यक्ष डा.लवदेव अवस्थी, सचिव श्री लक्ष्मीप्रसाद भट्टराई र यो कार्यको संयोजन गर्ने उपसचिव श्री भरतराज त्रिपाठीप्रति पनि हार्दिक कृतज्ञता अर्पण गर्दछौँ। यो कार्य सम्पन्न भएपछि आफैँमा एउटा विशिष्ट कार्य सम्पन्न हुन सकेकोमा हामीलाई पनि सन्तोष लागेको छ। पुनश्चः यस पुनित कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्ने सबैप्रति यथोचित कृतज्ञता जाहेर गर्दछौँ। धन्यवाद।

प्रतिवेदन समूह :

श्री सञ्जय सुदामा, संयोजक

श्री रामनरेश शर्मा, सदस्य

श्री किशुनदयाल यादव, सदस्य

श्री रजनिशकुमार पाण्डेय, सदस्यसचिव

विषय सूची

बज्जिका भाषाको इतिहास १

विषय सूची..... १०
खण्ड एक: बज्जिका भाषाको इतिहास..... १४
१. परिचय..... १४
१.१. अध्ययनको पृष्ठभूमि..... १४
१.२. समस्या कथन..... १९
१.३ उद्देश्य..... १९
१.४ सान्दर्भिकता, औचित्य..... २०
१.५ अध्ययनका सीमाहरू..... २३
१.६ पूर्वकार्यको समीक्षा..... २४
१.७ अध्ययन विधि..... ३०
१.७.१ खोजमूलक एवम् वर्णनात्मक अध्ययन..... ३१
१.७.२ स्थलगत अध्ययन..... ३२
१.७.३ छलफल, सोधपुछ र सम्वाद तथा अन्तरक्रिया..... ३२
१.७.४ लक्षित समूहका लागि सामग्री निर्माण र प्रयोग..... ३३
१.७.५ तथ्याङ्क-सामग्री सङ्कलन..... ३७
१.७.६ तथ्याङ्क विश्लेषण र व्याख्या..... ३६
१.८. अध्ययन प्रतिवेदनको रूपरेखा..... ३७
खण्ड दुई: बज्जिका भाषाको उत्पत्ति र विकास..... ३९
२.१ विषय प्रवेश..... ३९
२.२ बज्जिकाको भाषा परिवार..... ४१
२.३ नामकरण..... ४८
२.४ बज्जिका भाषाको उत्पत्ति र विकास..... ४९
२.५ भाषिक भूगोल र जनसङ्ख्या..... ५८

२.५.१ भाषिक भूगोल..... ५८
२.५.२ जनसङ्ख्या ६१
२.६ बज्जिका भाषाका भाषिका र भेद ६८
खण्ड तीन: बज्जिका भाषा तथा साहित्यको विकासमा योगदान दिने व्यक्ति र संस्थाहरू..... ७२
३.१ विषय प्रवेश..... ७२
३.२ बज्जिका भाषाको व्याकरण ७२
३.३ शब्दकोश र धार्मिक ग्रन्थ ७३
३.३.१ बज्जिका शब्दकोश ७४
३.३.२ बज्जिका धार्मिक ग्रन्थ..... ७५
३.४. साहित्यिक कृतिहरू..... ७६
३.५ व्यक्तिगत योगदानहरू ८०
३.५.१ बज्जिका भाषाको विकासमा व्यक्तिगत योगदानको मूल्याङ्कन ८०
३.५.२ बज्जिका भाषाको साहित्यमा व्यक्तिगत योगदानको मूल्याङ्कन ८९
३.६ संस्थागत योगदानहरू ९९
३.६.१ बज्जिका भाषाको विकासमा योगदान दिने संस्थाहरू ००
३.६.२ बज्जिका साहित्यको विकासमा योगदान दिने संस्थाहरू... १०५
३.७. बज्जिका भाषामा सञ्चार..... १०८
३.७.१ छापा सञ्चार १०८
क. बज्जिका पत्रपत्रिका..... ११०
ख. अन्य पत्रपत्रिका 112
३.७.२ विद्युतीय सञ्चार..... ११४
खण्ड चार: बज्जिका भाषाको वर्तमान अवस्था र विशेषता..... ११६
४.१ विषय प्रवेश..... ११६

४.२ बज्जिका भाषाको अवस्था..... ११६
४.३ बज्जिका भाषाका विशेषताहरू..... ११९
४.४ बज्जिका भाषाका वर्णहरू..... १२४
४.४.१ व्यञ्जन वर्ण.....125
४.४.२ स्वर वर्ण..... १२५
४.४.३ द्विस्वर..... १२५
(अ) अक्षर..... १२७
(आ) रूप..... १२८
(इ) वाक्य..... १२९
(ई) सङ्कथन..... १३०
४.५ बज्जिका भाषाको विकासक्रम..... १३१
४.५.१ बज्जिका भाषाको अन्धकार काल..... १३२
४.५.२ बज्जिका भाषाको आधुनिक काल..... १३४
४.६ बज्जिका साहित्य..... १३९
४.७ बज्जिका अनुसन्धान..... १४०
४.८ बज्जिका गीत–सङ्गीत..... १४२
४.९ बज्जिका भाषाका चुनौतीहरू..... १४४
खण्ड पाँचः निष्कर्ष र सुझाव..... १५३
५.१ विषय प्रवेश..... १५३
५.२ उपलब्धि..... १५३
५.३ निष्कर्ष..... १५४
५.४ सुझाव..... १५६
सन्दर्भ सामग्रीहरू..... १५८
पत्रपत्रिका..... १६२
थप स्रोतः..... १६२
परिशिष्ट..... १६३

१. बज्जिका भाषाभाषी क्षेत्रको नक्सा १६३
२. गोष्ठीका तस्विरहरू..... १६६
३. रामनगर, गौर, सिमरौनगढ, गरुडा, बलरा र मलङ्गवामा आयोजित गोष्ठीका सहभागीहरूको नामावली १७४
४. गोष्ठीहरूमा छलफलका विषयहरू..... १८४
५. बज्जिका भाषाका केही लोक कथाहरू..... १८५
६. बज्जिका भाषाका केही कविताहरू..... १९४
७. चाड पर्वहरूको छोटकरी परिचय..... २००
८. विशेष संस्कृतिहरू २०२
९. मुख्य संस्कारहरू..... २०४

खण्ड एक

बज्जिका भाषाको इतिहास

१. परिचय

१.१. अध्ययनको पृष्ठभूमि

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय र बहुसांस्कृतिक देश हो । भौगोलिक, प्राकृतिक र जैविक विविधता यसका विशेषता नै हुन् । यहाँ अनेक धर्मावलम्बीहरूको बसोबास रहेको छ । त्यस्तै सांस्कृतिक विविधताका कारण फरक फरक संस्कृति भएका जातजाति पनि भेटिन्छन् । यहाँको भौगोलिक, प्राकृतिक, जैविक, धार्मिक, भाषिक र जातजातिका संस्कृतिका कारण भाषा प्रयोगमा समेत प्रभाव पारेको पाइन्छ । २०६८ को राष्ट्रिय जनगणनाअनुसार यहाँ १२३ ओटा भाषा प्रयोगमा रहेको भेटिएको छ (यादव –सन् २०१४)। जनगणनामा छुट भएका केही भाषाहरूलाई भाषासम्बन्धी काम गर्ने सङ्घ संस्थाहरूको पहलमा पहिचान गर्ने कार्य भएको छ । पहिचान भएका भाषाहरू आधिकारिक प्रमाणित हुने र विकास तथा विस्तारको पर्खाइमा रहेका छन् ।

बज्जिका भाषा नेपालका मातृभाषाका वक्ताहरूको सङ्ख्याको दृष्टिकोणले प्रमुख भाषाहरूमध्येको एक भाषा हो । यो भाषा नेपालको सर्लाही र रौतहटको मुख्य स्थानीय मातृभाषाको रूपमा रहेको जनगणनाको तथ्याङ्कबाट प्रमाणित भएको छ । कतिपय अभिलेखहरूले धनुषादेखि बारासम्मको भाषालाई बज्जिका मानेको पाइएको छ । यो भाषा लोकभाषा भएकोले यो शताब्दियौंदेखि प्रचलनमा रहेको तर यसको नामकरण भने निकै पछिमात्र भएको पाइएको छ । यस भाषाबारे

समुदाय र यस क्षेत्रका जातजातिमा चेतनाको विकास भइनसकेको कारण कम चर्चाको भाषा बन्न गएको छ । यस क्षेत्रमा बज्जिका भाषा तथा साहित्यको चर्चा पहिलेदेखि भएको भए पनि सञ्चार तथा प्रचार प्रचारको कारण पछि परेको पाइन्छ । यस क्षेत्रसँग जोडिएका भारतको बिहारअन्तर्गतका कतिपय भूभागमा बज्जिका भाषाको विकास तथा विस्तारमा यथेष्ट काम भएका छन् । नेपालमा भने बज्जिका भाषा साहित्यको विकासको काम निकै पछिमात्र हुन थालेको पाइएकोछ । जन समुदायबाट नियमित स्थानीय व्यवहारमा प्रयोग भइरहेको यस भाषालाई सञ्चार, आर्थिक गतिविधि, साहित्य, विज्ञान प्रविधि, शिक्षाको माध्यम र प्रशासनको क्षेत्रमा समेत उपयोग हुन पछि परेको कारण यस भाषामा खासै धेरै कार्य हुन सकेको छैन ।

बज्जिका भाषा नेपालका प्राचीन भाषाहरूमध्येको एक प्रमुख भाषा हो । प्राचीन भाषामध्येको भाषा भए पनि यस भाषामा लेखन, अध्ययन र अनुसन्धान हुन सकेको छैन । यसै सन्दर्भमा भाषा आयोगले यस भाषाको इतिहास लेखनको बारेमा चासो लिनु अत्यन्तै सान्दर्भिक देखिएको छ । सर्वप्रथम बज्जिका भाषाका विषयमा चर्चा गर्ने व्यक्ति राहुल सांस्कृत्यायन हुन् । उनले प्राचीन भारतका ३० ओटा महाजनपदमध्येको एउटा जनपद बज्जि हो र यहाँ प्रयोग हुने भाषालाई बज्जिका हो भन्ने तर्क अघि सारेका छन् । यो भाषा प्रयोग गर्ने प्राचीन राज्य बज्जि हो र भाषा प्रयोगको केन्द्रबिन्दु मुजफ्फरपुर हो भन्ने कुरा उल्लेख गरेका छन् । बज्जि गणतन्त्रको समय लगभग गौतम् बुद्धको समयको यादवले बज्जिकालाई तीन हजार वर्ष पुरानो भाषा भएको स्रोत दिएर उल्लेख गरेका छन् (यादव, अप्रकाशित कार्यपत्र, २०७६) । यसै गरी जय बज्जिका साहित्यिक पत्रिकाको पहिलो अङ्क (सिंह, सन् १९९८) को सम्पादकीयमा बज्जिका भाषालाई तीन हजार

वर्ष पुरानो रहेको उल्लेख गर्दछन् । सिंह बज्जिका र हिन्दी भाषाका साहित्यकार, समालोचक र अन्वेषक हुन् । यस्तैगरी भाषाका अध्येता, अन्वेषक, समालोचक एवम् विज्ञ प्रा.डा. पोखरेलले बज्जिका भाषाको सम्बन्ध भगवान गौतम बुद्धको समयसित भएको उल्लेख गरेका छन् । उनले यस क्षेत्रका भाषामध्ये सबैभन्दा प्राचीन भाषाका रुपमा बज्जिका भाषालाई मान्नुपर्ने बताएर बज्जिकाको प्राचीनतालाई पुष्टि गरेका छन् (पोखरेल-२०७६) । गिरी (२०७०) को बज्जि र बज्जिका नामक कृतिले पनि यस भाषालाई प्राचीन भाषा भएको पुष्टि गरिएको छ । उनले भारतमा भएका विभिन्न अनुसन्धानहरूले बज्जिकालाई प्राचीन भाषाका रूपमा रहेको भनी उल्लेख गरेका छन् । यसैगरी मैथिली, भोजपुरी र अवधी जस्तै बज्जिका भाषा पनि सीमावर्ती भाषा हो । यस भाषाका आफ्ना विशिष्ठ विशेषताहरु छन् । यस क्षेत्रका अन्य भाषा भाषीहरुले मैथिली र भोजपुरी भाषाको मिश्रित रुप यस भाषामा पाइन्छन् भन्ने तर्क दिने गर्दछन् । उत्तर भारतको बिहार क्षेत्र र नेपालको यस क्षेत्रमा बोलिने यस भाषालाई ठेंटी, देहाती र मधेसी नामले समेत चिनिन्छ (रेग्मी, प्रसाई र रेग्मी-सन् २०१४) । यस्तैगरी राय (सन् २०१०) ले बज्जिकालाई भारतको धेरै पुरानो भाषा भनेर चर्चा गरेका छन् । भारत र नेपालमा बज्जिका भाषाको इतिहास तिन हजार वर्ष पुरानो भनेर उल्लेख गरेका छन् । चिनिया यात्री हुएनसाङ्ग बागमतीको किनार हुँदै भारत यात्रा गर्ने क्रममा यस क्षेत्रमा केही दिन बसेर अध्ययन गरेको कुरा उल्लेख गरेका छन् । हुएनसाङ्गले बागमती किनारबाट यात्रा गर्ने क्रममा यस क्षेत्रको बोलिचालीको भाषा नै बज्जिका भएको उल्लेख गरेबाट पनि यो भाषा त्यस समयमा पनि बहुप्रचलित लोक व्यहारको भाषा भएको प्रमाणित भएको छ । रायले यहाँका लोक परम्परा र हुएनसाङ्गको विचार समेतका आधारमा बज्जिका भाषाको इतिहासको कुरा उल्लेख गरेका छन् । उल्लिखित तथ्यका आधारमा हेर्दा बज्जिका भाषा प्राचीन भारतको उत्तरी क्षेत्रमा उपयोग भएको प्रचलित भाषाका रुपमा

देखिएको छ । भारतीय आर्यभाषाहरू विकसित हुँदा बिहारी भाषाबाट विकसित भएका मैथिली, भोजपुरी, मगही, नागपुरिया र आसामी भाषाकै समकक्षी भाषाका रुपमा विकसित भाषा हो भन्ने देखिएको छ । माथिका सन्दर्भ हेर्दा वैशालीको राजनीतिका कारण यो भाषा पछि परेको वा चर्चामा आउन नसकेको देखिन्छ ।

यस भाषाको सम्बन्ध प्राचीन बज्जि/बृजि गणराज्यसित रहेको देखिन्छ । विश्वको प्रथम गणतान्त्रिक व्यवस्थाको लागि प्रसिद्ध बज्जि गणराज्यको विकास र विस्तारको इतिहास प्राचीन वैशालीसित जोडिन्छ । बज्जि र बज्जिकामा गिरी (गिरी-२०७०) ले प्राचीन इतिहासहरूमा बज्जि गणराज्यको पतन अजातशत्रुको आक्रमणबाट भएको थियो भन्ने उल्लेख गरेका छन् । तत्कालीन बज्जि गणराज्यको केन्द्र अर्थात् राजधानी वैशाली थियो । बज्जि गणराज्यको भाषा बज्जिका भएको र यस भाषाको जन्म पनि वैशालीमा नै भएको मानिन्छ । वैशाली वर्तमानमा भारतको बिहार राज्यको एउटा जिल्लाको नाम हो र वैशाली जिल्लामा नै प्राचीन विशालापुरीको भग्नावशेष अद्यावधिक रहेको छ । यस तथ्यले समेत बज्जिका भाषाको ऐतिहासिकता प्राचीन बज्जि गणतन्त्रसँग जोडिएको पुष्टी भएको छ ।

बज्जिका भाषाको सम्बन्ध भारोपेली परिवारको अर्धमागधीसित रहेको कुरा डा. अवधेश्वर अरुणले (अरुण-सन् २००८) उल्लेख गरेका छन् । उनले बज्जिका भाषाको आफ्नै लिपि रहेको छ जसलाई कैथी लिपि भनिन्छ भन्ने तर्क समेत उल्लेख गरेका छन्। यस लिपिका वर्णहरूको आफ्नै विशेषता र स्वर तथा व्यञ्जनको आफ्नै विधान रहेको छ । वर्तमानमा प्रयोगविहीन भइसकेको कैथी लिपिलाई देवनागरीले प्रतिस्थापन गरिसकेको छ । नेपाल र भारत दुवैतिर बज्जिका भाषाको वर्तमान लेख्यरूप देवनागरी लिपिमा रहेको छ । यस भाषाको कथ्य र लेख्यरूपमा केही भिन्नता

पाइन्छ । नेपाल र भारतमा बोलिने बज्जिका भाषाको क्षेत्रमा नेपालभन्दा धेरै बढी भारतमा भएको देखिन्छ । यहाँ यस भाषाको विकासको काम पनि अधिक भएको पाइएको छ । नेपालमा बज्जिका भाषाबारे सामान्य जनचेतना २०५० को दशकदेखि मात्र आउन थालेको हो । पहिलो पटक विक्रम सम्बत् २०५८ को जनगणनामा बज्जिका भाषाले प्रवेश पाएको थियो । २०६८ को जनगणनामा यो भाषा देशको सातौँ ठूलो मातृभाषाको रूपमा प्रयोग भइरहेको भाषाका रुपमा देखिएको छ र यसको सङ्ख्या ७,९३,७१६ रहेको देखाइएको छ (यादव-सन् २००३ / २०१४) । वर्तमान् अवस्थामा उल्लिखित क्षेत्रमा बसोबास गर्ने सबै मानिसहरुका तिनै पुस्तामा बज्जिका भाषा सहज रुपमा उपयोग हुने गरेको पाइएको छ ।

बज्जिका भाषाको विकास र विस्तारमा व्यक्तिगत एवम् संस्थागत रुपमा प्रयत्न भइरहेको पाइएको छ तर यो प्रयत्न पर्याप्त छैन । यस भाषाको समसामयिक प्रयोग, साहित्य सिर्जना, सञ्चारमा उपयोग, पत्रकारितामा प्रयोग, गीत–संगीतमा उपयोग, गोष्ठी, छलफल र अन्तर्क्रियामा प्रयोग आदि क्षेत्रमा विभिन्न कार्यहरु भएका छन् । यसैगरी यस भाषाको प्रयोग गरी समीक्षा तथा समालोचनाको क्षेत्रमा समेत प्रारम्भिक कामहरू भएका छन् । भारतमा भने यो भाषाको उपयोग गरी अध्ययन, अनुसन्धान तथा समीक्षाहरू गहन रुपमा सम्पन्न गरिएका छन् । बज्जिका साहित्यको विविध क्षेत्रमा समेत उपयोग भएको पाइएको छ । यस भाषाको इतिहास लेखनको क्षेत्रमा अहिलेसम्म नेपाल र भारत दुवैतिर औपचारिक रूपमा ठोस कार्य हुन नसकेको सन्दर्भमा भाषा आयोगको अग्रसरतामा यो महत्वपूर्ण काम बन्न गएको छ । बज्जिका भाषाको इतिहास लेखन आफैँमा ऐतिहासिक र महत्वपूर्ण हुने देखिन्छ ।

१.२. समस्या कथन

बज्जिका नेपालको तराईमा प्रचलित भाषाहरूमध्ये कै प्राचीन भाषा हो तर यस भाषाको बारेमा खासै जनचेतनाको विकास भइसकेको छैन । यसको इतिहासको लेखन हुन सकेको छैन । भाषाको ऐतिहासिकता देखाउने विभिन्न प्रकृतिका अध्ययन अनुसन्धान, साहित्य, भाषाका विविध कार्यहरू, व्याकरण लेखन, मानक निर्धारण र सञ्चारका दृष्टिले खासै विकास हुन सकेको छैन । यो भाषाको अहिलेको अवस्था हेर्दा मैथिली, भोजपुरी, मगही आदि उत्तर भारतको बिहारमा बोलिने प्रमुख भाषाहरूको अतिक्रमणमा परेको र आफ्नो इतिहास पनि बिर्सिदै गएको भाषाको रूपमा देखिएको छ । भाषा आयोगको कार्यक्रमअनुसार यस भाषाको इतिहास अभिलेखन आफैंमा महत्वपूर्ण काम हो । बज्जिका भाषाको इतिहास लेखनका विविध समस्याहरू रहेका छन् । यो अध्ययन निम्न समस्याहरूको समाधानमा केन्द्रित रहने छ :

क. बज्जिका भाषाको उत्पत्ति कहिले र कहाँ भयो ?

ख. बज्जिका भाषाको नामकरण कसरी भएको हो?

ग. बज्जिका भाषा तथा साहित्यको विकासमा क–कसको योगदान रहेको छ ?

घ. बज्जिका भाषाका मुख्य विशेषताहरू के कस्ता छन् र?

ङ. बज्जिका भाषाका मुख्य चुनौतीहरू के के हुन् र?

१.३ उद्देश्य

बज्जिका भाषाको इतिहास र परम्पराको लेखन अद्यावधिक छैन । यस भाषामा साहित्य लेखन, सञ्चार तथा अन्य व्यवहार सञ्चालन हुने गरेका भए पनि ती प्रयासहरू उल्लेख्य हुन सकेका छैनन् । भारतीय भाषाहरूको इतिहास हेर्दा समकालीन भाषाहरूको चर्चा हुँदा समेत यस भाषाले खासै स्थान पाएको देखिएको छैन । यस भाषालाई चिनाउने पहिलो

व्यक्ति राहुल सांस्कृत्यायन हुन् । उनले नै बज्जि राज्य, भाषा प्रयोग र बज्जिका भाषाको चर्चा गरी यस भाषाको अस्तित्वको चिनारी गराएका थिए । यस भाषाको इतिहास लेखनको सामान्य उद्देश्य बज्जिका भाषालाई चिनाउनु, यस भाषाका विकासको जानकारी गराउनु र यो भाषा प्रयोगको अवस्थाको जानकारी दिनु हो । यो भाषाको अभ्यासको थालनीदेखि वर्तमान अवस्थासम्मको यात्रा तथा अवस्थाको अभिलेखन गर्नु हो । यस भाषाको इतिहास लेखनका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क. बज्जिका भाषाको उत्पत्तिको विषयमा जानकारी खोज गर्नु,
ख. बज्जिका भाषाको नामकरणबारे जानकारी उपलब्ध गराउनु,
ग. बज्जिका भाषा तथा साहित्यको विकासमा योगदान दिने व्यक्ति तथा संस्थाहरूको योगदानको पहिचान गरी छोटो बर्णन गर्नु,
घ. बज्जिका भाषाका मुख्य विशेषताहरू उल्लेख गर्नु,
ङ. बज्जिका भाषाका प्रमुख चुनौतीहरू पहिचान गरी समाधानका लागि उपाय र सुझाव प्रस्तुत गर्नु ।

१.४ सान्दर्भिकता, औचित्य

अहिलेसम्म औपचारिक रूपले बज्जिका भाषाको इतिहास लेखिएको छैन । बज्जिका भाषा, यसको साहित्य, संस्कृति र व्याकरण आदि क्षेत्रमा गहन रूपमा विभिन्न सिर्जना, अध्ययन तथा अनुसन्धानका कार्यहरू भइरहेका छन् । यस भाषामा पत्रिकाहरू प्रकाशन भएका छन् । त्यस्तै बज्जिका भाषामा शब्दकोशसमेत प्रकाशन भएको छ तर यस भाषाको ठोस र व्यवस्थित इतिहास लेखन भने हुन सकेको छैन । यसैले बज्जिका भाषा र साहित्यको सेवामा लागेका व्यक्ति तथा संस्थाहरूको योगदानको उचित कदर गर्नु आजको आवश्यकता भएको छ । बज्जिकाभाषी समुदायले आफ्नो भाषा र साहित्यको इतिहास बन्नु आफैंमा सान्दर्भिक र महत्वपूर्ण

मान्नु पर्दछ । बज्जिका भाषाको इतिहास लेखन र अभिलेखन कार्यले सम्वन्धित समुदाय, वक्ता तथा यस भाषाका विविध पक्षमा अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका लागि थप टेवा र हौसला प्रदान गर्नसक्ने हुँदा यसको सान्दर्भिकता सिद्ध हुन्छ। यस अध्ययनको सान्दर्भिकतालाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ:

क. यस अध्ययनले बज्जिका भाषाको ऐतिहासिक अवस्थाको बारेमा बुझ्न मद्दत पुर्याउँछ ।

ख. यस अध्ययनबाट बज्जिका भाषाभाषी, बज्जिका भाषामाथि अध्ययन–अनुसन्धान गर्ने व्यक्ति तथा संस्था र अन्य अनुसन्धानकर्मी लाभान्वित हुन सक्छन् ।

ग. बज्जिका भाषाको पहिलो औपचारिक ऐतिहासिक अध्ययन भएकोले प्रस्तुत अध्ययनलाई आधार बनाई अन्य थप अध्ययन–अनुसन्धान कार्य अगाडि बढाउन सजिलो हुन्छ ।

घ. यस अध्ययनले बज्जिका भाषाको वर्तमान अवस्था, साहित्य सिर्जनाको स्थिति, अध्ययन अनुसन्धानको स्थिति तथा बज्जिका भाषाका मुख्य चुनौतीहरूको बारेमा बुझ्न सहयोग पुर्याउँदछ र चुनौतीका सम्भाव्य समाधानका उपायहरू पहिल्याउन सहयोग पुर्याउँछ ।

ङ. यस अध्ययनले बज्जिका भाषा, साहित्य, कला र संस्कृति क्षेत्रका अध्येता, अनुसन्धानकर्ता, साहित्यकार र भाषाका अभियन्ताहरूलाई थप उर्जा तथा प्रोत्साहन प्रदान गर्ने गर्दछ ।

बज्जिका भाषाको इतिहास लेखन कार्य आफैँमा एउटा महत्वपूर्ण उपलब्धि भएकोले स्वयम् यस बज्जिका भाषाको बिकासमा टेवा पुग्ने भएकाले सान्दर्भिक रहेको छ । यसले बज्जिका भाषाको विकासको सम्भावनाको नयाँ ढोका खोल्ने विश्वास गर्न सकिन्छ । यस अध्ययनबाट बज्जिका भाषाको विकासमा अग्रसर व्यक्ति तथा संस्थाहरूलाई थप कार्य

गर्ने वातावरण बन्न जाने हुनाले प्रस्तुत अध्ययनको सान्दर्भिकता रहेको स्पष्ट हुन्छ ।

१.५ अध्ययनका सीमाहरू

यस अध्ययनका केही सीमाहरू छन् । सीमित स्रोत तथा साधन र समयको अभावले भाषा प्रयोगको समग्र क्षेत्र तथा गाउँ-नगरपालिकाहरूमा गई विस्तृत अध्ययन गर्न कठिनाइ भएको हुँदा सर्लाही जिल्ला र आसपासका क्षेत्रमा मात्र अनुसन्धान कार्य भएको हुँदा प्रस्तुत अध्ययन-अनुसन्धानको आधारमा थप अध्ययन-अनुसन्धान गर्न मार्गप्रसस्त हुने कुरामा विश्वास लिन सकिन्छ। यस भाषाको अध्ययनका लागि मैथिली, मगही र भोजपुरी भाषा प्रयोगका क्षेत्र र ती भाषाहरूसङ्गको सम्वन्धकाबारेमा समेत अध्ययन गरी बज्जिका भाषा प्रयोगको स्पष्ट सीमा तथा आधार बनाउनु आवश्यक हुदाहुदै पनि तोकिएको सीमामा रही उक्त कार्य गर्न कठिन र धेरै समय लाग्ने हुँदा त्यस प्रकृतिको बृहत् अध्ययन-अनुसन्धानलाई यस अध्ययनले समेट्न नसक्ने कुरा रहेकोछ। यस अध्ययनका देहाय अनुसारका सीमाहरू रहेका छन् :

क. यस अध्ययनलाई सर्लाही जिल्लाका रामनगर, बलरा र मलङ्गवा गरी तीन पालिका, रौतहट जिल्लाका गरुडा र गौर नगरपालिका र बारा जिल्लाको सिमरौनगढ नगरपालिकामा मात्र केन्द्रित गरिएको छ । भाषा प्रयोग हुने जिल्ला तथा पालिकाको प्रतिनिधित्व हुने गरी पाँच ठाउँमा अभिमुखीकरण सम्पन्न गरी तथ्य तथा सुझाव सङ्कलन गरिएको छ ।

ख. बज्जिका प्राचीन भाषा भए पनि यसको इतिहास लेखनका लागि पर्याप्त स्रोत सामग्रीहरू उपलब्ध छैनन् । यस कारण यो अध्ययन आफैँमा पूर्ण होइन वा मान्न सकिन्न । बज्जिका भाषाको इतिहास लेखनको दृष्टिले यो पहिलो औपचारिक कार्य भएकोले बज्जिका

भाषासँग सम्बन्धित सबै तथ्य तथा सामग्री व्यवस्थित रूपमा नआउन पनि सक्छन् । उल्लिखित स्रोतअनुसारका नेपालका विभिन्न स्थानमा उपलव्ध हुने सामग्रीहरूमा मात्र सीमित गरी यो अध्ययन अघि बढाइएको छ । लिखित अभिलेख र प्रकाशित सामग्रीको अभावमा समुदायका वक्ताहरूको मौखिक जानकारीमा समेत निर्भर रहनु पनि यस अध्ययनको सीमा रहेकोछ ।

ग. बज्जिका भाषा प्रयोग गर्ने जनसङ्ख्या नेपालमाभन्दा भारतमा धेरै रहेका छन् । नेपालका उल्लिखित तीनओटा जिल्लाका सीमित पालिकालाई मात्र आधार बनाउँदा कतिपय महत्वपूर्ण ऐतिहासिक सामग्री छुट हुन सक्छन् । इतिहास लेखन अभिमुखीकरण गोष्ठीबाट प्राप्त भएका र स्थानीय समुदायले उपलव्ध गराएका सामग्रीका आधारमा यो लेखाइ अघि बढाइएकाले यस भाषाको इतिहासका कतिपय महत्वपूर्ण विषय छुट्न गएका सक्छन् । तसर्थ बज्जिका भाषाको इतिहास लेखनको यस कार्यमा नेपालमा उपलव्ध सामग्री र सुझावलाई मात्र आधार बनाइएको छ ।

घ. मुख्य रुपमा यस अध्ययनले बज्जिका भाषाको भाषिक इतिहास लेखनको कार्य पूरा गर्नेछ । यस अध्ययनबाट बज्जिका भाषाको उत्पत्ति, नामकरण, विकास, बज्जिका भाषामा लेख्ने लेखकहरूका मुख्य कृतिहरू, भाषाको विकासमा योगदान दिने व्यक्ति तथा संघसंस्थाहरूको भूमिका उल्लेख गर्ने गरिन्छ । उल्लिखित सामग्रीहरूका विषयमा छोटकरीमा मात्र जानकारी प्रदान गर्नु यस अध्ययनको सीमा रहेकोछ ।

माथि उल्लिखित विभिन्न आधारमा हेर्दा यो अध्ययनका लागि उल्लिखित स्थानहरूमा भएका छलफल तथा अन्तरक्रियाबाट प्राप्त भएका विवरण, राष्ट्रिय जनगणनाका प्रकाशित सामग्रीहरू, विभिन्न

विश्वविद्यालयले गरेका अध्ययन तथा अनुसन्धान र यस क्षेत्रमा बोलिने बज्जिका भाषाको रूपलाई अध्ययनको मुख्य आधार बनाइएको छ । यसको इतिहास, प्रयोगका पक्ष र साहित्य लेखनमा संलग्न यस क्षेत्रका प्रयोगकर्तालाई आधार मानेर यो अध्ययन अघि बढाइएको छ ।

१.६ पूर्वकार्यको समीक्षा

बज्जिका भाषाको प्रयोग भौगोलिक क्षेत्र ठूलो छ । यो भाषाको प्रयोग क्षेत्र मुख्य रुपमा नेपालका पर्सा, बारा, रौतहट, सर्लाही र महोत्तरी जिल्लाहरु हुन् । भाषा प्रयोगको मुख्य क्षेत्रका रूपमा सर्लाही, रौतहट र बारा देखिए पनि यी चारै जिल्लामा बज्जिका भाषाको प्रयोग हुने गर्दछ । यस क्षेत्रमा बस्ने जातिहरु अन्यत्र पुग्दा वा बसाइँ सराइ भइ अन्यत्र जाँदा पनि बज्जिका भाषालाई उपयोग गर्ने गरेको भेटिएको छ । भारतको उत्तरी बिहारका विभिन्न भौगोलिक क्षेत्रको उपयोगमा रहेका भाषाहरूमा बज्जिका भाषा पनि प्रमुख भाषाको रुपमा रहेको छ । यसको ऐतिहासिकतालाई खोज्दै जाँदा पाली भाषा प्रयोगको समयसम्म पुग्नु पर्ने हुन्छ । यसै समयताका वैशाली राजधानी भएको प्राचीन बज्जि राज्य यस भाषाको ऐतिहासिक सीमाना हो भन्ने देखिन्छ । राहुल सांस्कृत्यायन (सन् १९५८) ले बज्जि राज्यबाट बज्जिका भाषाको थालनी भएको विषयमा आफ्नो विचार व्यक्त गरेका छन् । यो भाषा नेपाल र भारतको विशाल क्षेत्रमा बोलिने गर्दछ । बज्जिका भाषाको इतिहास लेखनको कार्य अहिलेसम्म भएको जानकारीमा छैन तर यसको विभिन्न पक्षमा भने काम भएको पाइएको छ । त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहको शोध अध्ययनका क्रममा यस भाषाले पनि स्थान पाएको छ । यहाँ बज्जिका र अन्य भाषाको विभिन्न पक्षमा तुलनात्मक अध्ययन, बज्जिका भाषाको रुपको अध्ययन, बज्जिका भाषाको सर्वेक्षण लगायतका शोध अध्ययनहरू भेटिएका छन् । यसैगरी बज्जिका साहित्यको मूल्याङ्कन गर्ने काम पनि

भएको छ । बज्जिका भाषाको व्याकरणको विभिन्न भागको सङ्क्षिप्त अध्ययन गर्ने काम पनि भएको पाइएको छ । प्राज्ञिक शोध तथा अनुसन्धानमा बज्जिका भाषाको इतिहासलाई सङ्केतात्मक रूपमा प्रयोग गरिएको पाइएको छ । बज्जिका भाषा र साहित्यको विषयमा नेपालमाभन्दा भारतमा बढी काम भएको पाइएकोछ तर इतिहास लेखन कार्य भएको पाइएको छैन । बज्जिका भाषा र साहित्यको सम्बन्धमा भएका केही कार्यलाई तल छोटकरीमा बयान गरिएको छ :

क. बज्जिका साहित्य संगम रौतहट (२०७२) यो बज्जिका साहित्यको उत्थान गर्ने उद्देश्यले स्थापना भएको संस्था हो । २०७२ सालदेखि यो संस्था क्रियाशिल छ । यसले बज्जिका भाषा तथा साहित्यको विकासमा विभिन्न सिर्जनशील काम गर्दै आएको छ ।

ख. बज्जिका भाषाको जानकारी तथा विभिन्न प्रकृतिका सूचना समावेश भएको बज्जि ज्जिका (गिरी - २०७०) नामक पुस्तक प्रकाशित छ । यस पुस्तकमा बज्जिका भाषाको लोक संस्कृति, लोक जीवन र लोक इतिहास लगायतका सूचनामूलक समाग्री समावेश गरिएको छ । यस कृतिमा बज्जिका भाषाको नामाकरण, उत्पत्ति, विकास, बज्जिका भाषी क्षेत्रको लोक साहित्य, सांस्कृतिक अवस्था र लोक जीवनका विभिन्न विषयमा चर्चा गरिएको छ ।

ग. रौतहट एफएम (२०६४) रौतहट सदरमुकाम गौरबाट प्रसारित हुने रेडियो हो । यसले गौरबाट बज्जिका भाषाका विभिन्न सामग्री प्रशारण गर्दै आएको छ । यसले बज्जिका भाषामा समाचार प्रशारण गर्दै आएको छ । पत्रकार गौतम श्रेष्ठ बज्जिका भाषाका प्रथम समाचार वाचक हुन् ।

घ. बज्जिकार्पण (२०६४) बज्जिका भाषाको साहित्यिक पत्रिका हो । यसलाई बज्जिका भाषाको पहिलो साहित्यिक पत्रिका मानिएको छ । यस पत्रिकामा बज्जिका भाषामा लेखिएका कविता, कथा, गीत र अन्य सामग्री प्रकाशित हुने गर्दछन् ।

ङ. नेपाल बज्जिका परिषद् (२०६३) बज्जिका भाषा तथा साहित्यको विकासमा योगदान गर्ने उद्देश्यले स्थापना गरिएको पहिलो सङ्गठन हो । स्थापना पश्चात् रौतहट जिल्लाका भाषा तथा साहित्यमा रुची राख्ने र कलम चलाउने व्यक्तिहरुलाई संस्थाले प्रोत्साहन गर्दै आएको छ । यो संस्था बज्जिका भाषा तथा साहित्यको विकासमा क्रियाशील रहेको छ ।

च. बाल साहित्य समितिको सक्रियतामा रौतहटको गौरमा सम्पन्न भएको बज्जिका भाषा र साहित्यको गोष्ठीमा बज्जिका भाषा र यसको साहित्यको विकासको वर्तमान् अवस्था तथा यसको विकासका सम्भावनाका विषयमा छलफल गरिएको थियो । यस गोष्ठीले बज्जिका भाषाका प्रयोगकर्ता र अभियन्ताहरुलाई भाषा तथा साहित्यको विकासमा संलग्न हुनेहरुलाई प्रोत्साहन र यो भाषा प्रयोग गर्ने व्यक्तिहरुलाई आह्वान गरेको थियो ।

छ. साह (साह-२०६१) को पच्चीस डेङ कविता सङ्ग्रह प्रकाशन भएको छ । यो नेपालीय बज्जिकाको पहिलो साहित्यिक कृति हो । यहींबाट नेपालीय बज्जिकाको औपचारिक साहित्यिक यात्रा सुरु भएको मानिएको छ ।

ज. साह बिके (२०५४) ले झरना साहित्यिक पत्रिका मा फरक शीर्षक नामक लघुकथा प्रकाशित भएको छ । यस कथाबाट नै नेपालमा

बज्जिका भाषामा साहित्य लेखनको औपचारिक सुरुआत भएको मानिएको छ ।

झ. साह (महिमा-२०५२) ले लोप हुँदै गएको भाषा– बाजिका शीर्षकमा बज्जिका भाषाका अवस्थाको जानकारी गराउने प्रकृतिको लेख प्रकाशित भएको छ । उनले नेपालमा बज्जिका भाषा रौतहट र सर्लाहीमा बोल्ने गरेको तर यस भाषाको उपयुक्त जानकारीको अभावमा लोपोन्मुख रहेको भनी उल्लेख गरेका छन् । यस लेखमा बज्जिका भाषाको अवस्थाको समीक्षा गरिएको छ । यो केवल भाषा प्रयोगको जानकारीमा मात्र आधारित देखिएको छ । नेपालमा बज्जिका भाषाको विकासका विषयमा यहीबाट चिन्तन हुन थालेको पाइएको छ ।

ञ. यस्तै वर्मा (सन् २०१५) को बज्जिकांचल का लोक साहित्य और संस्कृति नामक शोधमा आधारित कृतिको प्रकाशन भएको छ । यस कृतिमा बज्जिका भाषामा प्रचलित विभिन्न लोक प्रचलित साहित्यको चर्चा गरिएको छ । यसमा लोक साहित्यका अतिरिक्त बज्जिका भाषाका र यसको इतिहासको विषयमा समेत सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

ट. यसैगरी त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर तहमा नेपाली भाषा तथा साहित्य, अङ्ग्रेजी भाषा तथा साहित्य र भाषा विज्ञान विभागका विद्यार्थीहरूले बज्जिका र नेपाली, बज्जिका र अङ्ग्रेजी भाषा र अन्य भाषासँग बज्जिका भाषाका विभिन्न पक्षमा तुलनात्मक अध्ययन गरेका छन् । यी शोधहरूले पनि बज्जिका भाषाको प्रचार प्रसारमा सहयोग पुर्याएका छन् । यस क्रममा रेग्मी, प्रसाई र रेग्मी (सन् २०१४) मा बज्जिका भाषाको समाजभाषिक सर्वेक्षण भएको छ । यस सर्वेक्षणले बज्जिका भाषा प्रयोगको भौगोलिक क्षेत्र, सामाजिक तथा सांस्कृतिक अवस्था, यस भाषाको विकासका सम्भावनाहरु र भाषा

प्रयोगको अवस्था समेतको सम्भावनाको खोजी गरी भाषाको विकास तथा विस्तारका क्षेत्रमा सम्पादन गर्नु पर्ने सुझाव समावेश गरिएका छन् । त्रिभुवन विश्वविद्यालय भाषा विज्ञान विभागको सक्रियतामा सम्पादित यस कार्यलाई अत्यन्त महत्वपूर्ण सामग्रीका रुपमा लिन सकिन्छ ।

ठ. कश्यप (सन् २०१४) को बज्जिका भाषा र बज्जिका बोल्ने समुदायको विषयमा अनुसन्धनात्मक लेख प्रकाशन भएको छ । यस लेखमा भारतका भाषाहरुको चर्चा गर्दा बज्जिका भाषाको पनि चर्चा गरेका छन् । यहाँ बज्जिका भाषाको परिचय, बज्जिका भाषाको प्रयोगको क्षेत्र र पहिलो भाषाका रुपमा बज्जिका प्रयोगका मुख्य क्षेत्रहरुको चर्चा गरिएको छ । यस लेखमा बज्जिका भाषाको स्वतन्त्र प्रयोग र महत्वको समेत चर्चा भएको छ । उनले बज्जका बोल्ने क्षेत्रलाई बज्जिकाञ्चल भनेर स्थानको नाम नै उल्लेख गरेका छन् ।

ड. यादव (सन् २०१४) ले नेपालको जनगणना २०६८ को विश्लेषणको क्रममा बज्जिका भाषाको चर्चा गरेका छन् । यस जनगणनामा पहिलो भाषाका रुपमा बज्जिका बोल्ने र दोस्रो भाषाका रुपमा बज्जिका बोल्ने जनसङ्ख्या उल्लेख गरिएको छ ।

ढ. राय (सन् २०१०) ले बज्जिका भाषाका मौखिक रुपमा प्रचलित रुपहरुको अध्ययनमा आधारित अनुसन्धान गरेको देखिन्छ । प्रस्तुत अध्ययन व्यक्तिगत प्रयासमा स्नातकोत्तर तहको आवश्यकता पूरा गर्न गरिएको अप्रकाशित अनुसन्धनात्मक कृति हो । यस कृतिमा बज्जिका भाषाको इतिहास, नेपाल भारतको सीमावर्ती भाषाका रुपमा यस भाषाका विशेषता, भाषा प्रयोगको अवस्था र यसका लोक व्यवहार तथा साहित्य समेतको चर्चा गरिएको छ । यहाँ यस भाषालाई तिनहजार वर्ष पुरानो भाषाका रुपमा समेत चिनारी गराइएको छ ।

यस अध्ययनमा बज्जिका भाषाका विषयमा चर्चा गर्ने राहुल सांस्कृत्यायन र ग्रियर्सनको अध्ययन समेत उल्लेख गरिएको छ । भाषा प्रयोगका विभिन्न क्षेत्रमा प्रयोग हुने बज्जिका भाषाका रुपको चर्चा गरिएको छ । यस अध्ययनले बज्जिका भाषाको प्रयोग सम्भावनालाई अघि बढाएको पाइएको छ ।

ण. यसैगरी प्रसाददवारा (सन् २०००) सङ्कलित बज्जिका हिन्दी शब्दकोश तथा डा. अवधेश्वर अरुण र रामनिवास शर्माद्वारा सङ्कलित भारती बज्जिका हिन्दी कोश गरी दुई शब्दकोश प्रकाशित छन् । दुवै शब्दकोशमा बज्जिका भाषाका विषयमा समेत चर्चा गरिएको छ ।

त. रायद्वारा (सन् १९९८) लिखित एवम् सम्पादित बज्जिका व्याकरणको प्रकाशन भएको छ । यस पुस्तकमा बज्जिका भाषामा प्रयोग हुने व्याकरणका विभिन्न विषय समावेश गरिएको छ । यस पुस्तकले बज्जिका भाषाको व्याकरणका धारणाहरुको सङ्क्षेपमा चर्चा गरिएको छ ।

थ. सिंहद्वारा (सन् १९९५) बज्जिका साहित्य का इतिहास नामक पुस्तक प्रकाशित छ । यसमा बज्जि संघ और बज्जिका, बज्जिका भक्ति साहित्य, बज्जिका और साहित्य, बज्जिका लोकसाहित्य, बज्जिका पत्र साहित्य, बज्जिका विषयक शोध साहित्य, बज्जिका आन्दोलन, बज्जिकाका आधुनिक साहित्य गरी विभिन्न पक्षलाई चर्चा गर्ने क्रममा बज्जिका भाषाको विषयमा समेत चर्चा गरिएको छ । बज्जिका भाषा र साहित्यको क्षेत्रमा यस पुस्तकले यथेष्ट जानकारी गराएको हुनाले यस कृतिलाई निकै महत्त्वपूर्ण मानिन्छ ।

द. यस्तैगरी सिंहद्वारा (सन् १९९०) रचित बज्जिका भाषाको प्रथम व्याकरणको प्रकाशन गरिएको थियो । यसमा बज्जिका व्याकरणको भाषावैज्ञानिक दृष्टिकोणले अध्ययन गरिएको छ ।

ध. सिंहद्वारा (सन् १९८७) लिखित "बज्जिका भाषा के कतिपय शब्दों का आलोचनात्मक अध्ययन" शोधमा आधारित पुस्तक हो । यस पुस्तकको प्रकाशन प्राकृत जैनशास्त्र और अहिंसा शोध संस्थानबाट भएको थियो । यस कृतिमा बज्जिका भाषाको इतिहासको बारेमा सूत्रात्मक रूपले सङ्क्षिप्त चर्चा गरिएको छ ।

उल्लिखित शोध अध्ययनले पनि बज्जिका इतिहासलाई अगाडि बढाएका छन् । यसरी बज्जिका भाषा, साहित्य, लोकजीवन र लोकसाहित्यबारे प्रकाश पारिएका विभिन्न कृतिहरू प्रकाशित भएका छन् । बज्जिका भाषाको साहित्यबारे अन्य कृतिहरू पनि प्रकाशित भएका छन् । बज्जिका भाषा, साहित्य तथा संस्कृति र लोकजीवनबारे प्रकाशित विभिन्न कृतिहरूबाट बज्जिका भाषाको इतिहासबारे सङ्क्षेपमा जानकारी पाइन्छ । यी कृतिहरूको आधारमा बज्जिका भाषाको इतिहासलेखनमा केही हदसम्म सहयोग प्राप्त गर्न सकिन्छ ।

१.७ अध्ययन विधि

यो अध्ययन वर्णनात्मक पद्धतिलाई मुख्य आधार बनाई अघि बढाइएको छ । अध्ययनका लागि आवश्यक सामग्री पुस्तकालीय अध्ययन, खोजमा आधारित सामग्री र स्थानीय समुदायमा प्राप्त हुने सामग्रीका आधारमा तथ्यहरूको वर्णन गरिएको छ । अर्को शब्दमा भन्नु पर्दा यो एक दस्तावेज अध्ययन र विश्लेषण (Document study and analysis) मा आधारित अनुसन्धान हो । खोज गरी प्राप्त दस्तावेजहरूको मिहीनढङ्गले अध्ययन गरी तथ्यगत र वस्तुगत विषयहरूलाई वर्णन गरी उल्लेख गरिएको छ । कतिपय सन्दर्भ स्थानीय बोली, भाषा प्रयोगको अवस्था,

स्थानीय समुदायमा उपलब्ध हुने साहित्यको रूप, स्थानअनुसार भाषा प्रयोगको फरकफरक अवस्थाको खोजी र विश्लेषणलाई अध्ययनको आधार बनाइएको छ । यस आधारमा यो अध्ययन वर्णनात्मक र अन्वेषणात्मक ढाँचाबाट सम्पन्न गरिएको छ । अध्ययनका कतिपय विषयहरू सर्वेक्षणमा आधारित छन् । यस कारण सर्वेक्षणात्मक पद्धतिका आधारमा विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरिएको छ । जसका लागि बज्जिका भाषाबारे अध्ययन-अनुसन्धान र लेखन कार्यमा सम्लग्न व्यक्तिहरूसँगको छलफल, अन्तरवार्तासमेत लिने कार्य गरिएकोछ । यस अध्ययनमा सर्लाहीको रामनगर गाउँपालिकासँग सहकार्य गरी विभिन्न स्रोतबाट उपलब्ध सामग्रीका साथै बज्जिका भाषाका विज्ञहरूद्वारा निम्न विधिहरूको उपयोग गर्दै अध्ययन गरिएको छ :

१.७.१ खोजमूलक एवम् वर्णनात्मक अध्ययन

यस अध्ययनलाई खोजमूलक बनाउन विभिन्न उपायहरूको अवलम्बन गरिएको थियो । बज्जिका भाषाको इतिहास लेखन कार्य आफैमा खोज तथा अन्वेषण पद्धतिमा आधारित छ । समुदायमा रहेका तेस्रो पुस्तासँगको साक्षात्कारबाट अध्ययनमा आवश्यक सामग्री प्राप्त नहुने हुँदा यस कार्यका लागि स्थानीय बज्जिका भाषाका स्रोत खोजी गरी अध्ययन कार्य अघि बढाइएको थियो । ऐतिहासिक सामग्रीहरूको खोजी, स्रोत र स्रोत व्यक्तिहरूको खोजी, ऐतिहासिक अभिलेखहरूको खोजी, बज्जिका भाषामा प्रकाशन तथा प्रसारण भएका सामग्रीहरूको खोजी, नेपाल र भारतका विभिन्न स्थानमा बज्जिका भाषा तथा साहित्यका विषयका सामग्रीहरूको खोजी र उल्लिखित सामग्रीहरूका महत्वपूर्ण सन्दर्भहरूको अध्ययन तथा व्याख्या गर्ने कार्यलाई इतिहास लेखन गर्ने समूहले सम्पन्न गरेको थियो । भाषा तथा साहित्य विकासका कतिपय सन्दर्भहरूको स्रोत व्यक्तिबाट विश्लेषण गर्ने कार्य समेत गराइएका कारण यो अध्ययन खोजमूलक एवम्

वर्णनात्मक पद्धतिमा आधारित बनेको थियो । खोज तथा वर्णन विना यी कार्य सम्पन्न हुन नसक्ने हुनाले खोज र वर्णन पद्धतिमा आधारित तरिकालाई उपयोगमा ल्याइएको थियो ।

१.७.२ स्थलगत अध्ययन

प्रस्तुत बज्जिका भाषाको इतिहास लेखनको कार्यका लागि तोकिएको रामनगर गाउँपालिका बलरा र मलङवा नगरपालिकाका भाषा प्रयोगका क्षेत्रहरु त्यस्तैगरी छिमेकी जिल्ला रौतहटका गरुडा, गौर र बारा जिल्लाको सिम्रौनगढ क्षेत्रलाई स्थलगत अध्ययनका लागि छनोट गरिएको थियो । सर्लाही र रौतहट यस भाषाका केन्द्रीय क्षेत्रका रूपमा रहेका हुनाले बढी स्थान र यो भाषाका अधिक गतिविधि सञ्चालित क्षेत्र भएको हुनाले सिम्रौनगढलाई छनोट गरिएको थियो । यी क्षेत्रमा अध्ययन समूहका व्यक्तिहरू आफै उपस्थित भई बज्जिका भाषाका ऐतिहासिक सामग्री सङ्कलन एवम् अन्तरक्रिया सम्पन्न गरिएका थिए । यस कार्यका लागि नमुना सङ्कलनका रूपमा पनि हेर्न सकिन्छ । यस कार्यमा बज्जिका भाषा र साहित्यबारे विभिन्न विद्वानद्वारा लेखिएका भाषा र साहित्यसम्बन्धी विभिन्न किसिमका पुस्तकहरू सङ्कलन गरिएका थिए । प्राप्त भएका कृति तथा लेख रचनाहरूबाट बज्जिका इतिहास लेखनको लागि आवश्यकतानुसार काम लाग्नेसम्मका विषयवस्तु छनोट गरी उपयोग गरिएको थियो ।

१.७.३ छलफल, सोधपुछ र सम्वाद तथा अन्तरक्रिया

(लक्षित समूह छलफल-**Focused group discussion**)

उल्लिखित कार्यका लागि बज्जिका मातृभाषीहरू, भाषाका अभियन्ताहरू, साहित्यकारहरू, पत्रकारहरू, जनप्रतिनिधि र सर्वसाधारणसमेतको सहभागितामा सर्लाहीको रामनगर गाउँपालिका, बलरा र मलङ्वा नगरपालिका क्षेत्र त्यस्तैगरी रौतहटको गरुडा र गौर तथा बाराको सिमरौनगढमा इतिहास लेखन अभिमुखीकरण गोष्ठीको आयोजन

गरी इतिहासको विषयमा आवश्यक छलफल गरिएको थियो । यी क्षेत्र तथा स्थानमा गरिएका छलफल र अन्तरक्रियाबाट प्राप्त सुझाव तथा तथ्यहरूलाई प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ ।

तालिका नं. १: छलफलको तालिका र सहभागी सङ्ख्या

क्र. स.	मिति	छलफल गरिएको स्थान	छलफलमा सहभागी सङ्ख्या	कैफियत
१	२१ पुस २०७६	रामनगर, सर्लाही	६४ जना	
२	४ माघ २०७६	गरुडा, रौतहट	१४ जना	
	४ माघ २०७६	सिम्रौनगढ, बारा	२९ जना	
४	४ माघ २०७६	गौर, रौतहट	३३ जना	
५	१८ माघ २०७६	बलरा, सर्लाही	१६ जना	
६	२५ माघ २०७६	मलङवा, सर्लाही	२९ जना	

१.७.४ लक्षित समूह (Foused group discussion) का लागि सामग्री निर्माण र प्रयोग

बज्जिका भाषाको इतिहास लेखन सम्बन्धी प्रस्तुत अध्ययनका लागि लक्षित समूह छलफल (Foused group discussion) गरिएको थियो। फरक-फरक लक्षित समूहका लागि फरक फरक अध्ययन साधनहरू निर्माण गरी प्रयोगमा ल्याइएको थियो । छलफल तथा अन्तरक्रियाका लागि विशेषगरी चार (४) किसिमका लक्षित समूहहरू निर्माण गरी सो समूहका लागि मार्दर्शन तयार गिरएको थियो । उल्लिखित समूहमा (क) बज्जिका मातृभाषी समूह, (ख) बज्जिका भाषा अभियन्ता समूह, (ग) बज्जिका भाषाका साहित्यकार, सर्जक तथा पत्रकार समूह र घ) स्थानीय जनप्रतिनिधि एवम् सर्वसाधारणका लागि छलफलको मार्गदर्शनका बुँदाहरू

तयार गरिएको थियो। अध्ययनका लागि निर्माण गरिएका अध्ययन सामग्री भाषा आयोगको निर्देशन बमोजिम तयार गरिएका थिए । यस प्रयोजनका लागि देहाय अनुसारका साधनहरूको निर्माण गरी प्रयोगमा ल्याइएका थिए ।

क) बज्जिका मातृभाषी समूहसङ्गको छलफलः यसमा मुख्य रूपले बज्जिका भाषाको ऐतिहासिक सन्दर्भ, उपलव्ध अभिलेख, स्थानीय समुदायमा बज्जिका भाषा जानेका स्रोत व्यक्तिहरू, बज्जिका भाषाका अभियान्ताहरू, बज्जिका भाषामा लेखिएका र सङ्कलनमा रहेका महत्वपूर्ण सामग्रीहरू जस्ता विषयलाई प्राथमिकता दिई छलफल सञ्चालनका मार्गदर्शन तयार गरिएका थिए । त्यस्तै बज्जिका मातृभाषीले आफ्नो मातृभाषाको विषयमा के के कुराको जानकारी राख्दछन् र बज्जिका भाषाको इतिहासको बारेमा के कस्ता कुराहरू जान्नु वा सुन्नु भएको छ ? जस्ता विषयमा गरिने छलफलका लागि तयार गरिएका मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याइएको थियो ।

ख) बज्जिका भाषाका अभियन्ता समूहसँग छलफलका विषयहरु : बज्जिका भाषाका अभियन्ताहरूसँग छलफल तथा अन्तर्क्रियाका लागि आवश्यक पर्ने विषयका सूची तयार गरिएको थियो । यस सूचीमा बज्जिका भाषाको विकास, संरक्षण र संवर्धनका लागि अग्रसर हुने व्यक्ति तथा संस्थाले सम्पादन गरेका कार्य सम्बन्धी विषयको सूची तयार गिरएको थियो । यसैगरी बज्जिका भाषाको इतिहास, संस्कृतिको विषयका जानकारीमूलक विषय, बज्जिका भाषाको उत्पत्ति तथा किम्बदन्तीहरु, बज्जिका भाषाभाषीको तथ्याङ्क र यस भाषाका लागि गरिएका कार्यहरूका विषयमा

तयार गरिएको मार्गदर्शन तयार गरी अध्यनमा उपयोग गरिएको थियो ।

ग) **बज्जिका भाषाका साहित्यकार तथा पत्रकाररूसँग छलफलका लागि तयार गरिएका छलफलका विषयहरूः** बज्जिका भाषाको इतिहास र साहित्यको इतिहास, प्रकाशित कृति तथा मुख्य सर्जकहरू, बज्जिका पत्रकारिताको इतिहास, बज्जिका भाषाको उत्पत्ति र विकास, तथा अन्य पक्षको बारेमा के कति जानकारी छ र र तत् सम्बन्धमा कुनै आधिकारिक स्रोत छ, यस भाषाको इतिहास लेखनमा के कस्ता विषय र पक्षलाई समावेश गर्नु उचित हुन्छ, आदि विषयका बुँदागत मार्गदर्शन तयार गरी अध्ययनमा प्रयोग गरी छलफल गरिएको थियो ।

घ) **स्थानीय जनप्रतिनिधि र सर्वसाधारणका लागि तयार गरिएका छलफलका विषयहरूः** बज्जिका भाषा, साहित्य तथा पत्रकारिताबारे के कति जानकारी राख्नु हुन्छ, यस भाषाको इतिहास लेखनमा तपाईंहरूको भूमिका र योगदान के कस्ता हुन सक्छन्,यस कार्यलाई कसरी मूल्याङ्कन गर्नु हुन्छ आदि विषयका छलफलका बुँदागत मार्गदर्शन तयार गरी अध्ययनमा प्रयोग गरिएको थियो । स्थानीय जनप्रतिनिधि, स्थानीय सरकार र आमनागरिकहरूको बज्जिका भाषाको संरक्षण, सम्वर्धन र विकासमा के कस्तो दायित्व छ र हुनुपर्दछ भन्ने सन्दर्भमा छलफल गराई विचारहरू लिइएको थियो।

१.७.५ तथ्याङ्क-सामग्री सङ्कलन

बज्जिका भाषाको इतिहास लेखनसम्बन्धी कामका लागि अध्ययनको लागि तयार गरिएको अध्ययन टोलीका संयोजक तथा समूहका सबै सदस्यहरूको सहभागितामा सर्लाही, रौतहट र बारा जिल्लाका विभिन्न

स्थानीय निकायहरू मा तथ्याङ्क-सामग्री सङ्कलन गर्ने कार्यमा खटाइएको थियो । पहिलो चरणमा ऐतिहासिक सामग्रीहरूको तथ्याङ्क सङ्कलन गरिएको थियो । तथ्याङ्क-सामग्री सङ्कलनको कार्यपछि सो सामग्रीसमेतको अध्ययन गरी थप सूचना तत्स्थानबाट प्राप्त गर्न प्रयत्न गरिएको थियो । विभिन्न स्रोतबाट बज्जिका भाषाको तथ्याङ्कको सङ्कलन गरी विश्लेषणमा उपयोग गरिएको छ । बज्जिका साहित्यको इतिहास, बज्जिका भाषाको शब्दकोश, बज्जिका भाषामा प्रकाशित साहित्यिक कृति तथा अनुसन्धामूलक कृतिहरूबाट यस भाषको इतिहास लेखनको लागि सामग्री सङ्कलन गरिएका छन् । यसै गरी विभिन्न स्थानमा गरिएका छलफल तथा सोधिएका प्रश्नहरूको प्राप्त उत्तरबाट पनि इतिहास लेखनको सामग्री सङ्कलन गरिएको छ ।

१.७.६ तथ्याङ्क विश्लेषण र व्याख्या

बज्जिका भाषाको इतिहास लेखन सम्बन्धी माथिका विभिन्न गतिविधिहरूबाट प्राप्त भएका सूचनाका आधारमा तथ्याङ्कको विश्लेषण तथा व्याख्या गरिएको छ । तथ्याङ्कको विश्लेषण तथा व्याख्याका लागि आवश्यकताअनुसारका विभिन्न प्रकृतिका तालिका, ग्राफ, रेखाचित्र, व्याख्यान सूचीहरूको उपयोग गरी विश्लेषण गरिएको छ । यस प्रकारको विश्लेषणका लागि तलका विभिन्न परिच्छेद र सोभित्रका शीर्षक तथा उपशीर्षकहरूको उपयोग गरिएको छ । यस प्रयोजनका लागि अध्ययनको प्रकृतिअनुसार व्याख्या तथा विश्लेषणको खाका निर्माण गरिएको छ । तल विभिन्न शीर्षकहरूमा व्याख्यान गरी आवश्यक निष्कर्षसमेत निकालिएको छ ।

१.८. अध्ययन प्रतिवेदनको रूपरेखा

बज्जिका भाषाको इतिहास लेखनको प्रस्तुत कार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि देहाय अनुसारका पाँच खण्डमा विभाजन गरिएको छ:

क. खण्ड एकलाई परिचय खण्ड बनाइएको छ । यस खण्डमा बज्जिका भाषाको इतिहास लेखनको विषयमा जानकारी दिइएको छ । यस परिच्छेदमा अध्ययनको परिचय, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनका सीमाहरू, पूर्वकार्यको समीक्षा र अध्ययन विधि जस्ता विषयहरू समावेश गरिएका छन् ।

ख. खण्ड दुईमा बज्जिका भाषाको उत्पत्ति र विकासका सन्दर्भहरू समावेश गरिएका छन् । यस खण्डमा बज्जिका भाषाको उत्पत्ति र विकासको बारेमा प्रकाश पारिएको छ । बज्जिका भाषाको विकास के कसरी हुँदै आएको छ भन्ने विषयमा यस खण्डमा चर्चा गरिएको छ ।

ग. खण्ड तीनमा बज्जिका भाषा तथा साहित्यको विकासमा योगदान गर्ने व्यक्ति र सङ्घ संस्थाहरूको विषयमा चर्चा गरिएको छ । यस खण्डमा बज्जिका भाषाको विकासमा योगदान दिने व्यक्तिहरू को को हुन् ? कुन कुन संस्थाहरूले बज्जिका भाषाको विकासमा के कस्ता योगदान दिएका छन् भन्ने विषयको सन्दर्भ उल्लेख गरिएको छ । यसै गरी बज्जिका साहित्यमा योगदान दिने व्यक्ति तथा तिनको योगदानको चर्चा गरिएको छ । यसै खण्डमा बज्जिका साहित्यको विकासमा योगदान दिने संस्थाहरूको योगदानको चर्चा पनि गरिएको छ ।

घ. खण्ड चारमा बज्जिका भाषाको वर्तमान अवस्था र भाषिक विशेषतालाई समावेश गरिएको छ । यस खण्डमा नेपालमा बज्जिका भाषाको

वर्तमान अवस्था, बज्जिका भाषाको विशेषता, वर्णहरू, नेपालमा बज्जिका भाषाको विकास क्रम, बज्जिका साहित्य, बज्जिका अनुसन्धान, बज्जिका भाषा र सञ्चार, बज्जिका गीत–सङ्गीत, नेपालीय बज्जिकाका चुनौतीहरू आदि समावेश गरिएका छन् ।

ङ. खण्ड पाँचमा यस अध्ययनबाट प्राप्त भएको निष्कर्ष र सुझावलाई समावेश गरिएको छ । यस खण्डमा बज्जिका भाषाको इतिहास लेखनको निष्कर्ष तथा यस भाषाको विकासका लागि र केही प्रमुख चुनौतीको समाधानका लागि सुझावहरू प्रस्तुत गरिएका छन् । यसपछि अन्त्यमा परिशिष्ट र सन्दर्भ सामग्रीहरू समावेश गरिएका छन् ।

खण्ड दुई

बज्जिका भाषाको उत्पत्ति र विकास

२.१ विषय प्रवेश

यस विश्व-ब्रम्हाण्डमा रहेका सम्पूर्ण प्राणी जगतको आआफ्नै अभिव्यक्ति शैली हुन्छ। तर मानिसहरूको अभिव्यक्ति शैली विशिष्ट प्रकारको हुन्छ। यही विशिष्ट प्रकारको भाषिक अभिव्यक्ति क्षमताले गर्दा नै मानव समुदाय अन्य जीवजन्तुभन्दा पृथक भएको हो । यही भाषिक अभिव्यक्ति सामर्थ्य नै मानवको अन्य प्राणीहरूलाई पछि पार्नसक्ने क्षमता हो । मानिसको अभिव्यक्तिको यही सामर्थ्यलाई भाषा भनिन्छ । जसबाट मानिसहरू आफ्ना विचारहरू एकार्कामा आदानप्रदान गर्न सक्दछन्।

संसारमा लगभग ७ हजार भाषाहरू बोलिन्छन् । कतिपय भाषा प्राचीन र सांस्कृतिक मूल्य भएका छन् भने कतिपय भाषाहरू तिनै प्राचीन भाषाबाट बनेका भाषा छन् । सबै भाषा एकै किसिमका छैनन् । कतिपय दुई वा दुईभन्दा बढी भाषाका बीचमा बोधगम्यता हुन्छ र कतिपय भाषाहरु चाहिँ एकअर्कासित मेल खाँदैनन् । भाषामा पाइने समानता र भिन्नतालाई भाषा वैज्ञानिक आधारमा अध्ययन विश्लेषण गर्ने प्रचलन रहेको छ । यसै आधारमा भाषाको परिवार छुट्याइन्छ । एकापसमा सम्बन्धित र एकै स्रोत भएका भाषाहरूको परिवारलाई भाषा परिवार भनिन्छ । भाषा परिवार भनेको एउटै पूर्वजको वंशजको माध्यमले सम्बन्धित भाषाहरूको एउटा समूह हो ।

भाषाशास्त्री भोलानाथ तिवारीले आफ्नो पुस्तक भाषाविज्ञान (तिवारी –सन् १९९३, पृष्ठ १०२) मा संसारमा १३ भाषा परिवार रहेको उल्लेख गरेका छन् । ती भाषा परिवारमा भारोपीय, द्रविड, चिनियाँ,

सेमेटिक–हैमेटिक, यूराल–अल्टाइक, काकेशियन, जापानी–कोरियाई, मलय–पालिनेशियन, आस्ट्रो–एशियाटिक, बुशमैन, बांटू, सूडान, अमेरिकी रहेको तिवारीले उल्लेख गरेका छन् । नेपाल आफैंमा भाषिक विविधताको देश हो । यहाँको भूगोल, प्रकृति र इतिहासले भाषाको विविधतालाई मलजल गरेका छन् । नेपालमा कम्तीमा पाँच भाषा परिवारका भाषाहरू (भारोपेली, भोट-बर्मेली, द्रविडेली, अस्ट्रो-एसियाली र परिवार पहिचान नभएकोःकुसुन्डा) बोलिन्छन् । राष्ट्रिय जनजगणना २०६८ को तथ्याङ्कअनुसार नेपालमा १२३ मातृभाषा बोलिन्छन् । बज्जिका भाषा यिनै नेपालमा बोलिने १२३ भाषामध्येको एउटा प्रमुख भाषा हो । राष्ट्रिय जनजगणना २०६८ पछि पनि भाषा आयोग र अन्य भाषाविद्हरूले थप ६ ओटा भाषा पत्ता लगाएका छन् जसको आधिकारिता प्रमाणित हुन बाँकी छ । यदि नयाँ पत्ता लागेको भनिएका भाषाहरूले आधिकारिकता पाएमा नेपालमा मातृभाषाको सङ्ख्या १२९ पुग्ने देखिएको छ ।

भाषा परिवारको दृष्टिले नेपालमा भारोपेली, भोट–वर्मेली अस्ट्रो-एसियाली, द्रविड र अज्ञात भाषा परिवार (कुसुन्डा) को भाषा बोलिने गरिएको भाषाविद् प्रा. डा. माधवप्रसाद पोखरेलले उल्लेख गरेका छन् । यसैगरी यादवले पनि नेपालमा बोलिने भाषाहरूलाई भारोपेली, चिन–तिब्बती, आग्नेसियाली, द्रबिडेली र कुसुन्डा गरी पाँच भाषा परिवारमा वर्गीकरण गरेका छन् । यादवले कुसुन्डालाई एकल भाषा परिवारको संज्ञा दिएका छन् (यादव- २०६९) । भाषाको सङ्ख्याको दृष्टिकोणले नेपालमा सबैभन्दा बढी भोट–बर्मेली परिवारका भाषा बोलिन्छन् भने जनसङ्ख्याको दृष्टिकोणले सबैभन्दा बढी भारोपेली भाषा परिवारका भाषाहरू बोलिन्छन् । बज्जिका भाषा पनि नव्यभारतीय आर्य भाषामध्येको अन्य भाषाहरु जस्तै एउटा भाषा भएकोले यसको पारिवारिक स्रोत भारोपेली भाषा परिवारअन्तर्गत देखिएको छ ।

२.२ बज्जिकाको भाषा परिवार

बज्जिका भाषा भारोपेली परिवारको भाषा हो भन्ने सन्दर्भ माथि नै उल्लेख गरिसकिएको छ । यो भाषा परिवार संसारको सबैभन्दा ठूलो भाषा परिवार हो । संस्कृत भाषा मूल स्रोत वा मूल रूप मानिएका भाषाहरू भारोपेली परिवारमा समेटिएका छन् । हिन्द–युरोपीय (भारोपेली) भाषा परिवारमा विश्वका सयौँ भाषाहरू सम्मिलित छन् । भारोपेली परिवारका आधुनिक प्रमुख भाषाहरूमा हिन्दी, उर्दू, अङ्ग्रेजी, फ्रान्सेली, डच, फारसी, बङ्गाली, पञ्जाबी, रसियन हुन् । नेपालमा बोलिने प्रमुख भाषाहरू नेपाली, मैथिली, भोजपुरी आदि भारोपेली परिवारको भाषा भएजस्तै बज्जिका पनि भारोपेली परिवारको भाषा हो । बज्जिका भाषा भारोपेली परिवारको आर्य–इरानेली भागको संस्कृतबाट मागधी हुँदै विकसित भएको हो भन्ने तर्कलाई कतिपय विद्वानले मानेका छन् भने कतिपयले चाहिँ अर्धमागधीबाट विकसित भएको मानेका छन् ।

भारतीय भाषाहरुलाई सर्बप्रथम चिनाउने व्यक्ति ग्रियर्सन हुन् (ग्रियर्सन–सन् १९०९) । जर्ज ग्रियर्सनले भारतका भाषाको सर्वेक्षण गर्दा भारतीय आर्य भाषाहरूको विभिन्न शाखासँग सम्बन्ध देखाएका छन् । यस क्रममा उनले बिहारी भाषालाई मागधी प्राकृतबाट विकसित भाषा भनेर उल्लेख गरेका छन् । यसको सम्बन्ध कायम गर्दा संस्कृतबाट प्राकृत र प्रकृतबाट पूर्वी गौडियन भएको उल्लेख गरेका छन् । उनले पूर्वी गौडियनका बिहारी, बङ्गाली, उडिया र असमिया भनेर चार भाषाहरू उल्लेख गरे । बिहारी भाषाबाट मैथिली, भोजपुरी र मगही भाषाको विकास भएको उल्लेख गरेका छन् । यहाँ बज्जिका भाषा उल्लेख गरेको नदेखिए पनि बिहारी भाषाभित्रका यी तीन भाषाभित्र बज्जिका भाषा रहेको छ भन्ने देखिएको छ । यो आधारमा हेर्दा बज्जिका भाषा बिहारी भाषाबाट विकसित भएको भाषाका रूपमा देखिएको छ । उनले उत्तर बिहारमा बोली मागधी प्रकृत र

मागधी अपभ्रंश हो भन्ने तर्क अघि सारेका छन् । उनले बिहारी भाषाको भाषिक क्षेत्र पनि उल्लेख गरेका छन् । उनका अनुसार बिहारी भाषाको पूर्वी सिमाना हो बङ्गाली भाषी क्षेत्र, त्यस्तै उत्तरमा हिमाली भाषाहरु, पश्चिममा पूर्वी हिन्दी भाषी क्षेत्र र दक्षिणमा उडिया भाषी क्षेत्र रहेको छ । उनले सौरसेनी भाषी क्षेत्र पश्चिमी हिन्दीको क्षेत्र हो भन्ने पनि उल्लेख गरेका छन् । पूर्वी आर्यभाषी क्षेत्र मागधी र यी दुबैको बीचको क्षेत्र अर्धमागधी भएको कारण बिहारी भाषालाई मागधी क्षेत्रमा समावेश गरी विश्लेषण गरेका छन् । यस्तैगरी बिहरी भाषाको विकास मागधीबाट भएको कुरा समेत उल्लेख गरेका छन् । बिहारीभित्रका तीन भाषाको चर्चा गर्दा मगही भाषाका विषयमा स्पष्ट गरेका छन् कि यो भाषा मागधीबाट विकसित भएको भाषा हो । यहाँ बज्जिका भाषाको इतिहासको खोजी गर्दा मैथिली, मगही र भोजपुरी भाषाको इतिहाससँगै अध्ययन गरेर विश्लेषण गर्नु पर्ने देखिएको छ । यसरी हेर्दा बज्जिका भाषा यसै क्षेत्रमा विकास भएको भाषाका रुपमा देखिएको हुनाले यस भाषाको ऐतिहासिक सम्बन्ध मागधी प्राकृतसँग देखिएको छ ।

सर्वप्रथम बज्जिका भाषाका विषयमा चर्चा गर्ने व्यक्ति राहुल सांस्कृत्यायन हुन् (राहुल सांस्कृत्यायन–सन् १९४८) । उनले विभिन्न तथ्यहरू दिएर प्राचीन भारतका ३० ओटा महाजनपदमध्येको एउटा जनपद बज्जि हो र यस जनपद क्षेत्रमा प्रयोग हुने भाषा बज्जिका हो भन्ने तर्क अघि सारेका छन् । यो भाषा प्रयोग गर्ने प्राचीन राज्य बज्जि हो र भाषा प्रयोगको केन्द्रबिन्दु मुजफ्फरपुर हो भन्ने कुरा उल्लेख गरेका छन् । उनले पारिवारिक विश्लेषण गरेनन् र सबै जनपदमा प्रयोग हुने भाषाहरूलाई भारतीय आर्यभाषा भनेर चर्चा गरेका छन् । उनले यी भाषाहरूलाई भारतीय आर्यभाषाका मागधी र अर्धमागधी हाँगोबाट विकसित बिहारी भाषा भनेका छन् ।

भारतीय भाषाहरूको चर्चा गर्दा डा. सुनीतिकुमार चटर्जीले भारतीय भाषाहरू ३५०० वर्ष पहिलेदेखि नै यस क्षेत्रमा प्रचलित भाषाहरू हुन् (चटर्जी– सन् १९५४) । उनले बिहारी भाषा र यस क्षेत्रमा बोलिने अरू भाषाको विषयमा उल्लेख गर्दा बिहारी भाषाको समूहमा बज्जिका भाषा पनि पर्न सक्ने देखिएको छ । उनले बज्जिका भाषा भनेर बेग्लै रूपमा यस भाषाको चर्चा गरेनन् । उनले बिहारका मुख्य भाषा हिन्दीलाई मानेका छन् । हिन्दी बाहेकका अरू भाषाहरू स्थानीय बोलीका हुन् भन्ने चर्चा गरेका छन् । यी स्थानीय बोलीमा रहेका मैथिली, भोजपुरी, मगही, असमिया, बङ्गलाजस्ता बोलीहरू मातृभाषाका रुपमा प्रचलित भाषा हुन् भन्ने उल्लेख गरे । यसरी बज्जिका भाषाको यिनले पनि चर्चा गरेनन् तर स्थानीय बोलीलाई स्वीकार गरिएको छ ।

अर्का भाषाका विद्वान् उदयनारायण तिवारीले बिहारका विभिन्न गाउँ तथा नगरमा बोलिने भाषाहरूलाई पूर्वी हिन्दी र बङ्गला भाषी क्षेत्र भनेका छन्, (तिवारी, सन् १९५४) । पूर्वी हिन्दी र बङ्गला भाषा बोलिने बीच क्षेत्रका भाषालाई बिहारी भाषा भनेर उल्लेख गरे । बिहारी भाषाको वंश स्रोत मागधी हो र यस क्षेत्रमा बोलिने भाषाहरू मागधी अपभ्रंशबाट विकसित भाषाहरू हुन् भनेर उल्लेख गरेका छन् । बज्जिका भाषा पनि यसै क्षेत्रबाट विकसित भाषा भएका कारण यस भाषाको पारिवारिक स्रोत मागधी नै मान्नु पर्ने देखिएको छ । बिहारका मुजफ्फरपुर र त्यसैसँग जोडिएको नेपालमा बोलिने यो भाषा बज्जिका हो भन्ने अवस्था देखिएको छ । उनले बिहारी भाषाका तीनओटा उपभाषा भने । यी उपभाषाहरूमा मैथिली, मगही र भोजपुरी हुन् । यी उपभाषाहरूको सम्बन्ध उडिया, असमिया र बङ्गालीसँग भएको उल्लेख गरेका छन् । उनले नै मगही तथा भोजपुरी भाषामा कैथी लिपिको प्रयोग हुने कुरासमेत उल्लेख गरेका छन् । उपभाषामा बज्जिका भाषा उल्लेख नभए पनि यस भाषाको सम्बन्ध

भने लिपिमा आएर जोडिएको पाइन्छ । अहिलेसम्म पनि बज्जिका भाषाको लिपि कैथी हो भन्ने चर्चा पाइन्छ । यो लिपिको प्रयोग हुन छोडेका कारण हाल देवनागरी लिपिमा बज्जिकाको प्रयोग हुने गर्दछ । यी विवरणलाई अध्ययन गर्दा बज्जिका भाषा पनि बिहारका अन्य भाषाजस्तै मागधी अपभ्रंशबाट विकसित भाषा हो भन्न सकिन्छ । उत्तर पूर्वी बिहारका विभिन्न गाउँ तथा नगर क्षेत्र र सँगै जोडिएका नेपालका विभिन्न क्षेत्रमा बोलिने आसामी, अङ्गिका, मैथिली, मगही र भोजपुरी आदि भाषाका क्षेत्र नै बज्जिका भाषाको क्षेत्रका रूपमा पनि देखिएका छन् ।

'बज्जिका के कतिपय शब्दों का आलोचनात्मक अध्ययन' (सिंह –सन् १९८७, पृष्ठ ८८) मा सिंहले बज्जिका भाषाको मूलबारे चर्चा गरेका छन् । उनी भन्छन् "मागधी का आधार और शौरसेनी प्रभाव ग्रहण कर बज्जिका का निर्माण हुआ है ।" अर्थात् मागधीको आधार र शौरसेनीको प्रभाव ग्रहण गरेर बज्जिको निर्माण भएको हो । मागधीलाई पश्चिमी मागधी र पूर्वी मागधीमा पनि विभाजन गरिएको पाइन्छ । बज्जिका भाषा अर्धमागधी तथा त्यसबाट उद्भव भाषा पूर्वी हिन्दीसित पर्याप्त सामीप्यता छ भन्ने कारण पनि सिंहको रहेको छ । यसैगरी अरुणले पनि बज्जिकाको सम्बन्ध अर्धमागधीसित नै रहेको मानेका छन्, (अरुण –सन् २००८) । मुख्य रूपमा पूर्ववर्ती अनुसन्धानकर्मीहरूले बज्जिका भाषालाई मागधी र पश्चवर्ती अनुसन्धानकर्मीहरूले अर्धमागधीबाट विकसित भएको मानेका छन् तर बज्जिका भारोपेली परिवारको भाषा हो भन्नेमा सबैको एकमत रहेको छ ।


यसै गरी भाषाविद् प्रा.डा.चुडामणि बन्धु (बन्धु–२०३६) ले नव्य भारतीय आर्य भाषाहरूको चर्चा गर्दा बज्जिका भाषा भनेर बेग्लै भाषाको चर्चा गरेनन् । उनले गरेको वर्गीकरणमा बज्जिका भाषा आधुनिक आर्य भाषाहरूको प्राच्य शाखाभित्रको मागधी वर्गमा समावेश गरेका छन् । यस

शाखामा मैथिली, मगही, भोजपुरी, बङ्गाली, असमिया र उडिया भाषालाई उल्लेख गरेका छन् । यस आधारमा हेर्दा बज्जिका भाषा पनि यसै शाखाबाट विकसित भएको मान्नु पर्ने देखिएको छ । यस विषय तथा यस तर्कलाई जर्ज ग्रियर्सनले बिहारी भाषाको चर्चा गर्दा उत्तर बिहारका मैथिली, भोजपुरी, मगही र अन्य बिग्रिएको बोलीका रूपमा अन्य भाषाको उल्लेख गरेका छन् । यी भाषा पनि मागधीबाट विकसित भएको मानिएको छ ।

भाषाका अर्का विद्वान् प्रा.डा.योगेन्द्रप्रसाद यादवले सन् २००१ मा राष्ट्रिय जनगणनाको भाषिक विश्लेषण गर्दा विश्लेषण तालिकामा बज्जिका भाषाको स्थान निर्धारण गरेका छन् । उनले भाषाहरूको विश्लेषण गर्दा नेपालमा बोलिने भाषाहरूको अवस्था, आनुवंशिकता र सम्बद्धतालाई आधार बनाएर विश्लेषण गरेका छन् । विशेष रूपमा भाषाको प्रयोग तथा अनुवंशिकताका दृष्टिले नेपालमा बोलिने भाषाहरूको वर्गीकरण गरेको पाइएको छ । भाषाको वर्गीकरण गर्दा अनुवंशिकताका आधारमा गरिएको भए पनि शाखागत रूपमा नभएर सिङ्गो भारतीय आर्यभाषा समूहलाई आधार मानेर विश्लेषण गरेको पाइएको छ । यहाँ पारिवारिक विशेषतालाई उल्लेख गर्ने प्रयास भएको छ तर बेग्ला बेग्लै भाषाका विशेषताको खोजी भने भएको पाइएन । यस आधारमा हेर्दा बज्जिका भाषाको स्रोत भाषा मागधी वा अर्धमागधी के हो उल्लेख भएको पाइएन । उनले इण्डो युरोपियन भाषा परिवारभित्र भारतीय भाषाहरूको चर्चा गर्दा नेपालमा बोलिने बज्जिका भाषाको चर्चा गरेको पाइएको छ । उल्लिखित १० परिवारका भाषामध्येको इण्डो इरानियनभित्र २ परिवारको उल्लेख गरिएको छ । इण्डोइरानियन परिवार अन्तर्गत एउटा इरानियन र अर्को भारतीय आर्यभाषालाई समावेश गरेका छन् । भारतीय आर्य भाषाअन्तर्गत उत्तर पश्चिमी, दार्दिक, पूर्वीय, दार्दिक मालदिप समूह, सिम्हाली, केन्द्रीय, दक्षिणी, पूर्वी केन्द्रीय, उत्तरी र नेपाली भनेर १० समूह बनाइएर विश्लेषण गरेका

छन् । यीमध्ये नेपाली भाषाको एउटा समूह र बाँकी अन्यको ९ समूह उल्लेख छ । भारोपीय भाषा परिवारभित्रका नेपालमा बोलिने अधिकांश भाषाहरू यसै समूहमा समावेश गरेर चिनाउने प्रयत्न भएको छ । यसै समूहमा बज्जिका भाषा समावेश छ । यस प्रतिवेदनमा यी भाषाहरू कुन शाखाबाट विकसित भएका भाषा हुन् भन्नेतर्फ विश्लेषण छैन ।

बृक्षरेखा १ : बज्जिका भाषाको स्रोत भाषा



स्रोतः पपुलेसन मनोग्राफ – सन् २००३

यस प्रकार भाषाविद् डा. यादवले नेपालमा बोलिने अधिकांश भाषालाई भारतीय आर्यभाषासँग जोडेको पाइएको छ ।

२.३ नामकरण

बज्जिका भाषाको नामकरण महापण्डित राहुल सांकृत्यायनबाट भएको हो । बज्जिका भाषाको नामाकरणका सन्दर्भमा प्रा.डा.सुकदेव सिंह, डा.सियाराम तिवारी, प्रा.डा.अवधेश्वर अरुण, देवेन्द्र राकेशले समाद र श्रीरङ्ग शाहीले आआफ्ना कृतिहरुमा प्रमाण दिएर उल्लेख गरेका छन् । सांकृत्यायनले सन् १९४१ मा विशाल भारत र हंस पत्रिकामा प्रकाशित लेखहरूमा बज्जिका भाषाको बारेमा विस्तारपूर्वक चर्चा गरेका छन् । उनको पुस्तक 'आज की समस्या' मा संकलित लेख 'मातृभाषा की समस्या' अन्तर्गत सङ्ग्रहित छ । बज्जिका भाषा एउटा स्वतन्त्र भाषाको रूपमा विकासित भाषा हो भनी महापण्डित राहुल सांकृत्यायनले पुरातत्व निबन्धावलीमा उल्लेख गरेका छन् (राहुल सांस्कृत्यायन–सन् १९५८ पृष्ठ २४१) । यो नै यस भाषाको लागि दिइएको पहिलो नाम हो । यसपछिका विद्वान्हरूले बज्जि संस्कृतिको स्मृति स्वरूप यो बज्जिका नामकरण नै उपयुक्त लाग्यो र सोही नाम प्रयोगमा आएको पाइएको छ । रामपदार्थ शर्माले यस भाषालाई आर्यावर्त (पटना, ३१, १९५४) मा वैशाली भाषा भनेका छन् तर बज्जिका नाम नै व्यापक प्रचलनमा आइसकेको छ भनी डा. योगेन्द्रप्रसाद सिंहले उल्लेख गरेका छन् । 'बज्जिका' शब्दको निर्माण 'बज्जि' शब्दमा 'क' प्रत्ययमा संयुक्त 'आ' प्रत्यय लागेर बनेको छ । यो प्राचीन बज्जि–क्षेत्रको आधुनिक भाषाको अर्थमा प्रयुक्त हुन्छ । 'बज्जिवासिनां' भाषा 'बज्जिभाषा' 'बज्जिका' थियो । बज्जिलाई 'वृजि' पनि भन्ने गरिएको छ । किन्तु भाषाको अर्थमा 'बज्जि'बाट उद्भूत 'बज्जिका' शब्द नै रूढ भइसकेको छ । बज्जि संघ क्षेत्रको निवासीलाई पनि 'बज्जिक' भन्न सकिन्छ । उनीहरूको भाषा नै हो 'बज्जिका' । पाणिनिले

पनि 'मद्रवृज्योः कन्' अष्टाध्ययी सूत्र ४।२।१३१ मा मद्रक वृजिक शब्दहरूको निर्माण निवासीको अर्थमा गरेका छन् । वृणीकबाट बज्जिक, बज्जिकबाट बज्जिक तथा उनीहरूको भाषा स्त्रीप्रत्ययका 'आ' को साथ 'बज्जिका' भएको हो । यसको अर्थ हुन्छ 'बज्जि क्षेत्र (प्रदेश) का बासिन्दाद्वारा बोलिने भाषा' । प्राचीन अर्थशास्त्री कौटिल्यको साहित्यमा पनि 'बृजि' शब्दको उपयोग यस क्षेत्रको बासिन्दाको लागि गरिएको पाइन्छ । त्यसैगरी अर्को मतअनुसार, थारूहरूले बज्जिहरूलाई बाजी भन्ने गर्दछन् । बाजीहरूले बोल्ने भाषा बज्जि हो अथवा बज्जि क्षेत्रका वासिन्दा बज्जि र उनीहरूको भाषा पनि बज्जि हो । यही बज्जिबाट यसको नाम बज्जिका हुन गएको हो । यसरी प्राचीन बज्जिसङ्घको भाषा भएको कारण यसलाई वृजिका, बज्जिका, वज्जिका, बज्जी, बाजिका भनिएको हो । तत्कालीन बज्जि सङ्घको केन्द्र वैशालीमा भएकोले वैशालीको भाषा पनि भनिएको हो । यसैगरी लोक जीवनमा यसलाई बाजी भाषा, देहाती भाषा, गमई भाषा, ठेंठी भाषा, ठेंठ भाषा, मिस्कट भाषा आदि नाउँले पनि बोलाइएको पाइन्छ । यसको लिपि तिरहुतिया कैथी भएको हुनाले कतिपयले यसैलाई तिरहुतिया भाषासमेत भन्ने गरेको पनि पाइन्छ । बज्जिका भाषाको विरोध गर्नेहरूले यसलाई गँमारू, अपभ्रंस, सोलकनमा भाषाको नामले पनि बोलाएको पाइन्छ ।

२.४ बज्जिका भाषाको उत्पत्ति र विकास

बज्जिका भाषाको उत्पत्ति भारत बिहारको वैशाली जिल्लामा भएको मानिएको छ । प्राचीन बज्जि सङ्घ विश्वको राजनैतिक इतिहासमा आफ्नो गणतान्त्रिक शासन व्यवस्थाको लागि प्रसिद्ध छ । बौद्ध ग्रन्थ 'अंगुत्तर निकाय' एवम् जैन ग्रन्थ 'भगवती सूत्र'मा बज्जि सङ्घको उल्लेख प्रमुख गणराज्यको रूपमा भएको छ । अठार गणराज्यको यस सङ्घको राजधानी वैशाली थियो । बज्जिका यसै प्राचीन

बज्जि सङ्घको आधुनिक भाषा हो । बज्जि सङ्घको राजधानी वा केन्द्र भएको यही वैशालीलाई बज्जिकाको जन्मस्थल मानिन्छ । बज्जि सङ्घको केन्द्र वैशाली भएकोले यस भाषाको जन्म त्यहीँ भएको मानिनु स्वाभाविक भएको बज्जिका लोक साहित्यिक पत्रिकाका परामर्शी सम्पादक डा. शारदाचरण बताउँछन् ।

'वैशाली' शब्दबाट दुई अर्थ निष्पन्न हुन्छन् – 'लिच्छवि' र 'वृज्जि' । 'वृज्जि' शब्दबाटै 'बज्जि' या 'बज्जिका' शब्दको उत्पत्ति भएको हो । बज्जिका भाषा यसै 'वृज्जि' शब्दमा आधारित छ । विभिन्न प्राचीन गन्थ तथा शिलालेखहरूमा 'लिच्छवि' शब्दको अनेक रूप पाइन्छन् – लिच्छवि, लिच्छवी, लेच्छवि, लेच्छइ, लेच्छकी, लिच्छिवि, निच्छवि, लिछिवि, लिछवि आदि तर पालि ग्रन्थ तथा नेपालका लिच्छवि राजाका अभिलेख, सिक्का, देशी–विदेशी साहित्यमा प्रायः 'लिच्छवि' शब्दकै प्रयोग भएको पाइन्छ । कौटिल्यको अर्थशास्त्रमा 'लिच्छविक' तथा चन्द्रगुप्त प्रथमको मुद्रामा 'लिच्छव्या' (बहुवचन रूप) शब्दको प्रयोग भएको पाइएको छ । 'लिच्छवि' शब्दको उत्पत्ति काशीप्रसाद जयसवालले 'लिच्छु' (लिक्षुका वंशज) बाट, सतीशचन्द्र अग्रवालले 'ऋक्ष'बाट, बुध घोषले 'निच्छवि' वा 'लिनाच्छवि'बाट भएको तर्क प्रस्तुत गरेका छन् । यसै गरी सतीशचन्द्र, विद्याभूषण तथा केही अन्य पाश्चात्य विद्वानहरूले 'निसिविस'बाट तथा मनुस्मृतिका टीकाकार कुल्लूक भट्टले 'निच्छवि' शब्दबाट 'लिच्छवि' शब्दको उत्पत्ति भएको तर्क दिएका छन् । सेमुअल बिलले लिच्छविहरूको सम्बन्ध युची जातिसित रहेको बताएका छन् । यसै गरी जे.एफ. हेबिटले कोलार प्रजातिसित, विसेन्ट आर्थर स्मिथ र उनका अनुयायीहरूले मङ्गोल प्रजातिसित तथा सतीशचन्द्र विद्याभूषणले निसिव र बंग टीकाकार कुल्लूक भट्टले निच्छविसित 'लिच्छवि' जातिको सम्बन्ध रहेको बताएका छन् । त्यस्तै मनुस्मृतिमा लिच्छविहरूलाई व्रात्य मानेको छ जबकि

अनेक विद्वानले लिच्छविलाई क्षेत्रीय मानेका छन् । डा.शैलेन्द्र श्रीवास्तवका अनुसार लिच्छवि अब्राह्मण सम्प्रदाय (जैन–बौद्ध) को प्रतिनिधित्व गर्दथे । यसबाट चिढिएर उत्तर मौर्यकालमा ब्राह्मण धर्मको पुनरुत्थान भएपछि महर्षि मनुले आफ्नो स्मृतिमा आर्येत्तर जातिहरू (खस तथा द्रविड) सित लिच्छविलाई पनि व्रात्यको रूपमा उल्लेख गरे ।

केही विद्वानहरूले 'लिच्छवि' र 'बज्जि' दुवैलाई पर्यायवाची शब्द मान्दछन् तर केही विद्वानले भने अष्टकुलभन्दा भिन्न इकाइको रूपमा पनि मान्दछन् जबकि दुवै इकाइले मिलेर जुन सङ्गठनको निर्माण गरे त्यही नै 'बज्जिं'को रूपमा प्रख्यात भयो । केही विद्वानहरूले 'बज्जि' शब्दको व्युउत्पत्ति 'वैश्य' शब्दबाट भएको मान्दछन् । वैशालीमा वैश्यहरूको सङ्ख्या अत्यधिक थियो । 'बनिया बसाढ' वा वणिक ग्राम यसको प्रमाणको रूपमा रहेको छ । यिनीहरू निकै सम्मानित थिए तथा अर्थतन्त्रमाथि यिनीहरूकै नियन्त्रण थियो । लिच्छवि एवम् बज्जिकाञ्चल अर्थात् शौर्य एवम् अर्थ, यी दुवै मिलेर वैशालीको सञ्चालन गरिरहेका थिए । 'बज्जि सङ्घ'को नामकरण पनि दुवै शक्तिको बीच समरसताको उद्देश्यले गरिएको प्रतीत हुन्छ । यो पनि सम्भव छ कि 'विश' अर्थात् चाँदी वा धातुले बनेको सिक्काको विनिमय–विनियोग गरिने कारणले 'विश'बाट वैश्य बनेको हो र वैश्यहरूको 'विशाल' हृदयको कारण 'विशाला' वा 'वैशाली' नाम अगाडि आएको हो । तर यी सबै अनुमानित नै छन् । वैशालीको उल्लेख वाल्मीकि रामायण तथा महाभारतमा पनि पाइन्छ । रामायणका अनुसार इक्ष्वाकूकी रानी अलम्बुषाका पुत्र 'विशाल'ले स्थापना गरेको नगरको नाम 'वैशाली' राखियो । (यसबारे सान्दर्भिक चर्चा पछि पनि गरिएको छ ।) महाभारतका अनुसार वैशाली नजिक 'विशाला' नामक नदी थियो जुन गण्डकको एउटा शाखा थियो । सम्भव छ कि विशाला

नदीको किनारमा अवस्थित भएकोले यसको नाम 'विशाला' र पछि 'वैशाली' भएको हो ।

बौद्ध ग्रन्थको मान्यताअनुसार लिच्छविहरूले आफ्नो शक्ति सम्पन्नताको कारण आफ्नो क्षेत्रलाई कैयौँपटक विस्तार गरे अर्थात् त्यसलाई विशाल बनाए । वैशालीको नामकरण सम्बन्धमा अन्य अनुमानित धारणा पनि आएका छन् । शाल वृक्षको आधिक्य, शालीग्राम पत्थरको बाहुल्य, तीनतिरबाट शालहरूले घेरिएको आदि । यसबाट एउटा निष्कर्षमा पुग्न सकिन्छ कि शाल वृक्ष वा शालीग्राम पत्थरको आधिक्य भएको वा वैशालीलाई शालहरूले घेरिएको कारण यसको नाम वैशाली रहन गएको हो । बज्जिका भाषाको जन्मस्थल वैशाली बज्जि संघको राजधानी थियो । ई.पू. छैटौँ शताब्दीमा वैशालीमा सुदृढ गणतान्त्रिक व्यवस्था थियो । यसको क्षेत्र नेपालको दक्षिणदेखि मगधको उत्तरी सीमासम्म फैलिएको थियो र यसले वैशालीको सर्वसम्पन्नता तथा श्रीसमृद्धिलाई जनाउँदथ्यो ।

बज्जिहरूले बज्जि सङ्घको स्थापना ई.पू. ७२५ मा गरेको अनुमान गरिएको छ । डा. योगेन्द्र मिश्र (मिश्र- १९६२) का अनुसार बज्जि संघको अस्तित्व ७२५ ई.पू.देखि ४८४ ई.पू.सम्म थियो । बुद्धकालमा बज्जि एक प्रसिद्ध महाजनपदको रूपमा रहेको थियो । यसअन्तर्गत आठ जनपद रहेकामा लिच्छवि र विदेह प्रमुख थिए । विदेहको राजधानी मिथिला एवम् बज्जि सङ्घको राजधानी वैशाली थियो । उत्तर भारतका पाँच शक्तिशाली राज्यहरूमा बज्जि, अवन्ती, वत्स, कोशल र मगध थिए । बुद्धको जीवनकालमा नै जनक वंशको पतनका साथै विदेह बज्जि सङ्घमा सम्मिलित भएर 'बज्जि–विदेह'को रूपमा प्रख्यात भयो । बज्जि–विदेह सङ्घको भौगोलिक स्थिति यस्तो थियो – उत्तरमा हिमालयको तल्लो प्रदेश, दक्षिणमा गङ्गा, पूर्वमा कौशिकी तथा पश्चिममा

गोमती । यसको राजधानी वैशालीलाई गणतन्त्रको आदिभूमि हुनुको गौरव प्राप्त छ । वैशालीमा गणराज्य स्थापना हुनुभन्दा पहिले राजा विशालाले गङ्गाको उत्तरी किनारमा विशालापुरीको स्थापना गरेका थिए । वैष्णव पुराणका अतिरिक्त रामायण तथा महाभारतमा पनि यिनको वंशावली उपलब्ध छ । तदनुसार राजा विशालको अनुक्रम चौबिसौँ थियो । यसै वंशको तेतिसौँ राजा सुमतिले गङ्गाको उत्तरी किनारमा अवस्थित विशालापुरीमा विश्वामित्रका साथ राम र लक्ष्मणलाई राजकीय सत्कार गरेका थिए । जनकपुरी जाने क्रममा तीनैजनाले त्यहाँ रात्री विश्राम गरेका थिए । वाल्मीकीय रामायण ९१।४।५।९० का अनुसार विशालापुरीको भौगोलिकता यस प्रकार छ :

उत्तर तीरमासाथ सम्पूज्यर्षि गणे तदाः ।
गंगा कूले निविष्टास्ते विशालां ददृशुः पुरीम् ।।

(मिश्र–१९७५)

डा. योगेन्द्र मिश्रले श्वेतपुरको इतिहास (मिश्र–सन् १९७५), नरेन्द्रपाल सिंहले चेचर विशालापुरीको विषय, (सिंह–सन् १९७७), डा. प्रफुल्लकुमार सिंह मौनले चेचरका मूर्तिका विषयमा (सिंह, मौन –१९८० ई), डा.वीरेन्द्रनाथले प्राचीन चेचर विशालापुरीमा (वीरेन्द्रनाथ–सन् १९८३–८४) आदि स्थानमा चेचर ग्राम संकुल (वैशाली) विशालापुरीको पहिचान सुनिश्चित गरेको दाबी गरेका छन् । यसबाट कम्तीमा यति सुनिश्चित हुन्छ कि वैशालीका राजा सुमति अयोध्याका दशरथ तथा विदेहका सीरध्वज जनकका समकालीन थिए । डा. योगेन्द्र मिश्रका अनुसार बज्जि सङ्घले आफ्नो जीवन यात्राको प्रथम पूर्वार्ध (७२५ ई.पू.देखि ५७५ ई.पू.सम्म) मा सुरक्षाका कारण वैशालीको नव निर्माण गराएको चर्चा पाइएको छ । सङ्घीय शासन प्रणालीलाई बलियो बनाउनका लागि बृजि, उग्र, भोग, इक्ष्वाकु, ज्ञातृ, कौरव आदि कुलहरूलाई सूत्रबद्ध गरिएको थियो ।

यसको उतरार्ध (५७५ ई.पू.देखि ४८४ई.पू.सम्म) लाई घटना बहुल मानिएको छ । यस अवधिमा काशीले कोशलमाथि तथा मगधले अङ्गमाथि विजय प्राप्त गरेका थिए । यसबाट स्पष्ट हुन्छ कि जनपद युग समाप्त भइरहेको थियो तथा विस्तारवादी महत्वाकाक्षा बढ्न थालेको थियो । यसै परिस्थितिमा राजतन्त्रद्वारा चारैतिरबाट घेरिएको बज्जि सङ्घको वैशाली मगधको साम्राज्यवादी लिप्साको सिकार हुन पुग्यो । मगध सम्राट बिम्बिसार (५४७ ई. पू. ४९५ ई. पू.) ले बज्जि सङ्घमाथि पहिलो आक्रमण गरेका थिए तर बज्जि सङ्घका दूरदर्शी सङ्घ नायक चेतकले आफ्नी छोरी चेल्लनाको विवाह (५३०ई.पू.) बिम्बिसारसित गराएका थिए । यसले गर्दा मगधको विस्तारवादी सोच केही समयको लागि रोकियो तर चेल्लना पुत्र अजातशत्रु (४९५ ई.पू.–४६३ ई.पू.) को दुर्धर्ष महत्वाकांक्षाको कारण वैशालीको पतन ४८४ ई.पू.मा हुन गयो । यस घटनाभन्दा तीन वर्ष पहिले गौतम बुद्धको परिनिर्वाण (४८७ ई.पू) भइसकेको थियो । यस पतनपछि बज्जि सङ्घको सांस्कृतिक गरिमामा पनि ह्रास आउन थाल्यो । यसै क्रममा विदेह जस्तो शक्तिशाली घटक पनि यसबाट अलग हुन गयो । सूत्र कृतांगको सूचीमा विदेहको उल्लेख नहुनुले विदेह अलग भएको प्रमाणित हुन्छ । बज्जि सङ्घको उत्तर जीवन काललाई धार्मिक क्रान्तिको काल पनि मानिन्छ । जैन तीर्थकर महावीर (५६१–४९० ई.पूं) तथा गौतम बुद्ध (५६७–४८७ ई.पू.) ले आ–आफ्नो धर्मोपदेश देववाणी क्रमशः प्राकृत र पालि भाषामा दिएर जनवाणीलाई प्रतिष्ठित गरे । कतिपयको विश्वास यो रहेको छ कि यही पालि–प्राकृत–अपभ्रंशबाट आधुनिक आर्य भाषाहरूको उद्भव भएको हो । स्मरणीय छ, महावीरको जन्म वैशालीमा भएको थियो ।

बज्जिकाको सम्बन्ध गौतम बुद्धसित पनि छ । भगवान बुद्धको धर्म–प्रचारको क्षेत्रीय सीमा मुख्यतः कपिलवस्तुदेखि मगधसम्म

थियो । मगध र वैशाली उनको प्रिय क्षेत्र थियो तर वैशालीमाथि आक्रमण गर्ने अजातशत्रुको योजना पश्चात् भगवान् बुद्धको सम्पूर्ण अनुरागको अधिकारिणी वैशाली बन्न पुग्यो । सम्भवतः यसै कारण भगवान् बुद्धद्वारा प्रयुक्त पवित्र भाषा भएकोले वैशालीमा पालीलाई अधिक श्रेय दिइयो । यसबाट यो मान्यता बन्दछ कि वैशाली एवम् वैशालीको प्रभाव क्षेत्रअन्तर्गत पर्ने प्रदेशहरूको भाषा बज्जिका र तत्काल यस क्षेत्रमा प्रयोग हुने पाली भाषा समानस्तका भाषा थिए । पालीको प्राचीनतालाई विचार गर्दा यो भन्न सकिन्छ कि बज्जिका अति प्राचीन भाषा हो । डा. सुरेन्द्रमोहन प्रसाद (प्रसाद – सन् २०००) ले मागधी प्राकृतको रूपलाई बज्जिकाभन्दा धेरै फरक नभएको हुन सक्ने दाबी गरेका छन् । "भगवान बुद्धले जुन पाली भाषामा उपदेश दिए त्यो बज्जिकाबाटै विकसित भएको छ" । बज्जिका र गौतम बुद्धको सम्बन्धको विषयमा अन्वेषक रामवृक्ष बेनीपुरी भन्दछन् – "बज्जिका वही भाषा थी, जिसमे आम्रपाली ने भगवान बुद्ध से सम्वाद किया था ।" (वर्मा-सन् २०१५,पृष्ठ ३२) आम्रपाली वा अम्बपाली तिनै पात्र हुन् जसको विषयमा अनेकौँ पुस्तकहरु लेखिएका छन् । त्यस युगमा विश्वसुन्दरी भनी प्रचारित अम्बपाली जीवनको उत्तरार्ध बुद्धकी शिष्या भइन् र बज्जिकामा सत्तरीवटा भजन लेखेको प्रसङ्ग उल्लेख गरेको पाइन्छ । सामान्यतया वैशालीकी नगरबधू भनेर आम्रपाली नै बुझिने गरिएको पाइन्छ ।

वैशालीको पतनपछि वैशालीको भूभाग मगध राज्यको अधीन हुन पुग्यो तर यहाँको सङ्घीय पद्धतिमाथि मगधले हस्तक्षेप गरेन । सम्भवतः सङ्घीय पद्धति यहाँको संस्कृति बनिसकेको थियो । कालान्तरमा बृजि र लिच्छवि एक अर्काको पर्याय बने । वैशालीका बौद्ध भिक्षुलाई 'बज्जिपुत्तक' भनिन्थ्यो यस तथ्यले पनि बज्जिका भाषालाई मद्दत पुगेको छ । चन्द्रगुप्त मौर्यपछि बज्जि सङ्घको स्वतन्त्रता

समाप्त भइसकेको थियो । सम्राट अशोकको समय वैशाली एउटा सैन्य शिविरमा सीमित भइसकेको थियो । सम्राट अशोकका शिलालेख तथा अभिलेखहरूमा बज्जिहरू तथा लिच्छविबारे उल्लेख भएको पाइएको छैन तर वैशालीको कोल्हुआ (कोल्लाग सन्निवेश) मा एउटा उत्तराभिमुख अशोकस्तम्भ आज पनि रहेको छ । इं.पू. १५०–१०० मा लिच्छविहरू स्वतन्त्र भएको पाइन्छ तर इसाको पहिलो शताब्दीको अन्तिम चरणमा वैशाली र पाटलीपुत्रमाथि कुषाण सम्राट कणिष्ककको आधिपत्य कायम भएको देखिन्छ । कणिष्कले यहाँबाट बुद्धका भिक्षापात्र तथा बौद्ध महाकवि अश्वघोषलाई आफैँसित पुरुषपुर (पेशावर) लिएर गए । कुषाणहरूले त्यहाँ शासन स्थापना गर्न सकेनन् तर यता लिच्छविहरू पुनः स्वतन्त्र भए । यसबाट लिच्छविहरूको प्रतिष्ठामा वृद्धि भयो । कालान्तरमा लिच्छवि राजकुमारी कुमारदेवीको विवाह चन्द्रगुप्त प्रथमसित (राज्यारोहण ३१९) भएको र वैशाली उनलाई दहेजमा दिइएको थियो । चन्द्रगुप्तको सिक्कामा अंकित लिच्छवयः बाट यो ध्वनित हुन्छ कि गुप्तहरूभन्दा पहिले वैशालीमा गणतन्त्र थियो र गुप्तकालीन वैशाली आफ्नो नवउत्कर्षमा थियो । फाहियान (चौथो शताब्दी) ले आफ्नो यात्रा वृत्तान्तमा तद्युगीन वैशालीको भव्यताको वर्णन गरेका छन् । वैशाली त्यत्तिवेला तीरभुक्ति (प्रदेश) को राजधानी थियो । यहाँको उत्खननबाट 'तीरभुक्ति' एवम् 'वैशाली' नामक मोहरहरू प्राप्त भएका छन् । यसबाट स्पष्ट हुन्छ कि त्यत्तिवेला यो ठाउँ नाम संक्रमणको स्थितिमा रहेको थियो । चिनिया यात्री हुएनसांग (६२९–४७) ले नेपालमा बृजिक राज्य भएको उल्लेख गरेका छन् ।

नेपाल उपत्यका (काठमाडौँ) मा लिच्छविहरूको शासन नवौँ शताब्दीसम्म रहेको पाइन्छ । तीरभुक्ति (तिरहुत) कर्णाटवंशी राजा (१०९७–१३२४ ई.) हरूको अधीन रहेको देखिन्छ । कर्णाटहरूको तिरहुतिया

राजधानी सिमरौनगढ (बारा_ मा रहेको थियो । कर्णाटकालीन तिरहुतको सामाजिक, राजनैतिक, धार्मिक एवम् आर्थिक स्थितिको विवरण तिब्बती बौद्धयात्री धर्मस्वामीको जीवनी (बायोग्राफी अफ धर्मस्वामी, डा. रोरिक १९५९ ई.) बाट प्राप्त हुन्छ । कर्णाटकालीन तिरहुत उत्तरमा मधेस, दक्षिणमा गङ्गा, पूर्वमा कोशी तथा पश्चिममा घाघरासम्म विस्तृत थियो । कर्णाटवंशपछि तिरहुत मुस्लिम शासनाधीन हुन गयो । भारतमा अङ्ग्रेजको आगमन भएपछि नेपालको भूभागबाहेकको बज्जि क्षेत्रमा अंग्रेजहरूको शासन कायम भयो ।

यसरी बज्जि क्षेत्र अनेक राजनैतिक तथा सांस्कृतिक सङ्घर्षबाट गुज्रेको देखिन्छ । कुनै जमानामा विश्वलाई गणतन्त्रात्मक शासन–प्रणालीको सूर्योदय गराउने वैशाली अङ्ग्रेजको समयसम्म आइपुग्दा 'विस्मृत देश विशाला' तथा यसको राजधानी 'वसाढ' सर्वसाधारणको जनजिब्रोमा अंकित भइसकेको थियो । भारतको आधुनिक तिरहुत प्रमण्डल कमोवेश बज्जि देश (बज्जियान) कै स्मृति अवशेष मानिन्छ । थारूहरूले मधेसका बासिन्दालाई बज्जियान (बज्जिहरूको भूमि) वा बाजी अथवा बोल्ने भाषालाई अझै पनि बाजी भन्ने गरेको पाइन्छ । डा. प्रफुल्लकुमार सिंह मौन आफ्नो पुस्तक बज्जिका साहित्यका इतिहासमा उल्लेख गर्छन् – बज्जिका आधुनिक तिरहुत र मधेसको भाषा हो (पृष्ठ १३) भन्ने तथ्य उल्लेख गरेका छन् । माथिका विभिन्न सन्दर्भ हेर्दा बज्जिका भाषा प्राचीन इतिहासमा प्रचलित थियो । राजनीतिक कारण बज्जि देशको अरूसँगको विलयका कारण भाषामा समेत प्रभाव परेको पाइन्छ ।

सङ्क्षेपमा, बज्जिका भाषालाई भगवान गौतम बुद्ध र भगवान महावीरसित जोडेर हेरिएको पाइन्छ भने यो भाषा इसाको छैटौँ शताब्दीको समयसित स्वतः जोडिन पुग्छ । भगवान महावीरको जन्मस्थल वैशाली

र भगवान बुद्धले भेट गरेको आम्रपाली पनि वैशालीकै भएको हुनाले यस भाषाको सम्बन्ध भौगोलिक हिसाबले वैशालीसित जोडिएको छ । आधुनिक विद्वानहरूले पनि बज्जिका भाषाको उद्भवस्थल वैशालीलाई नै मानेका छन् । विभिन्न कालखण्डमा राज्यको सीमा विस्तार तथा संकुचन हुँदै, राज्य टुक्रिँदै, जोडिँदै गएको देखिएको अवस्थामा वर्तमान बज्जिकाभाषी क्षेत्रजति कुनै न कुनै दृष्टिकोणले राहुल सांकृत्यानले भनेजस्तै बज्जि देशकै अङ्गको रूपमा रहेको देखिन्छ । बज्जिका प्राचीन भाषाको रूपमा रहेको भए पनि यसले खासै विकास गर्न सकेको छैन तर यसका छिमेकी भाषाहरू समृद्ध छन् । भौगोलिक सीमा तथा भाषिक निकटताका आधारमा नेपालमा बोलिने बज्जिका भाषाको पूर्वमा मैथिली, पश्चिममा भोजपुरी, उत्तरमा नेपाली, दक्षिणमा हिन्दी र बज्जिका भाषा बोलिन्छन् । सामान्य बज्जिका मातृभाषीले करिब चारवटै छिमेकी भाषा बुझ्दछन् तर फर्काउन सक्ने सबालमा भने निश्चितता हुँदैन । यस प्रकार बज्जिका भाषाको अत्यन्त लामो इतिहास भए पनि नेपालमा बिक्रम सम्बत् २०५८ सालदेखि मात्र औपचारिक रूपमा जनगणनामा प्रवेश पाएको देखिएको छ ।

२.५ भाषिक भूगोल र जनसङ्ख्या

२.५.१ भाषिक भूगोल

बज्जिका भाषाको भाषिक भूगोलको विषयका अभिलेखहरूमा विभिन्न किसिमका तथ्यहरू रहेका पाइएका छन् तर बज्जिका भाषाको भाषिक क्षेत्रको विषयमा उल्लेख गरिएका अधिकांश ठाउँमा बज्जिका भाषा मातृभाषाको रूपमा बोल्ने गरिएको उल्लेख गरिएको पाइन्छ । सन् १९६३ मा डा. रमण शाण्डिल्यले आफ्नो एउटा आलेखमा नेपालको सर्लाही तथा महोत्तरीसहित तराईको पाँच जिल्लामा बज्जिका भाषा बोल्ने गरिएको बताएका छन् भनी डा. सुरेन्द्र मोहन प्रसादले बज्जिका–हिन्दी

शब्दकोश (पृष्ठ १५० मा (नेपाल के सरलाही से महोत्तरी तक के ५ जिले तराई भाग की भाषा को बज्जिका बतलाया है) उल्लेख गरेका छन् । यसैगरी डिल्लीराम दाहालले तराईको विभाजित पहिचान शीर्षक लेख (हिमाल – २०५०, पृष्ठ १४) मा लेख्छन् –। रौतहट र सर्लाहीमा मैथिली र भोजपुरी मिसिएको बाजिका बोलिन्छ । सन् १९९८ मा सम्पन्न भएको अखिल भारतीय बज्जिका साहित्य सम्मेलनमा योगेन्द्र रायको बज्जिका व्याकरण प्रस्तुत भएको थियो । यसमा "बज्जिका का क्षेत्र विस्तृत है । इसके अन्तर्गत वैशाली, मुजफ्फरपुर, सीतामढी, समस्तीपुर, पूर्वी चम्पारण के भाग तथा नेपाल के जनकपुर के आसपासके भाग आते हैं ।" भनेर बज्जिका भाषा बोलिने भौगोलिक क्षेत्रको विषयमा चर्चा गरिएको छ । त्यस्तै ठाकुर पराजुलीद्वारा सम्पादित कक्षा ११ मा पढाइ हुने अनिवार्य नेपालीको लागि तयार गरिएको पुस्तक सबैको लागि नेपालीमा विद्यार्थीहरुलाई नेपालका भाषाको जानकारीका लागि सन्दर्भ समावेश छ । "जुन वेला अहिलेको नेपाली भाषा कर्नालीको जुम्ला (सिँजा) क्षेत्रको खस समुदायमा जन्मेर विकसित हुँदै थियो, त्यसभन्दा धेरै पहिलेदेखि नेपालको बागमती उपत्यका, तराईका विभिन्न स्थान र पहाडका अनेकौं ठाउँमा संस्कृत, पाली, बज्जी, मैथिली आदि भाषा बोल्ने मानिस विभिन्न सन्दर्भमा फैलिइ सकेका थिए ।" (पराजुली सं –सबैको नेपाली पृ २३२) ।

'प्राकृत जैनशास्त्र और अहिंसा शोध संस्थान' वैशाली, बिहार (भारत) द्वारा सन् १९८७ मा प्रकाशित 'बज्जिका भाषा के कतिपय शब्दों का आलोचनात्मक अनुशीलन' नामक पुस्तकमा (सिंह-१९८७) बज्जिका भाषाको भाषिक क्षेत्रको विषयमा विस्तृत चर्चा गरिएको छ । यसमा भारतको पूर्वी चम्पारण र सीतामढीसित सिमाना जोडिएका नेपालको मध्यवर्ती तराईका जिल्लाहरुमा बज्जिका बोलिन्छ भनी उल्लेख गरेका छन् । डा. अवधेश्वर अरुणले यसै भाषामा रामायण, भारती बज्जिका हिन्दी कोश, पनि तयार गरेका

छन् । 'सीतामढी, शिवहर तथा पूर्वी–पश्चिमी चम्पारण से सटा हुआ नेपाल तराईका क्षेत्र भी बज्जिका भाषी है ।' यस प्रकार नेपालमा सर्लाही र रौतहटको मुख्य मातृभाषा बज्जिका हो भन्ने कुरामा सबै पक्ष सहमत भएको देखिन्छ । बज्जिका भाषा विकास परिषद नेपालका अध्यक्ष शिवचन्द्र साहले धनुषादेखि बारासम्मका नेपालका पाँच जिल्लाको मुख्य मातृभाषा बज्जिका हो भन्ने विचार अघि बढाएका छन् ।

भाषाको सीमाङ्कन राजनैतिक सीमाङ्कन जस्तो नहुने भएको कारणले यस विषयमा केही विरोधाभाष पनि पाइन्छन् । मुख्यतः कतिपय मैथिली भाषीले सर्लाहीसम्मको भाषालाई मैथिली नै दाबी गरेका छन् । सम्भवतः रामायणकालीन मिथिलाको प्रभाव अत्यधिक रहेकोले बौद्धकालीन वृजिको राजनैतिक क्षेत्रको निर्धारणमा समस्या भएकोले पनि बज्जिका भाषाको क्षेत्र निर्धारणमा समस्या भएको हुनुपर्छ । भारतबाट प्रकाशित बज्जिका भाषाको भाषिक क्षेत्रको नक्सामा नेपाल तराईको बारादेखि धनुषासम्मको भूगोललाई बज्जिका भाषी क्षेत्रमा समेटिएको छ (हेर्नुहोस् – अनुसूची १) । सामान्यतया बारा जिल्लामा बहने पसाहा खोलादेखि पूर्वदेखि मध्य महोत्तरीसम्मको भूभाग मुख्य बज्जिका मातृभाषी क्षेत्र हो । राष्ट्रिय जनगणना २०६८ ले बज्जिका भाषीहरु काठमाडौँ, पोखरा, हेटौँडा, भरतपुर, वीरगञ्जलगायतका ठूला सहरहरूमा पनि देखिएका छन् । बज्जिका मातृभाषी क्षेत्रबाट विभिन्न सन्दर्भमा विशेष गरी अध्ययनार्थ, व्यापार-व्यवसाय, जागीर-नोकरीका सिलसिलामा त्यस स्थानमा पुगेका बज्जिका मातृभाषीले जनगणनामा बज्जिका लेखाएको हुनुपर्छ । भारतको बिहारका वैशाली, मुजफ्फरपुर र सीतामढी जिल्लाको सम्पूर्ण भूभाग तथा पूर्वी चम्पारण जिल्लाका एघार प्रखण्ड, सारण जिल्लाका चार प्रखण्ड, समस्तीपुर जिल्लाका सात प्रखण्ड,

दरभंगा जिल्लाका तीन प्रखण्ड, मधुबनी जिल्लाका तीन प्रखण्डमा मातृभाषाको रूपमा बज्जिका बोल्ने गरिएको जनाइएको छ ।

२.५.२ जनसङ्ख्या

बज्जिका नेपाल र भारत दुवैतिर बोलिने स्थानीय मातृभाषा हो । भारतमा करिब दुई करोड बज्जिका मातृभाषी रहेको दाबी गरिन्छ । सन् २०११ मा भएको जनगणनाको तथ्याङ्क त प्राप्त भएको छैन तर सन् १९९१ को जनगणनाको आधारलाई हेर्दा यो दाबी अनुपयुक्त देखिँदैन ।

तालिका नं. २: भारतमा बज्जिका मातृभाषी

क्र.स.	जिल्ला	बज्जिका मातृभाषी
१	मुजफ्फरपुर	२८,३५,७४६
२	सीतामढी	१७,५६,८५६
३	शिवहर	२,८८,०००
४	वैशाली	२०,६०,२०३
५	दरभङ्गा	१८,०७, ८९०
६	मधुबनी	१६,९९,२१४
७	समस्तीपुर	२६,०८,०५९
८	पूर्वी चम्पारण	१९,६८,०००
	जम्मा:	१,५०,२३,९६७

स्रोत: डा. सुरेन्द्रमोहन प्रसाद, बज्जिका हिन्दी शब्दकोश

नेपालको राष्ट्रिय जनगणना २०५८ मा बज्जिका भाषाले पहिलोचोटि स्थान पाएको हो । जनगणनाको अन्तिम परिणाम आउँदा नेपालमा बोलिने भाषाहरूमध्ये १२औँ स्थानमा बज्जिका भाषा रहेको थियो । २०५८ को राष्ट्रिय जनगणनाअनुसार १.०५ प्रतिशतले बज्जिका बोल्ने गरेको देखिएको थियो । उक्त जनगणनाअनुसार १,२४,०८८ पुरुष

र १,१३,८५९ महिला गरी जम्मा २,३७,९५७ बज्जिका मातृभाषी देखिएको छ ।

गणतान्त्रिक नेपालको पहिलो राष्ट्रिय जनगणना २०६८ बाट नेपाल करिब ३ प्रतिशतले मातृभाषाको रूपमा यस भाषालाई बोल्ने गरेको देखिएको छ । जनगणनाको अन्तिम परिणामअनुसार ७,९३,४१६ नेपाली बज्जिका मातृभाषी छन् जसमध्ये ४,०९,७५० पुरुष र ३,८३,६६६ महिला छन् ।

राष्ट्रिय जनगणना २०६८ अनुसार बज्जिका मातृभाषीको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ:

तालिका नं. ३: भौगोलिक क्षेत्रअनुसार बज्जिका मातृभाषी

क्र.स.	भौगोलिक क्षेत्र	जम्मा	पुरुष	महिला
१	हिमाल	९	७	२
२	पहाड	१,६७०	९१९	७५१
३	तराई	७,९१,७३७	४,०८,८२४	३,८२,९१३

यसरी भौगोलिक दृष्टिकोणले बज्जिका हिमाल, पहाड र तराई सबैतिर बोलिने देखिए पनि तराईमा नै सबैभन्दा बढी मातृभाषाको रूपमा बोलिने गरिएको स्पष्ट हुन्छ ।

जनगणना हुँदाको बखत देशको संरचना विकास क्षेत्रअनुसार रहेको थियो । बज्जिका मातृभाषीको सङ्ख्या पुरानो संरचनाअनुसार देखाइनु पनि यहाँ सान्दर्भिक हुन्छ ।

तालिका नं. ४: विकास क्षेत्रअनुसार बज्जिका मातृभाषी

क्र.स.	विकास क्षेत्र	जम्मा	पुरुष	महिला
१	पूर्वाञ्चल	१३७	७३	६४
२	मध्यमाञ्चल	७,९१,९८७	४,०९,०६३	३,८२,९२४
३	पश्चिमाञ्चल	१,२७५	६०४	६७१

४	मध्यपश्चिमाञ्चल	४	४	००
५	सुदूर पश्चिमाञ्चल	१३	६	७

यसरी पुरानो संरचनाअनुसार देशको हरेक विकास क्षेत्रमा बज्जिका मातृभाषी रहेको देखिन्छ । मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा महिला बज्जिका मातृभाषीको तथ्याङ्क शून्य देखिएको छ ।

देश सङ्घीय प्रणालीमा गइसकेपछि प्रदेशको महत्व बढेको छ । बज्जिका मातृभाषीको जनसङ्ख्या यहाँ प्रादेशिक संरचनाअनुसार प्रस्तुत गरिएको छ:

तालिका नं. ५ : प्रदेशअनुसार बज्जिका मातृभाषी

क्र.स.	प्रदेश	जम्मा	पुरुष	महिला
१	प्रदेश नं. १	१२	१२	००
२	प्रदेश नं. २	७,९१,४६१	४,०८,६६८	३,८२,७९३
३	बागमती प्रदेश	३८७	२८०	६७
४	गण्डकी प्रदेश	१,२५७	५८९	६६८

राष्ट्रिय जनगणनाको परिणामले विकास क्षेत्रअनुसार सबै विकास क्षेत्रमा बज्जिका भाषाको उपस्थिति देखाए पनि प्रादेशिक संरचनामा भने उल्लेख भएको पाइएको छैन । मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलमा बज्जिका भाषीको सङ्ख्या अत्यन्त अल्प भएको हुनाले सम्भवतः अन्य भाषा भाषीमा समावेश गरिएको हुनुपर्छ । प्रादेशिक संरचनामा हेर्दा बज्जिका भाषा भाषीको सङ्ख्या २९९ ले न्यून देखिएको छ । प्रदेशअनुसार सबैभन्दा बढी प्रदेश नं.२ मा बज्जिका मातृभाषी देखिएका छन् ।

तालिका नं. ६: जिल्लाअनुसार बज्जिका मातृभाषी

क्र.स.	जिल्ला	जम्मा	पुरुष	महिला	कैफियत

१	सुनसरी	१२	१२	००	प्रदेश नं. १
२	सिराहा	११	५	६	प्रदेश नं. २
३	धनुषा	२७	१५	१२	प्रदेश नं. २
४	महोत्तरी	४८	१९	२९	प्रदेश नं. २
५	सर्लाही	३,७७,३२७	१,९४,२७६	१,८३,०५१	प्रदेश नं. २
६	रौतहट	४,१३,८९०	२,१४,२५२	१,९९,६३८	प्रदेश नं. २
७	बारा	६३	३१	३२	प्रदेश नं. २
८	पर्सा	९५	७०	२५	प्रदेश नं. २
९	ललितपुर	९२	६९	२३	बागमती प्रदेश
१०	भक्तपुर	११	८	३	बागमती प्रदेश
११	काठमाडौँ	२००	१६५	३५	बागमती प्रदेश
१२	मकवानपुर	१९	१६	३	बागमती प्रदेश
१३	चितवन	२५	२२	३	बागमती प्रदेश
१४	गोरखा	१,२५७	५८९	६६८	गण्डकी प्रदेश
१५	कास्की	२९	२४	५	गण्डकी प्रदेश

माथिको तालिकाले बज्जिका मातृभाषी १५ भन्दा बढी जिल्लामा रहेको स्पष्ट हुन्छ । यसरी जिल्लागत विवरणले बज्जिका मातृभाषी सबैभन्दा बढी रौतहट र सर्लाहीमा भएको स्पष्ट हुन्छ ।

तालिका नं. ७: पालिकाअनुसार बज्जिका मातृभाषी

क्र.स.	पालिका	जम्मा	पुरुष	महिला	कैफियत
१	इटहरी उपमहानगरपालिका	१२	१२	००	सुनसरी
२	नवराजपुर गाउँपालिका	११	५	६	सिराहा
३	जनकपुर				

	उपमहानगरपालिका	२७	१५	१२	धनुषा
४	औरही नगरपालिका	१२	४	८	महोत्तरी
५	मनरा सिसवा नगरपालिका	३६	१५	२१	महोत्तरी
६	बागमती नगरपालिका	४,३४८	२,१६६	२,१८२	सर्लाही
७	बलरा नगरपालिका	३८,७७७	२०,३१४	१८,४६३	सर्लाही
८	बरहथवा नगरपालिका	४२,५२३	२१,६५९	२०,८६४	सर्लाही
९	बसबरिया गाउँपालिका	२२,१२३	११,४५२	१०,६७१	सर्लाही
१०	विष्णु गाउँपालिका	२२,७६७	११,८४४	१०,९२३	सर्लाही
११	ब्रह्मपुरी गाउँपालिका	११,९८८	६,२३४	५,७५४	सर्लाही
१२	चक्रघटा गाउँपालिका	१८,१२०	९,३३३	८,७८७	सर्लाही
१३	चन्द्रनगर गाउँपालिका	११,८४३	६,०६४	५,७७९	सर्लाही
१४	धनकौल गाउँपालिका	२३,६४९	१२,११६	११,५३३	सर्लाही
१५	गोडैता नगरपालिका	४२,४१३	२१,८१९	२०,५२४	सर्लाही
१६	हरिपुर नगरपालिका	१३,४५२	६,८४९	६,६०३	सर्लाही
१७	हरिपुर्वा नगरपालिका	६,९५७	३,५६८	३,३८९	सर्लाही
१८	हरिवन नगरपालिका	३,७५८	१,८३४	१,९२४	सर्लाही
१९	ईश्वरपुर नगरपालिका	२०,५१४	१०,२९८	१०,२१६	सर्लाही
२०	कविलासी नगरपालिका	१८,२६७	९,४००	८,८६७	सर्लाही
२१	कौडेना गाउँपालिका	१९,७९५	१०,१७८	९,६१७	सर्लाही
२२	लालबन्दी नगरपालिका	६,३८७	३,२४०	३,१४७	सर्लाही
२३	मलङवा नगरपालिका	२०,५१९	१०,६८६	९,८३३	सर्लाही

२४	पर्सा गाउँपालिका	२,७८९	१,४४३	१,३४६	सर्लाही
२५	रामनगर गाउँपालिका	२६,१५१	१३,६१५	१२,५३६	सर्लाही
२६	बौद्धिमाई नगरपालिका	२८,०३२	१४,५६२	१३,४७०	रौतहट
२७	वृन्दावन नगरपालिका	३०,०६९	१५,४६७	१४,६०२	रौतहट
२८	चन्द्रपुर नगरपालिका	११,४१९	५,८५५	५,५६४	रौतहट
२९	देवाही गोनाही नगरपालिक	२३,६०९	१२,१७५	११,४३४	रौतहट
३०	दुर्गा भगवती गाउँपालिका	१५,७०३	८,२८३	७,४२०	रौतहट
३१	गढीमाई नगरपालिका	३१,९०१	१६,४९२	१५,४०९	रौतहट
३२	गरुडा नगरपालिका	४०,०७१	२०,६९५	१९,३८६	रौतहट
३३	गौर नगरपालिका	२२,४९९	११,९१५	१०,५८४	रौतहट
३४	गुजरा नगरपालिका	९,४९६	४,८२८	४,६६८	रौतहट
३५	ईशनाथ नगरपालिका	२३,३२३	१२,०२१	११,३०२	रौतहट
३६	कटहरिया नगरपालिका	३१,२२८	१६,२५९	१४,९६९	रौतहट
३७	माधव नारायण नगरपालिका	३३,३३४	१७,२८४	१६,०५०	रौतहट
३८	मौलापुर नगरपालिका	२४,९७१	१२,९१४	१२,०५७	रौतहट
३९	परोहा नगरपालिका	१९,८१४	१०,२२०	९,५९४	रौतहट
४०	फतुवा विजयपुर नगरपालिका	१९,५१५	९,९५७	९,५५८	रौतहट
४१	राजदेवी नगरपालिका	२६,०७१	१३,६८८	१२,३८३	रौतहट
४२	राजपुर नगरपालिका	१०,११५	५,०६५	५,०५०	रौतहट
४३	यमुनामाई गाउँपालिका	१२,६५०	६,५१८	६,१३२	रौतहट
४४	आदर्श कोतवाल	६३	३१	३२	बारा
४५	वीरगंज महानगरपालिका	९५	७०	२५	पर्सा

४६	ललितपुर महानगरपालिका	८१	६२	१९	ललितपुर
४७	महालक्ष्मी नगरपालिका	११	७	४	ललितपुर
४८	काठमाडौँ महानगरपालिका	१६०	१३२	२८	काठमाडौँ
४९	कीर्तिपुर नगरपालिका	४०	३३	७	काठमाडौँ
५०	मध्यपुर थिमी	११	८	३	भक्तपुर
५१	हेटौँडा उपमहानगरपालिका	१९	१६	३	मकवानपुर
५२	भरतपुर महानगरपालिका	२५	२२	३	चितवन
५३	आरुघाट गाउँपालिका	२२७	१०६	१२१	गोरखा
५४	भीमसेन गाउँपालिका	३६	१३	२३	गोरखा
५५	सिरानचोक गाउँपालिका	१४४	६२	८२	गोरखा
५६	सिलुकोट गाउँपालिका	८२१	३८४	४३७	गोरखा
५७	पोखरा लेखनाथ महानगरपालिका	२९	२४	५	कास्की

यसरी देशको कम्तीमा सन्ताउन्न स्थानीय तहमा बज्जिका मातृभाषाको उपस्थिति रहेको देखिएको छ । सबैभन्दा बढी प्रदेश दुईका मुख्य गरी रौतहट र सर्लाहीका स्थानीय तहमा बज्जिका मातृभाषीको सङ्ख्या रहेको तथ्याङ्कले देखाएको छ । बज्जिका भाषाका अभियन्ताहरू राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कप्रति असन्तोष प्रकट गर्दछन् । भाषिक अज्ञानता, आफूले दैनिक रुपमा प्रयोग गरिरहेको भाषा कुन हो भनेर पहिचानको अभाव, आकर्षण तथा हीनताबोधजस्ता कारणले लाखौँ बज्जिका मातृभाषी आफूलाई अन्य मातृभाषाकै भनिरहेका छन् र आफूलाई अन्य मातृभाषीमै गणना गराएका छन् । नेपालमा बज्जिका मातृभाषीको सङ्ख्या २० लाखभन्दा बढी रहेको दाबी गरिएको छ ।

२.६ बज्जिका भाषाका भाषिका र भेद

बज्जिका भाषाको प्रयोग क्षेत्रका निकटवर्ती स्थानहरुमा बोधगम्यताका दृष्टिले समकक्षी देखिने अन्य भाषाहरु पनि रहेका छन् । भारतीय भाषाविद्हरूले बज्जिका भाषाको भाषिक चौहदी निर्धारण गरेका छन् जस अनुसार पूर्वमा मैथिली र अंगिका, पश्चिममा भोजपुरी, उत्तरमा नेपाली र दक्षिणमा मगही बोलिन्छ । नेपालमा भने सामान्यतया पूर्वमा मैथिली, पश्चिममा भोजपुरी तथा उत्तरमा नेपाली लगायतका अन्य भाषाहरू रहेका छन् भने नेपालको दक्षिणी सिमाना भारतसित जोडिएको र भारतसित जोडिएको सीमाक्षेत्र बज्जिका भाषी क्षेत्र नै रहेको छ । निकटवर्ती भाषिक क्षेत्र भएकाले आवागमन, वैवाहिक तथा व्यावसायिक आदि सम्बन्धले गर्दा एउटा भाषाको प्रभाव अर्को भाषामा पर्नु स्वाभाविक हो । कतिपय गाउँमा विभिन्न जातीय तथा बसाइ–सराइ र पारिवारिक कारणले एकभन्दा बढी भाषाको अस्तित्व रहेको देखिन्छ । एउटा भाषादेखि अर्को भाषाको सिमाना छुट्याउन हुने जटिलता वा एउटा भाषा र अर्को भाषाको संक्रमण भौगोलिक परिवेश पनि भएको पाइन्छ । भारतीय बज्जिका भाषाविद्हरूले बज्जिकालाई आदर्श बज्जिका, भोजपुरी प्रभावित बज्जिका, मगही प्रभावित बज्जिका तथा मैथिली–अंगिका प्रभावित बज्जिका गरी बज्जिकाका चार भाषिक भेद उल्लेख गरेका छन् ।

तालिका नं. ८ : बज्जिका भाषाका भेदहरू

आदर्श बज्जिका	भोजपुरी प्रभावित	मगही प्रभावित	मैथली प्रभावित
खाइत हती	खाइत बाडी, खाइत बारी खाइले	खाइत ही	खाई छी
जाइत हती	जाइत बाही, बारी जाइले	जाही जाह ली	जाई छी

सुतल हए सुतल बाटे सुतल हवे सुतल छी

समग्र रूपले हेर्दा बज्जिका भाषामा नेपालीय बज्जिकालाई मैथिली–अंगिका प्रभावित बज्जिकामा राखेर भारतीय बज्जिका भाषाविद्हरूले अध्ययन गरेका छन् । नेपालमा भोजपुरी प्रभावित बज्जिका भाषीको सङ्ख्या पनि उत्तिकै रहेको पाइन्छ । नेपालमा भाषिक चेतनाको विस्तार हुन नसकेको तथा नेपालीय बज्जिकाको अध्ययन पनि खासै हुन नसकेको अवस्थामा नेपालमा बोलिने बज्जिका भाषाको पनि भाषिक वर्गीकरण गर्नुपर्ने देखिन्छ । नेपालमा बोलिने बज्जिकालाई स्थानीय परिवेशअनुसार भाषिक भेद छुट्याउन सकिन्छ ।

क. आदर्श बज्जिकाः नेपालीय बज्जिकाको आदर्श बज्जिका सर्लाही र रौतहटमा बोलिने बज्जिका हो । सर्लाही जिल्लाको करिब सम्पूर्ण भूभाग र रौतहटको लालबकैया नदीसम्मको भागमा बोलिने बज्जिकालाई नेपालको परिवेशमा आदर्श बज्जिका मान्नुपर्ने देखिन्छ ।

ख. पूर्वी बज्जिकाः सर्लाही जिल्लाको सिमानादेखि पूर्व धनुषा जिल्लासम्म बोलिने गैरमैथिली भाषा नै पूर्वी बज्जिका हो । यसलाई भाषिक दृष्टिकोणले मैथिली प्रभावित बज्जिका पनि भन्न सकिन्छ । स्तरीय लेख्य मैथिली वा स्तरीय कथ्य मैथिलीभन्दा फरक रहेको जसलाई कतिपय मैथिलीभाषीले मैथिली भाषा नै नभएको बताउने गरेका छन्, सोही रूपलाई बज्जिकाको पूर्वी भेद हो भन्न सकिन्छ ।

ग. पश्चिमी बज्जिका: सामान्यतया रौतहट जिल्लामा बहने लालबकैया नदीदेखि पश्चिम बारा जिल्लामा बहने पसाहा नदीसम्मको भाषालाई पश्चिमी बज्जिका भन्न सकिन्छ । यहाँ बोलिने बज्जिकाको

क्रियामा पनि लिङ्ग भेद पाइन्न । यसलाई कतिपयले भोजपुरी प्रभावित बज्जिका पनि मानेका छन् ।

घ. **थारू प्रभावित बज्जिका:** बारा, रौतहट, सर्लाही, महोत्तरी आदि जिल्लाको बज्जिका भाषी क्षेत्रमा बसोबास गर्ने थारू समुदायले सामान्यतया बज्जिका भाषालाई नै मातृभाषाको रूपमा प्रयोग गर्दछन् तर कतिपयको बोलीमा भने सहायक क्रिया 'छ' लाई 'स' उच्चारण गरेको पाइन्छ । उदाहरणको लागि 'कहाँ जाइछ?' लाई कतिपय थारू वक्ताले 'कहाँ जाइस', 'जाइछा'लाई 'जाइसा' तथा 'जाइछा'लाई 'जाइसा' प्रयोग गरेको पाइन्छ । यद्यपि औपचारिक बोलीमा भने 'छ' नै प्रयोग गरेको पाइन्छ । विस्तारै 'छ' को प्रयोग थारू समुदायमा पनि बढ्दै गएको पाइन्छ ।

ङ. **मुस्लिम बज्जिका:** बज्जिका भाषी क्षेत्रको मुस्लिम समुदायको मातृभाषा बज्जिका रहेको साहित्यकार डा. वसी मिकरानीले सगर्व बताउँदै आएका छन् । तर पनि कतिपय व्यवहारमा कथ्यमा थोरै फरक बोल्ने गरिएको पाइन्छ । घर व्यवहार अर्थात् अनौपचारिक रूपमा मुस्लिम समुदायले प्रयोग गर्ने बज्जिका भाषालाई मुस्लिम प्रभावित बज्जिका वा मुस्लिम बज्जिका भन्न सकिन्छ ।

बज्जिकाको यसरी कम्तीमा पाँच उपभेद वा भाषिका वा भाषिक भेद भए पनि लेख्य रूपमा खासै भिन्नता पाइएको छैन । यो विकासोन्मुखी भाषा भएकोले विकासोन्मुखी अवस्थाको भाषामा पाइने विभिन्नता भने यसको लेख्य तथा स्तरीय कथ्यमा पाइन्छ । सामान्यतया बज्जिकाको लेख्य वा स्तरीय कथ्यको स्वरूपमा भने खासै भिन्नता रहेको पाइँदैन । सर्लाही र रौतहटमा बोलिने आदर्श बज्जिका नै नेपालमा बज्जिका भाषाको स्तरीय रूप भएकोले स्थानीय सञ्चार माध्यम तथा साहित्य र मञ्चहरूमा प्रयोग गरिन्छ । नेपालबाट प्रकाशन भएका अधिकांश

साहित्यिक कृति यही आदर्श बज्जिकामा नै रहेको पाइएको छ । नेपालको बज्जिका भाषाको सन्दर्भमा करिब सम्पूर्ण सर्लाही र रौतहटमा बोलिने, साहित्यमा पनि स्थान पाएको र सञ्चार माध्यमले पनि अपनाएको आदर्श बज्जिका साझा लेख्य भाषा बन्दै गएको देखिन्छ । स्तरीय बज्जिकाको रूपमा यही आदर्श बज्जिकाको विस्तार हुने सम्भावना पनि छ । भारतीय आदर्श बज्जिकासँग पनि मेल खाने भएकोले बज्जिका भाषाको यही आदर्श रूप प्रचलनमा ल्याउनु उपयुक्त हुन्छ ।

खण्ड तीन

बज्जिका भाषा तथा साहित्यको विकासमा योगदान दिने व्यक्ति र संस्थाहरू

३.१ विषय प्रवेश

यस परिच्छेदमा मुख्य गरी नेपालमा बज्जिका भाषा तथा साहित्यको क्षेत्रमा योगदान दिने व्यक्ति तथा संस्थाहरूको योगदानका साथै अन्य विभिन्न पक्षबारे सङ्क्षेपमा चर्चा गरिएको छ ।

३.२ बज्जिका भाषाको व्याकरण

बज्जिका भाषाको व्याकरणको क्षेत्रमा विभिन्न कामहरू भएका छन् । अहिलेसम्म बज्जिका व्याकरणको क्षेत्रमा भएका उपलब्धिहरूलाई यस प्रकार तालिकामा देखाउन सकिन्छ :

तालिका नं. ९: बज्जिका भाषाका व्याकरणहरू

क्र. स.	लेखक	कृति	प्रकाशक	प्रकाशन वर्ष	भाषाको माध्यम
१.	योगेन्द्र राय	बज्जिका व्याकरण	अखिल भारतीय बज्जिका साहित्य सम्मेलन, पटना	सन् १९९८	हिन्दी

२.	डा.योगेन्द्र प्रसाद सिंह	बज्जिका प्रथम व्याकरण	डा. योगेन्द्र प्रसाद सिंह बज्जिका संस्थान, पटना	सन् १९९९	हिन्दी
३.	डा.शारदाचरण	बज्जिका व्याकरण बोध	समीक्षा प्रकाशन, मुजफ्फरपुर÷दिल्ली	सन् २०१८	बज्जिका
४	सञ्जय साह मित्र र रामअधार पासवान	बज्जिका व्याकरण	नाम (नागेन्द्र यादव÷मदन ठाकुर)	वि.स. २०७७	बज्जिका

बज्जिका भाषाको तयार भएका व्याकरणको क्षेत्रमा नेपालमा भन्दा भारतमा बढी काम भएको छ । बज्जिका भाषाको व्याकरणसम्बन्धी केही काम भएको देखिए पनि बज्जिका भाषाको एकीकरण र मानकीकरणको दृष्टिकोणले अझै पनि काम गर्नुपर्ने देखिन्छ । बज्जिका भाषा प्रयोग, विकास तथा विभिन्न विधा लेखनमा एकरूपताका कायम गर्न यी व्याकरणहरू आफैँमा महत्वपूर्ण मानिएका छन् ।

३.३ शब्दकोश र धार्मिक ग्रन्थ

बज्जिका भाषामा शब्दकोश र धार्मिक ग्रन्थहरूको निर्माण र प्रकाशन भएको छ । यसका शब्दकोश र धार्मिक ग्रन्थ देहायअनुसार रहेका छन् ।

३.३.१ बज्जिका शब्दकोश

बज्जिका भाषामा धेरै शब्दकोश बनेका पाइदैन तर पनि प्रारम्भिक केही कार्यहरू भने भएका छन् । बज्जिका भाषामा भारतबाट दुई शब्दकोशहरू प्रकाशित भएका छन् । प्रकाशित शब्दकोशबारे सङ्क्षेपमा यस तालिकाले स्पष्ट पार्ने छ ः

तालिका नं. १०: बज्जिका भाषाका शब्दकोशहरू

क्र.स.	सङ्कलक÷सम्पादक	कृति	प्रकाशक	प्रकाशन वर्ष	भाषाको माध्यम
१	डा. सुरेन्द्रमोहन प्रसाद	बज्जिका हिन्दी शब्दकोश	अखिल भारतीय बज्जिका साहित्य सम्मेलन मुजफ्फरपुर	सन् २०००	हिन्दी
२	डा.अवधेश्वर अरुण र रामनिवास शर्मा	भारती बज्जिका हिन्दी कोश	कोणार्क प्रकाशन रोहिणी, नई दिल्ली	सन् २००८	हिन्दी

यसरी बज्जिका भाषाको शब्दकोशको क्षेत्रमा भारतीय बज्जिका भाषाका अभियन्ता तथा यस क्षेत्रका सेवीहरूले केही काम गरेका छन् । यी शब्दकोशहरूमा बज्जिका भाषाका शब्दहरु सङ्कलन गरेर ती शब्दहरूको हिन्दीमा अर्थ लेखिएका छन् । दुवै शब्दकोश लघु आकारका

छन् । नेपालमा भने बज्जिका भाषामा शब्दकोशको विकासका क्षेत्रमा कुनै ठोस काम भने हुन सकेको छैन ।

३.३.२ बज्जिका धार्मिक ग्रन्थ

बज्जिका भाषाको धार्मिक साहित्यमा खासै धेरै काम नभए पनि केही ठोस कामहरू भने भएका छन् । बज्जिका धार्मिक साहित्यका प्रकाशित कृति यस प्रकार छन्:

तालिका नं. ११: बज्जिका भाषाका धार्मिक ग्रन्थहरू

क्र.स.	लेखक	कृति	प्रकाशक	प्रकाशन वर्ष	कैफियत
१.	अवधेश्वर अरुण	बज्जिका रामाएन	अखिल भारतीय बज्जिका साहित्य सम्मेलन चेन्नै	सन् २००३	द्वितीय संस्करण
२.	हरिकृष्ण काफ्ले	बज्जिका गीता	ग्रामीण शिक्षा विकास नेपाल, रौतहट	वि.स. २०७२	
३.	रामसागर साह	भजन सागर		२०६५	

बज्जिका भाषामा लेखिएको बज्जिका रामायण विभिन्न दृष्टिकोणले मौलिक ग्रन्थ हो । मूल कथानक रामायणकै रहे पनि यसमा बज्जिका भाषी क्षेत्रको सुबास भने पाइन्छ । बज्जिका मातृभाषी क्षेत्रमा नै सीताको प्रादुर्भाव भएको, जनकपुर जाने क्रममा आफ्ना गुरुका साथमा

राम र लक्ष्मण बज्जिका भाषाको उद्‌गमस्थल मानिएको वैशालीमा एक रात बिताएको, बज्जिका भाषामा प्रचलित सम्धाओन (सम्धी मिलन वा सम्धी लगाउने चलन) लाई पनि प्राथमिकता दिइएको तथा बाल्मीकीय रामायणभन्दा फरक किसिमले जनकपुरको परिचय दिइएको र पूर्वीय काव्य सिद्धान्त अनुरूप संयोगान्तमा लगेर टुङ्ग्याइएको छ ।

त्यस्तै अर्को धार्मिक कृति बज्जिका गीता हो । यो चाहिँ गीति गीता हो । यसलाई बज्जिकाञ्चलमा प्रचलित अल्हाउदल लोक नाटकको गायन शैलीमा लेखिएको छ । स्थानीय लोक देवताहरूको स्तुति गायन गरिएको भजन सागर पनि महत्वपूर्ण कृति हो । यी ग्रन्थबाहेक बज्जिका भाषामा केही फुटकर भजन तथा गीतहरू लेखिएका छन् र विभिन्न पत्रपत्रिकामा प्रकाशित पनि छन् ।

बज्जिका भाषाको व्याकरण तथा धार्मिक कृतिको क्षेत्रमा भएका प्रगति तथा चर्चाले गर्दा बज्जिका भाषाप्रति सकारात्मक दृष्टिकोणको विकास गराउन तथा बज्जिका भाषाको इतिहासमा सकारात्मक योगदान दिएको स्पष्ट हुन्छ ।

३.४. साहित्यिक कृतिहरू

नेपालमा बज्जिका भाषाको पहिलो रचना वि.सं. २०५४ मा प्रकाशित भएको पाइन्छ । मकवानपुर जिल्लाको झरना साहित्यिक परिवारद्‌वारा प्रकाशित झरना साहित्यिक पत्रिकाको १३ औँ अङ्क (२०५४ कात्तिक–चैत) मा फरक शीर्षकमा सञ्जयकुमार साहको लघुकथा प्रकाशन भएपछि नेपालीय बज्जिकाको साहित्यको औपचारिक ढोका खुलेको देखिन्छ । मकवानपुरकै रामबाण प्रकाशन हेटौँडाले वि.सं. २०६१ मा सञ्जय साहको पचीस डेङ (कविता सङ्ग्रह) प्रकाशन गरेपछि कृति प्रकाशनको क्रम सुरु हुन्छ । यसपछि नेपालीय बज्जिका भाषामा विभिन्न

विधा तथा क्षेत्रका कृतिहरू प्रकाशित भइरहेका छन् । नेपालीय बज्जिकामा कृति प्रकाशनको क्रम अझै जारी छ । विभिन्न कृतिहरूको प्रकाशनले बज्जिका भाषा र साहित्यको विकासमा ठोस योगदान पुगेको स्पष्ट छ । नेपालमा बज्जिका साहित्यमा अहिलेसम्म प्रकाशन भएका सम्पूर्ण कृतिहरूको सूची यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं. १२ : बज्जिका भाषामा लेखिएका साहित्यिक कृतिहरू

क्र. सं.	कृतिकार	कृतिको नाम	प्रकाशन वर्ष	विधा	कैफियत
१.	सञ्जय साह	पच्चीस डेङ	२०६१	कविता	
२.	गोकुल घोरसाइने र ...	बज्जिका कहावती लघुसङ्ग्रह	२०६२	लोकसाहित्य	सङ्कलन र सम्पादन
३.	राम सागर साह	भजन सागर	२०६५	गीत	
४.	समतोलिया मुखिया	सुन्नर देश बने चाहइछी	२०६६	कविता	
५.	श्यामनारायण साह	ठगोके ठग	२०६६	लोककथा	
६.	सञ्जय सुदामा	छाँही	२०६६	खण्डकाव्य	
७.	रेणु गुप्ता	इतिहास आ लाल झा	२०७०	कविता÷अनुवाद	कवि ः गिरिजा अधिकारी

८.	समतोलिया मुखिया	बज्जिका अक्षरमाला	२०७०		
९.	राम सागर साह	गढीमाई	२०७१	गीत	
१०.	सञ्जय सुदामा	शान्तिदूत	२०७१	खण्डकाव्य	
११.	श्याम सहनी चन्द्रांशु	अपन होएल बिरान	२०७२	नाटक	
१२	सञ्जय मित्र	मुनामदन	२०७२	खण्डकाव्य	लेखक ः महाकवि देवकोटा
१३.	हरिकृष्ण काफ्ले	बज्जिका गीता	२०७२	गीतिकाव्य	
१४.	श्याम सहनी चन्द्रांशु	अपन दुनिया	२०७३	कविता	
१५.	सञ्जय मित्र	क्रोधसे बोधतक	२०७३	कविता	
१६.	विश्वराज अधिकारी	बङमतीसे लमहा	२०७३	गीत	
१७.	मनोजकुमार साह	बुझम त जानम	२०७४	गाउँखाने कथा	
१८.	सञ्जय मित्र	बज्जिका जिन्दाबाद	२०७६	मुक्तक	

१९.	श्याम सहनी चन्द्रांशु	पुरइनके फूल	२०७६	उपन्यास	
२०.	भोला पासवान	इजोतसे इजोत	२०७६	कविता	
२१	रामअधार पासवान	सुखदुख	२०७६	कविता	
२२.	किशुनदयाल यादव	लटरपटर	२०७६	विविध	
२३	विजय यादव निर्बिज	प्रतिमा	२०७६	उपन्यास	
२४	विभिन्न २५ जना	२५ कविके २५ कविता	२०७६	कविता	सम्पादक ः सञ्जय मित्र
२५	सञ्जय साह मित्र र रामअधार पासवान	बज्जिका व्याकरण	२०७७	व्याकरण	
२६	शीतल गिरी	बज्जि र बज्जिका	२०७०	अनुसन्धान	नेपाली भाषामा
२७.	सञ्जय मित्र	नेपालमा बज्जिका भाषा	२०७१	निबन्ध÷अनुसन्धान	नेपाली भाषामा

माथि उल्लेख गरिए बाहेक रामचन्द्र महतोको कविता सङ्ग्रह तथा डा. वसी मिकरानीको गजल सङ्ग्रह, विश्वराज अधिकारीको संस्मरण

सङ्ग्रह पनि प्रकाशनको तयारीमा रहेका छन् । छोटो समयमा नेपालीय बज्जिका साहित्यले प्रगति गर्दै आएको छ । यी कृतिहरूले बज्जिका साहित्यको विकासमा ठोस योगदान दिएका छन् । यी कृतिहरूले बज्जिका भाषालाई उच्च बौद्धिक तथा नयाँ पाठकमा पुर्याउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

३.५ व्यक्तिगत योगदानहरू

बज्जिका भाषामा लेखिएका विभिन्न साहित्य कृतिहरू भेटिन्छन् । यस क्षेत्रमा व्यक्तिगत र संस्थागत योगदानहरूको उपयुक्त मूल्याङ्कन गरी प्रोत्साहन गर्नु जरुरी देखिएको छ । व्यक्तिगत र संस्थागत दुवै किसिमले योगदान दिनेहरूको योगदानले यस भाषाको विकासमा थप मद्दत पुगेको छ । बज्जिका भाषा र साहित्यको विकासमा व्यक्तिगत योगदान दिनेहरूलाई दुई भागमा विभाजित गरेर तिनका योगदानको चर्चा गरिएको छ ।

३.५.१ बज्जिका भाषाको विकासमा व्यक्तिगत योगदानको मूल्याङ्कन

बज्जिका भाषाको विकासमा धेरैजनाको योगदान रहेको छ । तल सङ्क्षेपमा बज्जिका भाषामा महत्वपूर्ण योगदान दिने व्यक्तिको योगदानबारे चर्चा गरिएको छ ।

क) **शिवचन्द्र साहः** बज्जिका भाषाका अग्रज अभियन्ताका रूपमा परिचित शिवचन्द्र साहले बज्जिका भाषा र साहित्यको लागि धेरै काम गरेका छन् । बारादेखि धनुषासम्मको क्षेत्र बज्जिका भाषी हो भन्ने दाबी निरन्तर गर्दै आएका साहले २०५८ र २०६८ को राष्ट्रिय जनगणनामा बज्जिकालाई समावेश गराउन अहम भूमिका निर्वाह गरेका छन् । नेपालमा बज्जिका भाषा र साहित्यको पहिलो औपचारिक गोष्ठी साहले नै गराएका हुन् ।

साह रौतहटको समनपुरस्थित श्री शङ्कर गुदर माध्यमिक विद्यालयको प्रधान शिक्षक हुँदा २०६३ मङ्सिरमा विद्यालयका नेपाली शिक्षक रमेशमोहन अधिकारीको संयोजकत्व तथा तत्कालीन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्देश्वरप्रसाद साहको सभापतित्वमा डा.घनश्याम न्यौपाने परिश्रमीलाई प्रमुख अतिथि बनाई पहिलो औपचारिक गोष्ठी भएको थियो । साह प्रधान शिक्षक तथा रमेशमोहन अधिकारी शिक्षक रहँदासम्म विद्यालयबाट समनपुष्प साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशन भएको थियो जसमा बज्जिका स्तम्भ राखिनुका साथै एक अङ्कलाई बज्जिका विशेष भनेर पनि प्रकाशन गरिएको थियो । साहको अध्यक्षतामा बज्जिका भाषा विकास परिषद् नेपालको गठन भएको छ । साह अझै पनि बज्जिका भाषा र साहित्यको सेवा तथा प्रोत्साहनमा सक्रिय छन् । साह बज्जिका भाषाका निस्वार्थ सेवी हुन् ।

ख) **डा.कमलेश्वरकुमार सिन्हाः** डा. कमलेश्वरकुमार सिन्हा बज्जिका भाषाको विकासमा सक्रिय रहेका अग्रज अभियन्ता हुन् । रौतहट र धनुषाको प्रमुख जिल्ला अधिकारी रहँदाको समयमा बज्जिका भाषा र साहित्यको गोष्ठीमा निरन्तर सक्रिय रहेर डा. सिन्हाले सर्वसाधारण तथा बुद्धिजीवीहरूलाई बज्जिका सेवाको सकारात्मक चेतना र ऊर्जा प्रदान गरेका छन् । बज्जिका भाषा र साहित्यको विकासमा डा. सिन्हाको अथक परिश्रम छ । डा. सिन्हा शिक्षा मन्त्रालयमा सहसचिव तथा संयुक्त राष्ट्र सङ्घको नेपाल स्थित एउटा कार्यालय युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव रहँदा पनि बज्जिकाको लागि निरन्तर काम गरेका छन् । यसै गरी काका सामुदायिक सिकाइ

केन्द्र बलरा मार्फत बज्जिका भाषाको उन्नयनमा विभिन्न गोष्ठीहरू गराउने काम पनि गरेका छन् । सर्लाहीमा बज्जिकाको पहिलो गोष्ठी गराउने डा. सिन्हा नै हुन् । सिन्हाको नेतृत्वमा सर्लाहीको विभिन्न ठाउँका साथै रौतहट र बारामा पनि बज्जिकाका गोष्ठीहरू भएका छन् । २०६८ को राष्ट्रिय जनगणनामा बज्जिका भाषाको स्थानलाई महत्वपूर्ण बनाउन डा. सिन्हाको भूमिका महत्वपूर्ण छ । डा. सिन्हाकै संयोजकत्वमा रामनगर गाउँपालिका र काका सामुदायिक सिकाइ केन्द्र बलराद्वारा बज्जिका भाषाको किताब प्रकाशित भई सर्लाही र रौतहटका विभिन्न विद्यालयमा लागू भएको छ । डा। सिन्हाकै पहलमा भाषा आयोग र रामनगर गाउँपालिका बीच सहकार्य भई बज्जिका भाषाको इतिहास लेखनको काम भएको छ । डा. सिन्हा बज्जिका भाषाका अभियन्ता तथा अघोषित अग्रज नेता हुन् ।

ग. **रेवन्त झाः** बज्जिका भाषामा समाचार प्रसारण गर्न प्रारम्भ गर्ने व्यक्ति हुन् रेवन्त झा । उनी रौतहट एफएमका प्रबन्ध निर्देशक भएका समयदेखि नै बज्जिका भाषाको समाचार प्रसारण हुन थालेको हो । २०६४ सालदेखि रौतहट जिल्लाको सदरमुकाम गौरमा रौतहट एफएम स्थापना भई सञ्चालनमा छ । बज्जिका भाषालाई रेवन्त झाले नै आम सञ्चारमा पुर्याएका हुन् । एफएमका समाचार सम्पादक थिए – प्रेमचन्द्र झा । प्रबन्ध निर्देशक झाले बज्जिका अभियन्ता सञ्जय साहले भने जस्तै बज्जिका भाषामा समाचार प्रसारणको निर्देशन दिएका थिए । रेवन्त झाले गर्दा बज्जिका भाषाले रेडियोमा स्थान पाएको र बज्जिका भाषाको करिब मानक रूप निर्धारण भई सार्वजनिक समारोहमा प्रमुख व्यक्तित्वहरूले पनि बज्जिकालाई प्रयोग गर्न

थालेका हुन् । झाले बज्जिका भाषाको विषयमा विभिन्न मञ्चहरूमा पनि चर्चा गरेका छन् र बज्जिका सेवा गर्नेहरूलाई प्रोत्साहन पनि गरेका छन् ।

घ. **शम्भु साह:** रौतहट सदरमुकाम गौरमा राजदेवी एफएमको स्थापना भएपछि एफएमका अध्यक्ष शम्भु साहले बज्जिका भाषामा समाचार प्रसारण गर्ने निर्णय गरे । एफएमका स्टेशन म्यानेजर त्रिपुरारी गुप्ता तथा तत्कालीन समाचार प्रमुख रवीन्द्रप्रसाद साहले बज्जिका अभियन्ता सञ्जय साह मित्रसित मिलेर समाचारको नाम नै राखे – अप्पन बज्जिका खबर । रेडियोको आफ्नो मुख्य समाचारको नाम नै अप्पन बज्जिका खबर राखिएपछि बज्जिका भाषा र बज्जिका शब्द दुवै सर्वसाधारणका लागि ग्राह्य बन्न पुगे । राजदेवी एफएमले सञ्जय साहको नेपालमा बज्जिका भाषा भन्ने कृतिको प्रकाशन पनि गरेको छ । बज्जिका भाषाको सेवा गर्नेहरूलाई साहबाट पर्याप्त प्रोत्साहन प्राप्त भएको छ ।

ङ. **बिन्दा सहनी:** बज्जिका भाषा प्रचार प्रसार समितिका सचिव विन्दा सहनी बज्जिका भाषाको लामो समयदेखिका अभियन्ता हुन् । मैथिली र भोजपुरीभन्दा बज्जिका फरक अस्तित्वको भाषा रहेको प्रचार गर्दै सहनीले बज्जिका भाषाको साहित्य सिर्जना तथा छापा माध्यमलाई प्रोत्साहन गरेका छन् । बज्जिकालाई राष्ट्रिय जनगणना समावेश गराएर गणकहरूलाई प्रोत्साहन गर्न पनि सहनीले भूमिका खेलेका छन् ।

च. **धर्मनाथप्रसाद जयसवाल:** बज्जिका भाषा र साहित्यका निम्ति दानवीरका रूपमा परिचित समाजसेवी धर्मनाथप्रसाद जयसवालले बज्जिका भाषाको साहित्यको विकासको लागि तुलसी साहित्य

पुरस्कारको स्थापना गरेका छन् । नेपाल र सम्भवतः भारतमा पनि बज्जिका साहित्यको लागि स्थापित एकमात्र पुरस्कार यही हो । बज्जिकार्पण साहित्यिक पत्रिकामा एक वर्षमा प्रकाशित सम्पूर्ण कवितामध्ये एक उत्कृष्ट सिर्जनाका सर्जकलाई पाँच हजार रुपैया र प्रमाणपत्रसमेत प्रदान गरिने तुलसी साहित्य पुरस्कार लागि समाजसेवी जयसवालले एक लाख पचास हजार रुपैयाको अक्षय कोशको स्थापना गरेका छन् । जयसवालले बज्जिका भाषाको मासिक साहित्य गोष्ठी सञ्चालनका लागि सहयोग गर्नुका साथै बज्जिका साहित्य संगम रौतहटलाई अन्य सङ्घ संस्थासित समन्वय गराउने भूमिका पनि निर्वाह गरेका छन् । जयसवालले बज्जिकार्पण साहित्यिक पत्रिकालाई पनि सहयोग गरेका छन् । बज्जिका भाषामा पहिलो औपचारिक अनलाइनको सुरुआत गर्ने रौतहटका दिनेश संगमले बज्जिकालाई विभिन्न सरकारी कार्यालयमा पुर्याउन पनि योगदान दिएका छन् । स्थानीय तहको अनलाइन फाराममा बज्जिका मातृभाषालाई संगमको सक्रियताले समावेश भएको छ । बज्जिका पत्रकारितामा समेत संगमको महत्वपूर्ण योगदान रहेको छ ।

ज. **लालबाबु साह:** बज्जिका भाषा विकास परिषद् नेपालका संस्थापक उपाध्यक्ष लालबाबु साहले बज्जिका लोक साहित्यको विकासको लागि एसएस लोक साहित्य पुरस्कारको स्थापना गरेका छन् । रौतहटको गरुडामा रहेको मधेस जन आवाज एफएमको स्टेशन म्यानेजर हुँदा साहले सञ्जय मित्रलाई सम्पादक राखी बज्जिका भाषामा समाचार प्रसारणको सुरुआत गराएका थिए । साहले बज्जिका भाषा तथा बज्जिका लोक साहित्यको विकासमा ठोस योगदान दिएका छन् ।

झ. **मुद्रिकाप्रसाद सिंहः** अधिवक्ता मुद्रिकाप्रसाद सिंह वि.सं.२०४४ देखि बज्जिका भाषाको प्रचारक छन् । भाषाको सन्दर्भमा सर्लाही र रौतहटको भाषा बज्जिका हो भन्ने कुरो दशकौँदेखि बताउँदै आएका अधिवक्ता सिंहले भनेपछि डा। कमलेश्वरकुमार सिन्हाले लोकसेवा आयोगको फाराममा वि.सं. २०४४ मा पहिलो चोटि मातृभाषा बज्जिका उल्लेख गरेका थिए ।

ञ. **प्रेमचन्द्र झाः** रौतहट एफएममा बज्जिका समाचार सुरुआत भएपछि प्रथम सम्पादक प्रेमचन्द्र झा हुन् । झाले आफ्नो क्रान्तिद्वार दैनिकमा पनि कहिलेकाहीँ बज्जिका भाषामा सामग्री प्रकाशित गर्छन् । पत्रकार झा बज्जिकाको प्रचार प्रसारमा सदैव अग्र पङ्क्तिमा सकारात्मक भूमिकामा रहन्छन् ।

ट. **योगेन्द्र यादवः** बज्जिका भाषा प्रचार प्रसार समितिका संयोजक योगेन्द्र यादवको अगुवाइमा ग्रामीण शिक्षा विकास केन्द्र नेपाल नामक गैरसरकारी संस्थाले हरेक वर्ष बज्जिका समारोह गर्दै आएको छ । यादव बज्जिका भाषाको प्रायः सबैजसो कार्यक्रममा सहभागी भएर बज्जिका सेवीलाई प्रोत्साहित गर्छन् ।

ठ. **चञ्चल झाः** बज्जिका पत्रकार सङ्घ नेपालसित आबद्ध चञ्चल झाले बज्जिका भाषाको प्रचारको लागि ठोस काम गरेका छन् । झाले सरकारी कार्यालयहरूमा बडापत्रलाई बज्जिका भाषामा अडियोमा अनुवाद गरी बज्जिकाको प्रचार प्रसारमा ठूलो गुन लगाएका छन् ।

ड. **मनोजकुमार चौधरीः** बज्जिका साहित्य संगम रौतहट र बज्जिका पत्रकार सङ्घ नेपालमा आबद्ध मनोजकुमार चौधरी रेडियो मधेस मसला एफएम गरुडाका स्टेशन म्यानेजर हुन् । बज्जिका खबर

ब्लगस्पट सञ्चालन गरी बज्जिका भाषामा समाचार प्रकाशन गर्दै आएका चौधरीको पनि यस भाषाको विकासमा महत्वपूर्ण योगदान रहेको छ ।

ढ. **विपिनबिहारी सिंह:** विद्यालय तहमा मातृभाषामा पढाइ गर्नुपर्ने अवधारणा आएपछि बज्जिका भाषाको प्रथम तीन आधिकारिक प्रशिक्षकमध्ये एक रहेका विपिनबिहारी सिंहले राष्ट्रिय जनगणना २०५८ र २०६८ मा बज्जिका भाषालाई मातृभाषामा लेखाउन गणकहरूसित समन्वय गर्ने काम गरेका छन् । सिंहले बज्जिका भाषाका अभियन्ताहरूलाई प्रोत्साहन दिने तथा बज्जिका सम्बद्ध हरेक कार्यक्रममा सहभागी हुने गर्दछन् ।

ण. **विन्देश्वरप्रसाद साह:** विद्यालय तहमा मातृभाषामा पढाइ गर्नुपर्ने अवधारणा आएपछि बज्जिका भाषाको प्रथम तीन आधिकारिक प्रशिक्षकमध्ये एक रहेका विन्देश्वरप्रसाद साहले राष्ट्रिय जनगणना २०५८ र २०६८ मा बज्जिका भाषालाई मातृभाषामा लेखाउन गणकहरूसित समन्वय गर्ने काम गरेका छन् । बज्जिकाप्रति अनुरक्त साह यस भाषाका सच्चा प्रचारक तथा अग्रज अभियन्ता हुन् ।

त. **जयप्रकाश यादवः** ग्रामीण शिक्षा विकास केन्द्र नेपालमार्फत हरेक वर्ष बज्जिका समारोह आयोजना गर्दै आएका जयप्रकाश यादवले बज्जिका भाषामा पहिलो अखबार शीतलपुर साप्ताहिक दर्ता गरी केही अङ्क प्रकाशन गरेका थिए । यादवले यही संस्थामार्फत बज्जिका गीताको प्रकाशन गराएका छन् । बज्जिकाको प्रचार प्रसारमा यादवको भूमिका महत्वपूर्ण रहेको छ ।

थ. **अल्पना श्रीवास्तवः** बज्जिका भाषाको विकासमा अल्पना श्रीवास्तवको योगदान सराहनीय छ । श्रीवास्तवले बज्जिका भाषामा लामो समय हमनीके आवाज नामक मासिक पत्रिकाको प्रकाशन गरेर बज्जिकालाई ठूलो गुन लगाएकी छन् ।

द. **प्रा.डा. दानराज रेग्मीः** त्रिभुवन विश्वविद्यालयको भाषाविज्ञान विभागका तत्कालीन प्रमुख प्रा.डा.दानराज रेग्मीले बज्जिका भाषाको विषयमा पहिलो औपचारिक सर्वेक्षण गरेका छन् । प्रा.डा.रेग्मीको नेतृत्वमा भाषाविद्हरूको एक टोली सर्लाहीको बरहथवा र मलंगवाका साथै रौतहटको गरुडा, गौर र कटहरियामा सर्वेक्षण गरी बज्जिका पूर्ण र स्वतन्त्र भाषा हो भन्ने निष्कर्ष निकालेका थिए । प्रा.डा. रेग्मीको प्रतिवेदनको निष्कर्षले बज्जिका भाषाको विकासमा लाग्नेहरूलाई निकै महत्वपूर्ण हौसला प्रदान गर्नुका साथै बज्जिका भाषाको विकासमा महत्वपूर्ण योगदान दिएको देखिन्छ ।

ध. **प्रा.डा.योगेन्द्रप्रसाद यादवः** बज्जिका भाषालाई राष्ट्रिय जनगणना २०५८ को अन्तिम तथ्याङ्कमा प्रकाशन गराउन महत्वपूर्ण भूमिका खेलेका प्रा.डा.योगन्द्र यादवले बज्जिका भाषाको लागि कार्यपत्र पनि प्रस्तुत गरेका छन् । २०७६ जेठ ४ मा सर्लाहीको बलरामा आयोजित बज्जिका गोष्ठीमा प्रा.डा.यादवले स्रोतलाई उद्धृत गर्दै बज्जिकालाई तीन हजार वर्ष पुरानो भाषा रहेको बताएका थिए ।

न. **चन्द्रकिशोर झाः** वरिष्ठ पत्रकार चन्द्रकिशोरले वि.स. २०४२ सालमा बज्जिका क्षेत्रको मातृभाषाको स्वतन्त्र अस्तित्व पहिचान गरी बलरा, सर्लाहीस्थित 'ग्राम उत्थान परिषद्'को मुखपत्र हस्तलिखित ' ग्राम' मा स्थान दिए । वर्षमा दुईपटक 'विजया

अङ्क' र 'वसन्त अङ्क' गरी 'ग्राम' पत्रिका निकाले । बलराको लागि यही हस्तलिखित पत्रिका नै मातृभाषालाई सञ्चार माध्यममा अभिव्यक्तिको माध्यम बनायो । नेपाली भूमिमा बज्जिका भाषाले आफ्नो पहिचान खोज्दै गरेको यो प्रसवकाल थियो । चन्द्रकिशोरले तुलसी साहित्य पुरस्कार पनि प्राप्त गरेका छन् ।

प. **नागेन्द्र यादव/मदन ठाकुर (नाम)**: गढीमाई प्रथम राष्ट्रिय बज्जिका कविता प्रतियोगिता २०७६ को आयोजनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका नागेन्द्र यादव र मदन ठाकुर (नाम) ले बज्जिका व्याकरण प्रकाशन गरेका छन् । सञ्जय साह मित्र र रामअधार पासवानद्वारा लिखित बज्जिका व्याकरणको प्रकाशन गरेर नामले बज्जिका भाषाको विकासमा योगदान दिएका छन् । ठाकुरले बज्जिका साहित्य सङ्गम र बज्जिका पत्रकार सङ्घलाई जिल्ला प्रशासन कार्यालय रौतहटमा दर्ता गराउन पनि योगदान दिएका छन् ।

बज्जिका भाषाको विकासमा प्रचार प्रसार तथा अन्य पक्षमा सर्लाहीका पूर्व प्रमुख जिल्ला अधिकारी राम विलास राय, रामनगर गाउँपालिका सर्लाहीका अध्यक्ष कृष्णप्रसाद वर्मा, राजदेवी एफएम गौरका स्टेशन म्यानेजर त्रिपुरारी गुप्ता, पुरुषोत्तम मिश्र, बज्जिका भाषा शिक्षक प्रतिष्ठान नेपालका अध्यक्ष सफिन्द्रप्रसाद यादव, समाचार वाचक रमेश सिंह, समाचार वाचिका रजनी झा, पूर्व स्रोतव्यक्ति सुशीलकुमार झा, समाचार वाचक गौतम श्रेष्ठ र राम विश्वास मुखिया, बज्जिका पत्रकार समाज रौतहटका अध्यक्ष तथा समाचार वाचक राजु श्रीवास्तव, बज्जिका पत्रकार संघ नेपालका अध्यक्ष तथा समाचार वाचक राजेश्वर पाण्डे, राजदेवी एफएममा पूर्व समाचार सम्पादक रवीन्द्रप्रसाद साह, बज्जिका

अभियन्ता धर्मेन्द्रकुमार साह, बज्जिका प्रभात खबर साप्ताहिक सर्लाहीका जितेन्द्र सिंह, प्रधानाध्यापक रामेश्वरप्रसाद यादब, रामनरेश शर्मा, मोहनप्रसाद सिंह, रविन्द्रप्रसाद सिंह, इन्टरनेशनल बाल एकेडेमी गौरका सन्तोष पौडेल, त्रिशक्ति बोर्डिङ स्कुल कटहरियाका प्रकाश श्रेष्ठ, गरुडा नगरपालिकाकी उपमेयर रङ्गीलाकुमारी जयसवाल, रामजी साह, मधेस मसला एफएमका वृजकिशोर यादव, निमेष निखिल आदिको महत्वपूर्ण योगदान रहेको छ । बज्जिका भाषा र साहित्यको विभिन्न पक्षमा यी विभिन्न क्षेत्रका महत्वपूर्ण तथा विशिष्ट व्यक्तिहरूले दिएका विभिन्न किसिमका योगदानहरूले गर्दा बज्जिका भाषालाई जनसाधारणका बीचमा **पु¥याउन** तथा बज्जिका भाषा र साहित्यप्रति सकारात्मक दृष्टिकोणको विकास गराउन सहयोग पुगेको छ ।

३.५.२ बज्जिका भाषाको साहित्यमा व्यक्तिगत योगदानको मूल्याङ्कन

बज्जिका भाषाको विकासमा बज्जिका साहित्यको पनि ठूलो भूमिका रहेको छ । बज्जिका भाषाको साहित्यमा कृति प्रकाशन गरेर योगदान दिने व्यक्तिहरूको तल सङ्क्षेपमा चर्चा गरिएको छः

क. **किशुनदयाल यादव श्रीकृष्णः** बज्जिका साहित्य संगम रौतहटका कोषाध्यक्ष किशुनदयाल यादव श्रीकृष्णको लटरपटर कृति (२०७६) प्रकाशन भएको छ । विविध विधा समेटिएको श्रीकृष्णको कृतिमा लोक साहित्य, कथा तथा निबन्ध रहेका छन् । बज्जिका भाषा र साहित्यको लागि हर्दम समर्पित श्रीकृष्णले पछिल्लो समय बज्जिपत्र नामक साप्ताहिक अखबारलाई पनि बज्जिका भाषामा निकाल्न थालेका छन् । बज्जिका साहित्य र पत्रकारितामा एकसाथ सक्रिय श्रीकृष्ण सर्लाहीको रामनगर गाउँपालिकाले भाषा आयोगको सहकार्यमा गठन गरेको बज्जिका भाषाको इतिहास लेखनसम्बन्धी समितिमा पनि सक्रिय छन् ।

ख. गोकुल घोरसाइने: बाराको निजगढ निबासी पत्रकार गोकुल घोरसाइनेको सम्पादन तथा करिब एक दर्जन रौतहटेली बालबालिकाको सङ्कलनमा बज्जिका कहावती लघुसङ्ग्रह, (२०६२) प्लान नेपालले प्रकाशन गरेको हो । बज्जिका लोक साहित्यमा यसको आफ्नै विशिष्ट महत्व रहेको छ ।

ग. भोला पासवानः बज्जिका साहित्य संगम रौतहटका सचिव भोला पासवानको पहिलो कृतिको रूपमा इजोतसे इजोत कविता संग्रह (२०७६) प्रकाशित छ । बज्जिका भाषा र साहित्यको सेवामा लागेका कवि पासवान पेसाले शिक्षक हुन् ।

घ. मनोजकुमार साह: रौतहटको गरुडास्थित मधेस मसला एफएममा बज्जिका भाषामा गाउँखाने कथासम्बन्धी कार्यक्रम चलाउँदा चलाउँदै गाउँखाने कथा सङ्ग्रह बुझम त जानम (२०७४) निकालेका मनोजकुमार साह युवा सर्जक हुन् । कविता, गीत तथा गाउँखाने कथा लगायतका क्षेत्रमा कलम चलाउने साहको पहिलो कृति नै यहीं गाउँखाने कथा हो ।

ङ. रामअधार पासवान: बज्जिका साहित्य संगम रौतहटका सल्लाहकार रामअधार पासवान बज्जिका भाषामा कविता, संस्मरण र निबन्धको सिर्जना गर्दछन् । पासवानले बज्जिका र नेपाली भाषाको वाक्य गठनको व्यतिरेकी विश्लेषण (२०६९) शीर्षकमा स्नातकोत्तर तहमा शोधप्रबन्ध पनि लेखेका छन् । पेसाले शिक्षक पासवानको पहिलो कृति सुखदुःख कविता सङ्ग्रह (२०७६) प्रकाशित छ । यसै गरी पासवानको संयुक्त लेखनमा बज्जिका व्याकरण (२०७७) प्रकाशित भएको छ । पासवान बज्जिकार्पण साहित्यिक पत्रिकाका सहसम्पादक पनि हुन् ।

पासवान राष्ट्रिय जनगणना २०५८ देखि नै बज्जिका भाषाको सेवामा विभिन्न किसिमले सक्रिय छन् ।

च. **रामसागर साह:** बज्जिका भाषा संस्कृति नेपाल नामक गैरसरकारी संस्थाको स्थापना गरेर साहित्यको सेवा गरेका रामसागर साहले भगजोगनी साहित्यिक मासिकको केही अङ्कसम्म प्रकाशन तथा सम्पादन गरेका थिए । भजन सागर (२०६५), गढीमाई गीत सङ्ग्रह (२०७१) प्रकाशन गरेका साहले बज्जिकामा पाठ्यपुस्तक पनि लेखेका छन् । बज्जिका भाषाको फरक वर्ण विन्याससहित भाषाको सेवा गरेका साह निरन्तर सक्रिय छन् ।

छ. **रेणु गुप्ता:** बज्जिका भाषामा लघुकथा तथा कविता र गजल लेख्दै आएकी रेणु गुप्ताको एउटा अनुवाद कृति प्रकाशित छ । नेपाली भाषाको हेटौंडाका साहित्यकार गिरिजा अधिकारीको इतिहास र लाल झा कविता सङ्ग्रहलाई गुप्ताले इतिहास आ लाल झा शीर्षकमा अनुवाद गरी प्रगतिशील लेखक सङ्घ मकवानपुरले प्रकाशन (२०७०) गरेको हो । सिर्जना साहित्य समाज रौतहटको संस्थापक अध्यक्ष गुप्ताको अगुवाईमा विभिन्न साहित्य गोष्ठीहरू सम्पन्न भएका छन् । रौतहटको विभिन्न गाउँमा साहित्य र पत्रकारिताको तालिम दिएर बज्जिका भाषा र साहित्यको जग बलियो बनाउने क्रममा गुप्ताले लोककथा सङ्कलन गरी जोगी र चोरी बाललोकथा सङ्ग्रह प्रकाशन गरेकी छन् । पेसाले शिक्षक गुप्ताले मध्यरौतहट साप्ताहिकको सम्पादन गर्दा बज्जिका साहित्यलाई एक पृष्ठ प्रदान गरेर बज्जिका भाषा र साहित्यलाई ठूलो गुन लगाएकी छन् । बज्जिका साहित्यको सेवा गरेवापत एसएस लोक साहित्य

पुरस्कार प्राप्त गरेकी गुप्ता बज्जिका साहित्य संगम रौतहटकी उपाध्यक्ष छिन् ।

ज. **विजय यादव निर्बिजः** गायन तथा अभिनयले परिचित विजय यादव निर्बिजको पहिलो साहित्यिक कृति प्रतिमा उपन्यास (२०७६) हो । निर्बिजले रौतहटको गरुडास्थित रेडियो मधेस मसला एफएमको स्टेशन गीत गाएका छन् । बज्जिका भाषाको पहिलो आधुनिक गीत नै यही हो । भोजपुरी, मैथिली, नेपाली र अन्य भाषाका लघुचलचित्र तथा म्युजिक भिडियोहरूमा अभिनय गरेका निर्बिजको कलम साहित्यको विभिन्न विधाका साथै संस्कृतितर्फ पनि चलेको छ । अभिनय विधामा स्नातक गरेका निर्बिज चर्चित बज्जिका अभियन्ता हुन् ।

झ. **विश्वराज अधिकारीः** अंग्रेजी, नेपाली तथा बज्जिका भाषामा संस्मरण, कविता, गजल तथा गीत लेखेका विश्वराज अधिकारी बहुप्रतिभाशाली सर्जक हुन् । बज्जिकामा निरन्तर कलम चलाइरहेका विश्वराज अधिकारी अमेरिकी नागरिक हुन् । बज्जिका भाषामा अधिकारीको बडमतीसे लमहा पहिलो आधुनिक गीत सङ्ग्रह (२०७३) प्रकाशित छ । अधिकारीले बज्जिका भाषाको संस्मरण, कविता तथा गजलमा पनि पर्याप्त कलम चलाएका छन् । अधिकारीलाई तुलसी साहित्य पुरस्कार प्रदान गरिएको छ । अधिकारीको बज्जिका भाषा र साहित्यको विकासमा ठूलो योगदान रहेको छ ।

ञ. **शीतल गिरीः** बज्जिका भाषा र साहित्यको सेवामा लामो समयदेखि अविश्रान्त लागेका शीतल गिरी बज्जिकाका चर्चित अभियन्ता हुन् । बज्जिकाको लोक साहित्यको विकास तथा प्रागैतिहासिक विषयमा निरन्तर चिन्तनशील गिरी बज्जिका

भाषाको इतिहास र लोक साहित्यका बारेमा थुप्रै अनुसन्धानमूलक लेख लेखेका छन् । नेपाल प्रज्ञा प्रतिष्ठानबाट गिरीको बज्जि र बज्जिका (लोक संस्कृति, लोक जीवन र लोक इतिहास) अनुसन्धानात्मक कृति (२०७०) प्रकाशित छ । गिरीले बज्जिका लोक महाकाव्य लोरिकायन पनि तयार पारेका छन् । रौतहट रश्मि साहित्यिक पत्रिका मार्फत गिरीले बज्जिका भाषा र साहित्यलाई प्रोत्साहन दिएका छन् । गिरीले विभिन्न राष्ट्रिय गोष्ठीहरूमा बज्जिकाबारे कार्यपत्र पनि प्रस्तुत गरेका छन् । बज्जिका भाषा र साहित्यको सेवामा निरन्तर क्रियाशील गिरीले एसएस लोक साहित्य पुरस्कार पनि प्राप्त गरेका छन् ।

ट. **श्यामनारायण साहः** बज्जिका लोक साहित्यको क्षेत्रमा श्यामनारायण साहको भूमिका पनि स्मरणीय छ । साहले बज्जिका भाषामा ठगोके ठग लोककथाकृति (२०६६) प्रकाशित गरेका छन् । रौतहटबाट प्रकाशित हुने करिब सम्पूर्ण बज्जिका कृतिलाई साहले सकेसम्म कम मूल्यमा प्रकाशन गर्दै आएका छन् । प्रेस सञ्चालक साहले बज्जिका भाषा र साहित्यलाई विभिन्न किसिमले सहयोग गर्दै आएका छन् ।

ठ. **श्याम सहनी चन्द्रांशुः** बज्जिका साहित्य संगम रौतहटका संस्थापक अध्यक्ष श्याम सहनी चन्द्रांशु लामो समयदेखि बज्जिका भाषामा लेखिएका साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका छन् । नेपालीय बज्जिका साहित्यमा पहिलो नाट्यकृति अपन होएल बिरान (२०७२) दिएका चन्द्रांशुको अपन दुनियाँ कविता सङ्ग्रह (२०७३) र पुरइनके फूल उपन्यास (२०७६) प्रकाशित छन् । बज्जिका संस्कृति तथा लोक जीवन र लोक साहित्यका साथै कथामा समेत कलम चलाएका चन्द्रांशु बज्जिका

भाषाका अभियन्ता हुन् । चन्द्रांशुको अगुवाइमा बज्जिका साहित्य संगम रौतहटले तीन दर्जनभन्दा बढी साहित्य गोष्ठी सम्पन्न गरिसकेको छ । बज्जिका भाषा र साहित्यको विकासमा चन्द्रांशुको ठूलो योगदान रहेको छ ।

ड. **समतोलिया मुखियाः** बज्जिका साहित्य संगम रौतहट तथा बज्जिका पत्रकार संघ रौतहटमा आबद्ध समतोलिया मुखिया बज्जिका भाषाको विकास र साहित्य सिर्जनामा निरन्तर सक्रिय छिन् । मुखियाको सुन्नर देश बने चाहइछी कविता सङ्ग्रह (२०६६) र बज्जिका अक्षरज्ञान (२०७०) कृति प्रकाशित छन् । बज्जिका भाषाको लोकसाहित्य तथा लेख निबन्धमा पनि कलम चलाउने मुखिया गोरखापत्र राष्ट्रिय दैनिकको बज्जिका भाषा पृष्ठमा सहसंयोजक पनि छिन् । पेसाले शिक्षक मुखियाको बज्जिका भाषा र साहित्यमा ठूलो योगदान रहेको छ ।

ढ. **सञ्जय मित्रः** नेपालीय बज्जिकाको विकासको लागि अहोरात्र खट्ने अभियन्ताको नाम हो सञ्जय मित्र । सञ्जयकुमार साहको नामबाट वि.सं. २०५२ मै काठमाडौंको महिमा साप्ताहिकमा लोपोन्मुख भाषा – बाजिका शीर्षकको लेख प्रकाशित गराएका मित्रको उक्त लेख नै नेपालमा बज्जिका भाषाको अस्तित्वलाई दर्शाउने पहिलो औपचारिक लेख भएको देखिएको छ । तत्पश्चात् पनि मित्रले बज्जिका भाषाको बारेमा जानकारी गराउने अनेक लेखहरू विभिन्न पत्रपत्रिकामा लेखेका छन् । बज्जिका भाषाको साहित्यको पहिलो रचना पनि मित्रकै प्रकाशित छ २०५४ मा मकवानपुर जिल्लाको छतिवनबाट प्रकाशित हुने झरना साहित्यिक पत्रिका फरक शीर्षकमा लघुकथा । हेटौँडाको रामवाण प्रकाशनबाट प्रकाशित मित्रको कविता सङ्ग्रह पचीस डेङ (२०६१)

नेपालीय बज्जिका साहित्यको प्रथम कृति हो । बज्जिका भाषा र साहित्यको सेवा गरेवापत रौतहटरश्मि साहित्यिक त्रैमासिकले मित्रलाई रौतहट प्रतिभा प्रोत्साहन पुरस्कार (२०५७) प्रदान गरेको थियो । नेपाल बज्जिका परिषद, बज्जिका भाषा विकास परिषद् नेपाल, बज्जिका साहित्य संगम रौतहट, बज्जिका पत्रकार संघ नेपाल, बज्जिका भाषा प्रचार प्रसार समिति रौतहट, बज्जिका भाषाशिक्षक प्रतिष्ठान नेपाल, बज्जिका पत्रकार समाज रौतहटजस्ता संस्थाको गठनमा भूमिका निर्वाह गरेका मित्रले रौतहट एफएम गौर, राजदेवी एफएम गौर, मधेस जनआवाज एफएम गरुडा तथा मधेस मसला एफएम गरुडामा बज्जिका भाषामा समाचार प्रसारण गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । बज्जिका भाषामा विभिन्न अनुसन्धानहरू गरेका तथा शोधमूलक लेखहरू लेखेका मित्र गोरखापत्र राष्ट्रिय दैनिकमा बज्जिका भाषाको पृष्ठ संयोजक हुन् भने बज्जिकार्पण साहित्यिक पत्रिकाको प्रारम्भदेखि नै प्रधान सम्पादक । बज्जिका भाषा र साहित्यको सेवा गरेवापत दर्जनौँ सम्मान तथा पुरस्कारहरू प्राप्त गरेका मित्रको पचीस डेङ (२०६१) र क्रोधसे बोधतक (२०७३) गरी दुई कविता सङ्ग्रह प्रकाशित छन् । मित्रको बज्जिका जिन्दावाद मुक्तक संग्रह (२०७६) पनि प्रकाशित छ भने नेपाली भाषाका महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यलाई बज्जिका भाषामा अनुवाद गरी प्रकाशन (२०७२) गरेका छन् । मित्रको बज्जिका भाषा र लोकसाहित्यसम्बन्धी अनुसन्धानमूलक लेखहरूको सङ्ग्रह नेपालमा बज्जिका भाषा (२०७१) पनि प्रकाशित छ । संयुक्त लेखनमा मित्रको बज्जिका व्याकरण (२०७७) पनि प्रकाशित छ । बज्जिका भाषा र साहित्यको बारेमा मित्रले विभिन्न कार्यक्रमहरूमा कार्यपत्र पनि

प्रस्तुत गरेका छन् । बज्जिका भाषाका करिब एक दर्जन कृतिको सम्पादनसमेत गरेका मित्र बज्जिकाको लागि भाषा, साहित्य र पत्रकारिता तीनवटै क्षेत्रमा निरन्तर सक्रिय छन् ।

ण. **सञ्जय सुदामाः** बज्जिका साहित्य संगम रौतहट, बज्जिका भाषा विकास परिषद् नेपाल र बज्जिकार्पण साहित्यिक पत्रिकासँग सम्बद्ध सञ्जय सुदामा बज्जिकाका बेजोड प्रतिभा हुन् । साहित्यको विविध विधामा कलम चलाउने सुदामाका छाँही (२०६६) र शान्तिदूत (२०७१) गरी दुई खण्डकाव्य प्रकाशित छन् । रौतहट एफएम गौरमा बज्जिका भाषाको समाचार प्रारम्भ हुँदा समाचार वाचन समेत गरेका सुदामाले बज्जिका भाषामा विभिन्न लेखहरू पनि लेखेका छन् । बज्जिकाको बहुमुखी प्रतिभाका धनी सुदामा भाषा आयोग र रामनगर गाउँपालिकाद्वारा गरिएको बज्जिका भाषाको इतिहास लेखन कार्यमा पनि सक्रिय छन् । पेसाले शिक्षक समेत रहेका बज्जिका अभियन्ता सुदामाको बज्जिका भाषा र साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान रहेको छ ।

त. **हरिकृष्ण काफ्लेः** बज्जिका भाषामा कवितासमेत लेख्ने हरिकृष्ण काफ्लेले लोकलयमा बज्जिका गीता (२०७२) लेखेका छन् । ग्रामीण शिक्षा विकास केन्द्र रौतहटले प्रकाशन गरेको यो कृति आफैंमा महत्वपूर्ण छ । बज्जिका साहित्यको सेवा गरेवापत काफ्लेले तुलसी साहित्य पुरस्कार पनि प्राप्त गरेका छन् ।

यसैगरी सञ्जय मित्रको सम्पादनमा गढीमाई नगरपालिका रौतहटले बज्जिका साहित्य संगम रौतहट मार्फत २०७६ मा अनिशा यादव, अभिजीत राम, अमित सहनी, आरती साह, अस्मिता साह, कृष्ण सिंह कसक, चन्द्रशेखर रस्तोगी, दिनबन्धु साह, पूजाकुमारी साह, प्रभु

रौनियार, प्रज्ञा यादव, मोमताज रायभाट, महेन्द्र निर्दोषी, रमेश समर्थन, रामेश्वर मेहता, रेणुका जिसी खतिवडा, वन्दनाकुमारी साह, विपिनकुमार साह, विश्वराज अधिकारी, श्रुति रौनियार, शिवचन्द्रप्रसाद साह, सकुन्तलाकुमारी साह, सञ्जय सुदामा, सञ्जय महतो राज र सुरजनारायण झाको एक एक रचनालाई समेटेर २५ कविके २५ कविता प्रकाशन गरेको छ । बज्जिका साहित्यको क्षेत्रमा यो पनि एउटा महत्वपूर्ण उपलब्धिको रूपमा रहेको छ ।

सर्लाही, सिसौट निवासी जीवेश्वर मिश्रको हिन्दी र मैथिली कृति प्रकाशित छन् । उनले चराहरूको वर्णन गर्दै बज्जिकामा कविता लेखेका छन् जो अप्रकाशित छ । त्यसैगरी उनले समस्यापूर्ति शैलीमा केही बज्जिका रचनावली तैयार गरेको बताइन्छ । कृति प्रकाशन नभए पनि रमेश समर्थन, डा. वसी मिकरानी, मनमोहन सिंह जिज्ञासु, शेख चाँद अलि, रामसुन्दर श्रेष्ठ, महेन्द्र झा, विक्रान्त शर्मा, टंकेशकुमार साह लगायतका बज्जिका भाषा र साहित्यका स्तरीय सर्जक हुन् । समर्थनका दर्जनौँ स्तरीय गजल तथा कविताहरू प्रकाशित छन् । डा. मिकरानीको गजल कृति प्रकाशोन्मुख अवस्थामा रहेको छ । शेख चाँद अलिका दर्जनौँ व्यङ्ग्यात्मक कविताहरू प्रकाशित छन् । अलिले कविताका अतिरिक्त अन्य विधामा पनि कलम चलाएका छन् । बज्जिका भाषामा गीत लेखेर आफैँले गाएर एलबममा अभियन समेत गरेका अलि पेसाले शिक्षक हुन् । रामचन्द्र महतोको कविता सङ्ग्रह प्रकाशन हुनै लागेको छ । रमेशमोहन अधिकारीले पनि बज्जिकामा स्तरीय साहित्य सिर्जना गरेका छन् । तुलसी साहित्य पुरस्कार प्राप्त गरेका युवा सर्जकद्वय सञ्जय महतो राज र रेहान खानका रचनाहरू स्तरीय हुन्छन् । राजको बज्जिका समाज नामक एलबम पनि छ । केदार यादवले बज्जिका लघु कथालाई अगाडि

बढाएका छन् । रमेश साह जिज्ञासुले पनि बज्जिका भाषामा अनेक रचना गरेका छन् ।

बज्जिका भाषाको साहित्यमा डा. घनश्याम ठाकुर, हरिनारायण साह, देवेन्द्र साह, अनिलकुमार निधि, रजनीकुमारी चौधरी, राजकुमार सहनी, पुष्पा यादव, सञ्जीवकुमार काफ्ले, नीरजकुमार सहनी, नागेन्द्र साह, मौजेलाल साह, हरिशंकरकुमार मिश्र, सुदर्शन, गुलसन साह, सन्तोषकुमार साह, हजरत अलि देवान, महम्मद रेहताज आलम, मेनका साह, विजयालक्ष्मी साह, सियाराम साह, रामअयोध्या ठाकुर, मिथलेश पटेल,युवराज मुखिया आदिले आफ्नो रचना विभिन्न पत्रिका छपाएर योगदान दिएका छन् । यसै गरी रमेश रजक, सुनीलकुमार यादव, निवेशकुमार, रामपुकार ठाकुर, रोहनकुमार साह, उमाशंकर पटेल, मदनकुमार यादव, सोनम साह, रामभगत साह, अरविन्द साह, जगत जयसवाल, कविता सहनी, अनिसुन खातुन, संगीता सहनी, राजकुमार साह, अविनाश गौरव, राम साह, सचिन्द्रप्रसाद यादव, मितलेश यादव, राजेन्द्र ठाकुर, ममता चौधरी, राजेन्द्र साह, चन्दन यादव, सुबासचन्द्र यादव, सिंहेश्वरप्रसाद सिंह, कविता सहनी, दीपेन्द्र गिरी, देवशीला सहनी, रबिना यादव, रमिलाकुमारी साह, अनिल राय, विनिता यादव, पुनिताकुमारी साह, चन्द्रभूषण साह, आरती मिश्रा, मेनका साह, संगीता सहनी, मुस्तुरी बेगमलगायतका रचनाकारहरूका विभिन्न विधाका रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । बज्जिका साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । बज्जिका भाषाको साहित्यको कुनै पनि विधामा कलम चलाई कृति प्रकाशन गर्ने, रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गर्ने तथा सामाजिक सञ्जालमा भए पनि आफ्ना सिर्जनात्मक अभिव्यक्ति दिएर बज्जिका भाषाको साहित्यको क्षेत्रमा महत्वपूर्ण योगदान पुगेको देखिन्छ । यी विभिन्न सर्जकहरूले गर्दा बज्जिका

भाषाको साहित्यले एकातिर फड्को मारेको छ भने अर्कोतिर बज्जिका भाषाको विस्तार तथा विकासका साथै मानकीकरणमा पनि योगदान दिएको देखिन्छ ।

३.६ संस्थागत योगदानहरू

बज्जिका भाषा र साहित्यको विकासमा यस क्षेत्रका धेरै सङ्घ संस्थाहरूले योगदान दिएका छन् । यहाँ बज्जिका भाषाको विकास र बज्जिका साहित्यको विकासमा योगदान दिने संस्थाहरूको योगदानलाई दुई उपखण्डमा विभाजन गरेर चर्चा गरिएको छ ।

३.६.१ बज्जिका भाषाको विकासमा योगदान दिने संस्थाहरू

बज्जिका भाषाको उत्थान र विकासमा धेरै सङ्घ संस्थाहरूले सकारात्मक योगदान दिएका छन् । यस उपखण्डमा सङ्क्षेपमा बज्जिकाको विकासमा महत्वपूर्ण योगदान दिने गैरसाहित्यिक संस्थाहरूको योगदानको चर्चा गरिएको छ ।

क) **बज्जिका भाषा विकास परिषद् नेपालः** बज्जिका भाषा र साहित्यको क्षेत्रमा लागेका सबैलाई समेटेर पहिलोचोटि गठन गरिएको औपचारिक संस्था बज्जिका भाषा विकास परिषद् नेपाल हो । शिवचन्द्र साहको अध्यक्षतामा गठन भएको यस संस्थाले बज्जिका भाषा सम्बन्धी विभिन्न कार्यहरू गरेको छ । रौतहटको गरुडामा गठित यस संस्थाले सर्लाही र रौतहटमा भाषिक जागरणमा महत्वपूर्ण योगदान दिएको छ ।

ख) **शङ्कर गुदर माध्यमिक विद्यालय समनपुरः** रौतहटको गढीमाई नगरपालिकास्थित समनपुरमा रहेको शङ्कर गुदर माध्यमिक

विद्यालयले बज्जिका भाषा र साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान दिएको छ । यस विद्यालयले समनपुष्प नामक साहित्यिक त्रैमासिक पत्रिकाको प्रकाशन गरेको थियो जसमा बज्जिका भाषालाई अनिवार्य एक पृष्ठ दिइएको थियो । यसै गरी एक अङ्कलाई बज्जिका विशेष पनि निकालेको थियो । नेपालमा बज्जिका भाषाको औपचारिक पहिलो भाषिक–साहित्यिक गोष्ठी गर्ने श्रेय पनि यस विद्यालयलाई रहेको छ । २०६३ मङ्सिरमा यस विद्यालयले प्रथम बज्जिका गोष्ठीको आयोजना गरेको थियो । विद्यालयका नेपाली शिक्षक रमेशमोहन अधिकारीले संयोजन गरेको कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समिति अध्यक्ष चन्देश्वरप्रसाद साहले गरेका थिए । डा. घनश्याम न्यौपाने परिश्रमी प्रमुख अतिथि रहेको कार्यक्रमको आयोजन पक्षको सम्पूर्ण जिम्मेवारी प्रधान शिक्षक शिवचन्द्र साहले लिएका थिए । शिवचन्द्र साहकै नेतृत्वमा विद्यालयले बज्जिका भाषा र साहित्यको क्षेत्रमा अतुलनीय योगदान दिएको देखिन्छ ।

ग) **ग्रामीण शिक्षा विकास केन्द्र नेपालः** रौतहटको सखुअवामा रहेको ग्रामीण शिक्षा विकास केन्द्र नेपालले हरेक वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवसको दिन सदरमुकाम गौरमा बज्जिका समारोह गर्दै आएको छ । यस संस्थाले हरिकृष्ण काफ्लेद्वारा लिखित तथा सञ्जय मित्रद्वारा सम्पादित बज्जिका गीताको पनि प्रकाशन गरेर बज्जिका भाषाको क्षेत्रमा योगदान दिएको देखिन्छ ।

घ) **काका सामुदायिक सिकाइ केन्द्रः** सर्लाहीको बलरामा रहेको काका सामुदायिक सिकाइ केन्द्रले बज्जिका भाषा र साहित्यको लागि महत्त्वपूर्ण काम गर्दै आएको छ । नेपालीय तथा भारतीय

बज्जिका साहित्यकारहरूको गोष्ठी गर्नुका साथै बज्जिका भाषाको पाठ्यपुस्तक प्रकाशन र बज्जिका भाषाको इतिहास लेखनजस्ता महत्वपूर्ण काममा यस संस्थाको प्रत्यक्ष संलग्नता रहेको छ । बज्जिका भाषाको प्रचार प्रसारमा पनि प्रत्यक्ष भूमिकामा रहेको यस संस्थाले सर्लाहीमा बज्जिका भाषाको नेतृत्वदायी संस्थाको भूमिका निर्वाह गरेको छ । डा। कमलेश्वरकुमार सिन्हाको नेतृत्व र सामुदायिक परिचालक मनिषा कुमारी सिंहको सक्रियताले यस संस्थाले बज्जिका भाषाको क्षेत्रमा पनि अग्रणी संस्थाको भूमिका निर्वाह गरेको छ ।

ङ) **गढीमाई नगरपालिका, रौतहटः** रौतहटको गढीमाई नगरपालिकाले बज्जिका भाषाको पहिलो राष्ट्रिय कविता प्रतियोगिता २०७६ आयोजना गरेको थियो । बज्जिका साहित्य संगम रौतहटसँगको सहकार्यमा गढीमाई नपाले आयोजना गरेको कार्यक्रममा बारा, रौतहट र सर्लाही जिल्लाका एक सयभन्दा बढी काव्यसर्जक सहभागी थिए । प्रतियोगिताका उत्कृष्ट पच्चीस कवितालाई समेटेर पचीस कविको पचीस कविता कृतिको प्रकाशन पनि नपाद्वारा गरिएको थियो । उक्त कार्यक्रमले बज्जिका भाषाको विकासमा महच्वपूर्ण योगदान दिएको मानिन्छ ।

च) **गरुडा नगरपालिका, रौतहटः** रौतहटको गरुडा नगरपालिकाले बज्जिका भाषा र साहित्यको विकासमा सहयोग गरेको छ । उपप्रमुख रङ्गीलादेवी जयसवालको विशेष सहयोगले बज्जिका साहित्य सङ्गम रौतहटमार्फत हरेक वर्ष बज्जिका भाषा र साहित्यसम्बन्धी कार्यक्रमको आयोजना हुँदै आएको छ ।

छ) **रामनगर गाउँपालिका, सर्लाहीः** सर्लाहीको रामनगर गाउँपालिकाले बज्जिका भाषाको विकासमा ठोस योगदान दिएको छ । बज्जिका

भाषाको विकासको लागि विभिन्न गोष्ठीको आयोजन गर्दै आएको रामनगर गापाले भाषा आयोगसँगको सहकार्यमा बज्जिका भाषाको इतिहास लेखन, काका सामुदायिक सिकाइ केन्द्र बलराको सहकार्यमा बज्जिका भाषाको कक्षा १ को पाठ्यपुस्तकको निर्माणजस्ता विशिष्ट कार्यहरू गरेको छ । रामनगर गाउँपालिकाले गर्दा सर्लाहीदेखि बारासम्म बज्जिकाप्रति विशेष उत्साह थपिएको छ ।

ज) **श्री रामसखी मोहित सिंह जनता माध्यमिक विद्यालय बलराः** सर्लाही जिल्लाको दक्षिण पश्चिम कुनामा अवस्थित एक उत्कृष्ट विद्यालय हो यो । यस विद्यालयका प्रत्येक कक्षाकोठाको चारैतिरका दिवालमा र विद्यालय परिसरको देखिने ठाँउमा अनुकरणीय उखान तथा मननीय भनाइहरू बज्जिका भाषामा लेखिएका छन् । विद्यालय अवधिभरिमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरू आफ्नै भाषामा लेखिएका उखानहरू लगातार देख्दछन्, पढ्दछन् । यी सामग्रीहरू विद्यार्थीको मनोमस्तिष्कमा ताजा रहन्छन् र आफ्नै मातृभाषा बज्जिकाको सिकाइ हुन्छ । विद्यालयमा सिकाइको कुनै औपचारिक व्यवस्था नगरिकन मातृभाषा बज्जिका सिकाउनु एक सराहनीय कदम हो । काका सामुदायिक सिकाइ केन्द्रद्वारा सञ्चालन हुने बज्जिकासम्बन्धी सम्पूर्ण गोष्ठी यसै विद्यालयमा हुने गरेको छ ।

झ) **भाषा आयोगः** भाषा आयोगले बज्जिका भाषाको विकासमा योगदान दिएको छ । विभिन्न क्षेत्रीय तथा प्रादेशिक गोष्ठीहरूमा बज्जिकाको प्रतिनिधिलाई समावेश गराउने र रामनगर गाउँपालिका, सर्लाहीसित सहकार्य गरी बज्जिका भाषाको इतिहास

लेखन र बज्जिका भाषामा सिकाइको सम्भावनासम्बन्धी अध्ययन गराउने जस्ता महत्वपूर्ण काम आयोगले गरेको देखिन्छ ।

ञ) **नेपाल बज्जिका परिषद् नेपाल :** बज्जिका परिषद्को गठन २०६३ चैतमा भएको थियो । रौतहटको गरुडामा रहेको श्री माध्यमिक विद्यालयका विद्यार्थीहरूद्वारा नुनथरस्थित पिकनिक पार्कमा शेख चाँद अलिको संयोजकत्वमा परिषद्को गठन गरिएको थियो । यस संस्थाले खासै धेरै सक्रियतापूर्वक कार्य नगरको भए पनि नेपालमा बज्जिका भाषाको पहिलो पत्रिका बज्जिकार्पण साहित्यिक चौमासिकको प्रकाशनको सुरुआत गरेको थियो ।

ट) **बज्जिका भाषा संस्कृति नेपालः** रामसागर साहको अध्यक्षतामा गठित बज्जिका भाषा संस्कृति नेपाल नामको संस्था जिल्ला प्रशासन कार्यालय रौतहटमा दर्ताको दृष्टिकोणले पहिलो संस्था हो । यस संस्थाले पनि बज्जिकाको विकासको लागि केही कार्यहरू गरेको छ ।

ठ) **त्रिभुवन विश्वविद्यालयः** त्रिभुवन विश्वविद्यालयको भाषाविज्ञान केन्द्रीय विभागबाट बज्जिका भाषाको आधिकारिक स्थलगत सर्वेक्षण गरिएको छ । प्रा.डा.दानराज रेग्मीको नेतृत्वमा भाषाविद्हरूको एउटा टोलीले सर्लाहीको बरहथवा र मलङवा तथा रौतहटको गरुडा, गौर र कटहरियामा गरेको सर्वेक्षणको प्रतिवेदनले बज्जिकालाई पूर्ण र स्वतन्त्र भाषा मानेको छ । यसै गरी त्रिविको स्नातकोत्तरमा शिक्षा तथा मानविकी दुवै सङ्कायमा नेपाली र अङ्ग्रेजी विषयमा बज्जिका र नेपाली तथा बज्जिका र अङ्ग्रेजी भाषाको विभिन्न पक्षबारे विभिन्न शोधार्थीहरूद्वारा स्वतन्त्र र तुलनात्मक अध्ययन गरिएका छन् । यस्ता दर्जनौं शोधहरूले बज्जिका भाषाको विकासमा सहयोग पुगेको देखिन्छ

भने बज्जिका मातृभाषाको अनेक पक्षमा खोज–अनुसन्धान भएको छ । यस प्रकारले बज्जिका भाषाको बारेमा उच्च शिक्षितवर्गमा आफ्नो सम्मान पाउन सफल भएको देखिएको छ । त्रिविले बज्जिकालाई विभिन्न कोणबाट अनुसन्धान गराएर बज्जिका भाषाको विकासमा महच्वपूर्ण योगदान दिएको स्पष्ट हुन्छ ।

नेपालीय बज्जिकाको विकासमा विभिन्न एफएम रेडियोहरूले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । रौतहटको गौरमा रहेका रौतहट एफएम र राजदेवी एफएमको योगदान सर्वाधिक बढी छ । यसै गरी रौतहटकै गरुडामा रहेका मधेस जनआवाज एफएम र रेडिया मधेस मसला एफएमको पनि बज्जिका भाषाको विकासमा ठूलो योगदान रहेको छ । सङ्गम एफएम धरहरी र कटहरिया एफएम कटहरियाले पनि बज्जिकाको विकासमा सकारात्मक योगदान दिएका छन् । एफएमहरूको सक्रियताले गर्दा बज्जिका भाषालाई ग्राह्य र सर्वसाधारणको लागि औपचारिक बनाउन ठोस योगदान पुगेको देखिन्छ । यसै गरी इन्टरनेशनल बाल एकेडेमी गौर, त्रिशक्ति बोर्डिङ स्कुल कटहरियालगायतका संस्थाहरूले पनि बज्जिका भाषाको विकासमा महच्वपूर्ण योगदान दिएका छन् । माथि उल्लेख गरिएका संस्थाहरूले बज्जिका भाषालाई वैधानिकता दिन, यस भाषालाई विस्तार गर्न तथा यस भाषाको साहित्यलाई विस्तार गर्न महत्वपूर्ण योगदान दिएको स्पष्ट हुन्छ ।

३.६.२ बज्जिका साहित्यको विकासमा योगदान दिने संस्थाहरू

बज्जिका भाषामा योगदान गरे जस्तै केही संस्थाहरूले बज्जिका साहित्यको विकासमा योगदान दिएका छन् । बज्जिका साहित्यमा योगदान दिएर बज्जिका भाषाको विकासमा योगदान दिने संस्थाहरू तुलनात्मक रूपमा कम देखिएका छन् । बज्जिका साहित्यको विकासमा बज्जिका साहित्य सङ्गम रौतहट अग्रणी भूमिका निर्वाह गरेको छ । अन्य संस्थाहरूले पनि महत्त्वपूर्ण योगदान दिएका छन् । बज्जिका भाषाको साहित्यमार्फत बज्जिका भाषाको विकासमा योगदान दिने संस्थाहरू र तिनको योगदानको सङ्क्षेपमा मूल्याङ्कन यहाँ गरिएको छ ।

क) **बज्जिका साहित्य सङ्गम रौतहटः** नेपालमा बज्जिका साहित्यलाई विस्तार गर्ने काममा अहम भूमिका निर्वाह गरेको छ बज्जिका साहित्य सङ्गम रौतहटले । २०७२ असोज शुक्ल पञ्चमीका दिन बज्जिका साहित्यकारहरूको सञ्जय मित्रको सभापतित्वमा मलाहीटोलमा भएको एक भेलाले बज्जिका साहित्य संगम रौतहटको गठन श्याम सहनी चन्द्रांशुको अध्यक्षतामा भएको हो । यस संस्थाले तीन दर्जन साहित्य गोष्ठीहरू गर्नुका साथै आधा दर्जनभन्दा बढी कृतिको प्रकाशन पनि गरिसकेको छ । गढीमाई र गरुडा नगरपालिकासितको सहकार्यमा सङ्गमले विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ । बज्जिका साहित्यको नेतृत्व गर्दै सङ्गमले अन्य विभिन्न संस्थाहरूसित समन्वय पनि गर्दै आएको छ ।

ख) **सिर्जना साहित्य समाज, रौतहटः** बज्जिका साहित्य सङगमको स्थापना हुनुभन्दा पहिले बज्जिका भाषा र साहित्यको विकासको

लागि निरन्तर काम गरेको सिर्जना साहित्य समाज (सिसास) रौतहटको स्थापना २०५९ मा गेडहीगुठीमा भएको थियो । विभिन्न समयमा साहित्य गोष्ठीहरूको आयोजन गर्दै आएको सिसासले तत्कालीन अवस्थामा नेपाली र बज्जिका दुवै भाषाको साहित्यको क्षेत्रमा पर्याप्त कामहरू गरेको थियो । बज्जिका कविता प्रतियोगिताहरूसमेत आयोजन गरेको सिसासले करिब डेढ दर्जन कार्यक्रमहरू सम्पन्न गरेको थियो । सिसासले केही वर्ष रौतहटका सर्जकलाई सृष्टि साहित्य पुरस्कार प्रदान गरेको थियो । सिसासको सक्रियताले बज्जिका भाषाको साहित्यमा जागरण ल्याएको देखिन्छ ।

ग) नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ नेपाल प्रज्ञा प्रतिष्ठानले बज्जिका भाषाको साहित्यिक कृति प्रकाशन गरेको छैन न त बज्जिका भाषा र साहित्यको लागि अहिलेसम्म कुनै औपचारिक गोष्ठीकै आयोजन गरेको छ तर शीतल गिरीको बज्जि र बज्जिका (लोक संस्कृति, लोक जीवन र लोक इतिहास) कृतिको प्रकाशन (२०७०) गरेको छ । यसै गरी बहुभाषिक सयपत्रीमा बज्जिका भाषाका विभिन्न रचनाहरू प्रकाशन गर्नुका साथै खोज अनुसन्धानात्मक लेखरचनाहरू प्रकाशन गरेको छ । प्रज्ञाले गर्ने गरेको मातृभाषा कविता महोत्सवमा बज्जिका भाषाका कविताहरू वाचन गरिएका छन् भने ती कविताहरू प्रकाशन पनि गरिएका छन् । कुनै पनि किसिमले बज्जिकाको प्रवेश प्रज्ञा प्रतिष्ठानमा हुनु आफैँमा सुखद छ ।

घ) **समनपुष्प बाल साहित्य समिति समनपुरः** रौतहटको समनपुरमा रहेको शङ्कर गुदर माध्यमिक विद्यालयमा शिवचन्द्र साह प्रधान–शिक्षक र रमेशमोहन अधिकारी नेपाली शिक्षक भएको

अवस्थामा विद्यालयमा अध्ययनरत केही उत्साही विद्यार्थीहरूको एउटा समूह गठन गरिएको थियो । समन पुष्प बाल साहित्य समिति । विद्यालयले निकाल्ने समनपुष्प साहित्यिक त्रैमासिकको व्यवस्थापन गर्न र एकापसमा साहित्य तथा भाषाबारे छलफल गर्ने समूहले सार्थक प्रयास गरेको थियो ।

ङ) **रामबाण प्रकाशन हेटौँडाः** मकवानपुर जिल्लाको हेटौँडामा केही समय सक्रिय रहेको रामबाण प्रकाशनले बज्जिका भाषाको पहिलो कृति प्रकाशन गरेको छ । रामबाण नामको व्यङ्ग्य साहित्यिक त्रैमासिक प्रकाशन गरेको रामबाण प्रकाशनले नेपालमा बज्जिका भाषाको पहिलो कविता सङ्ग्रह प्रकाशन गरेको छ । वि।सं।२०६१ मा सञ्जय मित्रको कविता कृति पचीस डेङको प्रकाशन गरेर यस संस्थाले महत्वपूर्ण काम गरेको देखिन्छ ।

बज्जिका भाषाभाषी क्षेत्रमा कार्यक्रमको आयोजन गर्दा, पत्रिका तथा पुस्तक प्रकाशन गर्दा, बज्जिका भाषाको प्रचार प्रसारको सन्दर्भ आउँदा र अन्य विभिन्न परिवेशमा प्रत्यक्ष तथा परोक्षरूपमा अन्य विभिन्न संस्थाहरूले पनि बज्जिका भाषा र यसको साहित्यलाई सहयोग गरेका छन् । बज्जिका साहित्यको क्षेत्रमा काम गर्ने संस्था निकै कम छन् । मुख्य रूपमा बज्जिका साहित्य सङ्गम रौतहटले बज्जिका भाषाको साहित्यको विकास र विस्तारमा सबैभन्दा ठूलो भूमिका खेलेको छ । यी संस्थाहरूले बज्जिका भाषाको साहित्यलाई स्थापित गराउन ठोस योगदान दिएका छन् ।

३.७. बज्जिका भाषामा सञ्चार

मानवको बोली आफैँमा सञ्चारको सबैभन्दा सशक्त माध्यम हो । मानव सभ्यताको विकास सँगसँगै विभिन्न सञ्चार माध्यमको विकास भइसकेको छ । वर्तमानमा सञ्चारका प्रमुख साधनहरूमा टेलिभिजन, रेडियो, इन्टरनेट तथा पत्रपत्रिकाहरू रहेका छन् । यिनीहरूलाई छोटकरीमा आमसञ्चार भनिन्छ । आमसञ्चारलाई मुख्यतया दुई वर्गमा बाँडिएको पाइन्छ – छापा सञ्चार माध्यम र विद्युतीय सञ्चार माध्यम । बज्जिका भाषालाई पनि सञ्चारका माध्यमहरूले प्रयोग गर्न थालेका छन् । बज्जिका भाषाको सञ्चारलाई दुई भागमा अध्ययन गरिएको छ ।

३.७.१ छापा सञ्चार

छापा सञ्चार माध्यम भन्नु पत्रपत्रिकाको प्रकाशन हुनु हो । बज्जिका भाषाको विकासमा पत्रपत्रिकाले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । बज्जिका भाषामा नेपाल र भारत दुवैतिर पत्रपत्रिकाहरू प्रकाशन भएका छन् । नेपालमाभन्दा भारतमा बज्जिका भाषामा पत्रपत्रिका धेरै पहिलेदेखि प्रकाशन भएको भेटिएको छ ।

भारतमा सन् १९६३ मा श्रीरङ्ग शाहीको सम्पादनमा बज्जिका मासिक पत्रिकाको प्रकाशन भएको देखिन्छ । बज्जिकाको पहिलो पत्रिका नै यही हो । यसअघि पटनाबाट प्रकाशित हुने उत्तर बिहार साप्ताहिक पत्रिकाले बज्जिका भाषाको आन्दोलनलाई अगाडि बढाएको थियो । अन्य पत्रिकाहरूले पनि बज्जिकालाई प्राथमिकता दिएको पाइएको छ । बज्जिका मासिक केही समय प्रकाशन भएपछि बन्द हुन्छ तर चन्द्रमोहनको सम्पादनमा बज्जीभारती मासिकको प्रकाशन सन् १९७० देखि सुरु हुन्छ । देवेन्द्र राकेशको सम्पादनमा सन् १९७० अगस्त १५ मा समाद पत्रिकाको प्रकाशन भएको देखिन्छ । निर्मल मिलिन्दको

सम्पादनमा नवम्बर १९७० देखि सनेस पत्रिकाको प्रकाशन सुरु हुन्छ । बज्जीभारती, सनेस तथा समाद पत्रिकाले बज्जिका भाषाको क्षेत्रमा अति विशिष्ट सेवा गरेका छन् । रमण शाण्डिल्यको सम्पादनमा बज्जिका साहित्य पत्रिका पनि प्रकाशन भएको देखिन्छ । यसै गरी भवचन्द्र पाण्डेय भानुको सम्पादनमा भिनसार (सन् १९८५), चतुर्वेदी प्रतिभा मिश्रको सम्पादनमा बज्जिका माधुरी ९सन् १९९४० मा प्रकाशन भएको थियो । भारतीय बज्जिका साहित्यको लागि सम्भवतः सबैभन्दा बढी समय र बढी अङ्क हुने बज्जिका पत्रिका यही हुनुपर्छ । हरेन्द्रसिंह विप्लव प्रधान सम्पादक रही सन् १९९८ देखि जय बज्जिका त्रैमासिक पत्रिकाको पनि प्रकाशन भएको पाइन्छ । सन् २०१० देखि चित्तरञ्जन सिन्हा कनक तथा डा. व्रजनन्दन वर्माको संयुक्त सम्पादनमा बज्जिका लोक पत्रिका वार्षिक रुपमा प्रकाशन भइरहेको छ ।

भारतमा बज्जिकामा प्रकाशित भएका पत्रिकाबाहेकका अन्य पत्रपत्रिकाहरूले पनि बज्जिका भाषालाई सहयोग गरेको उल्लेख पाइन्छ । त्यहाँका हिन्दी अखबारहरूले पनि पर्याप्त मात्रामा बज्जिका चेतना विस्तारमा भूमिका खेलेका छन् ।

सर्लाहीको बलराबाट चन्द्रकिशोर झाको सम्पादनमा २०४२ मा ग्राम हस्तलिखित पत्रिका प्रकाशन भएको थियो र त्यस पत्रिकाले नेपाली र हिन्दीका साथै स्थानीय भाषामा पनि सामग्री प्रकाशन गरेको इतिहास पाइन्छ तर यसको कुनै पनि प्रति उपलब्ध छैन । बज्जिका भाषामा पनि केही पत्रिकाहरू प्रकाशन भएका छन् र बज्जिकालाई निकै सहयोग गर्ने अन्य पत्रपत्रिकाहरू पनि रहेका छन् । बज्जिका भाषामा प्रकाशित हुने साहित्यिक र गैरसाहित्यिक दुवै प्रकृतिका पत्रिका प्रकाशन भइरहेका छन् । यहाँ बज्जिका भाषाका साहित्यिक र गैरसाहित्यिक पत्रिका योगदानको सङ्क्षेपमा एक उपखण्ड र बज्जिका भाषाको विकासमा

योगदान दिने अन्य पत्रपत्रिकालाई अर्को उपखण्डमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

क. बज्जिका पत्रपत्रिका

१) **शीतलपुर साप्ताहिकः** ग्रामीण शिक्षा विकास केन्द्र नेपाल नामक संस्था प्रकाशक रही जयप्रकाश यादवको सम्पादनमा २०६५ देखि प्रकाशनमा आएको शीतलपुर साप्ताहिक अखबार अहिले बन्द छ । केही समय प्रकाशनमा रहेको यस पत्रिकाले बज्जिका जागरणमा महत्वपूर्ण योगदान दिएको छ । यसको प्रकाशन रौतहट सदरमुकाम गौरबाट भएको थियो ।

२) **बज्जिका वाणी साप्ताहिकः** दिनेश यादव प्रकाशक तथा सम्पादक रही २०६६ देखि बज्जिका वाणी साप्ताहिक अखबारको प्रकाशन सुरु भएको थियो । करिब चार वर्षसम्म पत्रिकाको प्रकाशन भएर बन्द रहेको यस पत्रिकाले बज्जिका जागरणमा महत्वपूर्ण योगदान दिएको थियो । रौतहट सदरमुकाम गौरबाट प्रकाशन भएको यस पत्रिकाले समाचारका साथै भाषा र साहित्यलाई पनि प्राथमिकतामा राखेर प्रतिभा उत्पादनमा विशेष भूमिका खेलेको थियो ।

३) **बज्जिका प्रभात खबर साप्ताहिकः** सर्लाहीको मलङवाबाट २०७५ जेठदेखि प्रकाशन सुरु गरिएको बज्जिका प्रभात खबर साप्ताहिक पत्रिका हो । सर्लाही जिल्लाबाट प्रकाशित बज्जिका भाषाको पहिलो अखबार पनि यही हो । समाचार प्रधान बज्जिका प्रभात खबरका प्रकाशक तथा सम्पादक जितेन्द्रप्रसाद सिंह हुन् । मलङवा लगायतको क्षेत्रमा यस पत्रिकाले बज्जिका भाषाको विकासमा योगदान दिएको छ ।

४) **बज्जीपत्र साप्ताहिकः** किशुनदयाल यादवको प्रकाशन तथा सम्पादनमा २०७६ देखि प्रकाशन सुरु गरिएको बज्जीपत्र साप्ताहिक अखबार हो । रौतहटको गरुडाबाट प्रकाशन भइरहेको यस पत्रिकाले बज्जिका भाषाको साहित्यलाई पनि महत्वपूर्ण स्थान दिइरहेको छ ।

५) **भगजोगनी मासिकः** रामसागर साहद्वारा प्रकाशित तथा सम्पादित भगजोगनी मासिक पत्रिकाको स्वरूप साहित्यप्रधान विविध सामग्रीयुक्त थियो । २०७० तिर केही महिना प्रकाशन भएर बन्द भएको भगजोगनीमा फरक किसिमको वर्ण विन्यास प्रयोग गरिएको थियो । बज्जिका भाषाको चेतना विस्तारमा भगजोगनीको पनि भूमिका रहेको छ । यसको प्रकाशन रौतहटको सुन्दरपुरबाट भएको थियो ।

६) **हमनीके आवाज मासिकः** अल्पनाकुमारी श्रीवास्तवको सम्पादनमा २०७० मा अपन आवाज मासिक पत्रिकाको प्रकाशन सुरु गरिएको थियो । यो पत्रिका स्थगन हुँदै र प्रकाशन हुँदै आएको छ । महिलाको नेतृत्वमा प्रकाशन भएको नेपालमा बज्जिकाको पहिलो पत्रिका यही हो । बज्जिका भाषाको विकासमा यस पत्रिकाको पनि भूमिका महत्वपूर्ण छ ।

७) **बालबज्जी द्वैमासिकः** सञ्जय मित्र प्रकाशक–सम्पादक रही बालबालिकाको साहित्यिक प्रतिभालाई प्रस्फुटन गराउने उद्देश्यले प्रकाशित बालबज्जी साहित्यिक द्वैमासिक पहिलो बालपत्रिकाको प्रकाशन अहिले बन्द छ । २०७४ पुसमा प्रकाशनमा यस पत्रिकाले बालबालिकामा ख्याति कमाएको थियो । यसको प्रकाशन रौतहटको गरुडाबाट भएको थियो ।

८) **बज्जिकार्पण त्रैमासिकः** नेपालमा प्रकाशन भएको बज्जिका भाषाको पहिलो पत्रिका बज्जिकार्पण हो । २०६४ वैशाखमा साहित्यिक चौमासिकको रूपमा प्रकाशित बज्जिकार्पणको प्रधान सम्पादक सञ्जय साह मित्र तथा सम्पादकमा लालप्रसाद चिन्तन र चञ्चल चाँद रहेका थिए । नेपाल बज्जिका परिषद्द्वारा पहिलो अङ्कको प्रकाशन गरिएको देखिन्छ । व्यवस्थापनमा परिवर्तन हुँदै अहिलेसम्म यस पत्रिकाको २४ अङ्क प्रकाशित भइसकेको छ । नेपाल र भारतमा बज्जिका भाषा तथा साहित्यको विकासमा यस पत्रिकाको ठूलो योगदान छ । बज्जिका भाषामा सबैभन्दा लामो समय र सबैभन्दा बढी अङ्क प्रकाशन हुने पत्रिका यही नै हो । यसको प्रकाशन रौतहटको गरुडाबाट भइरहेको छ ।

ख. अन्य पत्रपत्रिका

अन्य भाषामा प्रकाशन भए पनि बज्जिकालाई प्राथमिकता दिएका र बज्जिका भाषा तथा साहित्यको विकासमा योगदान दिएका पत्रपत्रिकाको योगदानलाई यस उपखण्डमा सङ्क्षेपमा चिनाइएको छ ।

१) **गोरखापत्र दैनिकः** गोरखापत्र संस्थान काठमाडौँद्वारा प्रकाशित गोरखापत्र राष्ट्रिय दैनिकले बज्जिका भाषाको विकासको लागि ठोस योगदान दिएको छ । पत्रिकाको नयाँ नेपाल स्तम्भअन्तर्गत बज्जिका भाषालाई पनि एक पृष्ठ दिएर गोरखापत्रले बज्जिका भाषालाई ठूलो गुन लगाएको छ । गोरखापत्र दैनिकमा रचना छपाउन नै कतिपयले स्तरीय साहित्य सिर्जना गर्न थालेका छन् भने गोरखापत्र दैनिकमा बज्जिका भाषाको पृष्ठ आउन थालेपछि नेपालमा बोलिने भाषा बज्जिका हो भनेर कतिपय बज्जिका मातृभाषीले नै थाहा पाएका छन् । बज्जिका भाषाको प्रचार प्रसार देश–विदेशमा गराउन गोरखापत्रले ठूलो भूमिका खेलेको छ ।

२) **प्रतीक दैनिकः** पर्साको वीरगंजबाट प्रतीक प्रकाशन प्रा.लि.द्वारा लामो समयदेखि प्रकाशित हुने प्रतीक दैनिकले बज्जिका भाषाको बारेमा लेखिएका लेख तथा समाचारहरूलाई सबैभन्दा बढी प्राथमिकतापूर्वक प्रकाशन गरेर बज्जिका भाषाको प्रचार प्रसारमा ठूलो सहयोग पु¥याएको छ । पत्रिकाको बज्जिका भाषाको विकासमा महत्वपूर्ण योगदान रहेको देखिन्छ ।

३) **कुराकानी साप्ताहिकः** मकवानपुरको हेटौँडाबाट प्रकाशित कुराकानी साप्ताहिकले बज्जिका भाषालाई निकै प्राथमिकता दिएको थियो । सञ्जयकुमार साह सम्पादक रहेको समयमा यस पत्रिकाले बज्जिका भाषाको साहित्यलाई प्राथमिकता दिनुका साथै भाषासम्बन्धी गतिविधिलाई पनि स्थान दिएको थियो । यस पत्रिकाको साहित्य शृङ्खला स्तम्भमा बज्जिका विशेष पनि निकालिएको थियो ।

४) **रौतहट रश्मि त्रैमासिकः** रौतहटको सदरमुकाम गौरबाट २०५५ सालमा शीतल गिरीको अगुवाइमा रमेश समर्थन तथा सुशीलकुमार झाको सम्पादनमा रौतहट रश्मि साहित्यिक पत्रिकाको प्रकाशन भएको थियो । २०६१ सम्म १२ अङ्क प्रकाशित भएको यस पत्रिकाले बज्जिका भाषाको साहित्यलाई प्राथमिकता दिनुका साथै बज्जिका भाषामा लेखिएको साहित्यलाई प्राथमिकतापूर्वक छाप्ने गरेको थियो । बज्जिका भाषाका साहित्यकारलाई यस पत्रिकाले प्रोत्साहन पनि दिने गरेको थियो ।

५) **समनपुष्प त्रैमासिकः** रौतहटको शङ्कर गुदर माध्यमिक विद्यालय समनपुरका तत्कालीन प्रधानाध्यापक शिवचन्द्र साहको संरक्षकत्व तथा रमेशमोहन अधिकारीको सम्पादनमा २०६१ देखि प्रकाशन भएको समनपुष्प साहित्यिक त्रैमासिकको

हरेक अङ्कमा बज्जिकालाई कम्तीमा एक पृष्ठ स्थान दिइएको थियो । २०६१ सम्म ११ अङ्क प्रकाशन भएको यस पत्रिकाले बज्जिका साहित्यको विकासमा निकै ठूलो योगदान दिएको थियो ।

यी पत्रिकाहरू बाहेक सूर्योदय साहित्यिक त्रैमासिक, नेपाल प्रज्ञा प्रतिष्ठानको बहुभाषिक सयपत्री पत्रिका, हेटौँडाको हाम्रो मातृभूमि साहित्यिक त्रैमासिक, काठमाडौँको भानु साहित्यिक मासिक, गौरको क्रान्तिद्वार दैनिक लगायतले पनि बज्जिका भाषा र साहित्यको प्रचार प्रसारमा महत्वपूर्ण योगदान दिएका छन् । यी पत्रिकाहरूमा बज्जिका भाषा र साहित्यसँग सम्बन्धित विभिन्न सिर्जना तथा लेखहरू प्रकाशित छन् ।

३.७.२ विद्युतीय सञ्चार

विद्युतीय सञ्चारको क्षेत्रमा बज्जिका भाषाको खासै धेरै पहुँच हुन सकेको छैन । रौतहटमा सञ्चालित रौतहट एफएम गौर, राजदेवी एफएम गौर, मधेस जनआवाज एफएम गरुडा, मधेस मसला एफएम गरुडा, सङ्गम एफएम धरहरी, कटहरिया एफएम कटहरिया लगायतले नियमित रूपमा आफ्नो उत्पादनको समाचार हरेक दिन बिहान र बेलुका बज्जिका भाषामा प्रसारण गर्ने गरेका छन् । सम्वादमूलक केही कार्यक्रमहरू पनि बज्जिका भाषामा सञ्चालन हुने गरेका छन् । बज्जिका भाषामा कुनै टेलिभिजन प्रसारणमा रहेको छैन । यस भाषामा केही वर्ष एउटा वेबसाइट सञ्चालनमा रहेको थियो जुन नियमित हुन सकेको छैन । पत्रकार दिनेश यादवले बज्जिका वाणी अनलाइन सञ्चालन गरेका थिए । करिब तीन वर्ष नियमित सञ्चालनमा आएर यो अनलाइन कुनै वेला सञ्चालनमा आउने र फेरि रोकिने गरेको छ । बज्जिका भाषाको पहिलो अनलाइन पत्रिका बज्जिका वाणीको यस भाषालाई विश्वव्यापी प्रचार प्रसारमा ठूलो योगदान रहेको छ । यसै गरी राजदेवी एफएमले आफ्नो

अनलाइन र रेडियो मधेस मसला एफएमले आफ्नो ब्लगस्पटमा एफएममा बजेका समाचारहरूलाई प्रकाशन गर्ने गरेका थिए । अन्य एफएमहरूले पनि यस प्रकारको अभ्यासलाई अगाडि बढाएका थिए तर नियमित हुन सकेको पाइँदैन । यद्यपि यिनीहरूले बज्जिका भाषाको विकासमा सहयोग पु¥याएको देखिन्छ । बज्जिका भाषामा तथा बज्जिका भाषाको लागि लेखेर, बोलेर तथा वैचारिक अभिव्यक्ति दिएर विभिन्न सञ्चार माध्यमले बज्जिका भाषालाई सार्वजनिक गरी सर्वसाधारणमा पुर्याउन र यस भाषाको विस्तार गर्न विशिष्ट योगदान दिएको स्पष्ट हुन्छ ।

निष्कर्षतः के भन्न सकिन्छ भने बज्जिका भाषा, साहित्य तथा पत्रकारिता आदिका माध्यमले बज्जिका भाषाको इतिहासका विभिन्न पक्ष र बज्जिका भाषाको इतिहासको बारेमा यस खण्डले विभिन्न महत्त्वपूर्ण तथ्यहरू स्पष्ट पारेका छन् । बज्जिका भाषाको इतिहास लेखनमा यस खण्डको आफैँमा महत्त्वपूर्ण स्थान रहेको छ ।

खण्ड चार

बज्जिका भाषाको वर्तमान अवस्था र विशेषता

४.१ विषय प्रवेश

यस खण्डमा बज्जिका भाषाको अवस्था, बज्जिका भाषाका विशेषता, बज्जिका भाषाका वर्णहरू, बज्जिका भाषाको विकासक्रमबारे सामान्य चर्चा गरिने छ । यसै गरी बज्जिका भाषाको अनुसन्धान तथा बज्जिका गीत–सङ्गीत लगायतको पक्षमा पनि सङ्क्षेपमा यस खण्डमा चर्चा गरिने छ ।

४.२ बज्जिका भाषाको अवस्था

भारोपेली भाषा परिवारका प्रमुख भाषाहरूमध्येको मुख्य भाषाका रूपमा बज्जिका भाषा रहन गएको छ । यो भाषा नेपालको प्रदेश दुईअन्तर्गतका जिल्लाहरू र भारतको बिहारका मुजफ्फरपुर क्षेत्रको वरिपरि बोलिन्छ । यसको आफ्नै लिपि छ । जसलाई कैथी नामले चिनिन्छ तर पनि हाल आएर देवनागरी लिपिलाई यस भाषाले अङ्गीकार गरिसकेको छ । प्रा.डा. योगेन्द्रप्रसाद यादवले यसलाई तीन हजार वर्ष पुरानो भाषा बताउँछन् भने प्रा.डा.माधवप्रसाद पोखरेल यस भाषाको सम्बन्ध गौतम बुद्धसित रहेको बताउँछन् । त्यस्तैगरी प्रा डा दानराज रेग्मी र अन्यले बज्जिका भाषाको ऐतिहासिकता ३ हजार वर्ष पुरानो हो भन्ने तर्क दिउका छन् । बज्जिका भाषाका भारतीय विद्वानहरूले पनि बज्जिकालाई अति प्राचीन भाषा बताउँदै आएका छन् । यी तथ्यका

आधारमा हेर्दा बज्जिका भाषा ३ वर्ष पुरानो भाषा भएको प्रमाणित भएको छ ।

नेपालमा बज्जिका भाषाको विषयमा बज्जिका भाषीबीच चेतनाको सञ्चार औपचारिक रूपमा २०५२ देखि सुरु भएको हो । राष्ट्रिय जनगणना २०५८ को अन्तिम परिणाम आएपछि बज्जिकाको अस्तित्व देशले बुझ्न पाएको थियो । पछिल्ला दुई राष्ट्रिय जनगणनामा समावेश भएको बज्जिका भाषाको अन्तिम परिणामअनुसार बज्जिका भाषाभाषी वृद्धि भएको देखिएको छ । नेपालमा बोलिने बज्जिका भाषाको वर्तमान अवस्थालाई बुँदागत रूपमा यसरी दर्शाउन सकिन्छ ।

(क) राष्ट्रिय जनगणना २०६८ अनुसार मुख्य रूपमा सर्लाही र रौतहटमा बज्जिका भाषा बोलिन्छ तर इतिहास र तथ्यको आधारमा धनुषादेखि बारासम्म बज्जिका भाषा बोल्ने गरिएको पाइन्छ ।

(ख) राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा बज्जिका मातृभाषीको सङ्ख्या ७,९३,४१६ रहेको छ (पपुलेसन मनोग्राफ–सन् २०१४) । समग्र नेपालको जनसङ्ख्याको करिब तीन प्रतिशत यस बज्जिकाभाषी रहेको छ । तथ्याङ्क अनुसार प्रदेश दुईमा बज्जिका तेस्रो ठूलो भाषा हो तर बज्जिकासँग सम्बद्ध जानकारहरू बज्जिकालाई प्रदेशको दोस्रो ठूलो जनसङ्ख्या भएको भाषाको रूपमा दाबी गर्दै प्रदेशमा पन्धदेखि बीस लाखभन्दा बढी बज्जिका मातृभाषी रहेको दाबी गर्दछन् ।

(ग) बज्जिका भाषामा सर्लाही र रौतहटका करिब एक दर्जन एफएम रेडियोहरूले विभिन्न कार्यक्रम सञ्चालन गर्ने र आफ्नो उत्पादनको स्थानीय समाचार प्रसारण गर्ने गर्दछन् ।

(घ) गोरखापत्र राष्ट्रिय दैनिकको नयाँ नेपालमा बज्जिका भाषालाई पनि स्थान दिइएको छ । बज्जिका भाषामा सर्लाही र रौतहटबाट विभिन्न साप्ताहिक पत्रिकाहरू प्रकाशन भएका छन् तर केही समयसम्म प्रकाशन भएपछि नियमित हुन नसकेको यथार्थ पनि छ । जितेन्द्र सिंहको सम्पादनमा सर्लाहीबाट बज्जिका प्रभात खबर साप्ताहिक पत्रिका भने प्रकाशन भइरहेको छ ।

(ङ) केही वेबसाइट र ब्लगस्पटहरू पनि बज्जिका भाषामा सञ्चालनमा आएका छन् तर नियमित हुन सकेका छैनन् ।

(च) बज्जिका भाषामा केही साहित्यिक पत्रिकाहरू पनि प्रकाशन भएका छन् तर बज्जिकार्पण साहित्यिक पत्रिका पनि मुस्किलले प्रकाशन भइरहेको छ । गोरखापत्र राष्ट्रिय दैनिकले भने निरन्तर रुपले बज्जिका भाषा र साहित्यमा महत्वपूर्ण योगदान दिइरहेको छ ।

(छ) बज्जिका भाषाको पाठ्यपुस्तक पनि तयार भएको छ तर लागूको अवस्था अहिलेसम्म सन्तोषजनक रहेको पाइएको छैन ।

(ज) यस भाषामा अहिलेसम्म दुई दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् ।

(झ) बज्जिका भाषा र साहित्यको विकासका निम्ति विभिन्न संस्थाहरू गठन भएका छन् । बज्जिका साहित्य सङ्गम रौतहट सक्रिय संस्था हो ।

(ञ) केही गैरसाहित्यिक संस्थाले बज्जिका भाषामा योगदान पु¥याइरहेका छन् । सर्लाहीको रामनगर गाउँपालिका तथा रौतहटको गरुडा र गढीमाई नगरपालिका मुख्य हुन् । यसै गरी सर्लाहीको काका सामुदायिक सिकाइ केन्द्र र रौतहटको ग्रामीण

शिक्षा विकास केन्द्र पनि बज्जिका भाषाको विकासका लागि सक्रिय देखिएका संस्था हुन् ।

(ट) बज्जिका पत्रकारहरूको बज्जिका पत्रकार संघ नेपाल र बज्जिका पत्रकार समाज नेपाल गरी दुई संस्था गठन भएका छन् । बज्जिका भाषा शिक्षक प्रतिष्ठान पनि क्रियाशील छ ।

(ठ) सर्लाही र रौतहटमा सार्वजनिक मञ्चहरूमा समेत बज्जिका भाषाको प्रयोग औपचारिक कार्यक्रमहरूमा हुन थालेको छ । यस क्षेत्रका विशिष्ट राजनीतिकर्मी तथा उच्च पदस्थ व्यक्तित्वहरूले यस भाषाको प्रतिष्ठा मञ्चबाट बढाएका छन् ।

(ड) नेपालीय बज्जिका भाषाको पनि कम्तीमा पाँच भेद वा भाषिका रहेका छन् ।

(ढ) कथ्य र लेख्य बज्जिकामा अन्य भाषाको जस्तै केही भिन्नता रहेको छ र लेख्य बज्जिकाले करिब समानता आउँदै गएको छ ।

(ण) शिक्षित र निरक्षर वक्ताको हकमा शिक्षितको बोली केही स्तरीय अर्थात् लेख्य भाषाको नजिक र निरक्षरको बोली कथ्य भाषाको रहेको देखिन्छ ।

विस्तारै विकासको बाटोमा अगाडि बढिरहेको देखिएकोले बज्जिकालाई विकासोन्मुखी भाषा मानिएको स्पष्ट हुन्छ ।

४.३ बज्जिका भाषाका विशेषताहरू

आधुनिक आर्य भाषाहरूको बीचमा हुर्कदै गरेको बज्जिका एक प्राचीन भाषा हो । डा. प्रफुल्लकुमार सिंह मौनले यस भाषालाई सहस्राब्दी वर्षको यात्रा तय गरेको बताएका छन् । आधुनिक आर्य भाषाहरूमा पाइने साझा विशेषता बज्जिका पनि विशेषता हुन् । मैथिली र भोजपुरीको

बीचमा आफ्नो वर्तमान अस्तित्वलाई बचाइरहेको बज्जिका भाषाका मुख्य विशेषताहरू यस प्रकार छन्

(क) बज्जिका प्राचीन वैशाली गणतन्त्रको आधुनिक जनभाषा हो ।

(ख) बज्जिकाको विकास मागधी अपभ्रंशबाट भएको हो । मागधीबाट उद्भव भएको भए अद्र्धमागधीको र अद्र्धमागधीबाट भएको भए मागधीको प्रभाव ग्रहण गरेको र सौरसेनीको पनि सामान्य प्रभाव परेको भाषाविद्हरूको विश्लेषण छ ।

(ग) बज्जिकाका कथ्य वर्ण र लेख्य वर्णमा केही भिन्नता रहेको छ ।

(घ) डा. योगेन्द्रप्रसाद सिंहले बज्जिकामा ड़, ढ़, र्ह, ल्ह, म्ह, न्ह, ड्हलाई नवीन वर्ण (बज्जिका के कतिपय शब्दो का आलोचनात्मक अनुशीलन, पृष्ठ (१० मानेका छन् तर देवनागरी लिपि प्रयोगको प्रचलनले यिनीहरूको व्यवहार पनि देवनागरीमा गरिने जस्तै गर्दा खासै फरक देखिएको छैन । ङ को प्रयोग र उच्चारण पनि ङ हुने गर्दछ, जस्तैः अङना, अलङ, लाङा, लफङा, कङाल, झाङा आदि ।

(ङ) यसमा ध्वनि परिवर्तन विभिन्न किसिमले हुने गरेका पाइन्छ । अल्पप्राणीकरण तथा महाप्राणीकरण शब्दहरूमा प्रायः विभिन्न किसिमले ध्वनि परिवर्तन भएको पाइन्छ ।

(च) बज्जिकामा मागधीको विशेष प्रवृत्ति शब्दान्तमा 'ए' आएको देखिन्छ, जस्तैः सय–सए, भय–भए, कति–कए आदि । यद्यपि लेख्यरूपमा 'य' को पनि प्रयोग हुन थालेको छ ।

(ज) मागधीमा श, ष, स को ठाउँमा 'श' तथा अर्धमागधीमा तीनवटैको ठाउँमा 'स' को प्रयोग हुन्छ तर बज्जिका उच्चारणमा भने 'स' मात्र देखिन्छ । तर तत्सम शब्दमा श, ष, स को प्रयोग हुन्छ ।

बज्जिकामा कतिपय अवस्थामा 'ड़'को सट्टा 'र' वर्ण उच्चरित हुन्छ ।

(झ) बज्जिकामा शब्दको स्तरमा बलाघातको आन्तरिक प्रवृत्ति रहेको पाइन्छ जुन वर्ण द्वित्वीकरणको रूपमा व्यक्त भएको पाइन्छ, जस्तैः चुन्ना, चक्का, चच्चा आदि ।

(ञ) शब्दको अन्तिम अकारान्त व्यञ्जन प्रायः हलन्त उच्चरित हुन्छ, जस्तैः राम, श्याम, काम आदि ।

(ट) संज्ञा शब्दको सामान्य र दीर्घ दुई रूप पाइन्छन् । दीर्घ रूपको निर्माण आ, बा, इआ÷इया आदि प्रत्यय लागेर भएको पाइन्छ, जस्तैः भाइ–भइआ÷भैया, सइँआ, बएल÷बैल–बएला÷बैला आदि ।

(ठ) लिङ्गको सत्ता प्राणीवाचक संज्ञासम्म सीमित छ । क्रियामा लिङ्गभेद पाइँदैन, जस्तैः

तालिका नं १३ क्रियामा लिङ्गभेद नहुने उदाहरण

नेपाली	बज्जिका	कैफियत
छोरो पाठ पढ्छ ।	बेटा पाठ पढइअ ।	नेपालीमा कर्ताको
छोरी पाठ पढ्छे ।	बेटी पाठ पढइअ ।	लिङ्गअनुसार
राधाले किताब किनिन् ।	राधा किताब किनलन ।	क्रियाको रूप निर्धारण हुन्छ तर
कृष्णले किताब किने ।	कृष्ण किताब किनलन ।	बज्जिकामा कर्ता स्त्रीलिङ्ग वा
ऊ बजार गएकी छ ।	ऊ बजार गेल हए ।	पुलिङ्ग जे भए
ऊ बजार गएको छ ।	ऊ बजार गेल हए ।	पनि क्रियाको रूप एकै किसिमको हुन्छ ।

(ङ) लिङ्गजस्तै वचन तथा कारकको प्रभावले क्रियाको रूपमा परिवर्तन हुँदैन, जस्तैः

तालिका नं. १४ वचनले क्रिया प्रभावित नहुने उदाहरण

एक वचन		बहु वचन	
नेपाली	**बज्जिका**	**नेपाली**	**बज्जिका**
उसले भात खायो ।	ऊ भात खएलक ।	उनीहरूले भात खाए ।	ओकनी भात कएलक ।
किताब किनियो ।	किताब किनएलक ।	किताबहरू किनिए ।	किताब स किनएलक ।
चरो उड्छ ।	चिरइ उडलई ।	चराहरू उड्छन् ।	चिरइ सब उडलई ।
म जान्छु ।	हम जाएम ।	हामी जान्छौँ ।	हमनी जाएम ।

ज्जिका भाषामा कर्ताको वचनले क्रियाको रूपमा परिवर्तन ल्याउँदैन । कर्ता एक वचन वा बहुवचन हुँदा पनि क्रियाको रूप उस्तै रहन्छ ।

लिङ्ग र वचनले क्रिया प्रभावित नभएजस्तै कारकले पनि बज्जिकाको क्रियाको रूपमा कुनै प्रभाव देखिँदैन ।

(ढ) एक वचनबाट बहुवचन निर्माण हुँदा स, सब तथा लोग प्रत्यय÷शब्दको प्रयोग हुन्छ, जस्तैः किताब – किताब स, किताब सब, अपने – अपनेलोग आदि ।

(ण) सर्वनाममा लिङ्गभेद पाइँदैन । स्त्रीलिङ्गी नाम र पुलिङ्गी नामको सट्टामा प्रयोग हुने सर्वनाममा लिङ्गको भेद हुँदैन ।

(त) बज्जिकाको क्रियापदमा पर्याप्त नवीनता छ । सहायक क्रियाको विविध रूप बज्जिकाको स्वतन्त्र पहिचान हो । लिङ्ग तथा वचनको प्रभावबाट मुक्त भएको कारण क्रियाको कालरचना तथा कृदन्त आदिको व्यवस्था स्वतन्त्र रहेको छ ।

(थ) बज्जिकामा केही अव्यय परम्परागत र केही भिन्न छन् । यही स्थिति उपसर्ग तथा प्रत्ययको पनि रहेको छ । यही स्थितिले बज्जिकाको स्वतन्त्र सत्ता र महत्तालाई सूचित गर्दछन् ।

(द) आधुनिकताले गर्दा बज्जिकाको देशज तथा तद्भव रूपहरू लोप हुन थालेका छन् । कति शब्द त नयाँ पिढीका शिक्षितहरूको ज्ञानको सीमाभन्दा बाहिर छन् । यस्ता शब्दको प्रयोग र प्रचलनका लागि बज्जिका भाषाको लोक साहित्य तथा लोक भाषाको अध्ययन हुनु आवश्यक छ ।

(ध) बज्जिकामा कतिपय शब्दमा 'ल' को ठाउँमा 'न' को प्रयोग हुन्छ र कतिपय ठाउँमा 'ल' को ठाउँमा 'न' को प्रयोग हुन्छ, जस्तैः लमहर – नमहर, लङटा–नङटा आदि ।

(न) बज्जिकामा अभिव्यक्ति लहजा (सुर, लहर अथवा इण्टोनेशन) मैथिली अथवा भोजपुरीभन्दा भिन्न हुन्छ । जहाँ मैथिलीको ध्वनिको उच्चारण अपेक्षाकृत टेंढो, वैकल्पिक किन्तु सुन्दा अलिक मिठो लाग्ने हुन्छ र भोजपुरीको ध्वनिमा रुखापन तथा कडापन पाइन्छ त्यहीं बज्जिकामा दुवैके बीचको स्थिति देखिन्छ – सरल, श्रुतिस्पष्ट तथा बोधगम्य ।

(प) बज्जिकामा पर्याप्त सङ्ख्यामा यस्ता पाइन्छन् जसको प्रयोग त्यसको संस्कृत (तत्सम) मूल प्रयुक्त हुन्छ । यस्ता शब्द कि त तत्सम हुन् वा तद्भव । केही उदाहरणः

तालिका नं १५ बज्जिकामा तत्सम शब्द

तत्सम		बज्जिका	
शब्द	**अर्थ**	**शब्द**	**अर्थ**
कर्म	कार्य, काम	कर्म	भाग्य
काण्ड	हाँगा	कांड÷कान्ड	खराब काम
गहवर	गुफा	गहवर	देवीदेवताको घर
ज्न	मनुष्य, लोक	जन	मजदुर
दृष्टि	हेराइ	दृष्टि	दया
नट	अभिनेता	नट	एक जाति
पुरुष	मनुष्य	पुरुष	पति
भूत	विगत	भूत	पिशाच
रेत	वीर्य	रेत	बालुवा अधिक भएको

यसैगरी अङ्ग्रेजीका कतिपय शब्दलाई बज्जिका भाषीद्वारा अर्थान्तरमा त्यसै वा परिवर्तित ध्वन्यात्मक रूपलाई गरिएको पाइन्छ, जस्तैः- कोर्ट–कोट, ग्लास–गिलास, टाइम–टैम÷टाएम, गवर्नमेन्ट–गोरमिन्ट आदि । अन्य आगन्तुक शब्दमा पनि यो प्रवृत्ति पाइन्छ ।

(फ) बज्जिका भाषाको वाक्य रचना पनि नेपाली र हिन्दी भाषामा जस्तै कर्ता, कर्म र क्रियाको अवस्थाअनुसार हुने गरेको छ ।

४.४ बज्जिका भाषाका वर्णहरू

बज्जिका एउटा विकासोन्मुखी भाषा हो । यस भाषाको आफ्नै लिपि रहेको छ । बज्जिकाको लेखन कैथी लिपिमा हुन्थ्यो तर हाल यो लिपि प्रचलनमा छैन । लेख्य बज्जिकाले देवनागरी लिपिलाई अपनाइसकेको छ । नेपाली तथा हिन्दी र अन्य समकक्षी भाषाहरूमा

जस्तै बज्जिकामा पनि कथ्य र लेख्य वर्णमा केही भिन्नता रहेका छन् । बज्जिका प्रचलित वर्णहरूलाई देखाइएको छ ।

४.४.१ व्यञ्जन वर्ण

बज्जिकाको देवनागरीमा प्रचलित लेख्य व्यञ्जन वर्ण जस्तै क, ख, ग, घ, ङ, च, छ, ज, झ, ञ, ट, ठ, ड, ढ, ण, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, श, ष, स, ह, क्ष, त्र, ज्ञ

कथ्य व्यञ्जन वर्ण जस्तै क, ख, ग, घ, ङ, च, छ, ज, झ, ट, ठ, ड, ढ, त, थ, द, ध, न, प, फ, ब, भ, म, य, र, ल, व, स, ह

यसरी बज्जिकामा लेख्य व्यञ्जन वर्ण ३६ र कथ्य÷औच्चार्य व्यञ्जन वर्ण २९ रहेका छन् । क्ष, त्र, ज्ञ लाई नेपालीमा जस्तै संयुक्त वर्ण मानिन्छ । तर डा. योगेन्द्रप्रसाद सिंह (बज्जिका भाषा के कतिपय शब्दों का आलोचनात्मक अध्ययन, पृष्ठ ९१) ले ड़, ढ़, र्ह, ल्ह, म्ह, न्ह, ड़्, ड़्ह लाई नवीन वर्ण मानेका छन् । योगेन्द्र राय (बज्जिका व्याकरण) ले पनि धेर थोर यसलाई स्वीकार गरेका छन् तर लेख्य व्यवहारमा खासै भिन्नता पाइएको छैन ।

४.४.२ स्वर वर्ण

लेख्य स्वर वर्ण अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः कथ्य÷औच्चार्य स्वर वर्ण अ, आ, इ, उ, ए, ओ

४.४.३ द्विस्वर

बज्जिका भाषामा द्विस्वरको अवस्था रहेको छ । ऋ (रृ), ऐ (अइ÷अए), औ (अओ÷अउ), अं (अम्÷अङ्), अः (अह्), आइ, आउ, इउ, उइ, एइ, एउ, ओइ, ओउ ।

ऋ – कृषि, ऋण, अमृत (उच्चारण रि)

ऐ (अइ) – गैरी, जैसन, तैसन, पैन, बैरी

ऐ (अंए) – ऐनक, कैलास, चैन, नैन, पैखाना, मैदान

औ (अंओ) – कौन, गौन, जौन, पौन, बौनाठी, मौन

औ (अंउ) – कौआ, चौकी, पौआ, बौआ, भौचा, मौगा, मौनी

अं (अंम्) – संरचना, संलग्न

अ (अंङ्) – अंगुर (अङ्गुर), बंगुर (बङ्गुर)

अः (अंह्) – स्वतः, सामान्यतः, विशेषतः

आइ – कसाइ, खटाइ, दनाइ, भाइ, मिठाइ

आउ – खाउ

इअ – जाइअ, कहइअ,

इआ – कहिआ, जहिआ, तहिआ

इओ – कहिओ, जहिओ, तहिओ

इउ – घिउ

इए – अखुनिए, कहिए, जहिए, तहिए

उआ – तरुआ, परुआ, फगुआ, मलुआ,

उइ – बुइ, रुइ, सुइ

उए – काल्हुए, परसुए,

उओ – पर्हुओ, पढ़ु≥ओ

एइ – बेइ, लेइ

एउ – कलेउ

ओइ – कोइ, होइ, बोइ, रोइ, लोइ, होइ

ओउ – धोउ, बोउ, रोउ, होउ आदि ।

बज्जिका विकासोन्मुखी भाषा भएकोले यसको वर्णसम्बन्धी फरक–फरक धारणाहरू आइरहेका छन् तर सामान्यतया बज्जिका भाषाको नेपालीय मूल लेखन शैलीमा प्रचलनमा रहेका वर्णहरू यिनै हुन् ।

भाषाको सबैभन्दा सानो अर्थभेदक इकाइ वर्ण हुन्छ । गाई बाँ र काग काँ गर्छ । बाँ र काँमा आँ दुवैमा आएको समान ध्वनि हो भने ब् र क् फरक ध्वनि हुन् । यिनै ब् र क् ले अर्थमा भिन्नता ल्याएका छन् । अर्थमा भिन्नता ल्याएकाले अर्थभेदक भए । यस कारण ब् र क् वर्ण हुन् ।

भाषामा वर्णभन्दा ठूलो इकाइलाई अक्षर हुन्छ । कुनै शब्दमा एक अक्षर हुन सक्छ भने कुनै शब्दमा अनेक अक्षर हुन सक्छन् । बज्जिका वर्णपछि यहाँ सङ्क्षेपमा बज्जिका अक्षर, रूप, वाक्य र सङ्कथनबारे परिचयात्मक टिप्पणी गरिएको छ ।

(अ) अक्षर

वर्णभन्दा माथिल्लो इकाइ अक्षर हो जसमा उच्चारणका क्रममा कम्तीमा सासको एक झोक्का हुन्छ । सासको एक झोक्का हुनुको अर्थ हो कम्तीमा एउटा स्वर हुन्छ । शब्दमा प्रयुक्त अक्षरको संरचना हेरेर त्यसमा प्रयुक्त सासको झोका र त्यसबाट अक्षर सङ्ख्या बुझ्न सकिन्छः-

तालिका नं. १६ अक्षर संरचना र अक्षरीकरण

शब्द	उच्चारण	अक्षरीकरण	अक्षर संरचना	अक्षर सङ्ख्या
ल	ला	ल्आ	व्यस्व	१
ऋाम	आम्	आम्	स्वव्य	१
भार	भार्	भ्आर्	व्यस्वव्य	१
स्यान	स्यान्	स्य्आन्	व्यव्यस्वव्य	१

भारी	भारि	भ्आ.ई	व्यस्व.व्यस्व	२
पुण्य	पुन्.न्य	प्उन्.न्य्अ	व्यस्वव्य.व्यव्यस्व	२
गोडैता	गो.डै.ता	ग्ओ.ड्इ.त्आ	व्यस्व.व्यस्व.व्यस्व	३

यसै कारणले कतिपयले अक्षर अक्षर मिलेर शब्द बन्दछ भनेका छन् । बज्जिका भाषाको अक्षर संरचना देवनागरी लिपिको सामान्य संरचनाजस्तै देखिन्छ ।

(आ) रूप

व्याकरण व्यवस्थाअन्तर्गत पर्ने सबैभन्दा सानो संरचना र अर्थ भएको इकाइ रूप हो । बज्जिका भाषाको शब्द बनोट हेर्दा यसमा मुक्त र बद्ध दुवै रूपको अवस्था देखिन्छ । बज्जिकामा मध्यसर्गको उपस्थिति देखिँदैन । बज्जिका भाषाको शब्दमा रूपको अवस्थालाई सङ्क्षेपमा यसरी देखाउन सकिन्छः-

तालिका नं. १७ रूप सङ्क्षेप

शब्द	स्पष्टीकरण
गम	मुक्त रूप
गमइ	गाम, इ (प्रत्यय)
चोखा	चोख, आ (प्रत्यय)
पेटारी	पेट, आरी (प्रत्यय)
बेपर्दा	बे, पर्दा (उपसर्ग)
अज्ञानी	अ, ज्ञान, ई (उपसर्ग, मुक्त रूप, प्रत्यय)
हमइन÷हमनी	हम, इन÷नी (बहु वचनबोधक रूप)
डगहरमे÷डगहरपर	डगहर, मे÷पर (भिन्न संरचना)

तू त बलसे पढइछा ।

तू त बलसे ही ढोइछा ।	अर्थगत भिन्न रूप (पहिलो वाक्यमा बलको अर्थ बिनाअर्थ वा बेकार हो भने दोस्रोमा शक्ति हो ।)
जेकरासे चिन्हापर्ची नहए - अनचिन्हार	समास
मोरमार	मोर, मोर (आपरिवर्तित द्वित्व)

अवस्था हेरी रूपमा लिङ्ग, वचन, आदर, पुरुष आदिका आधारमा परिवर्तन आउन सक्छ ।

(इ) वाक्य

पद वा पद समूहको समुच्यबाट बनेको अर्थपूर्ण भाषिक इकाइ वाक्य हो । वाक्यका धेरै तत्व हुन्छन् । कम्तीमा कर्ता र क्रिया चाहिन्छन् नै । कर्ता, कर्म र क्रियाको संरचनामा बज्जिका वाक्य गठन हुन्छ । वाक्यमा नाम, सर्वनाम, विशेषण, नामयोगी, क्रियायोगी, संयोजक, निपात, क्रिया, विस्मयादिबोधक शब्दवर्ग हुन्छन् । लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, कारक, ध्रुवीयता आदि बज्जिकाका व्याकरणिक कोटिहरू हुन् । व्याकरणिक कोटिका आधारमा वाक्यको रूप संरचनामा परिवर्तन आउँछ । बज्जिका भाषामा पनि सरल, संयुक्त र मिश्र गरी तीन किसिमका वाक्य हुन्छन् ।

कौआ आम खोधइअ । – सरल वाक्य (कौवा आँप ठुंग्छ ।)

खलिफा पछरा खूब खेलइअ मगर हुनका खानगी कम हए । – संयुक्त वाक्य

जब बङमतीमे दाहर आबलई तब एहपार–ओहपार अनाइ–जनाइ बन्द होजालई । – मिश्र वाक्य

लडकी बहुत सुन्दर हए । लडका बहुत सुन्दर हए । –(कर्ताको लिङ्गले क्रिया प्रभावित हुँदैन ।)

ऊ खेलइत हई । ओकनी खेलइत हई । –(कर्ताको वचन फरक पर्दा पनि क्रियाको रूप उही रहन्छ ।)

बेटा जाई । बाबु जइहन । –आदरको तह वाक्यस्तरमा देखिन्छ ।

वाक्यले परिवेशगत र सन्दर्भगत अर्थ पनि बोकेको हुन्छ ।

बज्जिका भाषामा वाक्यस्तरमा एउटा विशिष्टता के देखिन्छ भने जसको बारेमा कुरा गरिन्छ (तृतीय पुरुष) त्यसको कर्तामा जसलाई सुनाइन्छ (द्वितीय पुरुष) त्यस अनुसारको क्रियापद प्रयोग हुन्छ । यस अवस्थाका केही वाक्यहरूः-

ऊ किताब पढइत हओ –सुन्ने मान्छे आदर गर्नुपर्ने भएमा

ऊ किताब पढइत हऊ –सुन्ने मान्छे आदर गर्नुपर्ने नभएमा

ऊ किताब बढइत हए÷हई –सुन्ने मान्छे समान÷सामान्य भएमा आदि ।

(ई) सङ्कथन

समग्र कथन सङ्कथन हो । यसलाई अभिव्यक्तिको अन्तिम सीमा पनि भनिन्छ । विषयवस्तुको सीमा र प्रस्तुतिका आधारमा विभिन्न विधामा बाँडिने सङ्कथनभित्र वर्ण, अक्षर, रूप, पद, पदावली, वाक्यांश, वाक्य, अनुच्छेद, परिच्छेदसम्मका इकाइहरू समाहित हुन्छन् । विभिन्न सम्बन्धकहरूले वाक्यदेखि परिच्छेदसम्म अन्विति र शृङ्खला मिलाउने भूमिका खेलेका हुन्छन् । मुक्तकभन्दा सानो लघुरचनादेखि महाकाव्यसम्मका रचनाका साथै नाटक र आख्यान (गद्य र पद्य) सबै सङ्कथनका उदाहरण हुन् । वक्ता वा लेखकको सम्पूर्ण भनाइलाई प्रस्तुत गर्ने पूर्ण एवम् अन्तिम रूप सङ्कथन हो । बज्जिका भाषामा पनि सङ्कथनका करिब सबै विधा प्रचलनमा रहेको पाइन्छ । सङ्कथनको उदाहरणः-

“कौनो गाँओमे खिरोधन नाओके किसान रहे । पहिले त ऊ पढाइमे तेज रहे मगर गरिब होएलासे पढे नसकल । बज्जिका मातृभाषी रहे । ओकरा नेपाली, हिन्दी, भोजपुरी आ मैथली भाषा भी आबे । अपना माईके विषयमे एगो निबन्ध भी लिखले रहे जे बज्जिकार्पण पत्रिकामे छपाएल रहे । गरिबीके कारण पढे नसकलासे ओकर साहित्य सिर्जना भी मुर्झागेल बुझाए ।

एक दिन एगो अनुसन्धानकर्ता खिरोधनके खेतेमे पुगल । ऊ बिआ उखारइरहे । जे अनुसन्धानकर्मी रहे, से, बज्जिका भाषामे माई शीर्षकपर प्रकाशित गद्य आ पद्य सभी रचनामे आएल आख्यानात्मक भाव आ यथार्थसे सातत्यपर करइरहे ।

खिरोधनके माई बगलेमे रोपनी करइरहे । जबहिए एई यथार्थसे परिचित भेल अनुसन्धानकर्मी, ऊ भावविभोर होके कहइता – अइसन जीवन्त रचना हम अभीतक नदेखली ।

ओहीलङ ऊ घोषणा कएलक – असली साहित्यकार खिरोधनके उत्कृष्ट राष्ट्रिय पुरस्कारसे सम्मानित करम ।

माईके चेहरापर तकइत खिरोधन बोलइता – गे इआ, हमरा एगोआउर निबन्ध लिखेके मन करइता ।”

उपर्युक्त सङ्कथन लघुकथा हो । यसमा स–साना पाँच अनुच्छेद छन् । सबैमा पूर्वापर सम्बन्ध रहेको स्पष्ट छ ।

४.५ बज्जिका भाषाको विकासक्रम

भाषाविद् प्रा.डा.योगेन्द्रप्रसाद यादवले आफ्नो लेखमार्फत बज्जिका भाषा तीन हजार वर्षभन्दा पुरानो भाषा हो भन्ने धारणा व्यक्त गर्दछन् । जय बज्जिका साहित्यिक पत्रिकाको प्रथम अङ्कमा प्रधान

सम्पादक प्रो।हरेन्द्रसिंह विप्लव पनि बज्जिकालाई तीन हजार वर्ष पुरानो बताउँछन् । अर्का भाषाविद् प्रा.डा.माधवप्रसाद पोखरेल भन्छन् –बज्जिका भाषाको सम्बन्ध गौतम बुद्धसित जोड्नु बढी उचित हुन्छ ।

नेपालका यी दुई प्रसिद्ध भाषा शास्त्रीहरूको भनाइका साथै विभिन्न तथ्यहरूले बज्जिका अति प्राचीन भाषा भएको स्पष्ट हुन्छ । बज्जिकाको अहिलेसम्मको इतिहासलाई निम्न दुई भागमा बाँडेर अध्ययन गरिन्छः- अन्धकार काल र आधुनिक काल ।

४.५.१ बज्जिका भाषाको अन्धकार काल

बज्जिका करिब तीन हजार वर्ष पुरानो भाषा हो । यस भाषाको जन्मस्थल मानिएको वैशालीमा राजा सुमतिको दरबारमा राम र लक्ष्मणसहित विश्वामित्रले एक रात राजकीय आतिथ्य स्वीकार गरेको प्रसङ्ग वाल्मीकीय रामायणमा पाइन्छ । पाणिनिको अष्टाध्ययीमा यस क्षेत्रको बासिन्दाको हकमा मद्रवृज्जयो भनिएको पाइन्छ भने प्राचीन अर्थशास्त्री कौटिल्यको साहित्यमा समेत बृजि तथा लिच्छवि सङ्घको उल्लेख पाइन्छ । डा.सुरेन्द्रमोहन प्रसाद (बज्जिका–हिन्दी कोश) ले स्पष्ट शब्दमा भनेका छन् – "भगवान बुद्ध ने जिस पालि भाषा मे उपदेश दिया वह बज्जिका से ही विकसित हुई है ।" गौतम बुद्धकी शिष्या आम्रपालीले बज्जिकामा सत्तरीवटा भजन लेखेको उल्लेख पाइनुले पनि बज्जिका अतिप्राचीन भाषा हो भन्न सकिन्छ । वैशालीबाट लिच्छविहरू नेपाल उपत्यका आएर लामो समयसम्म शासन सञ्चालन गरेको इतिहास छ । उनीहरूको युगलाई नेपालको इतिहासको स्वर्णयुग भनिन्छ । यस समयमा कलाको विकास निकै भएको भनिएको छ र अहिलेसम्म पनि लिच्छविकालीन चित्रकलाहरू प्राप्त भइरहेका छन् । कलाको विकास भएको पाइनुले त्यसबेला कुनै नाममा भए पनि बज्जिका भाषा र साहित्यको विकाससमेत भएको थियो भन्ने सहज अनुमान लगाउन

सकिन्छ । यी सबै साक्ष्य तथा तथ्य र अनुमानको आधारका साथै पाली भाषाको प्राचीनतालाई विचार गर्दा बज्जिका अति प्राचीन भाषाको रूपमा स्थापित हुन्छ । ठाकुर पराजुलीद्वारा सम्पादित कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्युस्तक (सबैको नेपाली) मा पृष्ठ २३२ मा भनिएको छ – "।।।।जुन वेला अहिलेको नेपाली भाषा कर्नालीको जुम्ला (सिँजा) क्षेत्रको खस समुदायमा जन्मेर विकसित हुँदै थियो, त्यसभन्दा धेरै पहिलेदेखि नेपालको बागमती उपत्यका, तराईका विभिन्न स्थान र पहाडका अनेकौं ठाउँमा संस्कृत, पाली, बज्जी, मैथली आदि भाषा बोल्ने मानिस विभिन्न सन्दर्भमा फैलिइ सकेका थिए ।" यस स्वीकारोक्तिले पनि बज्जिकाको प्राचीनतालाई धेरै हदसम्म पुष्टि गर्दछ ।

गुमनाम कै अवस्थामा बज्जिकाले आफ्नो यात्रा अगाडि बढाइरहयो । सम्भवतः राज्यभाषा भए पनि यसले नाम पाउन सकेन । डा.सूर्यमणि अधिकारी (नेपाली भाषाको इतिहास, पृष्ठ ६४) ले लेखेका छन् – "मकवानपुर र त्यस पश्चिमका सेन राज्यहरूमा बोलचाल र सम्पर्क भाषा पर्वत भए तापनि सरकारी कामकाजको भाषा लामो अवधिसम्म तराईका भोजपुरी, अवधी र मैथिली प्रभावित भाषा रहेको देखिन्छ ।" डा.अधिकारीले उल्लेख गरेझैं अहिले पनि बज्जिकालाई मैथिली र भोजपुरीको बीचको भाषा अथवा दुवैको मिश्रित भाषा अथवा दुवैको प्रभावबाट प्रभावित भाषा मान्नेहरूको कमी छैन । यसैलाई अझ पुष्टि गर्दै डा.अधिकारी आफ्नो तर्कलाई दोहोर्याउँछन् । डा। अधिकारी आफ्नो सोही पुस्तक (पृ.६४) मै लेख्छन् – "पाल्पा, तनहूँ, मकवानपुर र पूर्वका सेन राज्यका सरकारी लिखतहरूमा तराईका अवधी, भोजपुरी र मैथिली प्रभावित भाषा (जसलाई ब्रज भाषा वा खडी बोली पनि भनिन्छ) प्रयोग गरेको पाइन्छ ।

ग्रियर्सनलाई पनि यही अलमल थियो । कुनै प्रचलित नामको अभावमा ग्रियर्सनले यस भाषालाई कतै पश्चिमी मैथिली, कतै पूर्वी भोजपुरी र कतै मैथिली–भोजपुरी भाषाको नाम दिएका छन् । ग्रियर्सनको द्विविधात्मक स्थिति नेपालका भाषाविद्हरूमा पनि देखिन्छ । जुन नाम दिइए पनि वा कुनै नामै नदिइए पनि उक्त भाषा बज्जिका थियो भन्ने कुरो अब घामझैँ छर्लङ्ग भएको हुनुपर्छ । यसै कारण डा. प्रफुल्लकुमार सिंह मौनले बज्जिकाको भाषायी विकासको यात्रा सहस्राधिक वर्षको भएको उल्लेख गरेका छन् । नेपाल र भारत दुवैतिर बज्जिका भाषाको विषयमा खोज–अनुसन्धान हुँदा पनि कुनै अन्य भाषासित जोडेर हेर्ने गरिएको तथा अन्य भाषाको भाषिकाको रूपमा लिने गरिएको माथिका तथ्यहरूले स्पष्ट पार्दछन् । प्रसिद्ध भारतीय विद्वान राहुल सांकृत्यायनले यस भाषालाई अलग्गै नाम नदिएसम्म यस भाषाको विकासयात्रा अन्धकारमा रहेको देखिन्छ ।

यसरी हेर्दा बज्जिका भाषाको विकासयात्रा अनादिकालदेखि अन्धकारमै चल्दै आएकोले यस युगलाई अन्धकारकाल भनिएको हो । बज्जिका भाषाले आफ्नो नाम र पहिचान नपाउँदासम्मको अवस्थाको विकासयात्रा नै अज्ञात रहेकोले कतिपयले बज्जिकाको यस समयलाई अज्ञातकाल पनि मानेका छन् । अन्धकारकाल वा अज्ञातकालमा बज्जिका भाषा र साहित्यको विभिन्न पक्षमा थोर बहुत काम भएको पाइएको छ ।

४.५.२ बज्जिका भाषाको आधुनिक काल

बज्जिका भाषाको नामकरण भारतका महापण्डित राहुल सांकृत्यायनले गरेका हुन् । सांकृत्यायनले नामकरण गरेपछि नै यस भाषाको विकासयात्राले अन्धकारबाट उज्यालोतर्फ पाइलो चालेको हो । सन् १९४१ मा महापण्डित सांकृत्यायनले विशाल भारत र हंस पत्रिकामा प्रकाशित लेखहरूमा बज्जिका भाषाबारे विस्तृत चर्चा गरेका छन् ।

महापण्डित सांकृत्यायनको पुरातत्व निबन्धावलीको आज की समस्यामा मातृभाषा की समस्यामा समेत बज्जिका बारे चर्चा गरेको उल्लेख पाइन्छ । अति प्राचीन भाषा भए पनि सन् १९४१ मा यसले आफ्नो नामरूपी पहिचान पाएपछि यस भाषाको आधुनिक काल सुरु भएको हो । सन् १९४१ पछि यस भाषाको विषयमा खोज–अनुसन्धान तथा विकासको चेतनाको क्षेत्रमा पनि काम भएका छन् । त्यसो त प्राप्त तथ्यहरूको आधारमा जनकवि रहमतउल्ला (सन् १८७५–१९६४) को कृति 'जहुनामा' (सन् १९५०) लाई आधुनिक साहित्यको प्रस्थानबिन्दु मानिएको छ तर भाषाको क्षेत्रमा भने चेतनाको विस्तारमा औपचारिक र अनौपचारिक काम भने निरन्तर भएको पाइन्छ ।

भारतमा स्वतन्त्रता आन्दोलनको समयमा पनि बज्जिकाको विकासको पहल भएको पाइन्छ । बज्जिकाञ्चल क्षेत्रका हिन्दी लेखक तथा अनुसन्धान कर्मीहरूको समय समयमा शोध तथा लेखहरू प्रकाशन भएको पाइन्छ जसले बज्जिका भाषाको आन्दोलनलाई अगाडि बढाएको देखिन्छ । डा.विनोदिनी शर्माको बज्जिका के लोकगीतः वस्तुतत्व तथा रूपतत्व का विश्लेषण (बिहार विश्वविद्यालय, सन् १९५९) प्रकाशन भएपछि बज्जिका लोक साहित्य, भाषा तथा आधुनिक साहित्यमा नयाँ आयाम थपिएको पाइन्छ । बज्जिका भाषालाई जनमानसमा पुर्याउन सन् १९६३ मा श्रीरंग शाहीद्वारा सम्पादित तथा प्रकाशित बज्जिका मासिक पत्रिकाले अहम् भूमिका निर्वाह गरेको छ । यसपछि बज्जिका भाषामा अन्य पत्रिकाहरू पनि प्रकाशन हुन थालेको देखिन्छ । बज्जिका भाषालाई प्रतिष्ठित बनाउन जार्ज ग्रियर्सन र महापण्डित राहुल सांकृत्यायनले उपयुक्त पृष्ठभूमि तयार पारिदिएका थिए । त्यसपछि वैयक्तिक तथा सामूहिक प्रयासहरूमार्फत भाषिक चेतनाको आन्दोलन बढिरहेको थियो । यसै क्रममा बज्जिका संस्थान (सन् १९६३), बज्जिका विकास परिषद्

(सन् १९७२), बिहार बज्जिका साहित्य सम्मेलन (सन् १९७३), अखिल भारतीय बज्जिका साहित्य सम्मेलन (सन् १९७३), बिहार बज्जिका रचनाकार मञ्च (सन् १९८४), बज्जिका विकास मञ्च (सन् १९९०), बज्जी महासंघ (सन् १९९०), बज्जिका विद्यापीठ (सन् १९९१), बज्जिकाञ्चल विकास मोर्चा (सन् १९९२) ले बज्जिका भाषाको विकासमा संस्थागत प्रयास गरेका छन् ।

नेपाल र भारतका विभिन्न विश्वविद्यालयहरूले अध्ययन अनुसन्धानमा बज्जिका भाषा तथा साहित्यको विषयलाई अघि बढाइएका थुप्रै उदाहरणहरू भेट्न सकिन्छ । भारतमा बज्जिका भाषा र साहित्यको विभिन्न पक्षबाट दर्जनौं गहन अनुसन्धानात्मक कृति प्रकाशन भएका छन् । भाषाका विद्वान्हरूले पिएच.डी. तथा डि.लिट्. उपाधिहरू हासिल गरेका छन् । सयौं साहित्यिक कृतिहरू प्रकाशित छन् । दर्जनौं साहित्यिक पत्रिका प्रकाशन भएको पाइन्छ । यसरी भारतीय बज्जिकाञ्चल क्षेत्रमा आधुनिक कालमा बज्जिकाले विस्तारै विकास गर्दै गएको देखिएको छ । त्यस्तै गरी नेपालमा बज्जिका भाषाको चेतनाको विकास निकै ढिलो भएको देखिन्छ । वि.सं. २०४४ मा लोकसेवा आयोगको परीक्षामा मातृभाषा लेख्नुपर्ने ठाउँमा सर्लाहीका कमलेश्वरकुमार सिन्हाले सम्भवतः पहिलोचोटि बज्जिका उल्लेख गरेका थिए । अधिवक्ता मुद्रिकाप्रसाद सिंहले मातृभाषा बज्जिका रहेको बताएपछि लोकसेवाको फारममा कमलेश्वरकुमार सिन्हाले लेखेका थिए । वि.सं. २०५० को वार्षिक अङ्कमा हिमाल खबर पत्रिकाको पृष्ठ १४ मा डिल्लीराम दाहालको लेख तराईको विभाजित पहिचानमा रौतहट र सर्लाहीमा बज्जिका भाषा बोल्ने गरिएको उल्लेख गरिएको छ । यसपछि लोप हुँदै गएको भाषा – बाजिका शीर्षकमा सञ्जयकुमार साहले नेपालमै बज्जिका भाषा रौतहट र सर्लाहीमा बोल्ने गरेको र जानकारीको अभावमा लोपोन्मुख रहेको भनी पहिलोपल्ट महिमा

साप्ताहिक, काठमाडौँमा समीक्षात्मक लेख (३० अजोज २०५२ मा) प्रकाशित गरेको देखिन्छ । नेपालमा बज्जिका भाषाको बारेमा यहीबाट चेतनाको विकास हुन थालेको पाइन्छ । सञ्जयकुमार साह बिकेको नाममा मकवानपुरको झरना साहित्यिक पत्रिकाको १३औँ अङ्क (२०५४ कात्तिक–चैत्र, सम्पादक –रवीन्द्रकुमार गौतम र जनार्दन खनाल) मा फरक शीर्षकमा लघुकथा प्रकाशित छ ।

वि.सं. २०५८ को राष्ट्रिय जनगणनामा पहिलो चोटि बज्जिका भाषाले प्रवेशको सम्मान पाएको थियो । रामवाण प्रकाशन हेटौँडा (मकवानपुर) ले सञ्जय साहको कृति पच्चीस डेङ कविता सङ्ग्रह प्रकाशन (वि.सं.२०६१) गरेको छ । नेपालीय बज्जिकाको पहिलो साहित्यिक कृति नै यही हो । यहींबाट नेपालीय बज्जिकाको औपचारिक साहित्यिक यात्रा सुरु भएको छ । नेपालमा बज्जिका भाषा र साहित्यको पहिलो गोष्ठी रौतहटको समनपुरमा भएको थियो । २०६३ मङ्सिरमा शङ्कर गुदर माध्यमिक विद्यालय समनपुरको आयोजना तथा विद्यालयको समनपुष्प बाल साहित्य समितिको सक्रियतामा भएको पहिलो बज्जिका गोष्ठीको संयोजन विद्यालयका तत्कालीन प्रधान शिक्षक शिवचन्द्र साह र नेपाली शिक्षक रमेशमोहन अधिकारीले गरेका थिए । नेपाल बज्जिका परिषद बज्जिका भाषाको पहिलो सङ्गठनको रूपमा रहेको छ । शेख चाँद अलिको अध्यक्षता रौतहटमा यस संस्थाको गठन २०६३ चैतमा भएको थियो । बज्जिकार्पण साहित्यिक त्रैमासिक बज्जिका भाषाको पहिलो साहित्यिक पत्रिका हो । सञ्जय साह मित्र प्रधान सम्पादक तथा लालप्रसाद चिन्तन र चञ्चल चाँद सम्पादक रहेको बज्जिकार्पण साहित्यिक चौमासिकको पहिलो अङ्क २०६४ (वैशाख–असार)मा प्रकाशित भएको थियो । रौतहट सदरमुकाम गौरमा २०६३ मा स्थापित रौतहट एफएमले २०६४ देखि बज्जिका भाषामा पहिलोचोटि समाचार सुरु गरेको

थियो । रेवन्त झाद्वारा स्थापित एफएमले खबर संसार भनेर सञ्जय मित्रको सल्लाहमा प्रेमचन्द्र झाको सम्पादनमा सुरु भएको बज्जिका भाषाको समाचारको गौतम श्रेष्ठ प्रथम समाचार वाचक हुन् ।

बज्जिका साहित्यकारहरूका लागि स्थापित पहिलो पुरस्कार धर्मनाथप्रसाद जयसवालले स्थापना गरेका छन् । बज्जिकार्पण साहित्यिक पत्रिकामा प्रकाशित वर्षभरिका कवितामध्ये उत्कृष्ट एकजनालाई जयसवालले स्थापना गरेको तुलसी साहित्य पुरस्कार प्रदान गरिन्छ । जयप्रकाश यादवले शीतलपुर साप्ताहिक नामक अखबारको प्रकाशन बज्जिका भाषामा गरेर पत्रकारिताको क्षेत्रमा नयाँ आयाम थपेका हुन् । दिनेश संगमले भने बज्जिका वाणी अनलाइन सञ्चालन गरेर बज्जिकालाई वेबको दुनियाँमा पहुँच दिएको देखिन्छ । गायक सञ्जय महतो राजले बज्जिका भाषामा पहिलोचोटि बज्जिका समाज नामक गीति एल्बम निकालेका छन् । यसअघि सञ्जय मित्रको शब्दमा विजय यादव निर्बिजले रेडियो मधेस मसला एफएमको स्टेशन आइडीमा स्वर दिएका थिए । यसरी नेपालमा बज्जिका भाषाको विकासले गति लिएको देखिन्छ । बज्जिकाको वर्तमानलाई विचार गर्ने हो भने बज्जिका भाषामा साहित्य सिर्जना भइरहेको छ, पत्रपत्रिका प्रकाशनरत छन्, दर्जनजति एफएम रेडियोमा बज्जिका भाषामा समाचार तथा कार्यक्रमहरू सञ्चालनमा छन्, सङ्घ संस्थाहरूले काम गरिरहेका छन्, केही स्थानीय सरकारले सहयोग गरिरहेका छन्, युवाहरूमा आफ्नो मातृभाषा बज्जिका हो भन्ने चेतनाको विस्तार भइरहेको छ । बज्जिका भाषाको विकास देशमा प्रजातन्त्रको पुनप्राप्ति पश्चात् नै भएको देखिन्छ भने मुख्यतः गणतन्त्रको स्थापनापछि बज्जिका भाषाको विकासले गति लिएको देखिन्छ । यद्यपि बज्जिका भाषाको वर्तमान अवस्था पनि सन्तोषजनक रहेको देखिँदैन ।

४.६ बज्जिका साहित्य

बज्जिका साहित्य भनेको बज्जिका भाषाको साहित्य हो । बज्जिका भाषाको साहित्य भनेको बज्जिका भाषा लेखिएको साहित्य हो, बज्जिका भाषाको लागि लेखिएको साहित्य र बज्जिका भाषा तथा साहित्यको समालोचना पनि हो । बज्जिका लोक जीवनमा रहेका अनेक लोक अभिव्यक्ति लोक साहित्य पनि बज्जिका साहित्य हो । बज्जिका भाषालाई तीन हजार वर्ष पुरानो मानिएको छ । भगवान गौतम बुद्धकी अनुचर आम्रपालीले मातृभाषा बज्जिकामा सत्तरीवटा भजन लेखेको उल्लेख पाइन्छ । बज्जिका भाषाको प्रारम्भ यहीबाट भएको हो । अजातशत्रुले प्राचीन बज्जिका साहित्यलाई पनि नष्ट गरेका थिए भनिन्छ । सन् १०४५ मा वैशालीका रचनाकार गयाधर दासले बज्जिका भाषामा साहित्य रचना गरेका थिए भन्ने कुरो शीतल गिरीको बज्जि र बज्जिका (पृष्ठ १५) मा उल्लेख गरेका छन् । सन् १४५६ मा सन्त कवि कबीर दासले आफ्नो पन्थको यस क्षेत्रमा प्रचारका लागि बज्जिका भाषामा पनि रचना गरेका थिए । मुजफ्फरपुरका श्री हलधर दासले सन् १५६५ मा बज्जिका भाषामा सुदामा चरित्र खण्डकाव्य लेखेका थिए । सन् १८१५ तिर मंगनीरामले उषाहरण, मंगनीराम की साखी, राम सागर पोथी र अनमोल रतन गरी चारवटा कृतिबाहेक अन्य थुप्रै भजनहरू पनि लेखेको पाइन्छ । नन्दराम दास तथा रघुनाथ दासले शब्द संहिता प्रमोदबाजीको रचना बज्जिका भाषामा नै गरेको पाइन्छ ।

बज्जिका भाषाको आधुनिक साहित्य मो. रहमतुल्लाहबाट सुरु हुन्छ । सन् १९५० मा जनकवि रहमतुल्लाहले जहुनामा कृतिको सिर्जना गरेको इतिहास छ । आधुनिक बज्जिकाको सुरुआत यहीँ कृतिबाट भएको देखिन्छ । जहुनामाबाट सुरु भएको बज्जिका भाषाको साहित्येतिहासमा भारतमा करिब एक सय पचास कृति थपिएका छन् । बज्जिका भाषामा

विभिन्न विधाको साहित्य, अनुसन्धान तथा खोज, लोक साहित्य, लोक गाथा, व्याकरण लगायतका कृतिहरू प्रकाशनको क्रम बढेको छ । नेपालमा बज्जिका भाषाको साहित्यले विस्तारै गति लिन थालेको देखिन्छ । नेपालीय बज्जिका भाषाको साहित्यमा प्रकाशित कृतिहरूबारे खण्ड तीनमा चर्चा भइसकेको छ ।

४.७ बज्जिका अनुसन्धान

बज्जिका भाषाको इतिहासमा अनुसन्धानको पनि ठूलो महत्व छ । भारतीय भाषाविद्हरूले बज्जिका भाषाको क्षेत्रमा गहनतम् अनुसन्धानहरू गरेका छन् । डा. अजितनारायण सिंह तोमरको बज्जिका भाषा मुहावरें और कहावतें (सन् १९६१), मुनीश्वर राय मुनीशको बज्जिसंघ/बज्जिका लोकसाहित्य (सन् १९६८), रमन शाण्डिल्यको सम्पादनमा प्रकाशित बज्जिका साहित्य (सन् १९७१), रमण शाण्डिल्यको जनपदीय भाषा के स्वरूप (सन् १९७५), मुनीशकै बज्जिका एक सांस्कृतिक सर्वेक्षण (सन् १९७७), डा. योगेन्द्रप्रसाद सिंहको बज्जिका भाषा के कतिपय शब्दों का आलोचनात्मक अध्ययन (सन् १९८७०, डा. सिंहकै बज्जिका का स्वरूप (सन् १९९१), डा. प्रफुल्लकुमार सिंह मौनको बज्जिका साहित्य का इतिहास (सन् १९९५), ईश्वरचन्द्र प्रसादको बज्जिकांचल का इतिहास (सन् २००९), बज्जिकांचल का लोकसाहित्य और संस्कृति (सन् २०१५) आदि प्रमुख छन् । अन्य प्राज्ञिक अनुसन्धानहरू पनि भारतमा गरिएका छन् । यसै गरी डा. विमलेश्वर झाले हिन्दी और बज्जिका की व्याकरणिक कोटियों का तुलनात्मक अध्ययन (सन् १९८२), डा. शान्ति कुमारीले बज्जिका लोककथा साहित्य (सन् १९८३), डा. योगेन्द्रप्रसाद सिंहले बज्जिका की धातुओं एवम् क्रियारूपों का अध्ययन (सन् १९८५), डा. रणवीरकुमार राजनले बज्जिका के कतिपय पुरुषवाची नामों का भाषावैज्ञानिक अध्ययन (सन् १९८६), डा. मथुराप्रसाद शर्माले बज्जिका

और असमिया संस्कार गीतोंका तुलनात्मक अध्ययन (सन् १९८७), डा. प्रणयकुमारको बज्जिका लोककला का सांस्कृतिक अध्ययन (सन् १९९३) पनि बज्जिका शोधसाहित्य क्षेत्रका महत्वपूर्ण उपलब्धिहरू हुन् ।

नेपालमा भने सञ्जयकुमार साहको २०५२ मा काठमाडौँको महिमा साप्ताहिकमा प्रकाशित लेख लोप हुँदै गएको भाषा – बाजिकामा नै अनुसन्धान झल्को पाइन्छ । आधिकारिक रूपमा नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित शीतल गिरीको बज्जि र बज्जिका (२०७) नै पहिलो औपचारिक अनुसन्धानात्मक कृति हो । राजदेवी एफएमबाट २०७१ मा प्रकाशित सञ्जय मित्रको अनुसन्धानमूलक लेख निबन्धहरूको सङ्ग्रहमा नेपालमा बज्जिका भाषा पनि आफैमा महत्वपूर्ण कृति हो ।

माथि उल्लिखित बाहेक त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा विभिन्न अनुसन्धानहरू गरिएका छन् । बज्जिका भाषामाथि शोधपत्र लेख्ने क्रममा सन् २००५ मा मुकेशप्रसाद पटेलले Passivization In English and Bazzika : A Comparative Linguistic Study शीर्षकमा, सन् २००६ मा सीताराम राउतले Negative And Interrogative Transformations In English And Bazzika : A Comparative Linguistic Study शीर्षकमा, सन् २००७ मा देवेन्द्र साहले PluComparative Study शीर्षकमा, सन् २००९ मा राम रेखा रायले Verbal Morralization Of Nouns In English And Bazzika : A phology In Bazzika शीर्षकमा, सन् २००९ मा नै उमेशकुमार यादवले Sociolinguistic Servey In Bazzika शीर्षकमा, सन् २०१० मा वीरेन्द्रप्रसाद साहले Nominal Morphology In Bazzika शीर्षकमा गहन अनुसन्धान गरेका छन् । यी अनुसन्धानहरू अङ्ग्रेजी विभागसित सम्बन्धित देखिन्छन् । यसै गरी त्रिभुवन विश्वविद्यालयकै मानविकी तथा समाजशास्त्र सङ्कायमा स्नातकोत्तर तहमा सन् २००९ मा डा.दुविनन्द ढकालको सुपरीवेक्षणमा ९ जनाको

समूहले 'बज्जिका भाषाको स्थलगत प्रतिवेदन' तयार पारेका थिए । रामविश्वास प्रसादले २०६८ मा बज्जिका र नेपाली भाषाको वाक्य गठनको व्यतिरेकी अध्ययन शीर्षकमा त्रिभुवन विश्वविद्यालयमा अनुसन्धान गरेका छन् । रामअधार पासवानले २०६९ मा त्रिभुवन विश्वविद्यालयमा नै नेपाली र बज्जिका भाषाको वाक्य गठनको व्यतिरेकी विश्लेषण शीर्षकमा शोध अनुसन्धान गरेका छन् । रामविश्वास प्रसाद र रामअधार पासवानको शोधको शीर्षक झण्डै उस्तै रहे पनि दुई अलग अलग क्याम्पसको भएकाले दुवैमा सामान्य भिन्नता रहेको पाइएको छ । यसैगरी त्रिभुवन विश्वविद्यालय भाषाविज्ञान केन्द्रीय विभागका प्रा.डा.दानराज रेग्मीको नेतृत्वको टोलीले सर्लाही जिल्लाको मलङ्गवा तथा बरहथवा र रौतहट जिल्लाको गरुडा, कटहरिया र गौरमा बज्जिकाको स्थलगत सर्वेक्षण गरी अनुसन्धानात्मक प्रतिवेदन तयार पारेको थियो । बज्जिका भाषाको अध्ययन तथा अनुसन्धानहरूले भाषाको विकासमा महत्वपूर्ण योगदान दिएको स्पष्ट छ । बज्जिका भाषाको अनुसन्धान क्षेत्रमा अञ्जु पटेल, शिवेन्द्र साह, रामजी राय यादवलगायतले पनि महत्वपूर्ण योगदान दिएका छन् । प्रा.डा. योगेन्द्रप्रसाद यादवले बज्जिकामाथि गहन अनुसन्धानमूलक कार्यपत्र (२०७६, बलरा, सर्लाही) प्रस्तुत गरेका छन् । बज्जिका भाषा र साहित्यको क्षेत्रमा यस प्रकारका थप अनुसन्धानको आवश्यकता रहेको छ ।

४.८ बज्जिका गीत–सङ्गीत

बज्जिका भाषाको आधुनिक गीत–सङ्गीतले खासै प्रगति गर्न सकेको छैन । बज्जिका लोक जीवनको हरेक क्षेत्रमा गीतको प्रचलन रहेको छ । बज्जिका लोकगीत र आधुनकि गीतका केही पुस्तक भारतबाट प्रकाशित भएका छन् । ती पुस्तकहरूमा मुनीश्वर राय मुनीशको झाँझके झनक (सन् १९५८), डा. अवधेश्वर अरुणको सोना के बँसुरी मे माटी के

गीत (सन् १९७१), डा. रामेश्वर प्रसादको बज्जिका लोकगीत सङ्ग्रह (सन् १९७६), डा. ब्रह्मदेव कार्यीको कोहबर के कनिआ (सन् १९९६), ज्वाला सांध्य पुष्पको कथिला करार कएल (सन् १९९६), प्रो. हरेन्द्र सिंह विप्लवको बज्जिका लोक तरंग (सन् १९९८), डा. रामेश्वर प्रसादको बज्जिका गीत–सङ्गीत (सन् २०००, डा. रामेश्वर प्रसादकै बज्जिका स्वर–सङ्गम (सन् २०००), डा. के.पि. श्रीवास्तवको सङ्गीत सरोवर (सन् २००२), डा. व्रजनन्दन वर्माको लोकरंग के फुहार (सन् २००७), प्रो. डा. रामबुझावन सिंह र डा. मिथिलेशकुमारी मिश्रको बज्जिका संस्कार गीत (सन् २०१२), अमरनाथ मेहरोत्राको गीत गाओ बंजारा (सन् २०१३) प्रमुख हुन् । यसै गरी प्रो. हरेन्द्रसिंह विप्लवको बिजुरिया न हए कनखी चाले बदरा (सन् १९८२), निर्मल मिलिन्दको तरहत्थी पर तरेगन (सन् १९९९), ध्रुवकुमारको स्वरलिपि हम्मर बज्जिका गीत के (सन् १९९९) डा. अवधेश्वर अरुणको गीत शारदा (सन् २००९) पनि प्रकाशित भएका छन् ।

नेपालमा भने बज्जिका लोकगीतको कुनै कृति प्रकाशित भएको छैन । विभिन्न पत्रपत्रिकामा भने चाडपर्व र संस्कृतिसम्बन्धी गीतहरू प्रकाशित भएका छन् । अमेरिकामा रहेका विश्वराज अधिकारीको बड्मतीसे लमहा आधुनिक बज्जिका गीत सङ्ग्रह (२०७३) प्रकाशित छ । गीतको पूर्णता स्वरसित प्रेम र सङ्गीतसित विवाहमा हुन्छ । आधुनिक बज्जिका गीत–सङ्गीतको क्षेत्रमा नेपालमा भने केही सकारात्मक काम भएका छन् । रेडियो मधेस मसला एफएम गरुडाको स्टेशन आइडी बज्जिकामा रहेको छ । स्टेशनको शीर्षगीत सञ्जय मित्रले लेखेका हुन् । गीतमा विजय यादव निर्बिजको स्वर रहेको छ । गीतमा सङ्गीत दिएका छन् रामबाबु पटेलले । यसपछि सञ्जय राजको बज्जिका समाज एलबम सार्वजनिक भएको थियो । एलबममा नथुनी बसेरा र सञ्जय राजको स्वर रहेको थियो । यसपछि चन्दन पटेल र रवीन्द्र पटेल, सुरजनारायण झा आदिको एलबम

पनि आइसकेको छ । मुख्य गरी धार्मिक गीतहरू गाउने पटेलद्वयको बज्जिका जागरण गीत पनि रहेका छन् । शेख चाँद अलिको लेखन, गायन तथा अभिनयमा दुई बज्जिका गीति एलबम पनि सार्वजनिक छन् । अलिले आफैंले अभिनय गरेको एलबमलाई युट्युबमा समेत राखेका छन् । बृजकिशोर सहनीले पनि बज्जिकामा गीत लेखेका र गाएका छन् । अन्य केहीले बज्जिका भाषामा लेखेका आधुनिक गीत पत्रपत्रिकामा प्रकाशित छन् । बज्जिका भाषाको गीत–सङ्गीतको क्षेत्रमा नेपाल र भारत दुवैतिर खासै उल्लेखनीय काम हुन सकेको छैन । गीतको लेखनकार्यले केही गति लिएको भए पनि अन्य काम भने खासै भएको पाइँदैन । लोकगीतलाई संरक्षण गर्ने क्षेत्रमा पनि सकारात्मक पहलको आवश्यकता रहेको देखिन्छ ।

४.९ बज्जिका भाषाका चुनौतीहरू

बज्जिका भाषाको तीन हजार वर्ष लामो इतिहास भए पनि यसको उपयुक्त ढङ्गले विकास हुन सकेको छैन । झन्डै लोप भइसकेको अति प्राचीन भाषा बज्जिकाले पहिचानको पहिलो खुड्किलो आफ्नो नाम भने सन् १९४१ मा राहुल सांकृत्यायनबाट पाएको थियो । यस भाषाले अनेक सङ्क्रमण, अनेक सङ्कट तथा अनेक उतारचढाव बेहोर्दै आफूलाई बचाउन सकेको भने स्पष्ट छ । लोक जीवनमा हजारौँ वर्षदेखि बाँचिरहन सफल बज्जिकामा साहित्यलेखन यसले नाम पाउनुभन्दा पहिलेदेखि नै भएको पाइन्छ । कमसेकम एक हजार वर्षपहिले यस भाषामा साहित्य सिर्जना गरिएको उल्लेख गरिएको पाइन्छ । बज्जिका भाषामा लेखिएका कैयौँ महत्वपूर्ण सामग्रीलाई अन्य भाषाभाषीले आफ्नो भनी दाबी गरिसकेका छन् । मुख्यतया शासनको संरक्षण पाउन नसकेको बज्जिकाको पहिचान नेपाल त झन् २०५० पछिमात्र भएको हो । यस भाषाका अगाडि अनेक

चुनौतीहरू रहेका छन् । ती चुनौतीहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छः

क) **पहिचानको समस्याः** बज्जिकाले आफ्नो पहिचानको लागि पनि सङ्घर्ष गर्नु परिरहेको छ । कतिपयले यस भाषालाई भाषा नै होइन, कतिपयले यसलाई फलानो भाषाको भाषिका हो, कतिपयले त अझ बोली वा उपबोलीको संज्ञा दिइरहेका छन् । भाषाविज्ञानको आधार, नेपालको राष्ट्रिय जनगणना, २०५८, २०६८ को प्रतिवेदन तथा हजारौँ वर्षको इतिहासलाई नजरअन्दाज गरी यसको अस्तित्वलाई नै अस्वीकार गरिनु यसको ठूलो चुनौती र भूल हो, ।

ख) **भूगोल र सीमाको समस्याः** हुन त भाषाको भौगोलिक सीमालाई रेखाङ्कन गर्नु कठिन कार्य हो र यसलाई राजनैतिक इकाइजस्तै रेखाङ्कन गर्न पनि सकिँदैन । तर पनि भारत र नेपाल दुवैतिर बज्जिका भाषाको भूगोल र सीमाको विषयमा विवाद रहेको छ । नेपालमा तथ्यहरूले प्रदेश दुईको धनुषादेखि बारासम्मको भूगोलमा बज्जिका मातृभाषाको रूपमा बोल्ने गरिएको उल्लेख पाइए पनि कतिपयले बज्जिकालाई भाषाकै रूपमा स्वीकार नगर्ने र स्वीकारे पनि रौतहट र बाराको भाषा हो भन्ने गरेका छन् । यस भाषाको भूगोल र सीमाको विवाद पनि एउटा चुनौतीकै रूपमा रहेको छ । यद्यपि यस भाषाबारे बढ्दै गएको चेतनाले यस समस्याको समाधान कालान्तरमा आफैँ हुने विश्वास छ । स्मरणीय कुरो, नेपाल सरकारले राष्ट्रिय जनगणना, २०५८ र २०६८ मार्फत बज्जिका भाषाको अस्तित्व स्वीकारी सकेको अवस्थामा बज्जिका भाषा नै होइन भन्नु सर्वथा उचित होइन।

ग) **मानकको समस्याः** कुनै पनि भाषाको मानकको निर्धारणले भाषाको स्तरीय रूपलाई जनाउँछ । यो परिवर्तनशील हुन्छ । मानकको परिवर्तनशीलताले पनि कहिलेकाहीँ भाषामा समस्या ल्याउँछ । नेपालीय बज्जिका भाषाको मानकता पनि एउटा चुनौतीको रूपमा रहेको छ । नेपालमा बज्जिका साहित्यका कृतिहरू तथा प्रकाशित भइरहेको साहित्यिक पत्रिकाले मानकताको प्रयास भएको देखिन्छ किनभने देवनागरीको वर्तमान लिपि तथा वर्णविन्यासलाई आधार बनाएर अगाडि बढेको छ तर पनि केहीले फरक वर्णविन्यास प्रयोग गरिरहेका छन् । विकासोन्मुख अवस्थामा रहेको बज्जिकाको मानकीकरण पनि एउटा चुनौती हो । यद्यपि हरेक जीवित भाषामा यस प्रकारको समस्या रहेको हुन्छ जसले भाषामा केही चुनौती सिर्जना गरेको हुन्छ ।

घ) **भाषिका पहिचानको समस्याः** नेपालको अन्य भाषाहरूमा भएजस्तै सम्पूर्ण बज्जिका भाषी क्षेत्रमा भाषिक एक रूपता पाइन्न । भाषावैज्ञानिकहरू भाषामा भेद हुनुलाई सामान्यरुपमा लिन्छन्। भौगोलिक-क्षेत्रीय, सामाजिक-सांस्कतिक र समयको अन्तरालमा भाषामा धेरथोर भेद र फरक आउनसक्छ। अतः बारादेखि धनुषासम्म बोलिने नेपालीय बज्जिकाको कम्तीमा पाँच भेद छन् । आफनो भाषिकालाई मात्र मानक ठान्ने, अरू भाषिकाहरू यसैमा समायोजन हुनुपर्ने सोंच प्राय सवै भाषिक समुदायमा रहनुले समस्याको हल निकाल्न कठिन हुन्छ। यस विषयमा पर्याप्त भाषावैज्ञानिक अध्ययन-अनुसन्धान र चेतनाको विस्तार हुन सकेको छैन जसले गर्दा बज्जिका मातृभाषी बीच नै अन्योल र अविश्वासको वातावरण रहेको छ । भाषा, भाषिका तथा

बोलीमा पाइने भिन्नता र कथ्य तथा लेख्य भाषाको भिन्नता बारे रहेको अज्ञानताले गर्दा भाषिका पहिचान र मानक निर्धारणमा समस्या सिर्जना हनु आफैँमा एउटा चुनौतीको रूपमा उभिएको छ ।

ङ) **सचेत मातृभाषीको उदासिनताः** बज्जिका मातृभाषी सचेत नागरिकहरू भाषा वा मातभाषाको विषयमा कम सम्वेदनशील छन् । भाषालाई विचार अभिव्यक्तिको माध्यम मात्र ठान्ने तथा जुन परिवेशमा रहे पनि त्यहीको भाषा प्रयोग गरेर आफ्नो मातृभाषाप्रति सचेत नरहने तथा मातृभाषाबारे सार्थक विमर्श गर्ने विषयमा उदासिन छन् । सचेत बुद्धिजीवी बज्जिका मातृभाषीहरू भाषाप्रति सचेत नहुनु एउटा गम्भीर चुनौतीको रूपमा रहेको छ ।

च) **सरकारी उदासिनताः** २०५८ सालको राष्ट्रिय जनगणनाको अन्तिम परिणाम आउनुभन्दा पहिले बज्जिका भाषालाई कुनै पनि सरकारी निकायले भाषाको रूपमा सम्मान दिएको पाइँदैन । देशमा भाषा र साहित्य सम्बन्धी आधिकारिक अनुसन्धान गर्ने संस्था भए पनि देशको यस प्राचीन भाषाबारे कुनै पनि काम नगर्नु आफैँमा विडम्बना थियो । देशमा गणतन्त्र आइसकेपछि पनि सरकारी नियन्त्रणमा रहेको गोरखापत्र राष्ट्रिय दैनिक बाहेक अन्य निकायले यस भाषाप्रति खासै चासो नदिएको यथार्थ हो । सरकार र सरकारी निकायको उदासिनता यस भाषाको चुनौतीको रूपमा रहेको छ । हाल भाषा आयोगको गठनले केहि आशा भने जगाएकोछ।

छ) **निरक्षरताः** बज्जिका मातृभाषी क्षेत्र देशकै सर्वाधिक निरक्षर भूगोलको रूपमा रहेको छ । जहाँ निरक्षरता छ र जहाँ अशिक्षाको अन्धकार व्याप्त छ त्यहाँका मानिसको मस्तिष्कमा भाषिक चेतनाको उज्यालो कसरी आउँछ र निरक्षरता पनि भाषिक जागरण एवम् सचेतनाको स्वयम् सिद्ध चुनौती हो ।

ज) **मानव विकास सूचकाङ्कमा पछाडि पर्नुः** नेपालमा समृद्ध मातृभाषी क्षेत्रको भूगोलका बासिन्दाको मानव विकास सूचकाङ्ककको तुलनामा बज्जिका मातृभाषी भूगोलको मानव विकास सूचकाङ्क अत्यन्त न्युन रहेको छ । मानव विकास सूचकाङ्कले मानिसको जीवनस्तर र चेतनास्तरलाई प्रभावित पार्ने हुँदा भाषाको चेतनास्तर पनि प्रभावित हुने हुन्छ । न्युन मानव विकास सूचकाङ्क पनि बज्जिका भाषाको विकासको चुनौती हो ।

झ) **प्राज्ञिक चेतनाको अभावः** बज्जिका मातृभाषी प्राज्ञिक व्यक्तित्व तथा बज्जिका मातृभाषी क्षेत्रमा बसोबास गर्ने अन्य मातृभाषाका प्राज्ञिक व्यक्तित्व र देशका अन्य विशिष्ट प्राज्ञिक व्यक्तित्वहरूमा बज्जिका भाषाप्रति खासै सम्यक दृष्टिकोण रहेको पाइएको छैन । मुख्य गरी बज्जिका मातृभाषी र बज्जिका मातृभाषी क्षेत्रमा बसोबास गर्ने अन्य मातृभाषी प्राज्ञिक व्यक्तित्वहरूमा बज्जिका प्रज्ञाको अभाव रहेको छ । बज्जिका प्रज्ञा प्रस्फुटन हुन सकेको छैन । यसले गर्दा बज्जिकाको अपेक्षित विकास हुन सकेको छैन । यो एउटा विशिष्ट चुनौती हो ।

ञ) **आजीविकाको आधार बन्न नसक्नुः** समृद्ध भाषाहरूमा आजीविकाको आधार पनि हुन्छ । बज्जिका भाषामा रोजगारीको

अवसर खासै छैन । शिक्षा तथा सञ्चार जस्ता क्षेत्रमा यस भाषाको व्यावसायिक पहुँच खासै हुन सकेको छैन । कतिपय एफएम रेडियोहरूमा आफ्नो उत्पादनको समाचार बज्ने गरेको छ तर यो पर्याप्त होइन । बज्जिका मातृभाषी क्षेत्रमा पनि सञ्चारको माध्यमभाषा अन्य भाषाहरू नै रहेका छन् । शिक्षाको माध्यम भाषाको सवाल पनि यही हो । कार्यालयीय प्रयोजनको भाषा यो हुन सकेको छैन । यी चुनौतीहरूले गर्दा बज्जिकाको विकास अपेक्षित हुन सकेको छैन ।

झ) **मनोरञ्जनात्मक सामग्रीको अभावः** बज्जिका लोकगीत तथा लोकनृत्यमा सम्पन्न भाषा हो तर बज्जिकामा बज्जिका गीत–सङ्गीत तथा कलाकारिताको विकास हुन बाँकी छ । गीत–सङ्गीत र कलाकारिताले भाषाको विकासमा ठूलो योगदान दिने हुन्छ । बज्जिका मातृभाषी क्षेत्रमा अन्य भाषाकै गीत–सङ्गीत र कलाकारिताको प्रभुत्व रहेको छ । आधुनिक युगको अनुकूल मनोरञ्जनका साधन तथा माध्यमहरू गीत–सङ्गीत, कलाकारिता, टेलिभिजन, सिरियल, सिनेमा आदि क्षेत्रमा यो भाषा पछाडि परेको छ । यसले गर्दा यो भाषा विस्तारै अन्य भाषाभन्दा पछाडि पर्दै गएको छ । यो पनि यसको एउटा चुनौतीकै रूपमा रहेको छ ।

ट) **सकारात्मक दृष्टिकोणको कमीः** बज्जिका मातृभाषी र अन्य मातृभाषी समेतको बज्जिका भाषाप्रति सकारात्मक दृष्टिकोणको अभाव रहेको छ । बज्जिका भाषाले अपेक्षित विकास गर्न नसक्नुमा यस भाषाप्रति सकारात्मक दृष्टिकोणको अभाव हुनु पनि हो ।

ठ) **राजनैतिक संरक्षणको अभावः** बज्जिका मातृभाषालाई राजनैतिक संरक्षणको अभाव रहेको छ । कोही पनि राजनेता

वा राजनैतिक दलको प्रत्यक्ष संरक्षण यस मातृभाषाप्रति रहेको छैन । अहिलेसम्म कुनै पनि राजनैतिक दलले घोषणा पत्रमा वा कोही पनि उम्मेदवारले आफ्नो प्रतिबद्धता पत्रमा बज्जिका मातृभाषाको विकास गर्ने भनी विकासको ठोस खाका प्रस्तुत गरेका छैनन् । लोक जीवनमा विस्तारै स्वतःस्फूर्त चेतनाको सामान्य विस्तार भइरहेको देखिन्छ यस भाषाको । अन्य भाषालाई राजनीतिको हतियार बनाएर प्रस्तुत गरिएको भए पनि बज्जिकालाई राजनीतिको अङ्ग कतैबाट नबनाइनुले पनि बज्जिका मातृभाषाको विकासमा अवरोध सिर्जना हुने गरेको छ ।

ङ) **अपर्याप्त अनुसन्धानः** भाषाको अध्ययन तथा अनुसन्धान हुने निकायबाट बज्जिकाको आधिकारिक अनुसन्धान निकै कम भएको छ । यसै गरी बज्जिका मातृभाषीहरूबाट पनि यस भाषाको खासै अनुसन्धान भएको पाइँदैन । अनुसन्धानप्रतिको सर्वपक्षीय उदासिनता पनि यसको एउटा चुनौतीको रूपमा रहेको छ ।

ढ) **अन्य भाषाको बढ्दो प्रभावः** बज्जिका भाषाको चारैतिर समृद्ध भाषाहरू छन् । नेपालीय बज्जिकाको पूर्वी छिमेकी भाषा मैथिली, पश्चिमी भाषा भोजपुरी, उत्तरमा नेपाली र दक्षिणमा हिन्दी र बज्जिका सबै समृद्ध छन् । विद्यालयदेखि विश्वविद्यालयसम्मको शिक्षाको माध्यम नेपाली र अङ्ग्रेजी भाषा छन् । टेलिभिजनमा हिन्दी च्यानलहरू (समाचार र सिनेमा) यस क्षेत्रमा सर्वाधिक रुचाइन्छन् । हिन्दी सिनेमाको प्रभावले अंग्रेजीको पनि प्रभावलाई विस्तार गरेको छ । सार्वजनिक मञ्चहरूमा नेपाली वा हिन्दीको प्रयोगलाई स्तरीय मानिन्छ । मनोरञ्जनको मञ्च (गीत, नृत्यका स्टेजहरू) मा भोजपुरीको एकाधिकार जस्तै छ । यसको प्रभाव कथ्यमा पर्दै

गएको छ । यसरी विभिन्न माध्यमले अन्य विभिन्न भाषाको प्रभावको विस्तार पनि चुनौतीकै रूपमा रहेको छ ।

ण) **अन्य भाषाप्रतिको आकर्षणः** रोजगारी, आमसञ्चार, साहित्यमा प्रकाशनको सहुलियत, शीघ्र नाम कमाउने लालसा, आर्थिक उपार्जन तथा हेय मनोविज्ञान आदिका कारणले बज्जिका मातृभाषीको अन्य भाषाप्रति आकर्षण रहेको छ । आफ्नो मातृभाषाप्रति गर्व गर्न सक्ने वातावरणको मनोविज्ञान नपाउनु र भौतिक कारणले अन्य भाषाप्रति आकर्षित हुनु पनि यस भाषाको लागि एउटा चुनौती नै हो ।

त) **प्राविधिक शब्दको कमीः** बज्जिका भाषाले भर्खर साहित्य र सञ्चार क्षेत्रमा आफ्नो पाइलो बढाउन थालेको छ । भाषा, साहित्य, कानुन, सञ्चार, शिक्षा, विज्ञान, प्रविधि, उपकरणजस्ता अनेक क्षेत्रमा प्रयोग हुने विभिन्न प्राविधिक शब्दहरूको बज्जिका भाषामा कमी रहेको छ । यी यस्ता प्राविधिक पारिभाषिक क्षेत्रका शब्दहरूको अभावमा प्रायः अंग्रेजी भाषाका शब्दहरूको प्रयोग गरिएको पाइन्छ ।

ज) **विविधः** बज्जिका भाषाको साहित्य–रचनाले प्रकाशन, प्रसारणको अवसर नपाउनु, बज्जिका भाषाको विकासमा निरन्तर लाग्नेले पनि कतैबाट प्रोत्साहनको अवसर नपाउनु, बज्जिकाको रचनाकारका लागि कुनै पुरस्कारको व्यवस्था नहुनु, आफ्नो लिपि कैथी भए पनि देवनागरीमा लेख्य व्यवहार प्रचलनमा आई कैथी लोप हुनु, बज्जिका भाषामा शिक्षा र शिक्षकको व्यवस्था हुन नसक्नुजस्ता समस्याहरू पनि बज्जिकाका

समस्या र चुनौती हुन् । बज्जिका भाषीबीच आफ्नो मातृभाषाप्रति विश्वास नहुनु ठूलो समस्या रहेको छ ।

अन्त्यमा, बज्जिका भाषाले अनेकौँ अप्ठ्याराहरूबीच पनि विकास र विस्तारका सिंढीहरू विस्तारै उक्लिँदै गरेको अवस्था छ । जनगणनामा स्थान पाउनु, गोरखा पत्रको नयाँ नेपालमा स्थानमा पाउनु तथा राजधानीका कविता गोष्ठी र महोत्सवहरूमा स्थान पाउन थाल्नु, केही राष्ट्रिय साहित्यिक पत्रिकाहरूले बज्जिकाको रचनालाई प्रकाशन गर्न थाल्नु, बज्जिकामा सरकारको लगानी बढ्ने वातावरण बन्दै जानुले आउँदा दिनमा बज्जिकाका चुनौतीहरू साँघुरिँदै जाने विश्वासका केही सकारात्मक आधारहरू खडा हुँदै गएका छन् । समग्रमा बज्जिका भाषाको वर्तमान अवस्था सन्तोषजनक प्रगतितर्फ विकासोन्मुख देखिन्छ । यसका आफ्नै विशेषताहरू छन् । बज्जिका भाषाको आफ्नो कैथी लिपि रहेको भए पनि प्रयोगमा भने अहिले देवनागरी लिपि नै रहेको छ । बज्जिकाको लेख्य र कथ्य वर्णमा केही भिन्नता रहेको छ । यस भाषाको विकास अनादिकालदेखि आफैँमा हुँदै आएको छ तर राहुल सांकृत्यायनले यस भाषाको नामकरण गरेपछि यस भाषाको विकासको औपचारिक गति सुरु भएको देखिन्छ । खासै अनुसन्धान हुन नसके पनि केही विशिष्ट अनुसन्धानहरूले बज्जिकालाई अति प्राचीन भाषाके रूपमा प्रमाणित गरेका छन् । यस भाषामा लोक तथा आधुनिक गीतको क्षेत्रमा अझै धेरै काम गर्नु आवश्यक देखिन्छ । यस भाषाका अगाडि अनेक चुनौतीहरू रहेको भए पनि यसले हरेक चुनौती बीच आफ्नो विकासको यात्रा पहिल्याइरहेको छ ।

खण्ड पाँच

निष्कर्ष र सुझाव

५.१ विषय प्रवेश

यस खण्डमा बज्जिका इतिहास लेखनको उपलब्धि, निष्कर्ष तथा सुझावहरूलाई क्रमशः प्रस्तुत गरिएको छ ।

५.२ उपलब्धि

बज्जिका भाषाको इतिहास लेखन एक महत्वपूर्ण उपलब्धि हो । अझ भाषा आयोग जस्तो नेपालको सम्वैधानिक निकायबाट यस कार्यलाई सम्पन्न गराइनु विशिष्ट उपलब्धिमूलक काम भएको छ । बज्जिका भाषाको इतिहास लेखनले बज्जिका भाषाको आधिकारिक इतिहास तयार भएको छ । यसले यस भाषाको इतिहास, उत्पत्ति, भाषिका, अवस्था, लिपि तथा चुनौतीसम्बन्धी यथार्थ जानकारी गराउने छ । साथै यस भाषाको साहित्य, अनुसन्धान, भाषाको विकासमा लागेका व्यक्ति तथा संस्थाहरूको बारेमा पनि जानकारी गराउने छ । देशको एउटा प्राचीन भाषाको रूपमा रहेको बज्जिकाको इतिहास लेखनले देशमा भाषा सम्बन्धी नीति निर्माण तथा निर्धारण गर्दा भाषालाई समृद्ध बनाउने तथा लोप हुन नदिने उपायमा पनि यस अध्ययनले सहयोग गर्नेछ । यसले सम्बन्धित मातृभाषीलाई आफ्नो मातृभाषामा केही सकारात्मक काम गर्न प्रेरित गर्नेछ । केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई पनि मातृभाषा शिक्षा कार्यान्वयन तथा सरकारी कार्यालयमा मातृभाषाको प्रयोगको लागि मद्दत पु¥याउने छ ।

५.३ निष्कर्ष

बज्जिका भाषी क्षेत्रका विभिन्न स्थानहरूको स्थलगत अध्ययन तथा छलफल र अन्य लिखित सामग्रीरूलाई आधार मानी तयार गरिएको बज्जिका भाषाको इतिहास लेखन कार्यका निष्कर्षहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) बज्जिका भाषाको उत्पत्ति भारतको बिहारको वैशालीमा भएको हो भन्ने कुरामा यस भाषासम्बन्धी अध्ययनहरूले पुष्टि गरेका छन् र करिब सम्पूर्ण विद्वानहरूको यसमा एकमत रहेको छ ।

(ख) बज्जिका प्राचीन भाषा हो । प्रा.डा.योगेन्द्रप्रसाद यादवले यसलाई तीन हजार वर्ष पुरानो भाषा मानेका छन् । भारतीय विद्वान् प्रो. हरेन्द्रसिंह विप्लवले पनि बज्जिकालाई तीन हजार वर्ष पुरानो भाषा भनेर जय बज्जिका पत्रिकामा उल्लेख गरेका छन् । प्रा.डा. माधवप्रसाद पोखरेलले यस भाषालाई गौतम बुद्धसित जोड्नु उपयुक्त हुने सुझाव दिन्छन् । कतिपय विद्वानले बज्जिकाबाटै पालि भाषाको जन्म भएको पनि मानेका छन् । यी सबै सन्दर्भले बज्जिकालाई प्राचीन भाषा भएको पुष्टि गर्दछ ।

(ग) बज्जिका भाषाको नामकरण भारतका महापण्डित राहुल सांकृत्यायनले गरेका हुन् । सन् १९४१ मा सांकृत्यायनले नामकरण गर्नु अघिसम्म यस भाषाको अस्तित्वको विषयमा अन्योल रहेको थियो ।

(घ) उत्तर बिहारको मूल भाषा बज्जिका हो । नेपालमा भने तथ्याङ्क अनुसार रौतहट र सर्लाहीमा बढी सङ्ख्यामा बज्जिका मातृभाषी

रहेको देखिए पनि तथ्यहरूले धनुषादेखि बारासम्म बज्जिका बोल्ने गरिएको देखाएको छ ।

(ङ) भारोपेली परिवारको बज्जिका भाषाको नेपालमा भन्दा भारतमा बढी वक्ता छन् । यसको आफ्नो लिपि कैथी हो जुन लोप भइसकेको छ । यस भाषाले देवनागरी लिपिलाई अपनाइसकेको छ । यसका पाँच उपभेद रहेका छन् ।

(च) यस भाषाको साहित्येतिहास पनि निकै पुरानो रहेको छ तर आधुनिक बज्जिका साहित्येतिहास भने खासै लामो रहेको पाइँदैन । नेपालमा बज्जिका भाषा र साहित्यको चेतना निकै पछिमात्र आएको हो । नेपालमा पहिलो चोटि २०५८ को राष्ट्रिय जनगणनामा समावेश भएको बज्जिकाको पहिलो साहित्यिक कृति २०६१ मा कविता सङ्ग्रहको रूपमा प्रकाशन भएको हो ।

(छ) बज्जिका विकासोन्मुखी भाषा हो । सबैतिरबाट उपेक्षित रहेको यस भाषाको भाषिक जागरण र साहित्य लेखन तथा सञ्चारको क्षेत्रमा विस्तारै आफ्नो पहुँच विस्तार हुँदै गएको छ ।

(ज) भिन्न अस्तित्वको भाषा बज्जिकामा केही अनुसन्धानहरू भएका छन् । भारतमा भने यस भाषाको विविध पक्षमा गहन अनुसन्धानहरू गरिएका छन् तर नेपालमा भने बज्जिका भाषा, लोक साहित्य र अन्य पक्षमा खासै अनुसन्धान हुन सकेको छैन । त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तरमा अध्ययन गर्ने विद्यार्थीहरूले परीक्षा प्रयोजनका लागि गरिएका अध्ययनहरू बाहेक नेपालमा बज्जिकाको स्वतन्त्र अध्ययन अनुसन्धानको पक्ष निकै कमजोर रहेको छ ।

(झ) बज्जिका भाषाको क्रियामा लिङ्ग भेद पाइँदैन । कर्ताको वचन अनुसार प्रभाव क्रियाको रूपमा परेको पनि पाइँदैन । वास्तवमा बज्जिका अत्यन्त सरल लोकभाषा हो । यसको भाषामा आफ्नै किसिमको आन्तरिक लय रहेको छ ।

(ञ) यस कृतिको प्रकाशनपछि बज्जिका भाषी तथा बज्जिका सेवीमा एउटा विशिष्ट उत्साह र उत्प्रेरणाको सञ्चार भई यस भाषाको साहित्य, संस्कृति तथा अन्य क्षेत्रमा विकासको नयाँ सम्भावना देखिने विश्वास पनि लिन सकिन्छ ।

(ट) नेपालीय बज्जिका भाषाको आफ्नै विकासक्रम, गीत–सङ्गीत तथा आफ्नै चुनौतीहरू रहेका छन् । ती चुनौतीको समाधान हुन सके नेपालीय बज्जिकाले नवीन फड्को मार्ने देखिन्छ ।

५.४ सुझाव

बज्जिका भाषाको ऐतिहासिक अवस्थाको अध्ययनबाट यस भाषाको संरक्षण, सम्वद्र्धन र विकासको लागि निम्नानुसारका सुझावहरू सिफारिश गर्न सकिन्छ ।

- बज्जिका मातृभाषी क्षेत्रको इतिहास, संस्कृति, लोक साहित्य तथा लोक जीवनको अध्ययन, अनुसन्धान हुनु पर्दछ ।
- यस भाषा र यस भाषासित सम्बन्धित अन्यान्य प्राज्ञिक कार्यलाई सबै तहका सरकारले प्राथमिकता दिएर अगाडि बढाउनु पर्दछ ।
- बज्जिका भाषाको लोक वार्तालाई तत्काल अगाडि बढाउनु पर्ने आवश्यकता देखिएको छ ।

- बज्जिका भाषालाई रोजगारीसित जोड्न यस भाषामा पत्रपत्रिका प्रकाशनलाई प्राथमिकता दिइनु पर्दछ, सथानीय एफएम रेडियोलाई सबल बनाइनु पर्दछ, टेलिभिजनहरूमा यसको विस्तार गरिनु पर्दछ तथा आधुनिक गीत–सङ्गीत र कलाकारितालाई प्रोत्साहन गरिनु पर्दछ ।
- पचास प्रतिशत बज्जिका मातृभाषी हुने स्थानीय तहका कार्यालयीय कामकाजको भाषा अनिवार्य रूपमा बज्जिकालाई बनाइनु पर्दछ ।
- विद्यालयदेखि विश्वविद्यालय तहसम्म बज्जिका विषयको पठनपाठनको व्यवस्था गरिनु पर्दछ ।
- बज्जिकाको साहित्य तथा बज्जिका भाषामाथि गरिएका अध्ययन र अनुसन्धानहरूलाई सुरक्षित गर्न तथा व्यवस्थित पठनको लागि बज्जिका भाषा बोलिने हरेक जिल्लामा कम्तीमा एउटा बज्जिका पुस्तकालय खोलिनु पर्दछ । राज्यद्वारा व्यवस्थित देशभरका हरेक पुस्तकालय तथा देशका हरेक विश्वविद्यालय तथा आङ्गिक क्याम्पसका पुस्तकालयहरूमा बज्जिका भाषाका पुस्तकहरूलाई पु¥याउने व्यवस्था गरिनु पर्दछ ।
- बज्जिका भाषाको अध्ययन, अनुसन्धान, साहित्य तथा संस्कृतिमा लागेकाहरूको प्रोत्साहनको लागि सरकारको तर्फबाट कम्तीमा पाँच करोड रुपैयाको बज्जिका संस्कृति तथा साहित्य अक्षयकोष स्थापना गरिनु पर्छ ।
- स्थानीय सरकारहरूले पनि बज्जिका भाषाको कृति पठनको संस्कार बसाल्नुपर्ने तथा साहित्यकारहरूको समुचित सम्मान गर्दै वृत्ति विकासको अवसर सिर्जना गर्नुपर्दछ ।

- सरकारले देशका प्राचीन भाषाहरूको सूची बनाई बज्जिकालाई त्यसमध्येको लोपोन्मुख भाषाको दर्जा दिएर विशेष सुविधा प्रदान गर्नु उचित हुन्छ ।

सन्दर्भ सामग्रीहरू

अधिकारी, सूर्यमणि (२०५६) नेपाली भाषाको इतिहास, काठमाडौँ: भुँडीपुराण प्रकाशन ।

अरुण, अवधेश्वर र शर्मा, राम निवास (सन् २००८) भारती बज्जिका हिन्दी कोश, नई दिल्ली: कोणार्क प्रकाशन ।

उपाध्याय, श्रीरामप्रसाद, (२०५६) नेपालको सामाजिक, आर्थिक तथा प्रशासनिक इतिहास, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गिरी, शीतल (२०७०) बज्जि र बज्जिका लोकसंस्कृति, लोकजीवन र लोकइतिहास, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, रवीन्द्र र खनाल, जनार्दन, (२०५४), फरक, (लघुकथा) झरना, अङ्क १३, कार्तिक–चैत्र, मकवानपुर: झरना प्रकाशन ।

चाटुर्ज्या, सुनीतिकुमार (सन् १९५४) भारतीय आर्यभाषा और हिन्दी, नयाँ दिल्ली: राजकमल प्रकाशन ।

तामाङ, अमृत योन्जन, (२०६९), नेपालका मातृभाषा भाग–१, काठमाडौं: नेपाल प्रज्ञा–प्रतिष्ठान ।

तिवारी, उदयनारायण (सन् १९५४) भोजपुरी भाषा और साहित्य, प्रथम संस्करण, पटना: बिहार राष्ट्र भाषा परिषद । ***Internet/ http://ignca.gov.in/Asi_data/2075.pdf***

तिवारी, भोलानाथ (सन् १९९३) भाषाविज्ञान, इलाहाबाद : किताब महल ।

दाहाल, डिल्लीराम (२०५०) तराईको विभाजित पहिचान, काठमाडौं : हिमाल ।

पाणिन्याचार्य, श्री महर्षि, (सन् १९५४), श्री अष्टाध्यायी, मुम्बयां: श्रीबैङ्कटेश्वर मुद्रणालय । web ebooks/Internet/2015.322486.-1897.pdf

पासवान, रामअधार (२०६९) "बज्जिका र नेपाली भाषाको वाक्य गठनको व्यतिरेकी विश्लेषण" स्नातकोत्तर शोधप्रबन्ध, **काठमाडौं** : **त्रिभुवन** विश्वविद्यालय ।

पोखरेल, माधवप्रसाद (२०७६) , भाषा अभिलेखन अभिमुखीकरण गोष्ठी, विराटनगर, अप्रकाशित, सङ्खमूल, काठमाडौं: भाषा आयोग ।

प्रसाद, सुरेन्द्रमोहन (सन् २०००) बज्जिका हिन्दी शब्दकोश, मुजफ्फरपुरः अखिल भारतीय बज्जिका साहित्य सम्मेलन ।

बन्धु, चूडामणि (२०५२) अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं: रत्न पुस्तक भण्डार ।

शर्मा, केदार र थापा, वसन्त (२०५०) हिमाल, ललितपुर: हिमाल एशोसिएशन ।

साह, "मित्र", सञ्जय (२०७०) नेपालमा बज्जिका भाषा, गौर: राजदेवी एफएमका अध्यक्ष शम्भु साह ।

साह, सञ्जय, (२०६१), पच्चीस डेङ, मकवापुर: रामबाण प्रकाशन ।

सिंह,"मौन", प्रफुल्लकुमार (सन् १९९५) बज्जिका साहित्य का इतिहास, मुजफ्फरपुरः हंसराज प्रकाशन

सिंह, योगेन्द्रप्रसाद (सन् १९८७) बज्जिका भाषा के कतिपय शब्दों का आलोचनात्मक अध्ययन, वैशालीः प्राकृत जैनशास्त्र और अहिंसा शोध संस्थान ।

यादव, योगेन्द्रप्रसाद र यादाव, देवनारायण (२०७६) , नेपालमे बज्जिका भाषाक स्थिति, सर्लाहीको बलरामा प्रस्तुत कार्यपत्र, अप्रकाशित ।

यादव, योगेन्द्रप्रसाद, (२०६९) , नेपालमा बोलिने भाषाहरु : सन्दर्भ, सङ्कट र सम्भावना शीर्षकमा अन्तर्राष्ट्रिय मातृभाषा संगोष्ठीमा प्रस्तुत कार्यपत्र, काठमाडौं; नेपाल प्रज्ञन प्रतिष्ठान, अप्रकाशित, ।

राय,योगेन्द्र (सन् १९९८) बज्जिका व्याकरण, पटनाः अखिल भारतीय बज्जिका साहित्य सम्मेलन ।

राहुल सांस्कृत्यायन (सन् १९५८), पुरातत्व निबन्धावली, इलाहावादः किताब महल ।

राहुल सांस्कृत्यायन (सन् १९४८), आजकी समस्याएँ, (निबन्ध), इलाहावादः किताब महल ।

रिमाल, डिल्लीराम २०७७), शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन, रामनगर गाउँपालिका, सर्लाही, प्रदेश नं. २, बज्जिका भाषा, काठमाडौंः भाषा आयोग (अप्रकाशित) ।

रिमाल, डिल्लीराम (२०७६), शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन, परवानीपुर, बारा, प्रदेश नं. २, भोजपुरी भाषा, काठमाडौँ: भाषा आयोग (अप्रकाशित) ।

रिमाल, डिल्लीराम (२०७५), शिक्षामा मातृभाषाको प्रयोगसम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन, लालझाडी गाउँपालिका, कैलाली, प्रदेश नं. ७, राना थारु भाषा, काठमाडौँ: भाषा आयोग (अप्रकाशित) ।

रिमाल, डिल्लीराम (२०७४), सामुदायिक विद्यालयका प्राथमिक तहमा भाषिक विविधताको उपयोगसम्बन्धी अभ्यासहरूको विश्लेषण, काठमाडौँ: विष्णु रिमाल ।

वर्मा, ब्रजनन्दन (सन् २०१५), बज्जिकाञ्चलका लोक साहित्य और संस्कृति, मुजफ्फरपुर, बिहार भारत: समीक्षा प्रकाशन ।

Grierson, G.A. (1927). *Lingustic survey in India (Vol 1, Part 1), Introductory.* Calcutta; Government of India Central Publication Branch. web ebooks/Internet/.pdf

Grierson, G.A. (1909). *An introduction to the Maithali Dilect of Bihari Language as spoken in North Bihar, part one Grammer (2nd ed.).* Calcutta; Asiatic Society. web ebooks/Internet/.pdf

Roy, R.R. (2010). Verbal morphology in Bajjika. Unpublished Desertatation Submitted to the Central Department of Linguistics Faculty of Humanities and Social Science, Kirtipur, Kathmandu, Tribhuvan University.

Regmi, Dan Raj, Balaram Prasain and Ambika Regmi. (2014). A Sociolinguistic Survey of Bajjika. A report submitted to Linguistic Survey of Nepal (LinSuN), Central Department of Linguistics, Kathmandu . Tribhuvan University.

Kashyap, A.K. (2014) The Bajjika language and speech community. International Journal of the Sociology of Language 227: 209–224.web https://www.researchgate.net/publication/259569512

Yadava, Y.P. (2014). *Language*, Central Bureau of Statistics. (2014). Population monograph of Nepal volume II. Kathmandu: National Planning Commission and UNFPA.

Yadava, Y.P. (2003). *Language*, Central Bureau of Statistics. (2003). Population monograph of Nepal volume II. Kathmandu: National Planning Commission and UNFPA.

पत्रपत्रिका

गोरखापत्र राष्ट्रिय दैनिक, नयाँ नेपाल, बज्जिका भाषा पृष्ठका विभिन्न अङ्कहरू

बज्जिकार्पण साहित्यिक पत्रिकाका विभिन्न अङ्कहरू

जय बज्जिका साहित्यिक पत्रिकाका विभिन्न अङ्कहरू

बज्जिकालोक साहित्यिक पत्रिकाका विभिन्न वार्षिक अङ्कहरू

राष्ट्रिय जनगणना २०५८ र २०६८ को प्रतिवेदनहरू

सर्लाहीको रामनगर, बलरा र मलंगवा, रौतहटको गरुडा र गौर तथा बाराको सिमरौनगढमा गरिएका गोष्ठीहरू ।

थप स्रोत:


बज्जिका भाषाको सबै तथ्याङ्क केन्द्रीय तथ्याङ्क विभागको वेभसाइटबाट

परिशिष्ट

१. बज्जिका भाषाभाषी क्षेत्रको नक्सा

क. योगेन्द्रप्रसाद सिंहको बज्जिका भाषा के कतिपय शब्दों का आलोचनात्मक अध्ययन


प्रकाशकः प्राकृत जैनशास्त्र और अहिंसा शोध संस्थान, पटना, सन् १९८७० मा प्रकाशित बज्जिका भाषाभाषी क्षेत्रको नक्सा ।



ख. सन् १९९८ जनवरीमा प्रकाशित जय बज्जिका त्रैमासिक पत्रिकाको कभर पेजमा दिइएको बज्जिका भाषाभाषी क्षेत्रको नक्सा । हरेन्द्र सिंह विप्लवको सम्पादनमा प्रकाशित पत्रिकाको प्रकाशन अखिल भारतीय बज्जिका विकास मञ्चले गरेको थियो ।



ग) डा. सुरेन्द्रमोहन प्रसादको सन् २०००मा अखिल भारतीय बज्जिका साहित्य सम्मेलन मुजफ्फरपुरद्वारा प्रकाशित बज्जिका हिन्दी शब्दकोशमा दिइएको बज्जिका भाषाभाषी क्षेत्रको नक्सा ।



२. गोष्ठीका तस्विरहरू

क. सर्लाही जिल्लाको रामनगर गाउँपालिकामा गरिएका गोष्ठीका तस्विरहरू






REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/6 12:23


REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/6 12:23


REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/6 12:26


REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/6 12:24


REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/6 12:26

ख. बाराको सिमरौनगढमा गरिएका गोष्ठीका तस्विरहरू






REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/18 12:05


REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/18 12:13

ग. रौतहटको गौरमा गरिएका गोष्ठीका तस्विरहरू






REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/18 15:12


REDMI NOTE 5 PRO
MI DUAL CAMERA
2020/1/18 15:12

घ. सर्लाहीको मलङ्गवामा गरिएका गोष्ठीका तस्विरहरू







३. रामनगर, गौर, सिमरौनगढ, गरुडा, बलरा र मलङ्गवामा आयोजित गोष्ठीका सहभागीहरूको नामावली

क. रामनगरमा सम्पन्न बज्जिका भाषाको इतिहास लेखन सम्बन्धी अभिमुखीकरण गोष्ठीका सहभागीहरू

गोष्ठी सम्पन्न मितिः २०७६ पुस २१ स्थान मा.वि. रामनगर

क्र.स.	सहभागीको नाम	पद÷संलग्नता	छलफलका लागि प्रस्तुत गरिएका विषय
१.	कृष्णप्रसाद वर्मा	प्रमुख, गाउँपालिका	क. भाषा आयोग र रामनगर गाउँपालिका बीब भएको सम्झाताको
२.	डा.कमलेश्वरकुमार सिन्हा		
३.	सुरेन्द्र आचार्य	उपसचिव, भाषा आयोग	
४.	सञ्जय साह मित्र		

५	सञ्जय सुदामा	
६.	चन्द्रशेखर रस्तोगी	
७	किशुनदयाल यादव	
८	विन्देश्वरप्रसाद साह	
९	हरि जिसी	
१०	रामसिंहासन राय	प्र.अ.
११	देवनारायण ठाकुर	
१२.	परमानन्द कुशवाहा	
१३	सत्यनारायण राय	
१४	हिरालाल साह	वडाध्यक्ष
१५	राम नरेश महतो	वडाध्यक्ष
१६	रामचन्द्र महतो	
१७	मोहनप्रसाद सिंह	
१८	साकेतबिहारी शर्मा	प्रअ
१९	अभिनन्दन सहनी	
२०	राजेश्वर पाण्डे	
२१	राजेशकुमार सिंह	पत्रकार
२२	मुकेशकुमार ठाकुर	प्रअ
२३	राजेन्द्र ठाकुर	
२४	श्यामनन्दन सहनी चन्द्रांशु	
२५	रामनिवास राय	
२६	रामएकबाल राय	
२७	दीपनारायण राय	प्रअ
२८	दिनेशप्रसाद यादव	प्रअ

पृष्ठभूमि र आवश्यकता तथा औचित्य ।

ख. बज्जिका भाषाको इतिहास लेखनको परिचय । बज्जिका भाषाको इतिहास लेखनमा सहभागीहरू बाट हुन सक्ने सहयोग ।

ग. बज्जिका लोक इतिहास, बज्जिका भाषाको नामकरण, बज्जिका भाषा र

२९	नन्दकिशोर यादव	प्रअ	साहित्यको
३०	गजेन्द्रकुमार यादव	प्रअ	विषयमा
३१	मनोजकुमार शर्मा	प्रअ	जानकारीमा
३२	दिगम्बर झा	प्रअ	भए कुनै
३३	मनोजकुमार साह	प्रअ	मिथक आदि
३४	सतीशकुमार गुप्ता		बारे प्रस्ताव
३५	मनोजकुमार चौधरी	रेडियो मधेस मसला, गरुडा	।
३६	दिनेश संगम	सम्पादक, बज्जिकावाणी साप्ताहिक	घ. बज्जिका भाषाको इतिहास
३७	जयप्रकाश यादव	ग्रामीण शिक्षा विकास नेपाल, रौतहट	लेखनमा सहयोगका
३८	अरविन्दकुमार पाण्डे		अन्य क्षेत्रहरू
३९	रामविलास यादव	प्रअ	।
४०	राधेश्याम झा	प्रअ	
४१	उमेश वर्मा	शिक्षक	
४२	चन्द्रकला यादव	प्रअ	
४३	प्रमिलाकुमारी पाण्डे	प्रअ	
४४	रजनीशकुमार पाण्डे	रोजगार संयोजक, रामनगर गापा	
४५	रामनरेश शर्मा	पूर्व शिक्षक	
४६	शिवचन्द्र साह	पूर्व प्रअ	
४७	बच्चाप्रसाद साह	प्रहरी नायब निरीक्षक	
४८	रामविनय यादव	प्रहरी हवलदार	
४९	दीपेन्द्र साह	प्रहरी हवलदार	

५०	विपिनबिहारी सिंह	पूर्व शिक्षक
५१	बिन्दा साहनी	पूर्व शिक्षक
५२	ललन राय	वडाध्यक्ष
५३	भोगेन्द्र राय	वडा सदस्य
५४	दिनेश मिश्र	वडाध्यक्ष
५५	ठूलो यादव	वडा सचिव
५६	राजनारायण राय	शिक्षक
५७	चन्दन यादव	पूर्व प्रहरी तथा शिक्षक
५८	रासलाल साह	
५९	अरुणकुमार साह	
६०	फेकन पंडित	
६१	सरोज पटेल	
६२	राजेश कुशवंशी	पत्रकार, रिपोर्टर्स क्लब
६३	धैर्यनाथ सिंह	प्रमुख प्रशासकीय अधिकृत, रामनगर गापा

ख. रौतहटको गौरमा सम्पन्न बज्जिका भाषाको इतिहास लेखन गोष्ठीका सहभागीहरू

गोष्ठी सम्पन्न मितिः २०७६ माघ ४

गोष्ठी भएको स्थानः श्री जुद्ध मावि गौर

क्र.स.	**सहभागीको नाम**	**छलफलका विषय**
१	डा. कमलेश्वरकुमार सिन्हा	१. बज्जिका भाषाको इतिहासलेखनको
२.	बिन्दा साहनी	
३	विन्देश्वरप्रसाद साह	

४	विपिनबिहारी सिंह
५	शिवचन्द्र साह
६	राधेश्याम लाल कर्ण
७	सुरेशकुमार यादव
८	श्रीनारायण प्रसाद केशरी
९	गन्देश्वरप्रसाद सिंह
१०	सावित्री शर्मा सिंह
११	रुबी लाल दास
१२	मधु श्रीवास्तव
१३	शान्ता घिमिरे भन्डारी
१४	अनिता श्रीवास्तव
१५	श्याम सहनी चन्द्रांशु
१६	भृगु पण्डित
१७	नवलकिशोर सिंह
१८	नरेन्द्र श्रीवास्तव
१९	चन्देश्वरप्रसाद साह
२०	चन्देश्वर राउत
२१	विश्वनाथ पटेल
२२	मनोजकुमार यादव
२३	अनिता अधिकारी
२४	देवीमाया ढकाल
२५	सबनम अन्सारी
२६	रेणु साह
२७	किशुनदयाल यादव
२८	हरेन्द्रकुमार सिंह

अवधारणा, आवश्यकता र औचित्य

२. बज्जिका भाषाको इतिहासमा उल्लेख गर्नुपर्ने विषयहरू

३. बज्जिका भाषा, साहित्य र संस्कृतिका मुख्य पक्षहरू

४. बज्जिका भाषासम्बन्धी विभिन्न रायहरू ।

२९	शिवकुमार झा
३०	लालमहम्मद अन्सारी
३१	जयप्रकाश यादव
३२	सञ्जय मित्र
३३	सञ्जय सुदामा

ग. बाराको सिमरौनगढमा सम्पन्न बज्जिका भाषाको इतिहासलेखन गोष्ठीका सहभागीहरू

गोष्ठी सम्पन्न मितिः २०७५ माघ ४ स्थानः श्री कंकाली मावि सिमरौनगढ

क्र.स.	सहभागीको नाम	पद÷संलग्नता	छलफलका विषय
१	डा.कमलेश्वरकुमार सिन्हा		• ड्ड बज्जिका भाषाको इतिहास लेखनको अवधारणा, आवश्यकता र औचित्य • ड्ड बज्जिका भाषाको इतिहासमा उल्लेख गर्नुपर्ने विषयहरू • ड्ड बज्जिका भाषा, साहित्य र संस्कृतिका मुख्य पक्षहरू • ड्ड बज्जिका भाषा सम्बन्धी विभिन्न रायहरू ।
२	विन्देश्वरप्रसाद साह		
३	सञ्जय साह मित्र		
४.	ध्रुवप्रसाद कुशवाहा	प्रअ	
५	किशुनदयाल यादव		
६	श्याम सहनी चन्द्रांशु		
७	श्यामकिशोर यादव		
८	अनिलकुमार वर्मा		
९	जीतेन्द्रकुमार ठाकुर		
१०	रामविश्वास कुमार महतो		
११	चन्देश्वर पटेल	नगर सदस्य, राजपा	
१२	पन्नालाल कुशवाहा	नगर अध्यक्ष, सपा	
१३	पुरुषोत्तम मिश्र	पूर्व शिक्षक	
१४	सर्युग महतो	कृषक	
१५	सबीर आलम	सञ्चारकर्मी	
१६	सिकिन्द्र साह	पत्रकार, कृपा दैनिक	

१७	रामेश्वर मेहता	
१८	सोनू कुमार	
१९	महेन्द्र कुशवाहा	
२०	राजीवकुमार मेहता	
२१	किशोरी साह कलवार	
२२	मदनप्रसाद कुशवाहा	
२३	हरेन्द्रप्रसाद कुशवाहा	
२४	रामबाबु मेहता	उपाध्यक्ष, नेपाल पत्रकार महासंघ, बारा
२५	रामप्रवेश कुशवाहा	
२६	कमलेशप्रसाद अग्रहरि	प्रअ
२७	दिनेशकुमार सिंह	समाजसेवी
२८	लालबाबु यादव	
२९	कमलेशकुमार कुशवाहा	

घ. रौतहटको गरुडामा सम्पन्न बज्जिका भाषाको इतिहास लेखन गोष्ठीका सहभागीहरू

गोष्ठी सम्पन्न मितिः २०७६ माघ ४ स्थानः रामजी साह सोनारको घर

क्रस	सहभागीको नाम	छलफलका विषयहरू
१.	डा. कमलेश्वरकुमार सिन्हा	१. बज्जिका भाषाको इतिहासलेखनको अवधारणा, आवश्यकता र औचित्य ।
२.	रामप्रवेश राय यादव	
३	मौजेलाल राय यादव	
४	शिवचन्द्र साह	

५	सञ्जय साह मित्र	२. बज्जिका भाषाको इतिहासमा उल्लेख गर्नुपर्ने विषयहरू ३. बज्जिका भाषा, साहित्य र संस्कृतिका मुख्य पक्षहरू ४. बज्जिका भाषासम्बन्धी विभिन्न रायहरू ।
६	रामजी साह	
७	रामअधार पासवान	
८	किशुनदयाल यादव	
९	राजेन्द्र साह	
१०	महेन्द्र यादव	
११	मनोजकुमार चौधरी	
१२	राजु श्रीवास्तव	
१३	सञ्जय सुदामा	
१४	श्याम सहनी चन्द्रांशु	

ड. सर्लाहीको बलरामा सम्पन्न बज्जिका भाषाको इतिहासलेखन गोष्ठीका सहभागीहरू

गोष्ठी सम्पन्न मितिः २०७६ माघ १८

स्थानः श्री रामसखी मोहित जनता माबि

क्र.स.	सहभागीको नाम	छलफलका विषय
१	डा. कमलेश्वरकुमार सिन्हा	• इड बज्जिका भाषाको इतिहास लेखनको धारणा, आवश्यकता र औचित्य • इड बज्जिका भाषाको इतिहासमा उल्लेख गर्नुपर्ने विषयहरू • इड बज्जिका भाषा, साहित्य र संस्कृतिका मुख्य पक्षहरू • इड बज्जिका भाषा सम्बन्धी विभिन्न रायहरू ।
२	सञ्जय मित्र	
३	श्याम सहनी चन्द्रांशु	
४	किशुनदयाल यादव	
५	वीरेन्द्र झा	
६	दीपेन्द्र महतो	
७	अजयकुमार सिंह	
८	केशव झा	
९	राजकुमार यादव	
१०	धीरेन्द्र मिश्र	

११	देवेन्द्र कुशवाहा
१२	शबनम कुमारी
१३	हरिश्चन्द्रकिशोर मल्लिक
१४	रामेश्वर झा
१५	सञ्जय सुदामा
१६	शोभाकान्त मिश्र

च. सर्लाहीको मलङ्गवामा सम्पन्न बज्जिका भाषाको इतिहास लेखन गोष्ठीका सहभागीहरू

गोष्ठी सम्पन्न मितिः २०७६ माघ २५

गोष्ठीको स्थानः श्री कृष्णामती मावि मलङ्गवा

क्र.स.	**सहभागीहरूको नाम**	**छलफलका विषयहरू**
१.	श्री कृष्णप्रसाद वर्मा	१. बज्जिका भाषाको इतिहासलेखनको अवधारणा, आवश्यकता र औचित्य २. बज्जिका भाषाको इतिहासमा उल्लेख गर्नुपर्ने विषयहरू ३. बज्जिका भाषा, साहित्य र संस्कृतिका मुख्य पक्षहरू ४. बज्जिका भाषासम्बन्धी विभिन्न रायहरू ।
२	डा.कमलेश्वरकुमार सिन्हा	
३	सञ्जय मित्र	
४	किशुनदयाल यादव	
५	वसन्तकुमार साह	
६	रामेश्वरप्रसाद यादव	
७	राजेश्वरप्रसाद यादव	
८	गणेशकुमार लाल	
९	रामचन्द्र महतो	
१०	वीरेन्द्रकुमार साह	
११.	लालकृष्ण झा	
१२	विनिताकुमारी साह	
१३	रामछविला राय	
१४	गणेशप्रसाद सिंह	

१५	सञ्जय सुदामा
१६	कुसुम पाण्डेय
१७	रामनारायण पाण्डेय
१८	नागेन्द्रप्रसाद यादव
१९	अजयकुमार सिंह
२०	लालबाबु साह
२१	महेश्वरप्रसाद यादव
२२.	सतीशचन्द्र झा
२३	रामलखन साह
२४	वसी अहमद मिकरानी
२५	बिरुपाय साह
२६	राजेन्द्र ठाकुर
२७	बैधः समापन योग गुरु, रौतहट
२८	शिवचन्द्र चौधरी
२९	उमाशंकर चौधरी

४. गोष्ठीहरूमा छलफलका विषयहरू

बज्जिका भाषाको इतिहास लेखन अभिमुखीकरण गोष्ठी सर्लाही जिल्लाको रामनगर, बलरा र मलङ्गवा तथा रौतहट जिल्लाको गरुडा र गौर अनि बारा जिल्लाको सिमरौनगढमा हुँदा गोष्ठीमा छलफलका लागि प्रस्ताव गरिएका विषयहरू यस प्रकार रहेका थिएः भाषा आयोग र रामनगर गाउँपालिका बीच भएको सम्पन्न बज्जिका भाषाको इतिहास लेखन सम्बन्धी सम्झौताको पृष्ठभूमि तथा वातावरण

- बज्जिका भाषाको इतिहास लेखनको आवश्यकता र औचित्य
- बज्जिका भाषाको परिचय, यसको सामान्य इतिहास र भौगोलिक क्षेत्र

- बज्जिका भाषाको साहित्य र भाषिक विकास
- बज्जिका भाषाको उत्थानमा लागेका व्यक्तिहरू तथा संस्थाहरूको सामान्य जानकारी
- बज्जिका भाषाको इतिहास लेखनमा समावेश गरिनुपर्ने विषय र पक्ष
- बज्जिका भाषाको इतिहास लेखनको लागि गर्न सकिने सहयोग आदि ।

५. बज्जिका भाषाका केही लोक कथाहरू

१) मान्छेसित भेट

जङ्गलमा एउटा सिंह बस्थ्यो । त्यस जङ्गलको राजा उही सिंह नै थियो । त्यस सिंहदेखि जङ्गलका सारा जानवरहरू डराउँथे । उसको डर यति भयानक थियो कि उसको अगाडि कोही पनि पर्न चाहँदैनथे । उसका सल्लाहकारहरूदेखि लिएर मन्त्री तथा आफन्तहरू समेत उसको डरले साँचो कुरो भन्न पनि डराउँथे । कुनै पनि कुरो कसरी सुनाउँदा राजालाई खुसी लाग्छ, त्यसै गरी सबैले मिलाएर कुरो गर्थे । राजाको आसपास रहनेहरूले कुराकानी गरेको कहिलेकाही राजाले पनि सुन्थे –मान्छे यस्तो हुन्छ, मान्छे उस्तो हुन्छ । मान्छेले यति गर्न सक्छ, मान्छेले उति गर्न सक्छ । बलले भन्दा बुद्धिले काम लिन्छ । जीउमा जति मासु हुँदैन त्योभन्दा बढी बुद्धि हुन्छ । मान्छेले जस्तोसुकै कठिन कामलाई सजिलै फत्ते गर्न सक्छ, आदि आदि ।

एक दिन राजाको मनमा पनि लाग्यो कि मान्छेलाई भेट्थें । मान्छेलाई देखेर मान्छेको विषयमा आफैं बुझ्थें । आफ्नो मनसाय प्रकट गरे । सबैले बुझेका थिए कि यदि मान्छेको बारेमा केही भन्यो या अलिकति पनि व्यवहार मिलेन भने जे सजायँ हुन्छ त्यसबाट बचाउने

कोही हुँदैन । यसैले राजाको छेउछाउमा रहेकाहरूमध्ये कसैले पनि राजाको मनसाय पूरा गराउने तत्परता देखाएनन् । राजा जङ्गलतिर निस्के मान्छेको खोजीमा । सबैभन्दा पहिले एउटा हातीलाई भेट्टाए । हाथीतिर हेर्दै सिंहले सोध्यो – "तिमीले मान्छेलाई देख्या छौ रु मान्छे कस्तो हुन्छ रु" हातीले सानै स्वरमा अमनले जबाफ फर्कायो – "हो, एकचोटि एकजना मान्छेसित मेरो भेट भएको थियो मकैको खेतमा । एक हातको त हुन्छ मान्छे तर एकै मारमा मैले भोकै भाग्नु प¥यो मकैको खेतबाट ज्यान जोगाएर ।" हाथीको बोली सुनेर सिंहको मनमा अलिकति निराशा छायो । अगाडिको बाटो लाग्यो सिंह । केही पर पुगेपछि एउटा गैँडा भेटियो । गैँडा घाँ चर्दै थियो । उससित सिंहले सोध्यो – "ए भाइ, तिमीले कुनै मान्छेलाई देखेको छौ रु म कुनै मान्छेलाई भेट्न चाहन्छु ।" घाँस चर्दै गरेको गैँडाले मुख नउठाइकन बोल्यो – "संसारको कुनै पनि जीवदेखि मलाई डर लाग्दैन तर जब मान्छेलाई देख्छु तब मनमनै तर्सन्छु । मान्छेलाई देख्ने बित्तिकै म आफ्नो बाटो बदलेर हिँड्छु ।"

सिंहलाई त्यसपछि केही सोध्न मन लागेन । थप केही नसोधीकनै ऊ अगाडि बढ्यो । केही परसम्म हिँडेपछि सिंहको नजर एउटा हरिनमाथि प¥यो । हरिनतिर पाइलो बढाउन खोज्दा हरिनले कान ठाडो पारेर भाग्न खोज्यो तर ठीक त्यसैवेला सिंहले भन्यो – "ए हरिन भाइ, भगवान कसम । म तिमीलाई केही पनि गर्दिन । तिमीसित एउटा कुरो सोध्नु छ । तिमी जहाँ छौ त्यहीबाट भन त, मान्छे कहाँ भेटिन्छ रु" त्यहीबाट हरिनले भन्यो – "मान्छेसित मेरो भेट भइ रहन्छ । मेरो सम्पूर्ण परिवारलाई त मान्छेले मारेर खाइसकेको छ । मान्छेको दुइटा हात र दुइटै खुटा हुन्छ तर हामी जस्तो जनावरलाई देख्यो कि मार्न कुदिहाल्छ । मान्छेलाई देख्ने बित्तिकै हामी ज्यान जोगाउन भाग्छौँ ।"

सिंहको कानमा यति कुरो के परेको थियो, हरिन बेपत्ता भइसकेको थियो । फेरि सिंह चिन्तामा पर्यो र मनमनै सोच्न थाल्यो कि जसलाई मान्छेको बारेमा सोधिराछु सबैले मलाई तर्साइ रहेकै छन् । जसले जे भने पनि म मान्छेलाई भेटेरै छाड्छु । आज जता पाइन्छ मान्छे त्यता गएर म मान्छेलाई भेट्छु नै । मान्छेसित भेट नगरिकन छाड्दिन ।

सिंह धेरै घमन्डी थियो । जङ्गलमा आफुभन्दा ठूलो र बलियो कोही छैन भन्ने उसको मनमा परेको थियो । तर मनमा केही डरका साथै ऊ मनमा घमन्ड लिएर मान्छेको खोजीमा अगाडि बढ्यो । केही पर जंगलमा हिँडेपछि कतैबाट उसले अनौठो आवाज आइरहेको सुन्यो । डुल्दा डुल्दा त्यत्तिकै भोक लागिसकेको थियो । स¥याक सुरुक आवाज आइरहेको सुनेर उसलाई कुनै आहारा पाइएला जस्तो मनमा भयो । सिकारको आशमा अगाडि बढाइरहेका पाइलाहरूसँगै उसले केही पर एउटा अनौठो दृश्य देख्यो । सिंहलाई आफ्नो आँखामाथि विश्वास लागेन । एउटा रुखलाई आरनले दुई जनाले काटिरहेका छन् र एकजनाले बन्चरोलाई ढुङ्गामा तिख्याइरहेको थियो । सिंह विस्तारै नजिक जान थाल्यो । एकजनाको आँखा सिंहमाथि प¥यो । सिंहलाई देखेर डराएर तिनैजना भाग्ने दाउ गर्न खोजेको थियो तर सिंहले भन्यो – “तिमीहरू नभाग । म तिमीहरूलाई केही गर्दिन ।”

एकजनाले भन्यो – “हामीले जनावरको कुरामाथि कसरी विश्वास गर्ने .” तिमीहरूलाई जसरी विश्वास हुन्छ, त्यसै गर तर मेरो एउटा कुरो भने मान्नुपर्छ । कस्तो कुरो ? तिमीहरूले मान्छे देख्या छौ र?

तिनैजना अलमलमा परे । सिंहलाई भन्यो – “हामी मान्छेलाई खोजेर ल्याइदिन सक्छौ तर तिमीलाई केही समय यही बाँधेर राख्छौं ।” “मान्छेसित भेट गराउने भए त केही समय मलाई बाँधेर राखिछोड ।”

तिनैजना मिलेर सिंहलाई बाँधे । सिंहलाई एउटा डोरीले बाँधी तिनैजना भागे । फेरि किन फर्केर आउँथे तिनीहरू ।

केही बेरपछि त्यही हरिन डुल्दैडुल्दै आयो । उसले सिंहलाई डोरीले बाँधेको देख्यो । त्यहाँ आधा चिरेको काठ र बन्चरो पनि तिख्याउँदै गरेको अवस्थामा । सोध्यो – "के हो सिंह दादा १ कसले तिम्रो यस्तो हालत गर्यो हँ रु" सिंहले भन्यो – "मैले चिनेको जनावर थिएन । मलाई बाँधेर गयो तर अहिलेसम्म फर्केर आएन ।" हरिनले भन्यो "त्यैं नै हो मान्छे । अब बुझ्यौ मान्छे कति बाठो हुन्छ । मान्छेसित भेट भयो अब रु" सिंह पछुताउन थाल्यो ।

२) दुःखनीको छोरा

कुनै गाउँमा दुई दिदी बहिनी थिए सुखनी र दुखनी । नाउँ त थियो सुखनी र दुखनी तर दुबैमा कोही पनि सुखी थिएनन् । दुबै वास्तवमा उत्तिकै दुखी थिए । सुखनीलाई कतिपयले सुखिया भनेर पनि बोलाउँथे र दुःखनीलाई दुखिया । दिदी बहिनीको बिहे भइसकेको थियो । माइती आउँदा मात्रै दुबै दिदी बहिनीको भेट हुन्थ्यो । दुबै दिदी बहिनीले पहिले आफ्नो घरको कुराकानी गरी सिध्याउँथे अनि त्यसपछि माइतीको । गाउँघरका कुरा सुनाउँथे, सुन्थे ।

समय बित्दै गयो । सुखियाले एउटा छोरो पाइन् । सुखियाको दिन विस्तारै विस्तारै सुखी बन्दै गए । दिनरातको परिश्रमले प्रगति गर्दै गइन् । सुखियाका गाउँका मानिस पनि सुखियाको परिश्रमको प्रशंसा गर्दथे । सुखको खोजीमा खूब परिश्रम गरिन्, परिश्रमले पनि रङ ल्यायो, परिश्रमको रुखमा सुन्दर फूलहरू फुले, फल लागे । सुखियाको छोरो पनि चन्द्रमाझैं दिनरात बढ्दै हुर्कदै गयो । आँगनमा तुलसीको मोठ थियो ।

सुखिया तुलसीको पूजा गर्थिन् । हरेक दिन बिहान सबा प्रहर सूर्य आएपछि जल चढाउँथिन् । त्यसपछि तुलसीको पूजा गरी खाना खान्थिन् ।

सुखनी जेठी थिइन् र दुःखनी कान्छी । सुखनी माइती आइन् । माइतमा आएको केही दिनपछि छठ पूजा हुँदै थियो । छठको बेला कान्छी छोरी दुःखियालाई पनि माइत बोलाउने बताइन् । दुवै दिदी बहिनीको भेट गराउने वातावरण मिलाउने इच्छा आमाको थियो । आमा र दुवै छोरीको भेट एकसाथ हुनु निकै दुर्लभ हुन्थ्यो । फेरि भेट कहिले हुने भन्ने अनिश्चित थियो । सुखनीकी आमाको मनमा यो पनि थियो कि यसै बहानाले नातिको साथै केही दिन खेल्ने मौका पनि पाउँछु ।

सुखनी छठसम्म माइतीमै बस्ने भइन् । फुसको घर थियो । आमाको हातमा छोरोलाई थमाउँदै सुखनी घरको कामकाजमा लाग्थिन् । टाटी मिलाइन् । टाटीमा माटो लेपिन् । त्यसपछि कमेरो माटोले पोतिन् । चामलको पिठोलाई पानीमा घोलेर घरको द्वारको दुवैतिर टाटीमा फूलहरू बनाइन् । घर नै प्रज्ज्वलित भए जस्तो हुन थाल्यो । गाउँभरिको घर लगभग एकै जस्तो देखिन्थ्यो । एउटा सेतो टालोलाई सोटर–पानीले धोएर अझ सफा बनाइन् । बती बनाउन । नदीको मटखोनवाबाट माटो ल्याएर दियौरी÷पाला बनाइन् । दिपावली आइसकेको थियो ।

दीपावलीको दिन घर नै झलमल्ल भयो । भोलिपल्ट सोहरैया दोहरैया थियो । यस दिनलाई खुब धुमधामसित मनाउने चलन छ । साँझ हर घरमा तरुवा पाक्दै थियो फेरि । तरुवाको सुगन्ध गाउँभन्दा निकै टाढासम्म गइरहेको थियो । गाउँभन्दा टाढा रहेका घाँसी, गोठाला, कामदार, श्रमिकहरू सबैको हृदयमा आफ्नो सबैभन्दा प्रिय पर्व आउन लागेको मिठो सुगन्धले आनन्दित पारिरहेको थियो । सम्पूर्ण वातावरण नै आनन्दमय र सुगन्धित भइरहेको थियो ।

छठपर्वको नहाखाएके दिन बिहानै आइपुगिन् दुःखनी । दुबै दिदी बहिनीले एकअर्काको हातको दाहिने हातको बूढीऔलालाई जोरसे समातेर आफ्नो शरीरलाई पछाडितिर लैजाँदै दबैजनाले खुट्टालाई एकै ठाउँमा पारेर पाँच फन्को घुमिन् । सखी मिलनको यो परम्परा गाउँभरि प्रचलनमा रहेको थियो । दिदी बहिनीले पनि सखी जस्तै गरी आफ्नो भेटलाई बनाउँदै आएका थिए । नाच्ने वेला दुबै दिदी बहिनीको अनुहारमा जुन मुस्कान थियो, त्यो प्राकृतिक रूपले अवर्णनीय थिए । आमालाई ढोगेर दुःखनी सबैभन्दा पहिले सुखनीको छोरालाई हातमा लिँदै छातीमा टाँसिन् । आनन्द विभोर हुँदै विस्तारै बोलिन् – मेरो छोरा ।

छठ पबनीको कोसिया भरिँदै थियो गाउँमा । सुखनीकी आमा पहिलेदेखि नै छठ पबनी गर्दै आएकी थिइन् । दुःखनीको दोङा÷गौना भएको दुई वर्ष बितिसकेको थियो । दुःखनी भने गर्भवती हुन सकेकी थिइनन् । कोसियालाई ढोग्ने वेला दुःखनीले छठी माईसित आफ्नी दिदीको छोरालाई खुब ठूलो मान्छे बनाउन प्रार्थना गरिन् । त्यत्ति वेला दुःखनीको मनमा लाग्यो कि मेरो पनि आफ्नो एउटा छोरो भएको भए कति राम्रो हुन्थ्यो । दुःखनीकी आमाको मनमा पनि दुई दिनदेखि यही कुरो मनमा आइरहेको थियो कि सुखनीको छोरालाई देखेर दुःखनी यदि त्यत्ति खुसी लागेको छ भने छठी माईको कृपाले दुःखनीले पनि एउटा छोरो पाई भने झन् कति खुसी हुन्थिन् । उनले छठी माईसित प्रार्थना गरिन् – हे छठी माई, दुःखनीले छोरो पाइन् भने सोझै बर्से म पनि कोसिया भर्ने काम गर्छु ।

समय बित्दै गयो । केही महिनापछि दुखनी असापत (गर्भवती) रहेको खबर दुःखनीको आमाको कानसम्म पुग्यो । सुखनी दुःखनीको एकजना भाइ थिए । उसैलाई दुःखनीकहाँ पठाएर बोलाइन् । दुःखनीकी आमा निहोरा गर्थिन्, दिनरात गुहार्थिन् – हे छठी माई, छोरा नै दिनू ।

दुःखियालाई पनि सुखिया बनाइ दिनू । पबनीभन्दा निकै पहिलेदेखि छठी माईलाई कोही दिनरात गुहार्दै, पुकार्दै जतिखेर पनि नाम लिइरहन्थे त्यो घरमा । छठी माई एकजना बुढियाको रूप धारण गरी पुगिन् उनीकहाँ । बुढियाले आफ्नो नाम बताइन् फुलमतिया । फुलमतिया त्यहीं घरको ढोकामा पुगेर चिसो पानी मागिन् पिउनलाई । घैलाबाट पानी सारेर फुलमतियालाई दिइन् । पानी दिएपछि उनलाई त्यहाँ एकछिन विश्राम गर्न भनिन् । फुलमतिया यहीं चाहेकी थिइन् । छठी माईको कृपाले सबै राम्रो हुनेछ –दुःखियाकी आमाले सुनिन् । फुलमतियालाई सोधेपछि उनले पनि बताइन् कि छठी माईको कृपाबाट उनको पनि सबै कुरा राम्रो रहेको बताइन् ।

अरुको सेवा गर्ने बुढियालाई एउटा भएको देखिन् फुलमतियाले । गर्भवती उनकी कान्छी छोरीले एउटा छोरो पाइन् भने गरिबको यो घर उज्यालोले भरिन्थ्यो । फुलमतियाको भेषमा रहेकी छठि माई त्यहाँबाट निस्केर सोझै त्यहाँ पुगिन् जहाँ मरेपछि सबै मानिस पुग्छन् । त्यहाँ देखिन् कि बच्चाहरू एकतिर खेलिरहेका छन् । कुनै पनि बालकलाई कति फकाउँदा पनि दुःखियाको कोखबाट जन्मिन स्वीकार्दैनथे । कोही भन्थे मलाई यहीं राम्रो छ । कोही भन्थे दुःखियाको कोखमा जन्म लिएर को झन् दुःखी बन्छ । सबैभन्दा पर एक्लै खेलिरहेको एकजना बालक नजिक पुगेर सम्झाउँदै फुलमतिया –तिमी हिँड दुःखियाको कोखमा । त्यहाँ तिमी जेले खेल्न चाहन्छौ त्यो कुरा तिमीलाई तत्काल प्राप्त हुन्छ ।

बच्चाले प्रस्ताव गर्‍यो –"बाढीमा मलाई सुकेको बालुवा चाहिँन्छ । गर्मीमा मलाई जाडो चाहिन्छ ।" तिमीलाई प्राप्त भएन भने तिमी आइहाल्नू । मेरो पनि बात रहन्छ र तिमी पनि आफ्नो ठाउँमा आइहाल्छौ फेरि । सपनामा यहीं देखिन् दुःखियाले । निद्रा खुलेपछि मुस्काइन् दुःखिया मनमनै । कतै पऽर एउटा कुखुरो करायो । दुःखियालाई लाग्यो

बिहान भयो । सूर्य उदायो । आज अलि बढी उज्यालो लिएर आएको छ । सपनाको मुस्कान अझै देखिन्छ अनुहारमा । दिन बित्छ, हप्ता बित्छ, महिना बित्छ । दुःखियाको दिन नजिकिन्छ । छोरो नै पाउँछिन् । छठी माईलाई खूब गोहराइन्छ । चन्द्रमा जस्तै बालक हरेक दिन बढ्दै गयो । बालक तीन वर्षको भयो ।

भदौ आयो । वर्षा सुरु भयो । सात दिन सात रात पानी पर्दै रह्यो । यसरी पानी परेको कसैले देखेको थिएन । गाउँ चारैतिरबाट जलमग्न भयो । घरबाट बाहिर निस्कने कुनै उपाय थिएन । घरमा खेल्दाखेल्दा दुःखनीको छोरोको मन भरिसक्यो । उसलाई साथीकहाँ खेल्न जाऊँ जस्तो पनि लाग्थ्यो तर हिलो, पानी र बाढीले कुनै उपाय बाँकी थिएन । त्यसैवेला उसलाई बुढियासित कुरा गरेको सम्झना भयो । "आमा, मलाई सुकेको बालुवा चाहियो । म, सुकेको बालुवाले खेल्छु ।" छोराले बालुवाको प्रसङ्ग उठाउने बित्तिकै उसले देखेको सपना सम्झिइन् । भन्छिन् –"हो, कोठीको गोडानेर घैलामा राखिएको छ निकालेर खेल ।" सपनामा देखले समस्याके समाधान खोजके रखले रहे ।

बालकको पहिलो शर्त पूरा भयो । पहिलेको जन्मको आधा कुरो उसले बिस्र्यो । असोजमा दशैँ आयो । दशैँमा आँप खान मन लाग्यो बालकलाई । हठ पूर्वक आफ्नो इच्छा प्रस्तुत गर्छ । दुःखियाले तुरुन्तै आँप ल्याएर दिइन् । आँप खानासाथ पहिलेको जुनीको केही अन्य कुरा पनि बिर्सन्छ । गाउँका केही मानिस असोजमा बाबाधाम जाँदै थिए । बाबाधाम जानेमध्ये एकजनालाई बेमौसमी आँप ल्याइदिन दुःखियाले आग्रह गरेकी थिइन् ।

वैशाख बित्यो । जेठको गर्मीले हावा पनि डराएको थियो । हावा पनि डराएर तातो भइसकेको थियो । दिउँसो गर्मीको उत्कर्षको समय चराचुरुंगी पनि रुखमा लुके । कमिला पनि डराए । बालकले आमालाई

भन्छ – मलाई जाडो चाहियो । मुस्कुराइन् र भनिन् – जाऊ, इनारमा गएर अलिकति नुहाएर आऊ । म तिमीलाई जाडो दिइहाल्छु । बालकलाई लाग्यो कि नुहाएर आएपछि आमाले जाडो दिइहाल्छिन् । नुहाएर आएपछि "आमा, म नुहाएर आएँ ।।। ।।।।" पातलोखाले ओढने ओढेर सुकुलमा पल्टिहाल । एउटा प्याज काटिन् । प्याजको टुक्रालाई छोराको दुवै काँखामुनि दबाएर केहीबेर त्यत्तिकै रहन दिइन् । केहीबेरमै बालक जाडोले लगलग काम्न थाल्यो । अरुलाई गर्मीले बाँच्न गाह्रो भइरहेको समय बालक जाडोले कामिरहेको थियो । जाडो आउना साथ बालकले आफ्नो पुरानो जन्म र बुढियासित गरेको वाचाजति सबै बिस्र्यो । अब बालक साधारण बालक बन्न पुग्यो । दुःखनी छोरोनेर केहीबेर पछि पुगेर काँखीमुनिबाट प्याज झिकिन् । एकै छिनमा छोरो फेरि सामान्य भयो । दुःखनीको छोरो होनहार देखियो ।

एक रात दुःखियाकी आमाको सपनामा फुलमतिया आइन् । राम्रोसित कुराकानी हुन सकेन । दिउँसो दुःखियाकी आमाले देखिन् – फुलमतिया घरकै बाटो भएर जाँदैछिन् । "ए आमा, अलिकति पानी खानुस् न चिसो" बोलाइन् फुलमतियाको भेषमा रहेकी छठि माईलाई । फुलमतियालाई भनिन् – छठी माईको कृपाले मेरा दुबै छोरीका दुवै नाति बहुत होनहार छन् । कान्छी छोरीको छोरो त झन् हुने बिरुवाको चिल्लो पात नै हो । फुलमतिया बोलिन् – मेरो आशीर्वाद छ उसमाथि । आज भर्खर म भेट गरेर आउँदैछु । उसको भाग्य निकै ठूलो भएको मैले पढें । एक वर्षमै आएको छठमा कोसिया भरिन् दुःखनीकी आमाले । दुःखियाले हरेक वर्ष छठको कोसिया भर्ने गर्न थालिन् । कोसियाको हातीको सूँढमा जब कालो धागोले आफ्नो छोरालाई बाँधेको देख्छिन् तब आँखामा आँसु र हृदयमा सन्तोष एकसाथ भरिन्छन् ।

६. बज्जिका भाषाका केही कविताहरू

१) शुभकामना

सञ्जय मित्र

आजसे अबसे अभीसे होखो मन शुद्ध
हटो मनसे सबके सभी किसिमके युद्ध
नटुटो मन केकरोसे केकरो रहो जुटल
वैरभाव विमति बेवफाइसे रहो छुटल
नकुँचाए कहीँ चिउँटी भी पैरसे डगहरपर
होखो सुन्दर निरोग सबके काया कन्चन
गंजाजलसन पावन कर्म, मन आ वचन
धरणीपर उब्जे मन माफिकके बाली
भरइत रहे हरदम जनके खुसीसे थाली
उगो मुस्काइत सुरुज, हटो मनके अन्हार
जीत बुझाए सर्वजनके नित्य सारा संसार
सुधर्मके कर्म सभी पेसा आ व्यवसाय
दुर्भाव होखो दूर सुभावके ही हाय हाय
मेटाओ नाओ रोग, दुख आ क्लेषके
कल्याण होखो जनके आ अपना देशके
न कौनो मालिक कहीँ नरहो कौनो दास
फुलाइत गेना चेहरा, केनहु न कौनो उदास
भाषा, रीति–संस्कृतिके होइत रहो विकास
समस्या सारा सबके मिलते जाओ निकास
सबतरो देखेके सुन्दर नयनके इहे चाहना
सुख, शान्ति, समृद्धिके हए हमर शुभकामना ।

२) उत्रहिनी

सञ्जय सुदामा

हा १ गोइठीमे सुन्गैत कान्ही
रहैअ फर्की हँडिया सिराÞनी
ई कौन सङ्केत बुझू बताबा
सोती धिमे मौन बहैअ पानी

मनुष्मराके पँजरा समाके
एकान्तमे आसन तू जमाके
रहैत छा उत्रहिनी सदीसे
उद्देश्य हओ तोहर ई कथीके

चिता रुपेमे दहकै रहैछा
ज्वाला रुपेमे चहकै रहैछा
धुँआइते फेर उठैत उँचे
बोला कथी मुर्घटिया करैछा

तू फेर पाँचो द्रवमे मिलाके
ई देहके रीत पुरा करैछा
कहैअ कौनो शमशान तोरा
तू सर्गके छा बस एक डोरा

क्षणे क्षणेमे धसना ढहैछा
पूरान वेदी जलमे मलैछा
दू झार नयाँ तुलसी बहाके
जाने कथी तू इँहबा करैछा

दू तीन काठी करमे दबाके
फेरा लगाबै विधिके सुधाके
पुगैत छी मजिल बेर बेर
डुब्की लगाबै जलमे नु धेर

आसा भरोसा मनसे हटैअ
केना न केना हुकसे उठैअ
देली नु ढेरे लकडी चितामे
दू हाथ जोरै शिरके झुकाके

अन्जान गन्तव्य कुछो कहैअ
न दुःख दर्दे कहँऊ रहैअ
तोरे हओ कैसन वक्ष बोला
वैराग्य लाखो मनमे फुलैअ ।

३) बदल रहल हय

चन्द्रकिशोर सुदामा, सर्लाही

बदल रहल हय हमरा आँहाके पल ।।।।।।
पढल लिखल पुरान सुत्रसब बदल रहल
देखल चिन्हल चेहरासब बदल रहल
खेतखरिहानके नाम बदल रहल

ई मत पुछू केना भेल ई हलचल
ओसके बुन्द जे दुभिपर हय निश्चल
इजोरियामे झकझक तरेगन विमल
लाल टेस लटकल सिनुरिया फल
बदल रहल हय हमरा आँहाके पल ।।।।।।।।।।

ढहल डेउढीके ऊ उच्चका महल
चउखटके मोटका किवाड ससरल
चौवटियाके करिकवा सा"ढ ढहनल
खहेटे दिनदहाडे जे गहुमन पसरल
बदल रहल हय हमरा अहाके पल ।।।।।।।।।।

ऊ फकडा, कहावत अब मरल परल
जे तोडेमरोरे पातपातके ऊ जरल
हेङ्गायल शब्द आ बोली नितरल
गोखुलाके का"ट फइलल– चतरल
बदल रहल हय हमरा आँहाके पल।।।।।।।।।।

बलरा–९, सर्लाही

४) इजोरिया रात

विश्वराज अधिकारी

इजोरिया रातमे पुरबैया बेआर
भरल भादो रहे मनमे भेल बिचार

साथ तोहर होजाइत लागल सोंचे मन
केतना निमन होजाइत बितरहल क्षण

यादमे तोहर डुबगेली नरहल सुध
केतना परल देहमे पानीके बुँद

सुथर तोहर मुअ मुठान देह जैसे केरा थम
रुप तोहर यैसन केतना बखान करु हम

सुर्ता नकरिहा आएम हम जल्दी बिदागरी कराबे
समय नसकी अब हमनी कहियो यैसन अल्गाबे ।

श्रीपुर,वीरगंज
हाल: अमेरिका

५) पिआसल पथिक

हरिकृष्ण काफ्ले

जिनगी भर

भुखे पिआसे भटकल एगो पथिक

एक बुन्का सुखके खोजमे

थाकल हारल पहुँचल जब पनघटमे

जिनगीमे मिलल

अनगिनत दुःख आ हारके भुलाबेला,

दू घोंट पानीसे अप्पन कंठ रसाबेला ।

जब पहुँचल ऊ पनघटमे

इ देखके हरान रहगेल

कि खुद पनघट रोरहल हए ।

पथिक पुछलक पनघटसे,

कि हे पनघट तू काहेला रोरहल छा रु

दुनियाँके हँसाके भी काहे खुद उदास होरहल छा रु

सुनके सवाल पथिकके

पनघट मुस्काएल आ

पनघट कहलख पथिकसे कि

“हे पथिक १

हम अपनेलोगके लेल अपन जान देरहल छी ।

आबेबाला खतराके झेल रहल छी ।

दू बुन्का पानी कहे नसकम बादमे मिली नमिली

पिके जा अभी तोहरा एहिना दे रहल छी ।”

जबाब सुनके पनघटके

पथिक जाग गेल

पिके भर मेआज पानी

आगेके रास्ता चल देल ।

मोतीमार्ग, चन्द्रनिगाहपुर –१,

रौतहट

७. चाड पर्वहरूको छोटकरी परिचय

बज्जिका मातृभाषी भूगोल संस्कृतिको क्षेत्रमा अत्यन्त समृद्ध छ । यहाँ हरेक बार (दिन) लाई नै व्रतको रूपमा मान्नेहरू पनि छन् । कुनै महिनामा कुनै बार आफैंमा अत्यन्त विशिष्ट हुन्छन् । यसै गरी चन्द्रमासको तिथि पनि व्रतका आधार बन्दछन् । हरेक महिनाका दबै एकादशी स्वतः व्रत हुन् । यसै गरी हरेक महिनामा विशेष चाडपर्वहरू मनाइन्छन् । विक्रम सम्वत्का दृष्टिले वैशाखको १ गते सतुआन र २ गते जूडशीलत, असोज १ गते विश्वकर्मा पूजा तथा माघ १ मा तिलवा सक्रात मनाउने चलन छ ।

यस क्षेत्रमा मनाइने सबैभन्दा ठूला चाड दीपावली, छठ र होली हुन् । यी पर्वहरू मधेसकै साझा ठूला पर्वहरू हुन् । यी बाहेक वैशाखमा अक्षय तृतीया र दुबै पक्षका त्रयोदशीलाई तेरसको रूपमा मान्ने चलन छ । जेठमा केही जातिमा बटसाबित्री पूजा तथा गङ्गा दशहरा मनाउँछन् । साउनमा लक्पाँचे र राखी विशेषरूपमा मनाइन्छन् । भदौमा तीज, कृष्णाष्टमी, चकुचना, ऋषि पञ्चमी, अनथ (अनन्त चतुर्दशी) लगायतका पर्व मनाइन्छन् । साउन र भदौमा लाखौँको सङ्ख्यामा मानिस बोलबम जान्छन् । साउन र भदौमा रोपाइँ गीत गाइन्छ । भदौमा जरजटिन खेल्ने चलन छ । जरजटिन लोक दोहोरी जस्तो युवतीहरूको सामूहिक गायन हो जसमा कथानक र अभिनय पनि हुन्छ । असोजमा सोर श्राद्ध एउटा विशेष संस्कृति हो । दशैँ आफैंमा विशेष हुन्छ । दशैँमा झिझियाको चलन रहेको छ । बालिका, किशोरी, युवती, आइमाईले प्वालै प्वाल भएको घैँटाभित्र दियो बाली राती टाउको राखी सामूहिक गायन र नृत्य गर्ने झिझिया संस्कृति विस्तारै लोप हुँदैछ । कात्तिकमा धनतेरस, दिपावली, भरदुतिया, गोधन कुटाइ (गोवर्धन पूजा), दोहरैया सोहरैया, छठ, तुलसी विवाह लगायतका चाडपर्वहरू मनाइन्छन् । कात्तिकमै सामाचकवा पनि

खेलिन्छ । यस महिनाको शुक्ल पक्षको एकादशीलाई बडका एकादसी (ठूलो एकादशी) मानेर व्रत बस्ने चलन छ । यस क्षेत्रका नदीहरूमा आरती गर्ने चलन छ । यस कारण कालान्तरमा नदी किनारमा यसै महिनामा धेरै ठाउँमा मेला लाग्ने गर्दछ । कात्तिकमा नै कार्तिकेश मेला लगाउने चलन पनि रहेको छ । सांस्कृतिक पर्वहरूका दृष्टिले सम्भवतः सबैभन्दा सम्पन्न महिना कात्तिक नै हुनुपर्छ । मङ्सिर बज्जिका भाषाभाषी क्षेत्रको लागि आफैँमा विशेष हुन्छ । यस महिनामा विवाह पञ्चमी विशेष रूपले मनाइन्छ । तर नेपालीय बज्जिका भाषाभाषी क्षेत्रमा गढी माईको पूजा हुने गर्दछ । विशेषतः सर्लाहीदेखि बारासम्म बज्जिका भाषाभाषी क्षेत्रमा गढी माईको पूजा करिब दुई दर्जन ठाउँमा हुने गर्दछ । हरेक पाँच वर्षमा विशेष मेला लाग्ने गर्दछ । माघमा तिलवा सक्रात, सिरपचइ र सरस्वती पूजा मुख्य पर्वका रूपमा मनाइन्छन् । सिरपचइ भनेको वसन्त पञ्चमीका दिन शिव मन्दिरहरूमा लाग्ने विशेष मेला हो । ठूलो सङ्ख्यामा कामरनाथुहरू पुग्छन् । कठिन साधना गर्दछन् । शिवलाई धानको मोर पनि चढाउने चलन छ । माघ महिनाभरि लाचारी गाइन्छ । यस क्षेत्रका थारू जातिको लागि तिलवा सक्रातको दिन अति विशिष्ट हुन्छ । फागुन महिना होलीको संस्कृतिले पूर्ण महिना हो । फागुनको कृष्ण पक्षको तेरस शिवालयहरूमा मेला लाग्ने दृष्टिले विशेष छ । हजारौँ कामरनाथु यस दिन शिवालयमा पुग्छन् । महाशिवरात्री खूब धुमधामले मनाइन्छ । पूर्णिमाको दिन होलिका दहन हुन्छ र चैतको पहिलो दिन होली मनाइन्छ । होली पूर्णतया निर्बन्ध हुन्छ । चैतमा चैतावर विशेष गीत गाइन्छ । रामनवमी पनि श्रद्धापूर्वक मनाइन्छ ।

मुस्लिम समुदायले महिनाभरि रमजान, ईद तथा बकरिद भव्यतापूर्वक मनाउँछन् । मुस्लिम समुदायले मनाउने दाहा प्रसिद्ध उत्सव हो । यसमा हिन्दू समुदायको पनि पर्याप्त सहभागिता हुने गर्दथ्यो

तर हाल आएर विस्तारै कम हुँदै गएको छ । हिन्दू र मुस्लिम समुदाय मिलेर दाहाको अवसरमा खेलिने झारा करिब लोप भइसकेको छ । मुस्लिम समुदाय हरेक शुक्रबार अनिवार्य रूपमा नमाज पढ्ने गर्दछन् ।

यस क्षेत्रमा आइतवार एतबार पबनी वा सूर्यको पूजा वा व्रत गरिन्छ । भदौमा भदैया रब विशेष हुन्छ । सोमवारको व्रत शिवको लागि गरिन्छ । साउन र भदौको सोमवार विशिष्ट हुन्छ । कुनै पनि महिनामा औँसी वा त्रयोदशीको दिन सोमवार पर्‍यो आफैँमा विशिष्ट मानिन्छ । मङ्गलवार हनुमानको व्रत बस्ने चलन निकै बढेको छ । यस दिन हनुमान आराधना हुन्छ । बुधवार शिव र युगल किशोरको व्रत वा पूजा गरिन्छ । विहीबार बृहस्पति वा गुरुको पूजा वा व्रत गरिन्छ । विहीबार माछा, मासु र अन्डा नखाने तथा कपाल काट्नु हुँदैन भन्ने मान्यता रहेको छ । शुक्रबार सन्तोषी माताको व्रत गर्ने चलन छ । शनिबार शनिदेव र हनुमान दुबैलाई मान्ने गरिन्छ । हिन्दू समुदायका प्रौढहरूमा आइतबार, मङ्गलबार र विहीबार शाकाहार बस्ने चलन बढेको छ । झन्डा मेला पनि यहाँको संस्कृति हो । हनुमान आराधना बडो श्रद्धाले गरिन्छ । हरेक गाउँमा बह्म भगवतीको मन्दिर छ । अनिवार्य गमाला (सार्वजनिक) पूजा हुन्छ हरेक गाउँमा । हरेक परिवारमा आफ्नो जाति अनुसारको कूल देवताको पूजा हुन्छ । अधिकांश पर्वहरूमा सूर्यको पूजा गरिन्छ । वैशाख, कात्तिक र माघ स्नान गर्ने चलन छ । सबैभन्दा बढी कात्तिक स्नान गर्ने चलन छ । विभिन्न पर्व, व्रत तथा संस्कृतिका पछाडि अनेक लोककथा तथा मिथकहरू प्रचलनमा रहेका छन् ।

८. विशेष संस्कृतिहरू

बज्जिका भाषाभाषी क्षेत्रका मुख्य संस्कृतिमा माथि चर्चा गरिसकिएको गढी माई मेला वा पूजा एक हो । यो मुख्यतः बारा, रौतहट र सर्लाहीमा मनाइन्छ । छठ पर्व यस क्षेत्रको आफ्नो संस्कृति हो । रौतहटमा प्रादुर्भाव भएर यस पर्वले विश्व विस्तार पाइसकेको छ । कात्तिक

र चैत महिनामा मनाइने यो पर्व दुवै महिनाको शुक्ल पक्षको चतुर्थीदेखि सप्तमी तिथिसम्म मनाइन्छ ।

मधानी यस क्षेत्रको अर्को संस्कृति हो । मधानी मुख्य गरी रौतहट, बारा र सर्लाहीमा मात्र मनाइने शिवसँग सम्बन्धित संस्कृति हो । मधानी संस्कृतिको विषयमा यस क्षेत्रका मानिस बाहेक अन्यत्रका मानिस अनभिज्ञ नै छन् तर पनि गत (६ फागुन २०७६) मा रौतहटको मौलापुरमा आयोजना गरिएको मधानी महायज्ञ महोत्सवमा राष्ट्रपति विद्यादेवी भन्डारीको उपस्थिति भएपछि यसबारे अलिकति चासो बढेको छ ।

महादेवलाई पूजा गर्ने अनेक विशिष्ट अनुष्ठानहरू बज्जिका भाषाभाषी क्षेत्रमा प्रचलित छन् । बोलबम कामरनाथुहरूले गर्ने यज्ञमध्ये एक हो मधानी । माघ र फागुन महिनाका कामरनाथुहरूले मधानी गर्दछन् । मधानी यस्तो यज्ञ हो जसमा शिवको राज्य अभिषेक गरिएको मानेर त्यस अवसरमा कामरनाथुहरूमध्ये एक जना शिव, अर्का एक जना पार्वती, एक जना नन्दी र अन्य गण पनि बन्दछन् । भूतको भेष बनाएर पनि नाच्दछन् । शिवलाई खुसी पार्ने मधानी यज्ञ आफैंमा शिवोत्सव हो । यसमा कुनै पण्डित वा पुरोहितको आवश्यकता पर्दैन । सबै कर्म बोलबम कामरनाथुहरूले गर्दछन् । योग्य भूमिकामा हुन्छन् । यसमा भूत बन्न पाउँदा पनि कामरनाथु खुसी हुन्छन् । यसको दर्शक बन्न पनि कामरनाथु लालायित हुन्छन् । दर्शकले पनि पुण्य प्राप्ति गर्दछन् भन्ने आस्था हुन्छ । कामरनाथुहरूले गर्ने लखराँवको समयमा मधानी यज्ञ गर्दै हिड्छन् । अठजाम पनि यहाँको संस्कृतिको एउटा अङ्ग हो । यो पनि यज्ञहरूको समूह हो । बज्जिका भाषाभाषी सम्पूर्ण क्षेत्रमा अठजाम (अष्टयाम : चार प्रहरको दिन र चार प्रहरको रात गरी आठ प्रहर अथवा आठ यामसम्म गरिन्छ यो । यसै गरी नौ दिनसम्म गरिन्छ भने नवाह भन्ने गरिएको छ । यो धार्मिक

अनुष्ठानमा प्रत्यक्ष –अप्रत्यक्ष रूपमा समाजको सामूहिक सहभागिता रहेको छ।

९. मुख्य संस्कारहरू

हिन्दू धार्मिक बहुल समाज भएकोले बज्जिका भाषाभाषी क्षेत्रमा हिन्दू वर्णाश्रममा प्रचलित सबै संस्कारहरू प्रचलनमा रहेका छन् । जन्म पूर्वभन्दा मृत्युपश्चात्सम्म विभिन्न संस्कारहरू स्वाभाविक र सांस्कृतिक दुबै रूपमा मनाउने मान्ने चलन जीवन पद्धतिको एउटा अङ्गकै रूपमा स्थापित छ । बज्जिका भाषाभाषी क्षेत्रमा छठियार, विवाह तथा मृत्यु संस्कार सबै हिन्दू जातिका साझा संस्कार हुन् । जन्म भएको छ दिनमा छठियार मनाइन्छ । छठियारका अनेक गीतहरू प्रचलनमा छन् । छठियारकै दिन नामकरण गर्ने, जन्मकुण्डली बनाउने आदि गर्ने गरिन्छ । छठियारलाई आजभोलि ठूलो उत्सवको रूपमा मनाउन थालिएको छ ।

मुस्लिम समुदायको जन्म संस्कार भिन्न रहेको छ । विवाह संस्कारका अनेकौँ विधिहरू प्रचलनमा रहेका छन् । मूल संस्कार विवाह नै भए पनि विवाहका विधि वा प्रक्रियाहरू कतिपय अवस्थामा जाति तथा परिवार अनुसार फरक केही फरक रहेको पनि पाइएको छ । यस क्षेत्रमा विवाहको लागि केटीको अभिभावकको तर्फबाट केटाको अभिभावक कहाँ औपचारिक प्रस्ताव लैजाने चलन छ । विवाहमा अनेक किसिमका गीत गाइन्छन् । विवाहका गीतमध्ये अधिकांश साझा हुन्छन् तर कतिपय गीत चाहिँ छोरीको विवाह र छोराको विवाहमा गाइने गीतमा केही भिन्नता पनि छन् । जातीय परम्परा अनुसार विवाहका भेषभूषामा पनि केही भिन्नता पाइएको छ तर आधुनिकताले गर्दा वैवाहिक भेषभूषामा सम्मिलन हुँदै गएको छ । मुस्लिम समुदायमा विवाहलाई निकाह भनिन्छ । मुस्लिम समुदायमा पनि विवाहको फरक संस्कार प्रचलनमा रहेको छ ।

मानिसको मृत्यु भएपछि गरिने संस्कार पनि धार्मिक समुदाय अनुसार भिन्नता छ । मृत्युपछि मृतकको शवलाई पोल्ने कि पुर्ने भन्ने हुन्छ । हिन्दू समुदायमा पनि शिशुको मृत्यु भएमा पोल्नेभन्दा पनि खाल्टोमा पुर्ने चलन छ । हिन्दू समुदायमा श्राद्ध कर्म गर्ने चलन रहेको छ । पहिले डेढ महिनामा श्राद्ध गर्ने चलन अहिले करिब करिब हटेको छ । अब बाह्र वा तेर दिनमा श्राद्ध गर्ने चलन रहेको छ । मृत्यु भएको समयदेखि श्राद्ध सम्पन्न भएको अवधिमा अनेक किसिम कर्महरू गरिन्छन् ।

छठियार, विवाह तथा मृत्यु संस्कारको समयमा जाति वा समुदाय वा समाजले अनिवार्य रूपमा सामूहिक भोज खुवाउनु पर्ने चलन छ । यी तीन वटै संस्कारमा भोजको सबालमा गमाह (जातिगत समूह) को निर्णय अत्यन्त शक्तिशाली हुन्छ । यस प्रकारको गमाह प्रचलन हरेक गाउँको सम्बन्धित जातिमा प्रचलनमा रहेको छ । चाडपर्व तथा संस्कारहरूमा केही विकृति पनि भित्रिँदै गएको कुरालाई अस्वीकार गर्न सकिन्न । यद्यपि सामाजिक संस्कारले समाजलाई जोड्न निकै सहयोग गरेको छ । मानिसलाई सामाजिक प्राणी बनाउन संस्कारहरूले भूमिका खेलेका छन् । बज्जिका भाषाभाषी लोक जीवनमा अनेक धार्मिक, सामाजिक, सांस्कृतिक तथा निजी वैयक्तिक वा व्यक्तिगत संस्कार, संस्कृति, पद्धतिहरू प्रचलनमा छन् । अत्यन्त प्राचीन बसोबास क्षेत्र भएकोले यहाँको संस्कृति जमिन अर्थात् हावापानी र माटोसँग सम्बन्धित तथा सुहाउँदो रहेको छ । खाने, बस्ने, सुत्ने, बोल्ने, लुगा लगाउने, चिन्तन गर्ने, अभिव्यक्ति दिने आदि लगायत जीवन पद्धतिमा नै व्यापक परिवेश समेट्ने संस्कृति वा लोकव्यवहार रहेको देखिन्छ ।